


WOREC

# वार्षिक प्रगति प्रतिवेदन

## २०७९/०८०

# ओरेक

## वार्षिक प्रगति प्रतिवेदन

## २०७९/०८०

WOREC

ललितपुर, नेपाल

**संस्थाका कार्यसमिति पदाधिकारी विवरणः**

अध्यक्ष, डा. रेणु अधिकारी

उपाध्यक्ष, श्री निर्मला पाण्डे

सचिव, श्री सबिता पोखरेल

कोषाध्यक्ष, श्री इन्द्रमती नेम्वाङ

सदस्य, श्री निर्मला धिताल

सदस्य, श्री रीता कुमारी साह

सदस्य, श्री पद्‌मा चौधरी

सदस्य, श्री रोजी जोशी

सदस्य, श्री संगिता अधिकारी

• • ● • •

**सल्लाहकार समिति सदस्यहरू :**

प्रा. डा. शशी राउत अधिकारी

डा. नेत्र तिम्सिना

श्री विन्दु पोखरेल गौतम

श्री गौरा नेपाली

श्री भूमिका श्रेष्ठ

# भूमिका

ओरेकले  आफ्नो स्थापना कालदेखि नै महिला मानव अधिकारका सवाललाई समुदाय तहदेखि राष्ट्रिय हुँदै अन्तराष्ट्रिय तहसम्म उठान गर्दै आएको छ। यी सवाल सम्बोधनका लागि राज्यको नीति निर्माण तहमा पैरवी गरिरहेको परिप्रेक्ष्यमा संस्थाले हालसम्म पनि आफ्ना अभियानहरुलाई महिलाको मानव अधिकार र सामाजिक न्यायका सवालमा केन्द्रित गर्नु परेको अबस्था छ। देशमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था लागू त भयो तर पूरानै संरचनाद्वारा निर्मित सोचको रुपान्तरण नभइसकेका कारण महिला तथा सिमान्तकृत समुदायले लोकतन्त्रको आभास गर्न पाएका छैनन्।  यस्तो अबस्थामा संस्था सामाजिक रुपान्तरणका लागि राज्यका तीन वटै तहसँग सहकार्य गरी सामाजिक सचेतना, सशक्तिकरण, संस्थागत विकास तथा पैरवीका कार्यहरूमा निरन्तर लागि परेको छ। लैङ्गिक समानताका सवालमा नीतिगत रूपमा  नै परिवर्तन र यसलाई संस्थागत नगरेसम्म सारगत परिवर्तन हुन सक्दैन भन्ने हेतुले संस्थाले प्रदेश तथा स्थानीय तहमा लैङ्गिक समानताका लागि नीतिगत व्यवस्था गर्न निरन्तर यसको सहजीकरण तथा पैरवीमा योगदान दिइरहेको छ।

यस वर्ष पनि संस्थाले पञ्चवर्षिय संस्थागत रणनैतिक योजनाको तय गरी आफ्ना अभियानहरुलाई विभिन्न विषगत क्षेत्रमा रुपान्तरण गरी आफू कार्यरत जिल्लाका स्थानीय तहहरूमा, प्रदेश र संघिय स्तरमा लैङ्गिक समानता, सामाजिक न्याय र समाज रुपान्तरणका लागि नीति तथा रणनीति, लैङ्गिक उत्तरदायी बजेटका लागि सहजीकरण तथा पैरवीलाई निरन्तरता दिएको छ। परिवर्तन तव सम्भव छ जव जवाफदेही सरकार र जागरुक तथा अधिकारमुखी नागरिकको विकास गर्न सकिन्छ। यसै सिद्धान्तलाई लिएर ओरेकले जवाफदेही सरकार र सचेत नागरिक निर्माण गर्न समुदायस्तरदेखि राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा नीति पत्र तयार गरी, अवधारणा पत्रको मार्फत विभिन्न अभियानहरु सञ्चालन गर्न पछि परेको छैन। समग्रमा भन्दा ओरेकको नेपालको समाज रुपान्तरणको अभियानको अग्रपंतिमा छ। कतिपय जिल्लामा लैङ्गिक नीति निर्माण भई कार्यपालिकाबाट पारित भएको र यसको कार्यान्वयनमा सम्बन्धीत पालिका लागेको छ भने कतिपयहरुले बजेट विनियोजन, ओरेकसँगको सहकार्य र समन्वयलाई साथ लिएर जाने निर्णय पनि गरेका छन्।

संस्थाका अभियानहरुले हिंसा प्रभावितहरूले सुरक्षित रूपमा न्याय पाउने अधिकारको सुनिश्चितताका लागि सहयोगी संयन्त्रको सवलीकरणकामा सहजिकरण गरेको छ। जसमा आबस्यक सहयोग तथा बिभिन्न चरणमा सरोकारवालाहरुलाई घटना व्यवस्थापन, लैङ्गिक हिंसाका घटनाको प्रेषण प्रणाली, स्वास्थ्य तथा कानुनी सेवा लगायतका बिषयमा क्षमता अभिबृद्धिका कार्यक्रम सञ्चालन गरेको छ भने प्रभावितमैत्री अवधारणाबाट देशका बिभिन्न ६ वटा जिल्लामा सुरक्षावास सञ्चालन गरिरहेको छ साथै १२ वटा मनोसामाजिक विमर्श केन्द्र मार्फत मनोसामाजिक सेवा उपलब्ध गराई रहेको छ। त्यसैगरी स्थानीय तहमा सुरक्षावासको महत्वको बारे बिभिन्न चरणमा छलफल गर्दा स्थानीय सरकारसँग साझेदारीमा बृद्धि भई सुरक्षावास व्यवस्थापनमा सहकार्यद्वारा सेवा प्रवाह भइरहेको छ। हिंसा प्रभावितहरूको सहयोगका लागि स्थानीय तहदेखि राष्ट्रिय तहसम्म गरेको निरन्तरको पैरवीले यस वर्ष नीतिगत रूपमा नै केही स्थानीय तहले लैङ्गिक हिंसा निवारण कोषको व्यवस्थापन निर्देशिका लागु गरी आवश्यक कार्य अगाडि बढाएका छन्।

यति मात्र हैन राज्यले अनुमोदन गरेका विभिन्न अन्तर्राष्ट्रिय सन्धि, महासन्धिहरूको कार्यान्वयनका लागि सरोकारवालाहरूको ध्यानाकर्षण गराई स्थानीय समुदायलाई सुसूचित गराउने कार्यहरू  संस्थाले गरेको छ। जसमा विशेषतः महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW), मानव अधिकार र यसमा महिला मानव अधिकारको अवस्था, दिगो विकास लक्ष्य २०३० का विभिन्न सूचकहरू, नेपालको संविधानले प्रदत् गरेका मौलिक हकको बारेमा अभिमुखीकरण गरी स्थानीयकरणका लागि सम्बन्धीत सबै सरोकारवालहरूलाई जानकारी गराइएको छ। सिमान्तकृत तथा हिंसा प्रभावित र द्वन्द्व प्रभावित महिलाको आर्थिक सशक्तिकरण तथा दिगो जिविकोपार्जनका लागि प्राविधिक ज्ञान तथा सीप प्रवर्द्धन गरी व्यावसायिकताको लागि संस्थाले सहयोग गरिरहेको छ। संस्थाले सामुदायिक संस्थाहरूको नेतृत्वमा स्थानीय सरकार, महिला तथा किशोरी सञ्जाल, महिला मानव अधिकार रक्षक सञ्जालको सहकार्यमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसहरू लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान, अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस, अन्तर्राष्ट्रिय

शान्ति दिवस, बालिका दिवस, अन्तर्राष्ट्रिय युवा दिवस, घरेलु श्रम दिवस, विश्व शान्ति दिवस, बेपत्ता दिवस, महिला सहिद दिवस जस्ता महिला मानव अधिकारसँग सम्बन्धीत दिवसलाई एक अवसरको रूपमा लिई आफ्ना अभियानहरू समुदाय तहसम्म व्यापक गरेको छ। महिला स्वास्थ्य अधिकारको सवालमा संस्थाले समुदाय स्तरमा महिला स्वास्थ्य परामर्श केन्द्र, मनोविमर्श केन्द्र, महिला स्वास्थ्य मेला सञ्चालन गरी सचेतनाका साथै स्थानीय सरकारलाई महिलाको स्वास्थ्य अवस्था र त्यसको कारणको बारेमा जानकारी गराई सम्बोधनका लागि पैरवी गरिरहेको छ। जसका कारण स्थानीय तहले महिला स्वास्थ्य मेलाको लागि कार्यक्रम सहित बजेट विनियोजन तथा महिला स्वास्थ्य मेला सञ्चालनमा सहकार्य गरेका छन्। मनोविमर्शकेन्द्र सञ्चालनका लागि पालिका तथा वडा कार्यालयबाट सहकार्य भएको छ। मनोसामाजिक सहयोगका लागि मनोविमर्शकर्ताको आवश्यकताको बारेमा निरन्तर गरिएको पैरवीको कारण पालिकाहरुले महिलाहरूलाई मनोविमर्शकर्ता तालिमका लागि बजेट विनियोजन गरेका छन्। यसैगरी संस्थाले आप्रवासी महिलाहरुको पुनः स्थापना र समग्र अधिकारका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय पैरवीलाई निरन्तरता दिइरहेको छ। विपद् व्यवस्थापनमा महिलालाको नेतृत्व तथा सिमान्तकृत महिला, गर्भवती, सुत्केरी, किशोरी, अपाङ्गता भएका महिला, एकल र बृद्धाहरूको हक अधिकार र नेर्तत्वका लागि संस्था डटेर लागिरहेको छ जसको फलस्वरुप यो वर्ष बाजुरा र डोटीमा स्नेह केन्द्र सञ्चालन गरी स्थानीय पालिकासँगको सहकार्य बृद्धि गरिएको छ।

हाम्रो जस्तो पितृसत्तात्मक सामाजिक संरचना भएको देशमा महिलालाई हेर्ने विभेदकारी दृष्टिकोण तथा व्यवहारका कारण महिलामाथि हुने घरेलु हिंसा तथा यौन हिंसाका घटनाहरु बढेको अबस्थालाई तथ्यगत बनाउन संस्थाले घटनाहरु अभिलेखिकरण गरी वर्ष पुस्तक अन्वेषी प्रकाशन गर्न सफल भएको छ जसबाट नेपालमा अझ पनि महिला हिंसाका घटनाहरु परिवार र आफन्तबाट नै हुने गरेको तथ्यलाई उजागर गर्न सकिएको छ र पैरवीका लागि स्रोत पुस्तिका तयार गरेको छ। यतिमात्र हैन संस्थाले आन्तरिक सुशासन कायम गर्नका लागि संस्थामा भएका नीति, निर्देशिका, कार्यविधि, सूचकहरुको समिक्षा पछि अध्यावधिक गरेको छ। जसमा सुरक्षा आवास सञ्चालन निर्देशिका, यौन शोषण, दुर्व्यवहार र उत्पीडनबाट सुरक्षा सम्बन्धी नीति, हटलाईन सेवा सञ्चालन निर्देशिका, बिउ पूँजी वितरण सम्बन्धी निर्देशिका लगायतका कानूनी दस्तावेजीकरणलाई समय सापेक्ष बनाई अध्यावधिक गरेको र संस्थाको आन्तरिक सुशासनलाई सुदृढ गरेको छ।

अन्त्यमा, महिला अधिकारको आन्दोलनलाई आफ्नो आन्दोलनका रूपमा लिएर यसको उद्देश्य, ध्येयलाई मूर्त रुप दिनका लागि हामी सँगसगै र अग्रपंक्तिमा रहेर कार्य गर्ने सबै प्रति सम्मान गर्दै संस्थाको अभियानलाई सफल पार्न समुदायदेखि केन्द्र स्तरसम्म प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग गर्नु हुने स्थानीय तह तथा सरकारी निकायहरू, सञ्चारकर्मी, सम्पूर्ण सहयोगी दातृ निकाय/संस्थाहरू, सहकार्य गर्ने महिला, महिला मानव अधिकार रक्षकहरु, सामुदायिक संस्था तथा विभिन्न समूहहरू, महिला तथा किशोरी सञ्जालहरू, गैरसरकारी संस्थाहरू, ओरेकका संस्थापक ज्युहरु, सल्लाहकार तथा कार्यसमितिका पदाधिकारी तथा सदस्य लगायत संस्थाका सम्पूर्ण कर्मचारीहरू प्रति संस्था हार्दिक आभार प्रकट गर्दछ र आगामी दिनमा पनि हाम्रो साथ रहिरहने अपेक्षा राख्दछ ।

धन्यवाद।

**सुनिता मैनाली**
कार्यकारी निर्देशक

# विषय-सूचि

**परिच्छेद १**

ओरेकको कार्यक्षेत्र १

**परिच्छेद २**

संस्थाको परिचय २

**परिच्छेद ३**

**संस्थाद्वारा सञ्चालित अभियान अन्तर्गतको प्रगति विवरण** ७

३.१ महिला हिंसाविरुद्धको अभियान ७

३.२ आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार अभियान १८

**परिच्छेद ४**

**विषयगत क्षेत्रले समेटेका अभियानहरु** ३३

४.१ मानव अधिकार र सामाजिक न्याय ३४

४.२ पर्यावरणीय न्याय र महिलाको नेतृत्व ५४

४.३ गुणस्तरिय सेवा र हेरचाह ६५

४.४ महिला हिंसा र न्यायमा पहुँच ६९

४.५ ज्ञान व्यवस्थापन ७२

**परिच्छेद ५**

**अभियानले पारेको प्रभाव तथा उपलब्धि र चुनौतिहरु** ७७

५.१ समग्र उपलब्धिहरु ७७

५.२ समग्र प्रभावहरु ७८

५.३ चुनौतिहरु ८२

**परिच्छेद ६**

**अभियानका लाभान्वित समुदायहरु** ८३

६.१ अभियानका लाभान्वित क्षेत्र तथा समुदाय (जुलाई २०२२ देखि जुन २०२३ सम्म) ८३

**परिच्छेद ७**

**संस्थाको वार्षिक आर्थिक प्रतिवेदन** ८६

**संयोजन तथा सम्पादन**
कमला पोखरेल (ओरेक)

**Print & Design**
**Page to Print Media Pvt. Ltd.**
Contact : 01-5010610, 5010711
Email : pagetoprintmedia@gmail.com

परिच्छेद १

# ओरेकको कार्यक्षेत्र

## ओरेकको कार्यक्षेत्र




- प्रदेश नं. १ (कोशी प्रदेश) : सुनसरी, मोरङ, उदयपुर
- प्रदेश नं. २ (मधेश प्रदेश) : सिराहा, धनुषा, महोत्तरी, सर्लाही
- प्रदेश नं. ३ (बाग्मती प्रदेश) : काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलान्चोक
- प्रदेश नं. ५ (लुम्बिनी प्रदेश) : दाङ, कपिलबस्तु, रुपन्देही
- प्रदेश नं. ६ (कर्णाली प्रदेश) : रुकुम (पश्चिम र पूर्व)
- प्रदेश नं. ७ (सुदुरपश्चिम प्रदेश) : कैलाली, कञ्चनपुर, डोटी, बाजुरा

**ओरेकको कार्यक्षेत्र भएका जिल्ला सङ्ख्या : १९**

# परिच्छेद २
# संस्थाको परिचय

महिला पुनर्स्थापना केन्द्र (ओरेक) महिला अधिकार प्रति समर्पित एवं लैङ्गिक समानता र सामाजिक न्यायका निम्ति संघर्षरत गैर-नाफामूलक राष्ट्रिय गैरसरकारी संस्था हो । वि. सं. २०४७ चैत्र १९ मा स्थापित यस संस्थाको मुख्य लक्ष्य महिलाको श्रम, शरीर र पहिचानको अधिकार सुनिश्चितताका लागि सामाजिक रूपान्तरणको आधार तयार गर्ने रहेको छ भने महिलामाथि हुने विभेद अन्त्यका लागि महिलाको श्रमको मूल्याङ्कन र पहिचानको बहसलाई समुदायदेखि नीतिगत तहसम्मको मूलधारमा ल्याउने, दिगो विकास लक्ष्य २०३० को नं ३ (स्वास्थ्य) लक्ष्य नं ५ (लैङ्गिक समानता) लक्ष्य नं १० (असमानता घटाउने) का सूचकाङ्कहरूका बारे प्रतिबद्ध हुँदै नीतिगत व्यवस्थाका लागि पैरवी गर्ने, द्वन्द्व प्रभावित महिलालाई आफ्नो अधिकार सुनिश्चितताका लागि सङ्गठित हुन सहजीकरण गर्दै स्वःप्रतिनिधिमूलक नेतृत्वलाई जोड दिने र पैरवीको आधार तयार गर्ने र यौन तथा प्रजनन् स्वास्थ्य अधिकार सुनिश्चितताका लागि यौन अधिकारको बहसलाई सरोकारवाला माझ मूलप्रवाहीकरण गर्ने यसका उद्देश्यहरु रहेका छन् ।

ओरेक महिलामाथि हुने हिंसा, यसका कारण र परिणामको रोकथाम र महिला, किशोरी तथा सीमान्तकृत समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सुनिश्चितता तथा सामाजिक न्याय माथिको पहुँचको सुनिश्चितता तथा प्रवर्द्धन गर्न नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको अभियानमूलक संस्था हो । मानव बेचबिखन विरुद्ध महिलावादी र अधिकारमुखी सोचमा आधारित भई महिला तथा बालबालिका बेचबिखनको अन्त्य गर्ने र प्रभावितको अधिकार तथा न्याय सुनिश्चताका लागि वकालत गर्ने उद्देश्यका साथ स्थापित यो संस्थाले महिला अधिकार हनन् मध्ये बेचबिखन एउटा परिणाम भएको निष्कर्ष निकाल्दै महिला अधिकारको मुद्दालाई फराकिलो नजरले हेर्न सुरु गरेको थियो । महिलाको आफ्नो शरीर आफ्नै हो भन्ने यथार्थतालाई आत्मसात गरी महिला अधिकार प्राप्तिका निमित्त महिलाको उत्पादनशीलता, यौनिकता र गतिशीलतामाथिको नियन्त्रणको महत्वबारे समुदायका महिलालाई सशक्तीकरण गर्न सहजीकरण गरिरहेको छ । पछिल्लो अवस्थामा यस संस्थाले आफ्नाअभियानहरुलाई विषयवस्तुहरुमा वर्गिकरण गरी, मानव अधिकार तथा सामाजिक न्याय, पर्यावरणिय न्याय र महिलाको नेतृत्व, गुणस्तरीय सेवा तथा सिकाइ तथा ज्ञान व्यवस्थापन जस्ता विषयबस्तुहरुको निर्धारण गरी त्यस भित्रका विभिन्न उप-विषयबस्तुहरु समेत छनौट गरी महिला मानव अधिकार र सामाजिक न्यायका मुद्धालाई विशिष्टिकृत गर्दै अगाडि बढी रहेको छ ।

यस संस्थाले नेपालको महिलावादी आन्दोलनलाई सकारात्मक ढंगले अगाडि बढाउँदै महिला र बालिकाको अधिकार सुनिश्चितताका लागि राज्यलाई उत्तरादायी बनाउन र महिलामैत्री ऐन, नीति तथा कार्ययोजना निर्माणका लागि सबै तहका सरकारसँग समन्वय, सहकार्य र पैरवीमूलक गतिविधि गर्दै आइरहेको छ । समुदायमा आधारित महिला स्वास्थ्य तथा परामर्श केन्द्र, मनोविमर्श केन्द्र, सघन जैविक खेतीको अवधारणामा आधारित नमुना खेती, पर्यावरणमैत्री नमुना गाउँ, पछाडि पारिएको समुदाय तथा महिलाको समान प्रतिनिधित्व तथा राजनीतिक सहभागिताका लागि महिला तथा समुदायसँगको सहभागिता र साझेदारितामा कार्यक्रमहरू सञ्चालन गरेका उदाहरणहरु छन् ।

यस संस्थाले सन् २०२३ देखि महिला, बालिका तथा किशोरीमाथि हुने हिंसा र मानव अधिकार/महिला मानव अधिकार रक्षकहरूको प्रतिकार क्षमता अभिबृद्धि, कामको अधिकार र सामाजिक सुरक्षा, सङ्क्रमणकालीन न्याय, न्यायका लागि यौन तथा प्रजनन् स्वास्थ्य अधिकार, मानवीय सङ्कटको अवस्थामा महिलाको आवाज र नेतृत्व सबलीकरण, जलवायु न्याय र दिगो जीविकोपार्जन, अन्तरपुस्ता रूपान्तरित नेतृत्व, मानवीय सङ्कटको अवस्थामा महिलाको आवाज र नेतृत्व सबलीकरण जस्ता सवालहरुलाई संस्थाका मुख्य विषयबस्तुका रूपमा अंगिकार गर्दै आफ्ना अभियानलाई समान उद्देश्य भएका सामुदायिक संस्था, किशोरी सञ्जालहरुसँगको सहकार्यमा अगाडि बढाउदै गएको छ ।

संस्थाद्वारा महिला, किशोरी तथा बालबालिकालाई संस्थाले स्थापना कालदेखि प्रदान गर्दै आएको गुणस्तरीय सेवाहरु जस्तै सुरक्षा आवास, कानुनी परामर्श, कानुनी सहयोग, मनोविमर्श सेवा र हटलाईन सेवालाई निरन्तरता दिदैं संस्थालाई

महिलाबादी स्रोत केन्द्रको रूपमा विकास गर्नका लागि संस्थामा तथ्याङ्क संकलन तथा विश्लेषणका कार्य त्यसको दस्तावेजीकरण तथा प्रकाशन साथै  सामाजिक सञ्जालको परिचालनका गतिविधिहरुलाई विशेष व्यवस्थापन गर्दै अघि बढि रहेको छ ।

**संस्थाको दूरदृष्टि**

- महिलावादी अभीष्ट प्राप्त भएको समाज ।

**संस्थाको ध्येय**

- सामूहिक महिलावादी कार्यद्वारा महिलाको मानव अधिकारको सम्बर्द्धन र सबै प्रकारको संरचनागत विभेदको अन्त्य

**संस्थाको पञ्चवर्षीय योजनाका उद्देश्यहरू (२०२३ देखि २०२७)**

- कुनै पनि प्रकारको हिंसाविना समान नागरिकका रूपमा महिलालाई सम्मानका साथ बाँच्न सक्ने वातावरण निर्माणमा योगदान पुऱ्याउने ।
- महिलाको आर्थिक तथास्वास्थ्य अधिकार र शारीरिक अखण्डताका लागि विभिन्न महिला र ट्रान्स अधिकार अभियन्ताहरूका आवाज विस्तार गर्ने ।
- ओरेकलाई सामाजिक आन्दोलनका लागि महिलावादी स्रोत केन्द्रको रूपमा विस्तार गर्ने ।
- महिलाको काम गर्ने अधिकार, सामाजिक सुरक्षाको अधिकार र राज्यका सबै तहमो समानुपातिक समावेशी सहभागिताको अधिकार स्थापनाका लागि अभियानहरू सुदृढ गर्ने ।
- द्वन्द्वबाट प्रभावितहरूको न्यायको अधिकार र न्यायपूर्ण परिपूरणका लागि संयन्त्रलाई बलियो बनाउन द्वन्द्व प्रभावित महिलालाई सहयोग गर्ने ।
- महिलामाथि हुने सबै प्रकारका विभेदविरुद्धको महासन्धि १९७९, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको अभिसन्धि १९६६, विश्वव्यापी आवधिक समीक्षा र दिगो विकासको लक्ष्य २०३० को : ५, ८ र १६ मा राज्यले गरेको प्रतिबद्धता कार्यान्वयन गर्न/गराउन पैरवी गर्ने ।

**संस्थाको कार्यक्षेत्र**

महिला पुनर्स्थापना केन्द्र (ओरेक) ले आफ्नो एकीकृत अभियान र कार्यक्रमहरूलाई प्रत्यक्ष रूपमा १८ जिल्लामा र महिला हिंसाविरुद्धको अभियान अन्तर्गत आवश्यकता अनुसार ७७ वटै जिल्लाहरूमा महिला मानव अधिकार रक्षकहरूको सञ्जालसँगको समन्वय र सहकार्यमा निरन्तरता दिइरहेको छ । जस अन्तर्गत प्रत्यक्ष रूपमा कोशी प्रदेशका मोरङ, सुनसरी, उदयपुर, मधेश प्रदेशका धनुषा, सिराहा , महोत्तरी, सर्लाही, वागमती प्रदेशका काठमाडौं, ललितपुर , भक्तपुर, लुम्विनी प्रदेशका दाङ , कपिलवस्तु , रुपन्देही, कर्णाली प्रदेशको रुकुम र सुदुर पश्चिम प्रदेशका कैलाली, कञ्चनपुर, डोटी र बाजुरामा अभियानहरु सञ्चालन भइरहेका छन् ।

## संस्थागत रणनैतिक मुद्धाहरु




## संस्थाको संरचनागत विवरण:

| ओरेकका जिल्लागत संरचना | मोरङ | उदयपुर | सिरहा | धनुषा | सुनसरी | काठमाडौं | दाङ | कैलाली | रुकुम | महोत्तरी | सर्लाही | कपिलवस्तु | रुपन्देही | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सुरक्षा आवास | १ | १ | | १ | १ | १ | | १ | | | | | | ६ |
| महिला स्वास्थ्य परामर्श कैन्द्र | | | ५ | | | | | | २ | २ | ३ | | | १२ |
| महिला मनोसामाजिक परामर्श कैन्द्र | ४ | ६ | १ | ३ | २ | | ६ | १ | ४ | १ | १ | | | २७ |
| समुदायमा आधारित संघसंस्था | | १० | ३ | ३ | १ | | ५ | | | | | | | २२ |
| महिला समूह | ३८ | ४४ | २६ | २८ | ३ | | ५६ | | २५ | १२ | ६ | ८ | ८ | २५५ |
| कृषक समूह | | २३ | ८ | ७ | | | ६ | | २६ | ६ | ३ | | | ६९ |
| युवा महिला समूह | | | | | | | | २८ | | | ३ | | | ३१ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| न्मूना पर्यावरणीय गाँउ | | ७ | २ | १ | | | ३ | | १ | २ | | | | १६ |
| किशोर किशोरीमैत्री विद्यालय | | | | १ | | | | | | | १ | | | २ |
| सामुदायिक क्लिनिक | | १ | | ६ | | | | | | | | | | ७ |
| भेट क्लिनिक | | १ | | | | | | | | | | | | १ |
| तालिम केन्द्र | | २ | | | | | | | | | | | | २ |
| युवा सञ्जाल | ४ | ५ | | ४ | २ | | २ | २६ | | | ४ | | | ४८ |
| महिला सहकारी | | | | १ | १ | | | | | १ | | | | ३ |
| नमुना फार्म | | ५ | | | | | | | २ | | २ | | | ९ |
| महिला स्वास्थ्य पैरवी सञ्जाल | | | | | | | १ | | १ | | १ | | | ३ |
| बाल सञ्जाल | | | | | | | | | | ३ | १ | | | ४ |
| महिला महासंघ | ११ | | | २ | १५ | | | | | | ३ | | | ३१ |
| महिला अधिकार महासंघ | १ | | १ | | | | | | | १० | | | | ४ |
| युवा समूह | | २ | ११ | | ४ | २ | | | | १ | | | | २० |
| युवा महिला समूह | | | | | | | | २८ | | | ३ | | | ३१ |
| महिलामैत्रि स्थल | | | | | | | | | | | | | | |
| दर्ता भएका महिलामहासंघ | ८ | | | २ | ९ | ९ | | | | ५ | | | | २४ |
| फर्केर आएका आप्रवासी महिला श्रमिकहरुकौ सञ्जाल | ६ | ५ | | | २ | | १ | १ | | | | | | १५ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला पैरवी सञ्जाल | | | | १ | | | | | | | | | | १ |
| नमुना गाँउ व्यवस्थापन समिति | | ७ | | | | | ३ | | १ | २ | | | | १३ |
| किशोर किशोरी सञ्जाल | | | | | ६ | | | १८ | | | ८३ | ७९ | | १८६ |
| किशोर किशोरी समूह | | ५ | ८ | १४ | ७ | | ८ | १६ | ८ | ६ | | | | ७१ |
| द्वन्द्व प्रभावित समूह | | | | | | | १ | | २ | | | | | ३ |
| कृषक समूह | | | | | | | २ | | | | | | | २ |
| महिला स्वास्थ्य सञ्जाल | | | | | | | २ | | १ | | ३ | | | ५ |
| बाल समूह | | | | | | | | | | ३ | | | | ३ |
| वडा स्तरीय महिला समुह | | | | | | | | | | ६ | ३ | | | ९ |
| लैगिंक हिसा नियन्त्रण सञ्जाल | | | | १ | | | | | | १ | | | | २ |
| युवा सूचना केन्द्र | | १ | | | २ | | | २ | | | | | | ५ |
| अग्रणी सञ्जाल | | ४ | १ | १ | | | | १ | | | १ | | | ८ |
| धार्मिक अगुवाई समूह | | | | | | | | २ | | | | | | २ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला मानव अधिकार रक्षकहरुको सञ्जाल | ६ | ६ | ५ | २ | ३ | ११ | | ६ | १ | ३ | २ | १ | १ | ४६ |
| प्रयोगशाला | | १ | | | | | | | | | | | | १ |
| पुस्तकालय | | २ | | | | | | | | | | | | २ |
| बाखा फार्म | | १ | | १ | | | | | | १ | | | | ३ |
| तरकारी फार्म | | | | १ | | | | | | | २ | | | ३ |
| छात्रावास | | १ | | | | | | | | | | | | १ |
| राष्ट्रिय सीप परिक्षण केन्द्र | | १ | | | | | | | | | | | | १ |
| सहज सञ्जाल | | १ | | | | | | ४ | ३ | | | | | ८ |
| महिलावादी श्रोत केन्द्र | | १ | | | | | | | | | | | | १ |
| किशोरी छात्रावास | | १ | | | | | | | | | | | | १ |
| कार्यालय भवन | | २ | | | | १ | | | | | | | | ३ |
| जम्मा | **८३** | **१४५** | **७३** | **८६** | **५५** | **२३** | **१०८** | **१०७** | **७८** | **५३** | **४१** | **९२** | **८९** | **१०३६** |

परिच्छेद ३

# संस्थाद्वारा सञ्चालित अभियान अन्तर्गतको प्रगति विवरण

## ३.१ महिला हिंसाविरुद्धको अभियान

महिला भएकै कारण महिलामाथि हुने सम्पूर्ण हिंसात्मक कार्य महिलामाथि हुने हिंसा हुन् । महिलामाथि हुने हिंसा मानव अधिकार उल्लघंनका घटनाहरु हुन् । 'महिला विरुद्धको हिंसा सार्वजनिक वा नीजि जीवनमा लिङ्गका आधारमा हुने हिंसाजन्य कार्य हो । जसले महिलालाई शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउँछ वा पुऱ्याउने सम्भावना हुन्छ । यस अन्तर्गत त्यस्तो कार्य गर्ने धम्की, दबाव र स्वेच्छाचारी रूपमा महिलाको स्वतन्त्रतामा बन्देज गर्ने कार्य समेत पर्दछ । हालसम्म पनि महिला भएकै कारण हुने विभेदको परिणाम स्वरूप महिलामाथि हुने हिंसाले निरन्तरता पाएको छ । संरचनात्मक असमानताबाट सिर्जित भेदभावको अन्तर्निहित कारणको सम्बोधन विना महिलामाथि हुने हिंसाको अन्त्य सम्भव छैन । महिला सशक्तीकरणका माध्यमबाट आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलाई सुनिश्चित गर्दै महिलाविरुद्ध हुने हिंसाको न्यूनीकरण गर्न यस वर्ष पनि संस्थाले महिला हिंसा विरुद्धको अभियान अन्तर्गत बलात्कार विरुद्धको अभियान, राजनीतिमा महिलाको समानुपातिक समावेशी सहभागिता जस्ता राष्ट्रिय अभियानहरू यस सवालमा काम गरिरहेका ५० भन्दा बढी संघसंस्था तथा सञ्जालसँगको सहकार्यमा सञ्चालन गरी सरकारको ध्यानाकर्षण गर्न सफल भएको छ । जसको फलस्वरूप बलात्कार र यौनजन्य हिंसाको हदम्याद एक वर्षबाट २ वर्ष, नाबालिगको हकमा बालिग भएपछि ३ वर्ष, अपांग, अशक्त, मानसिक अवस्था कमजोर भएकाको हकमा ३ वर्ष, प्रभावितको क्षतिपूर्ति राज्यकोषबाट प्रदान गरिने जस्ता कानूनी व्यवस्थामा परिवर्तन गर्न बल पुगेको छ । महिलाविरुद्ध हुने हिंसा अन्त्यका लागि सञ्चालन गरिएका अभियान, सामाजिक रूपान्तरणका लागि गरेको निरन्तर प्रयास, प्रतिबद्धता र समर्पणका कारणले संस्थाले महिला अधिकारको सवाल स्थापित गर्न सफल भएको छ । संस्थाले महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरू सहित पछाडि पारिएका समुदायको पहिचान सामाजिक, राजनीतिक तथा आर्थिक समानता हासिल गरेको स्थितिलाई महिलावादी आकांक्षाको परिपूर्तिको रूपमा हेर्दछ । सामाजिक न्याय, इमानदारी, एकता, महिलाले अगुवाइ गरेको सामूहिक नेतृत्व, लोकतान्त्रिक पद्धति, स्वंयसेवी भावना, अधिकारमा आधारित दृष्टिकोण, प्राकृतिक स्रोतहरूको संरक्षण र सम्बर्द्धन, तथ्य र तथ्याङ्कमा आधारित पैरवी यस संस्थाका मूल्य- मान्यता हुन् ।

कुनै पनि व्यक्तिमाथि हिंसा हुनु भनेको मानव अधिकारको हनन् हो भन्ने सवाललाई अघि सार्दै संस्थाले महिला हिंसाविरुद्धको अभियान संस्थाको स्थापना कालदेखि नै सञ्चालन गर्दै आएको छ । बेचबिखनमा परेकी एक दलित किशोरीसँगको वार्तालापपछि उनीहरूको पुनर्स्थापनाका लागि स्थानहरू नभएको अवस्थामा सुरक्षित स्थान प्रदान गर्ने अभिप्रायले स्थापना भएको यस संस्थाले हाल बेचबिखनको मुद्दालाई मानव अधिकारको सवालको रूपमा स्थापना गर्न सफल भएको छ । साथै जबसम्म हिंसा तथा बेचबिखन प्रभावितहरूको स्वः प्रतिनिधित्व हुँदैन तबसम्म उनीहरूको मुद्दाहरू उनीहरू स्वयंले उठान गर्ने वातावरण निर्माण हुन सक्दैन भन्ने दृष्टिकोणबाट महिला तथा किशोरी समूहहरूको गठन तथा संस्थागत सुदृढीकरणका लागि अभियान सञ्चालन गर्दै आएको छ । यसका लागि राज्यले महिलाले आफ्नो स्वःपहिचानका साथ जीवनयापन गर्न पाउने अधिकारको सुनिश्चित हुने वातावरण सिर्जना गर्नु र समुदाय तहदेखि व्यक्तिको सोंच र व्यवहार रूपान्तरित गर्नुका साथै अहिलेसम्मको स्थापित संरचनाबाट प्रभावित व्यक्तिहरूको न्यायमा पहुँच पुग्ने वातावरण निर्माण गर्न आवश्यक छ । संसारमा हरेक तीनमध्ये एक जना महिलाले आफ्नो जीवनकालमा कुनै न कुनै प्रकारको हिंसा भोग्छन् र यस्तो हिंसामा संलग्न पीडक महिलाले चिनेको, माया गर्ने र विश्वास गर्ने व्यक्ति हुने गर्दछन् । हरेक दिन महिलाले व्यक्तिगतदेखि सार्वजनिक क्षेत्रमा कुनै न कुनै प्रकारको हिंसाको सामना गरिरहनु परेको स्थिति तथ्याङ्कद्वारा पुष्टि भएको छ ।

नेपालको जनसङ्ख्यि स्वास्थ्य सर्वेक्षण प्रतिवेदन २०२२ का अनुसार, सर्वेक्षण गरिएका मध्येमा, गत १२ महिना भित्रमा प्रजनन् उमेर समूह (१५ देखि ४९) का २३% महिलाले शारीरिक हिंसा भोगेका छन्, भने ८% महिलाले यौनिक हिंसा भोगेका छन् । यी तथ्याङ्क नियाल्दा लैङ्गिक हिंसाको दर मधेस प्रदेशमा सबैभन्दा बढी अर्थात् ३७% रहेको छ । ५३% विवाहित महिलाले आफ्नो जीवनको कालखण्डमा कुनै न कुनै (शारीरिक, मानसिक, यौनिक) हिंसा र चोटपटक भोग्ने

गरेको र २७% महिलाले आफ्नै श्रीमान्‌बाट यौन हिंसा भोगेको पाईएको छ । ६% महिलाले गर्भवती अवस्थामा रहेका महिलाले कुनै न कुनै प्रकारको  हिंसा भोगेका छन् । लैङ्गिक हिसामा परेका अधिकांश महिलाहरुले कसैलाई नभनिकन सहने गरेको पाईएको छ भने २८% महिलाले मात्र सहयोग लिन तत्परता देखाएको पाईन्छ ।

यस अवस्थालाई लक्षित गरि महिलाहरूलाई सशक्तीकरण तथा सचेतना अभिवृद्धिका कार्यहरू मार्फत हिंसाका बिरुद्ध आवाज उठाउन सक्ने वातावरण तयार गर्न, हिंसा प्रभावितलाई न्याय प्रदान गर्नु आवश्यक भएकाले विगत झैं यसवर्ष पनि संस्थाले महिला हिंसाविरुद्धको अभियान अन्तर्गत बलात्कार विरुद्धको राष्ट्रिय अभियान सञ्चालन, राजनीतिमा महिलाको समानुपातिक समावेशी सहभागिताको अभियान, बालविवाह र दाइजोविरुद्धको अभियान सञ्चालन गरेको थियो । साथै संस्था कार्यरत पालिकाहरूसँगको समन्वयमा लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति निर्माणमा सहजीकरण गरी महिला हिंसाविरुद्धको सवाललाई पालिका स्तरमा पनि प्राथमिकीकरण गर्न सफल भएको छ । त्यस्तै लैङ्गिक हिंसाका घटनाहरूमा आएको बढोत्तरीलाई सम्बोधन गर्न हिंसा प्रभावित महिला बालिका तथा किशोरीहरूलाई सुरक्षावास सेवा सञ्चालन, मनोविमर्श सेवा, कानूनी परामर्श तथा कानूनी सहयोग प्रदान गरी न्यायमा पहुँचका लागि सहयोग प्रदान गर्ने कार्यलाई निरन्तरता दिएको छ ।

त्यसै गरी संघ तथा सबै प्रदेशका सरोकारवालाहरू जो लैङ्गिक हिंसाका क्षेत्रमा प्रत्यक्ष रूपमा सेवा प्रवाह गरिरहेका छन्, उनीहरूलाई लैङ्गिक संवेदनशील सेवा प्रवाह, प्रभावित केन्द्रित अवधारणा, बालबालिका केन्द्रित अवधारणा, लैङ्गिक हिंसाको घटना व्यवस्थापन, मनोसामाजिक सहयोग र सुरक्षित सम्प्रेषणका विषयमा विषयगत क्षमता अभिबृद्धि सम्बन्धी अभियानहरु सञ्चालन गरिएको छ । लैङ्गिक हिंसा रोकथाम र सम्बोधनका लागि ध्यानाकर्षण, पैरवीका कार्यक्रम, मापदण्ड तथा निर्देशिकाहरू निर्माणका लागि अरु वर्ष जस्तै यस वर्ष पनि संस्थाले विभिन्न अभियानका मार्फत कार्यरत क्षेत्रमा सहजीकरण गरेको छ ।

**महिला हिंसाविरुद्धको अभियानको लक्ष्यः**

महिलाविरुद्ध हुने सबै प्रकारका संरचनागत विभेदको अन्त्यका लागि सामाजिक, आर्थिक, राजनीतिक रूपान्तरण सहित महिलाको निर्णायक तहमा पहुँच अभिबृद्धि गर्न अभियान सञ्चालन गर्ने ।

**अभियानका उद्देश्यहरुः**

१. महिला भित्रको विविधता र पहिचानलाई सम्बोधन गर्न महिलाकै नेतृत्वमा नीतिगत पैरवी र कानुन निर्माण, परिमार्जन तथा कार्यान्वयनका लागि पहल तथा सहजीकरण गर्ने ।

२. हिंसा प्रभावित महिलाहरूका लागि आवश्यकता अनुरूप सेवा प्रवाह, सेवा प्रदायकहरूलाई संवेदनशील बनाउँदै प्रभावितमैत्री वातावरण निर्माणका लागि सहजीकरण गर्ने ।

३. विभेदपूर्ण हानिकारक सामाजिक, सांस्कृतिक मूल्य-मान्यताविरुद्ध समूह सञ्जालसँगको अगुवाइमा सामाजिक सचेतीकरणका लागि कार्य गर्ने ।

**अभियानका मुख्य गतिविधिहरू**

| | | |
|---|---|---|
| नीतिगत पैरवी | विषयगत क्षमता अभिबृद्धिमा सहजीकरण | सुरक्षावास, मनोविमर्श, कानुनी सहयोग सम्बन्धी सेवा प्रवमह |
| महिलाका सवालको पहिचान गरी अभियान सञ्चालन | घरदैलो, प्रत्यक्ष भेटघाट | तथ्यगत पैरवीका लागि खोज तथा अनुसन्धान |
| महिला सामुदायीक संस्था तथा सञ्जालहरुसँग समन्वय तथा संजालिकरण | सचेतना अभिबृद्धि तथा सूचना प्रवाह | घटनाहरुको अभिलेखिकरण |

## अभियानलाई सहयोग गर्ने कार्यक्रमहरु

- परिवर्तनका छाल: महिला माथि हुने हिंसा अन्त्य र यौन तथा प्रजनन् स्वास्थ्य अधिकार सुनिश्चितताका लागि समुदायमा आधारित कार्यक्रम (FJS)
- प्रभावित नै परिबर्तनका सम्बाहाक (MISEREOR)
- आप्रवासी कामदारलाई सामाजिक रुपमा सक्षम बनाई सामूदायमा  पुनर्मिलन (ILO
- लैंगिक विभेदमा आधारित हिंसा रोकथाम र प्रतिकार्य कार्यक्रम, कोभिड महामारीको अवस्थामा लैंगिक हिंसाको सम्बोधन परियोजना र मानवीय सहायता कार्यक्रम (UNFPA)
- जागरण: सामाजिक रूपान्तरणका लागि सामुहिक निर्माण (प्रदेश नम्बर २ का सिमान्तकृत समुदायका महिला र किशोरीहरुको सामाजिक-आर्थिक अवस्थामा अभिवृद्धि गर्न सामुहिक भावनाको विकास तथा लैंगिक र सामाजिक न्यायको सुनिश्चितताका लागि सरकारको जवाफदेहितामा सुदृढिकरण कार्यक्रम (AEIN)
- नेपालमा सार्बजनिक स्थलमा महिला माथि हुने हिंसा सम्बोधन कार्यक्रम (FORD FOUNDATION)
- यौनिक तथा लैंगिक विभेदमा आधारित हिंसा रोकथाम तथा प्रतिकार्य कार्यक्रम (LWF)
- सन्जिवनी-महिलाहरुलाई स्वास्थ्य शरीर र मन संगसंगै मर्यादासंग बाच्नलाई सक्षम वातावरण सिर्जना गर्ने (AEIN)
- अब मेरो पालो -चरण ३ (CARE NEPAL)
- उमेर उपयुक्त लैंगिक हिंसा रोकथाम र प्रतिकार्य सेवाहरू मार्फत बालबालिका विरुद्धको हिंसाको प्रभावलाई कम गर्न  सञ्चालित परियोजना (UNICEF)
- नेपालमा महिला र बालिका विरुद्ध हुने लैङ्गिक हिंसाको रोकथाम र प्रतिकार्य (WWDP)
- मानविय संकटमा महिलाको आवाज र नेतृत्व सबलिकरण स्नेह (CARE USA)
- नेपालका मानव अधिकार रक्षकहरुका लागि समष्टिगत सुरक्षा क्षमता अभिवृद्धि परियोजना (Forum Asia)
- ज्ञान र आन्दोलनको जग निर्माण:  मानव अधिकार र आप्रवासन न्यायको लागि महिला आप्रवासी (APWLD)
- दक्षिण एसियामा महिला श्रम आप्रवासन-मध्य पूर्व कोरिडोर (GAATW)

## महिला हिंसा विरुद्धको अभियान अन्तर्गत सम्पन्न मुख्य क्रियाकलापहरु

### क. बलात्कारका घटनामा रहेको हदम्याद हटाउन, बलात्कार विरुद्धको चौंथो चरणको राष्ट्रिय अभियान




बलात्कार विरुद्धको चौंथो चरणको राष्ट्रिय अभियान: "कानुनी तथा सामाजिक न्यायको अधिकार : हिंसा रहित समाजको आधार" भन्ने नाराका साथ महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जाल र ओरेक लगायत मानव अधिकारको क्षेत्रमा काम गर्ने विभिन्न ५० भन्दा बढी संघसंस्था सञ्जालहरूको संयुक्त प्रयास र ऐक्यबद्धतामा २०७९ असार १२ गतेदेखि अभियान अन्तर्गतका चौंथो चरणका कार्यक्रमहरू संस्थाले बाँके, धादिङ, सोलुखुम्बु, कपिलवस्तु, डोटी, दार्चुला, सर्लाही, धनुषा, सिरहा, महोत्तरी, मोरङ, सुनसरी, उदयपुर, दाङ, कैलाली, रूपन्देही,

कपिलवस्तु, रुकुम, सुर्खेत लगायतका जिल्लाहरूमा धर्ना, र्‍याली, समन्वय तथा सहकार्य बैठक बस्ने तथा अभियानका मागहरू सहित सम्बन्धीत सरोकारवालाहरूलाई ध्यानाकर्षण गराउने जस्ता गतिविधिहरू सञ्चालन गरी सम्पन्न गरेको थियो ।

### ख. बलात्कार विरुद्धको राष्ट्रिय अभियान अर्न्तगत प्रदेश स्तरीय नीतिगत पैरवी कार्यक्रम सम्पन्न



ओरेकले बलात्कार विरुद्धको राष्ट्रिय अभियान अर्न्तगत प्रदेश स्तरीय नीतिगत पैरवी कार्यक्रम सम्पन्न गरेको छ । जस अन्तर्गत कोशी प्रदेश (तत्कालिन प्रदेश १), मधेश प्रदेश र वागमती प्रदेशमा जम्मा १३५ जना प्रदेश स्तरका सरोकारवालाहरुलाई यौनजन्य हिंसाको अवस्था र यसको हदम्याद बढाउन किन आवश्यक छ भन्ने बारेमा ध्यानाकर्षण गराउन सफल भएको थियो । उक्त कार्यक्रममा विशेष गरी बलात्कारको घटनामा हद म्यादको व्यवस्था खारेज गरिनु पर्ने, घटनाका दोषीहरूलाई कडाभन्दा कडा कारवाहीको व्यवस्था गरी कानुनी दायरामा ल्याउनु पर्ने, अपराधीलाई राजनीतिक संरक्षण गर्न नहुने, हिंसा प्रभावितको मानसिक अवस्थालाई ध्यानमा राखेर सबै स्थानीय तहहरूमा मनोविमर्श सेवा उपलब्ध गराउनु पर्ने, द्रूत न्याय प्रणालीको प्रभावकारी कार्यान्वयन गर्नु पर्ने, विभेद, हिंसा, बलात्कार जस्तो जघन्य अपराधको विरुद्धमा राजनीतिक दलहरूको एक अवाज र एकवद्धता रहनु पर्ने, बलात्कारका घटनामा क्षतिपूर्ति मात्र नभई परिपूरणको व्यवस्था समेत हुनुपर्ने, साथै प्रभावित पक्ष होस्टाइल हुनुका कारणहरूको अनुसन्धान गर्नँ पर्ने र बलत्कारका घटनाका सवालमा केन्द्रबाट मात्रै नभई प्रदेश र स्थानीय तहबाट पनि पहल गर्नुपर्ने जस्ता सवालहरूमा ध्यानाकर्षण गराइएको थियो ।

### ग. सुरक्षावासका कर्मचारीहरुका लागि २ दिने प्रभावित केन्द्रित अवधारणा सम्बन्धी छलफल कार्यक्रम




सुरक्षावासका कर्मचारीहरुलाई एकै स्थानमा ल्याई सुरक्षावासबाट सेवा प्रवाह गर्दा हिंसा प्रभावितको जीवनमा आएका परिवर्तनहरु, भोगेका चुनौती तथा आगामी दिनमा सुरक्षावासको मापदण्ड र प्रभावित केन्द्रित अवधारणाको आधारमा कसरी प्रभावकारी सेवा प्रवाह कसरी गर्न सकिन्छ भन्ने बारेमा छलफल तथा अन्तरक्रिया गरी सुरक्षावासको सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउन सहजीकरण गर्ने उद्देश्यले ओरेक र महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको संयुक्त आयोजनामा आश्विन ४ र ५ २०७९ मा २ दिने छलफल कार्यक्रम सञ्चालन गरिएको थियो । जसमा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, स्थानीय सरकार र ओरेकद्वारा सञ्चालित सुरक्षावासका कर्मचारीहरु, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, संघीय मामिला मन्त्रालयको लैंगिक तथा सामाजिक समावेशीकरण शाखा, स्वास्थ्य मन्त्रालय, महिला तथा बालबालिका विभाग र राष्ट्रिय महिला आयोग जस्ता संस्थाहरुका जम्मा ५४ जना प्रतिनिधिहरुको उपस्थिती रहेको थियो । उक्त कार्यक्रममा सरोकारवाला निकायका तर्फबाट मापदण्ड पूरा नभई सञ्चालनमा आएका सुरक्षावासहरुको तत्काल अनुगमन गरी स्थानीय तह तथा सम्बन्धीत निकायहरुसँग छलफल गरी प्रभावित केन्द्रित अवधारणा अनुरुप पूर्ण रूपमा मापदण्ड पूरा गरी सुरक्षावास सञ्चालन गर्नका लागि सम्बन्धीत सबैलाई निर्देशन दिने प्रतिवद्धता जाहेर गरिएको थियो

### घ. महिला हिंसा विरुद्धको १६ दिने अभियान सम्पन्न



ओरेकले महिला हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा विभिन्न कार्यक्रमहरु आयोजना गरि यस अभियानलाई मनाएको थियो । महिलामाथि हुने हिंसा मानव अधिकार हनन्को सवाल हो भन्ने  मान्यताका स्थापीत गर्दै यसै अनुरुप कार्य गर्न सबै राष्ट्र तथा संयुक्त राष्ट्र संघ लगायत अन्य राष्ट्रिय तथा अन्तराष्टिय सरोकारवाला निकायहरुलाई आह्वान गर्ने उद्देश्यले यो अभियान अन्तर्गत २५ नोभेम्वर देखि १० डिसेम्वरसम्म समुदायदेखि सबै तहसम्म विभिन्न अभियानका कार्यक्रमहरु गर्ने गरिन्छ । प्रत्येक  वर्ष झैं यस वर्ष पनि समुदायस्तरदेखि अन्तराष्ट्रिय स्तरसम्म महिला हिंसा अन्त्यका लागि भइरहेका प्रयासहरु प्रति ऐक्वबद्धता जनाउँदै ओरेकद्वारा “सामूहिक ऐकवद्धता, लैङ्गिक हिंसा विरुद्ध सून्य सहनशिलता” भन्ने नाराका साथ विभिन्न कार्यक्रमहरु गरी यो दिवस मनाएको थियो ।



ओरेकको कार्यक्षेत्र रहेका विभिन्न जिल्ला काठमाण्डौ, मोरङ्ग, उदयपुर, रुपन्देहि, कपिलवस्तु ,रुकुम ,महोत्तरी, सर्लाही, धनुषा, सिराहा, दाङ, कैलाली, सुनसरी लगायतका जिल्लाहरुमा पत्रकार सम्मेलन सहितका र्‍याली, कोण सभा, जनप्रतिनिधि महिला सँग संबिधानमा महिलाको हक अधिकार सम्बन्धी अभिमुखिकरण कार्यक्रम, महिला हिंसा संबन्धी मिथिला आर्ट प्रदर्शनी तथा कचहरी नाटक, हाजीरिजवाफ प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता, किशोर किशोरीमा हुने यौनहिंसा र प्रजजन स्वास्थ्य सम्बन्धी छलफल कार्यक्रमहरु गरी सम्पन्न गरिएको थियो ।

### ङ. महिला हिंसा विरुद्धको वर्ष पुस्तक अन्वेषी लोकार्पण

ओरेकले महिला हिंसा विरुद्धको यथार्थ तथ्याङ्क समेटिएको वर्ष पुस्तक **अन्वेषी २०७९** प्रकाशन तथा लोकार्पण गरेको छ । महिला हिंसा विरुद्धको १६ दिने अभियानको अवसर पारेर यो पुस्तकको लोकार्पण गरेको हो । महिला माथि हुने हिंसाको यथार्थता वर्णन गरिएको वर्ष पुस्तक **अन्वेषी** महिला वालवालिका तथा जेष्ठ नागरिक मन्त्रालयले आयोजना गरेको मुल समारोहमा बिमोचन  गरिएको थियो । यस पुस्तकका माध्यमबाट संस्थालाई पुन: एक लैंगिक हिंसाको क्षेत्रमा स्रोत संकलन गर्न सक्ने संस्थाको रूपमा चिनाउने कार्यका लागि थप उर्जा मिलेको थियो । उक्त अन्वेषीमा प्रकाशन भएको तथ्याङ्कका अनुसार मुलुकका सातवटै प्रदेशबाट महिला हिंसाका घटना अभिलेख भएका पाइएको छ भने जम्मा १८१३जना महिलामाथि भएका हिंसाका घटनाको अभिलेखीकरण गरेको छ । जस अनुसार प्रदेश नं. १ बाट सबैभन्दा धेरै हिंसाका घटना अभिलेखीकरण भएका छन् । प्रदेश नं. १ मा ३० प्रतिशत (५३९ जना), मधेस प्रदेशमा २७ प्रतिशत (४८१ जना), वागमती प्रदेशमा चार प्रतिशत (७७ जना), गण्डकी प्रदेशमा जम्मा ०.२८ प्रतिशत (५ जना), लुम्बिनी प्रदेशमा १० प्रतिशत (१७५ जना), कर्णाली प्रदेशमा २० प्रतिशत (३७१ जना), र सुदूरपश्चिम प्रदेशमा ९ प्रतिशत (१६५ जना) महिलामाथि भएका विभिन्न प्रकारका हिंसाका घटना ओरेकमा अभिलेख गरिएको थियो । यतिमात्र हैन महिलाहरुमाथि सबैभन्दा बढी ६५ प्रतिशत (११७५ जना) घरेलु हिंसा भएको पाइएको थियो भने १३ प्रतिशत (२४० जना)



महिला सामाजिक हिंसाबाट, ६ प्रतिशत (१०९ जना) महिला, किशोरी तथा बालिकामाथि बलात्कार, १ प्रतिशत (१४ जना) माथि सामुहिक बलात्कार, ०.८ प्रतिशत (३४) माथि बलात्कारको प्रयास, १ प्रतिशत (२२ जना) माथि वैवाहिक बलात्कार भएको पाइएको छ । त्यसैगरी ६ प्रतिशत (११५ जना) यौनजन्य दुर्व्यवहार, १.१ प्रतिशत (२० जना) महिलाको हत्या, ०.६६ प्रतिशत (१२ जना) महिलाको हत्या प्रयास गरिएका घटना अभिलेख भएको तथ्याङ्कले देखिएको थियो । यसै अवसरमा टोखा नगरपालिका र ओरेकको सहकार्यमा "लैंगिक हिंसा सम्बन्धी कानुनी सचेतना कार्यशाला गोष्ठी समेत सम्पन्न गरिएको थियो ।

### च. सुरक्षित सार्वजनिक स्थल निर्माणका लागि विभिन्न क्रियाकलाप सम्पन्न

सार्वजनिक स्थलमा महिला तथा किशोरीहरूमाथि हुने हिंसाको सवालमा ओरेकका अभियान सञ्चालन गरेका जिल्लाहरु मध्ये दाङ, मोरङ र उदयपुरमा स्थलगत अनुसन्धान गरिएको थियो । जसबाट १२७ जना लैंगिक हिंसाका क्षेत्रमा सेवा प्रवाह गरिरहेका सेवा प्रदायकहरुले सार्वजनिक स्थललाई कसरी हिंसा रहित बनाउने भन्ने विषयमा जानकारी पाएका थिए । यसका आधारमा ओरेकले सार्वजनिक स्थलमा भएको हिंसाको अवस्था सम्बन्धी अनुसन्धान प्रतिवेदन तयार गरेको थियो जसका कारण सार्वजनिक स्थलमा हुने हिंसाको सवालमा तथ्यगत पैरवी गर्न आधार तयार भएको छ ।

### छ. प्रदेश स्तरीय किशोरी  अधिकार सम्बन्धी अन्तरकृया कार्यक्रम सम्पन्न



रुपन्देही जिल्लामा अन्तराष्ट्रिय किशोरी दिवसको अवसरमा प्रदेश स्तरीय सरोकारवालाहरु तथा किशोरीहरु बीच **मनको कुरा खोलौ** नामक सम्वाद कार्यक्रम सम्पन्न गरिएको थियो । उक्त कार्यक्रमको आयोजना किशोरी अधिकार मञ्च, रुपन्देही, ओरेक, माहुरी होम, यु.एन.एफ.पिए र भि.एस.सो संस्थाहरुको संयुक्त आयोजनामा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा किशोरीहरुले चेतनामूलक कचहरी नाटक मार्फत किशोरीहरुको बढ्दो आत्महत्याको सवाललाई दर्शाएका थिए भने अन्तरक्रिया कार्यक्रम समेत सम्पन्न गरेका थिए भने **'अब हाम्रो पालो हाम्रो अधिकार हाम्रो भविष्य'** भन्ने नाराका साथ दशौं अन्तराष्ट्रिय बालिका दिवसको अवसरमा विभिन्न सचेतनामूलक कार्यक्रमहरु समेत सञ्चालन गरी दिवस मनाइएको थियो ।

### ज. आपत्कालिन अवस्थामा संरक्षण र लिङ्गमा आधारित विभेद सम्बन्धी प्रदेश स्तरीय तालिम सम्पन्न



हालको कोशी प्रदेश तथा तत्कालिन प्रदेश १, विराटनगरमा १४ देखि १६ डिसेम्बर २०२२ मा  ३० (पुरुषः ६; महिलाः २४) आपतकालिन अवस्थामा संरक्षण र लिङ्गमा आधारित विभेद सम्बन्धी ३ दिने  प्रदेश स्तरीय तालिम सम्पन्न सम्पन्न भएको छ । जसमा जम्मा ३० जना विभिन्न जिल्लाका सरोकारवालाहरुको उपस्थिति रहेको थियो भने जसमध्ये ६ जना पुरुष र २४ जना महिलाको सहभागिता रहेको थियो ।

### झ. महिला मानव अधिकार रक्षकको अवस्था, चुनौति र अवसर विषयक अन्तक्रिया कार्यक्रम सम्पन्न

लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानका क्रममा ओरेक नेपालको आयोजनामा महिला मानव अधिकार रक्षकको अवस्था, चुनौति र अवसर विषयक अन्तक्रिया कार्यक्रम सम्पन्न भएको थियो । कोशी प्रदेशको विराटनगरमा महिला मानव अधिकार रक्षक दिवसको अवसरमा उक्त कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा सामाजिक विकास मन्त्रालयको सामाजिक बिकास महाशाखा प्रमुख दुर्गा बरालले सामाजिक विकास मन्त्रालयले महिलाको क्षेत्रमा गरेका कार्यहरू बारे चर्चा गर्नँभएको थियो । यो दिवस मनाउन थालिएको ३१ वर्ष भइसक्दा अझै पनि महिलामाथि हुने हिंसामा कमि आउन

सकेको छैन भन्दै कार्यक्रमका बक्ताहरुले आवाज उठाएका थिए। यो महिला हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा सञ्चालन भएको कार्यक्रम विश्वका सबै राष्ट्र तथा संयुक्त राष्ट्र संघ लगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवाला निकायलाई आह्वान गर्दै लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान नेपालमा पनि २५ नोभेम्बरका दिन मनाउने गरिन्छ।

### ञ. महिलाको श्रमको अधिकार, पहिचान र मान्यता विषयक प्रदेश स्तरीय कार्यक्रम सम्पन्न

ओरेक, तरङ्गिनी फाउण्डेसन र महिला मानव अधिकार रक्षक सञ्जालको संयुक्त आयोजनामा इलाम, तेह्रथुम, धनकुटा, सुनसरी र मोरङ्गका महिला मानव अधिकार रक्षकहरुको सहभागितामा महिलाको श्रमको अधिकार, पहिचान र मान्यता विषयक प्रदेश स्तरीय कार्यक्रम सम्पन्न भएको थियो।

### ट. लैङ्गिक समानता, प्रभावित केन्द्रित अवधारणा र सुरक्षित सम्प्रेषण सम्बन्धी तालिम सम्पन्न




लैङ्गिक हिंसाका घटनाहरुलाई प्रभावित केन्द्रित अवधारणा अनुरुप कसरी सेवा प्रवाह गर्ने, हिंसाका घटनाहरुलाई कसरी व्यवस्थापन गर्ने, स्थानीय तहमा लैंगिक हिंसा संवोधनका लागि के कस्ता नीति तथा योजनाहरु बनेका छन् भन्ने विषयमा जानकारीमूलक २ दिने तालिम तथा पुनर्ताजगी तालिम दाङ, मोरङ, सुनसरी, कैलाली, सिरहा र उदयपुरजिल्लामा सम्पन्न भएको छ। जिल्लाका न्यायिक समितिका पदाधिकारीहरु र सेवा प्रदायक निकायका पदाधिकारीहरुको सहभागीतामा सम्पन्न उक्त कार्यक्रममा जम्मा २२० जनाको सहभागीता रहेको थियो।

यसैगरी समुदायका महिलाहरुलाई नेतृत्व सीप तथा क्षमता बृद्धि गर्ने उद्देश्यले उदयपुरमा ३ दिने नेतृत्व विकास तालिम समेत सम्पन्न गरेको थियो। उक्त तालिममा सर्लाही, महोत्तरी, धनुषा, सिरहा जिल्लाका जम्मा २९ जना महिला अधिकारकर्मीहरुको सहभागिता रहेको थियो।

### ठ. पैरवी सीप तथा नेतृत्व विकास सम्बन्धी २ दिने तालिम सम्पन्न



स्थानीय तहमा नेतृत्व लिएर युवाका सवालहरु विशेषगरी हानिकारक परम्परागत अभ्यास, लैङ्गिक विभेदमा आधारित हिंसा विरुद्ध कार्य गरिरहेका युवाहरुको पैरवी सीप तथा नेतृत्व विकास क्षमतालाई अभिबृद्धि गर्ने उद्देश्यले स्थानीय तहसँगको समन्वय तथा सहकार्यमा दाङ, मोरङ, सुनसरी, कैलालीमा २ दिने नेतृत्व विकास तथा क्षमता अभिबृद्धि तालिमको आयोजना गरिएको थियो। तालिममा १८० जना स्थानीय युवाहरुको सहभागिता रहेको थियो। तालिम पश्चात युवाहरुले समुदायमा रहेका युवाका सवालहरुलाई उठान गर्नको लागि सामुहिक रूपमा योजना समेत बनाएका थिए।

### ड. विभिन्न नीतिको समीक्षा तथा विश्लेषण

ओरेकले सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ तथा नियमावली २०७७, लैङ्गिक बालबालिका सम्बन्धी ऐनको विष्लेषण, सत्य निरुपण तथा मेलमिलाप आयोगको प्रस्ताबित विधेयकको विश्लेषण र बालबिबाह सम्बन्धी कानूनको विश्लेषण गरी त्यसको अवधारणागत पत्र तयार भएको छ। जसमा सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ तथा नियमावली २०७७ माथिको समिक्षाबाट उक्त कानूनमा धेरै कमी कमजोरीहरु रहेको निर्ष्कष निस्किएको थियो। साथै उक्त ऐनले लैङ्गिक तथा अल्पसंख्यक समूहरुलाई नसमेटेको तर समेट्न आवश्यक रहेको निर्ष्कष आएको छ।

त्यसैगरी लैङ्गिक हिंसाको कानूनहरुको समीक्षाबाट उक्त हिंसाको सम्वोधनका लागि पर्याप्त कानूनहरु नहरेको देखिन आएको छ भने नेपालले अन्तराष्ट्रिय कानूनहरु अनुमोदन गरेता पनि धेरै प्रावधानहरु नरहेको पाइएको देखिन्छ । साथै लैङ्गिक हिंसाको प्रावधान रहेको कुनै पनि ऐन तथा कानूनमा लैङ्गिक तथा अल्पसंख्यिक समूहरुलाई नसमेटेको तथ्यको निष्कर्ष आएको थियो । सत्य निरुपण तथा मेलमिलाप आयोगको प्रस्तावित विधेयकको विश्लेषण गर्दा यो विधेयकमा थप संसोधन आवश्यक रहेको कुराको कारण सहित ओरेकले तीन महले बनाई सरकारी निकाय समक्ष पेश गर्न सफल भएको छ भने बालबिबाह सम्बन्धी कानूनको विश्लेषण पत्र तयार भएको छ । जसका कारण सम्बन्धीत क्षेत्रहरुमा पैरवी गर्ने तथ्यगत आधार निर्माण भएको छ ।


### ढ. प्रभावितलाई सुरक्षित आवास सेवा उपलब्ध

ओरेकले निरन्तर रूपमा यस वर्ष पनि प्रभावित महिला तथा किशोरीहरुका लागि सुरक्षित आवास सेवा उपलब्ध गराएको छ । लैङ्गिक हिंसा विरुद्धको अभियानमा सुरुवातदेखि नै आफ्ना अभियानमा संस्थाले सुरक्षा आवासको व्यवस्थापन गरी हिंसा प्रभावित महिला तथा वालिकाहरुको सर्वोत्तम हितको सुनिश्चितताका लागि कार्यक्रमहरु सञ्चालन गरिरहेको छ । हाल संस्थाले आफ्नै पहलमा तथा स्थानीय सरकार र अन्य गैरसरकारी संस्थाहरूसँगको समन्वय र सहकार्यमा ७ वटा सुरक्षावास मार्फत सेवा प्रदान गरिरहेको छ ।

हिंसा प्रभावित महिलाहरुमा विशेषतः शारीरिक र मानसिक रूपले आघात हुने र त्यसका कारण प्रभावितहरु त्रसित हुने भएकाले उनीहरूलाई सुरक्षित आवासको निकै खाँचो हुन्छ । पीडकसँगै बसेर न्यायका लागि पहल गर्न असजिलो मात्र होइन, प्रभावितलाई जोखिमपूर्ण समेत हुने भएकाले हिंसा प्रभावितहरूका लागि सुरक्षित आवास सेवा निकै उपयोगी सिद्ध भएको छ । हिंसा प्रभावित महिलाहरूका लागि निकै आवश्यकता भएकाले र यसबाट प्रभावितले सेवा लिएका कारण यो सेवा लिनेको सङ्ख्यामा वर्षैपिच्छे बढोत्तरी हुँदै गएको छ । सुरक्षित आवास सेवाबाट आवासका साथै हिंसा प्रभावित महिलाहरूका लागि उपयोगी विभिन्न अन्य सेवाहरू जस्तै कानुनी सेवा, मनोपरामर्श सेवा जस्ता सेवा पनि उनीहरूको पुनर्स्थापनाका लागि उपलब्ध हुँदै आएका छन् । यो आर्थिक वर्षमा पनि सुरक्षित आवासमा सेवा लिएर हिंसाविरुद्ध न्यायका लागि पहल गर्न प्रभावितहरूको सङ्ख्यामा उल्लेख्य बृद्धि भएको छ ।


यो वर्षको तथ्याङ्क अनुसार ७ वटा सुरक्षावास मार्फत ४२५ जनाले सुरक्षा आवासको सेवा लिएका छन् । सुरक्षा आवासको सेवा लिनेहरुमा २६ जना पुनः दोहोरिएर सेवा लिन आएका थिए भने ४२५ जना नयाँ प्रभावितहरू यस सेवाबाट लाभान्वित भएको पाइएको छ । यसैगरी सुरक्षा आवासबाट ३१९ जनालाई कानुनी परामर्श र १२३ जनालाई कानुनी सहयोग प्रदान गरिएको छ। सुरक्षावासको सेवा लिएका ७ जनालाई विभिन्न विषयमा अभिमुखीकरण गर्दै उपलब्ध सहयोगी संयन्त्रबारे जानकारी दिइएको छ । १३२ जना प्रभावितलाई स्वास्थ्योपचार तथा १४ जनालाई प्रसूति स्याहार सेवा उपलब्ध गराइएको छ । यस्तै २८९ जना हिंसा प्रभावित महिलालाई लत्ता कपडा र ६२ जनालाई यातायातको सुविधा उपलब्ध गराइएको छ भने सुरक्षितवासमा आएका ४२५ मध्ये १० जनालाई पुनर्स्थापना गरिएको छ । यसैगरी ३१३ जनालाई फोनबाट फलोअप, १९६ जनालाई पारिवारिक परामर्श, ४४ वटा घटनाको स्थलगत अनुगमन समेत गरिएको छ। यतिमात्र हैनकि हिंसा प्रभावितहरु मध्ये २७ जनालाई दिगो जीविकोपार्जनका लागि विउपूँजी सहयोग, २६१ जनालाई आरामदायी अभ्यासको सेवा पनि दिइएको छ । सुरक्षा आवासमा रहेकाहरुमा जम्मा ३८३ चरणमा मनोविमर्श सेवा प्रदान गरिएको छ ।


ओरेकले देशका विभिन्न शाखा मार्फत सञ्चालन गरेका सुरक्षित आवास सेवा लैङ्गिक हिंसाविरुद्धको अभियानमा निकै उपलब्धिमूलक भएको छ । विशेषगरी सुरक्षित आवासमा आश्रय पाएर हिंसा प्रभावितहरू थप जोखिमबाट बच्नुको साथै मनोविमर्श, स्वास्थ्य उपचारको सेवा र विभिन्न कानुनी परामर्श तथा कानुनी सहयोग पाउँदा प्रभावितहरूलाई हिंसाविरुद्ध आवाज उठाउनका लागि आत्मबल समेत मिलेको छ । पीडकसँगै बस्दा, आश्रयकै चिन्ताले पनि उनीहरू हिंसा विरुद्ध बोल्न डराएका हुन्थे भने सुरक्षित आवासमा उनीहरूले आफूमाथि हुने हिंसा, पाउने उपलब्ध सेवा र आफ्नो अधिकारबारे बुझ्न समेत सहजता ल्याएको छ ।




## ण. ओरेकको हटलाईन सेवा नियमित सञ्चालन

यस वर्ष ओरेकका दुईवटा कार्यालय काठमाण्डौं र मोरङमा हटलाईन सेवा मार्फत १२७ वटा महिला हिंसाका घटनाबारे जानकारी प्राप्त भएका थिए । हटलाईन मार्फत ओरेकको सम्पर्कमा आउने प्रभावित महिलाहरूमा ७८ जना घरेलु हिंसा, २० जना यौन हिंसा, १३ जना सामाजिक हिंसा, ४ जना बालविवाह, १ जना बैवाहिक बलात्कार, जना बेचबिखनको प्रयास, १ जना बोक्सीको आरोप, १ जना प्रेममा धोका, ५ अन्य हराएका अलपत्र कारणले प्रभावित भई सम्पर्क गरेका थिए ।




हिंसा प्रभावित महिलाले आफूमाथि भएका हिंसाबारे सहज रूपमा उजुरी गर्न सकुन्, उपलब्ध सेवामा महिलाको पहुँच सुनिश्चित हुन सकोस् र कोही पनि महिला न्यायबाट वञ्चित हुन नपरोस् भन्ने अभिप्रायले ओरेक नेपालले नि:शुल्क हटलाईन सेवा सञ्चालन गर्दै आएको छ । जसमा हिंसा प्रभावितले फोन गरेर आफूलाई आवश्यक सूचनाहरू प्राप्त गर्न सक्दछन् । ओरेक नेपालका हटलाईनमा महिलाले विशेषगरी हिंसाको उजुरी कहाँ गर्ने, कसरी गोप्य उजुरी गर्न सकिन्छ, उपलब्ध सहयोगी संयन्त्रहरू जस्तै: कानुनी परामर्श सहायता, सुरक्षित आवास लगायतका सेवाहरू कसरी प्राप्त गर्न सकिन्छ भन्ने विषयहरूमा जानकारी र परामर्श लिने गरेका छन् । यस वर्ष सङ्कलन भएका कुल १२७ घटनामध्ये ७८ वटा मोरङमा, ४९ वटा काठमाडौंमा हटलाईन मार्फत हिंसाका घटनाहरु संकलन भएका छन् ।

### त. महिला हिंसाको अभियान अर्न्तगत तयार गरिएका सामग्रीहरु

| महिला हिंसाको अभियान अर्न्तगत तयार भएका सामग्रीहरु | |
|---|---|
| **सामग्री** | **संख्या** |
| • विद्यालय स्तरमा रहेका लैंगिक हिंसाको फोकल पर्सनका लागि सर्तहरु विषयक निर्देशिका तयार | १ |
| • संस्थामा आएका बोक्सीको आरोपमा महिलामाथि गरिने अपराध एवं मानव अधिकार हनन्को अवस्था सम्बन्धी अध्ययनका लागि अवधारणा पत्र तयार, तथ्यांक विश्लेषण र घटनालाई अद्यावधिक र घटना अध्ययनको समीक्षा तयार | १ |
| • महिला हिंसा सम्बन्धी तथ्याङ्क समाबेश भएको अन्वेषी, २०७९ को लेखन, विश्लेषण तथा प्रकाशन | १ |
| • लिङ्गमा आधारित विभेद सम्बन्धी तथ्य र तथ्याङ्कको विश्लेषण तथा सारांश प्रकाशन | १ |
| • संस्थाको साझेदारी रणनीतिको मस्यौदा तयार | १ |
| • सुरक्षावासको कार्य सञ्चालन निर्देशिका अद्यावधिक तथा सुरक्षित सम्प्रेषण सम्बन्धी रेफरल पाथ वे तयार | १ |
| • यौनजन्य शोषण र दूर्व्यवहारबाट संरक्षण नीति | १ |
| • लैङ्गिक समावेशी तथा सामाजिक समावेशीकरण नीति (वागमती प्रदेश) मस्यौदा -जिरो ड्राफ्ट तयार | १ |
| • विपद्को अवस्थामा हुने लैंगिक हिंसाको रोकथाम र सम्बोधन सम्बन्धी कार्यविधि मस्यौदा | १ |
| • वालवालिकाको संरक्षण तथा वाल केन्द्रित सेवा प्रवाहका लागि कार्यविधिको मस्यौदा | १ |
| • त्रैमाशिक पत्रिका पैरविको प्रकाशन | २ |
| • वार्षिक प्रतिवेदन तयारी तथा प्रकाशन | १ |

### थ. मानव अधिकार रक्षकहरुको समष्टिगत सुरक्षा तालिम

महिला मानव अधिकार रक्षकहरुको एक वटा प्रशिक्षण तालिम सञ्चालन भएको छ । जसमा जम्मा २० जना मानवअधिकार रक्षकहरुको सहभागिता रहेको थियो । यौनिक तथा लैंगिक अल्पसंख्यक, भूमि दलित, महिला, अपाङ्गता लगायतका अन्य बिभिद अधिकारको क्षेत्रको मानवअधिकारको लागि कार्य गर्ने मानवअधिकार रक्षकहरुको सहभागितामा सम्पन्न तालिमका मुख्य बिषयवस्तुहरु भौतिक सुरक्षा, संस्थागत सुरक्षा, डिजिटल सुरक्षा, मनोसामाजिक सुरक्षा जस्ता विषयहरुमा छलफल भएका थिए । त्यसैगरि प्रशिक्षक प्रशिक्षण तालिम लिएका मध्येबाट जम्मा १५ जना मानव अधिकार रक्षकहरुलाई पुनतार्जकी तालीम २० र २१ अक्टुबर २०२२ मा प्रदान गरिएको थियो । यसबाट समुदाय स्तरमा नै मानब अधिकार रक्षकहरुको समस्टीगत सुरक्षा तालिम सहजकर्ता उत्पादन भएको छ ।

### द. १२ औं अन्तराीष्ट्रय बेपत्ता दिवसको शर्न्दभमा छलफल कार्यक्रम सम्पन्न

महिला मानव अधिकार रक्षक सञ्जाल द्वन्द प्रभावित समाज रुपन्देहीको आयोजना तथा ओरेक र एड्भोकेसी फोरमको सहयोगमा बेपत्ता पारिएका व्यक्तिहरुको सम्झनामा राष्ट्रिय अभियान सत्य न्याय र परिपूरण सहितको कानूनी प्रावधान बिषयक छलफल कार्यक्रम बुटवलमा सम्पन्न भएको थियो । मिति २०७९ भदौ २९ गते भएको कार्यक्रममा जम्मा ४० जनाको सहभागिता रहेको थियो । जसमा न्यायका लागि द्वन्द्व प्रभावित व्यक्तिहरु, मानव अधिकारकर्मी, कानूनविद् तथा स्थानीय नागरिकहरुको सहभागिता रहेको थियो । कार्यक्रममा बेपत्ता पारिएका व्यक्तिहरुको सम्झना गर्ने तथा न्याय पार्नका लागि आवश्यक पर्ने कानून तथा त्यसको कार्यान्वयन गर्न साथै सरकारले आज संसदमा छलफल गर्न लागेको बेपत्ता तथा छानवीन सम्बन्धी ऐनलाई प्रभावित मैत्री बनाउन र प्रभावित का सवालहरु सम्बोधन गर्न तथा अन्तराष्ट्रिय मानवीय कानूनको कार्यान्वयन गर्न दवाव दिने उद्देश्यले यो दिवस मनाइएको हो ।

### ध. द्वन्द्व प्रभावित महिला र यौन तथा प्रजनन् स्वास्थ्यको अवस्था विषयक राष्ट्रिय परामर्श गोष्ठी सम्पन्न

द्वन्द्व प्रभावित महिला तथा किशोरीहरुको यौन तथा प्रजनन् स्वास्थ्यको अवस्थाको बारेमा सम्बन्धीत सरोकारवालाहरुलाई ध्यानाकर्षण गराउने, द्वन्द्व प्रभावित महिला तथा किशोरीहरुको सवाललाई सम्बोधन गर्न आवश्यक सहयोगी संयन्त्रको

विकास, राहत तथा परिपूरणको व्यवस्थाको लागि छलफल गर्ने उद्देश्यले काठमाण्डौंमा २०२२ सेप्टेम्वर २१ दिन द्वन्द्व प्रभावित महिला र यौन तथा प्रजनन् स्वास्थ्यको अवस्था विषयक राष्ट्रिय परामर्श गोष्ठी सम्पन्न भयो । गोष्ठिमा ओरक नेपालका अध्यक्ष डा. रेणु अधिकारीको अध्यक्षता तथा राष्ट्रिय मानव अधिकार आयोजका अध्यक्ष तप बहादुर मगरको अध्यक्षतामा शुरु भएको थियो । ओरेक नेपालले औपचारिक कार्यक्रमको सहजिकरण गर्दै सहभागीहरुलाई परिचय तथा स्वागत गर्दै कार्यक्रमको उद्देश्य बारे जानकारी गराइएको थियो ।



कार्यक्रममा द्वन्द्व प्रभावित महिलाहरुले भोगेको घटनाहरुको आधारमा तयार पारिएको अडियो रेकर्ड सुनाएर विषय प्रवेश गरिएको र द्वन्द्व प्रभावित महिलाहरुको यौन तथा प्रजनन् स्वास्थ्यको सवाल विषयमा कार्यपत्र प्रस्तुत गरिएको थियो । कार्यपत्र प्रस्तुती पछि उक्त विषयमा सहभागीहरुले आ-आफ्ना धारणा र विचार राखेका थिए । कार्यक्रममा सहभागी भएका विभिन्न सरकारी तथा गैर सरकारी संस्थाका प्रतिनिधिहरुले द्वन्द्व प्रभावित महिलाहरुको यौन तथा प्रजनन् स्वास्थ्यको विषय निकै संवेदनशिल भएको र यसले प्रभावित महिलाहरुको जीवनलाई निकै सहज बनाएकोले यसलाई संबोधन गर्न राज्यको ध्यान पुग्नु पर्ने कुरामा जोड दिएका थिए । विशेषगरी स्वास्थ्यमा समस्या भोगिरहेका प्रभावित महिलाहरुको अविलम्ब उपचार राज्यले नै गर्नु पर्ने र यसमा महिलाको गोपनियतालाई सुरक्षित गर्नु पर्ने धारणा राखेका थिए । कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रतिनिधीले राज्यले द्वन्द्व प्रभावित महिलाहरुको उपचारको लागि हालसम्म गरेको व्यवस्था बारे जानकारी गराइएको थियो भने कानुन मन्त्रालय, महिला आयोग र राष्ट्रिय योजना आयोगका प्रतिनिधीहरुले समेत आफ्ना धारणा राखेका थिए ।



यसैगरी कर्णाली प्रदेशको सदरमुकाम सुर्खेतको वीरेन्द्रनगरमा अन्तर्राष्ट्रिय शान्ति दिवसको अवसरमा प्रदेशस्तरीय कार्यक्रम आयोजना गरिएको थियो । यो दुईदिने कार्यक्रम पहिलो दिन द्वन्द्वपीडितहरुको बन्द सत्र भएको थियो भने दोस्रो दिन सबै सरोकारवालाहरु बीच अन्तरक्रिया कार्यक्रम भएको थियो । कार्यक्रममा द्वन्द्व प्रभावित महिलाहरूले सामना गर्ने प्रमुख यौन र प्रजनन् स्वास्थ्य समस्याहरू र कसरी ती समस्याहरूले उनीहरूलाई थप जोखिममा पारेको छ, प्रदेश सरकारले विनियोजन गरेको बजेट कहाँ खर्च भइरहेको छ भन्ने बिषयमा बन्द सत्रको अवधिमा प्रादेशिक सरकारबाट विशेष जिल्लाहरूले प्राप्त गरेका सेवा र सुविधाहरूको बारेमा अद्यावधिक गरिएको थियो । यसका साथै प्रत्येक वर्ष प्रदेशस्तरमा द्वन्द्वपीडितका लागि निश्चित बजेट छुट्याइँदै आएको बजेट, यसको खर्चको अवस्था, यसको उपयोगीता, सरकारसँग प्रभावितहरुको वास्तविक तथ्याङ्कको अभाव र तथ्याङ्क सङ्कलन गर्ने योजनाका बिषयमा समेत छलफल भएको र नेपालका विभिन्न तीन अस्पतालमा सरकारले उपलब्ध गराउँदै आएको निःशुल्क स्वास्थ्य परीक्षणका बारेमा छलफल भएको थियो । तर, द्वन्द्वपीडितको पहिचान कागजातको अभाव र त्यस्ता सेवाहरूको केन्द्रीकरणका कारण ती सेवाहरूमा द्वन्द्वपीडितहरूको पहुँच कम देखिएको कुरा गोष्ठीमा छलफल भएको थियो ।

**न. महिला हिंसा विरुद्धको अभियानमा सम्पन अन्य क्रियाकलापहरु**

- घरदैलो कार्यक्रम
- सहकार्य तथा समन्वय बैठक

- महिला हिंसा विरुद्ध अभिमुखिकरण कार्यक्रम
- हिंसा प्रभावित महिलाका लागि सहयोग प्रदान
- सार्वजनिक सुनुवाई कार्यक्रम
- बहुपुस्ता संवाद कार्यक्रम
- सरोकारवालाहरुसँग बैठक
- यौनकर्मीमाथि हुने हिंसा अन्त्य गर्ने अन्तर्राष्ट्रिय दिवसको आयोजना
- यौनकर्मीमाथि हुने हिंसा अन्त्य गर्ने अन्तर्राष्ट्रिय दिवस आयोजना
- सडक नाटक र फ्ल्यास मोब कार्यक्रम सम्पम्न
- न्यायका लागि यौन अधिकार कार्यक्रम सम्पन्न
- कविता वाचन एवं दीप प्रज्वलन कार्यक्रम सम्पन्न
- रेडियो कार्यक्रम निर्माण तथा प्रसारण (सुरक्षित विद्यालय, सुरक्षित सार्वजनिक यातायात र यौनजन्य दुर्व्यवहारको उजुरी लगायतका विषयमा २५ वटा रेडियो कार्यक्रम निर्माण तथा प्रसारण)
- सामाजिक सञ्जाल अभियान सञ्चालन

## ३.२ आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार अभियान

महिला पुनर्स्थापना केन्द्र (ओरेक) ले आर्थिक सामाजिक र सांस्कृतिक अधिकार अन्तर्गत दिगो जिविकोपार्जन कार्यक्रमका माध्यमबाट समुदाय स्तरदेखि केन्द्र स्तरसम्म विभिन्न क्षेत्र (कृषि, पशुपालन तथा उत्पादकत्व बृद्धि, जीवन उपयोगी सीप कलाको विकास तथा प्रवर्द्धन, खाद्य अधिकार तथा खाद्यमा पहूँच बृद्धि) को लागि पहल गर्न विभिन्न कार्यक्रमको आयोजना गरी सम्पन्न गरेको छ। यस्ता प्रकारका पैरवीमूलक कार्यक्रमले सरोकारवालाहरुसँगको समन्वयमा बृद्धि हुने र गरिवीको कु-चक्रलाई सम्बोधन गर्ने, स्रोत तथा साधन माथिको नियन्त्रण तथा समान पहूँच, खाद्य सम्प्रभुताको सुनिश्चितता गरी आत्मनिर्भर हुने गरी जीवनयापन गर्न सहयोग गर्दछ। यस सचेतनामूलक अभिमुखिकरण, उद्यमशिलता विकास, सघन जैविक खेती प्रणाली, बिउपूँजी सहयोग, पर्यावरणमैत्री नमुना गाउँ निर्माण तथा प्रवर्द्धन, जलवायु अनुकुलन र प्राकृतिक श्रोत व्यवस्थापनमा सहयोग जस्ता गतिविधिहरु संस्थाले सम्पन्न गरेको छ।

हाल यो कार्यक्रम कोशी प्रदेश (मोरङ्ग, उदयपुर, सुनसरी), मधेस प्रदेश (सिरहा, धनुषा, महोत्तरी र सर्लाही), लुम्बीनी प्रदेश (दाङ्ग), कर्णाली प्रदेश (रुकुम पश्चिम) र सुदूरपश्चिम प्रदेशमा (कैलाली) मा सञ्चालित गरिएको थियो, जसबाट १,६३२ जना मध्ये महिला १३,२७ जना र पुरुष ३०५ जना प्रत्यक्ष रूपमा लाभान्वित भएका थिए।

### ३.२.१ दिगो जिविकोपार्जन कार्यक्रम

### ३.२.१.१) क्षमता अभिबृद्धि तालिम

### क. सुधारिएको पशुपालन सम्बन्धी तालिम सम्पन्न

किसान समुहका महिलाहरुलाई सैद्धान्तिक र व्यावहारिक सत्र समावेश गरी तीन दिने पशुपालन सम्बन्धी तालिम धनुषा, महोत्तरी र सर्लाहीमा सम्पन्न गरिएको थियो। जसमा उल्लेखित जिल्लाका जम्मा ७० जना किसान महिला समुहका महिलाहरुको सहभागिता रहेको थियो। सैद्धान्तिक सत्रमा बाखा र गाईको गोठमा सुधार, स्थलाकृति अनुसार जातको छनौट, बाखा र गाईवस्तुका लागि पौष्टिक दाना, बाखाका लागि चरण क्षेत्र, पशु स्वास्थ्य व्यवस्थापन लगायतका विषयमा छलफल गरिएको थियो भने उपलब्ध पौष्ठिक खानाको सदुपयोग, पराल र जमिन घाँसको पौष्टिक सम्वर्धन, कम लगानीमा गाईवस्तुको गोठ सुधार, बाखाको गोठ निर्माणमा स्थानीय सामग्रीको सदुपयोग, सामुदायिक बाखा सेवा र व्यवस्थापन आदि विषयमा ईच्छुक सहभागीहरूलाई व्यवहारिक सत्रमा सिकाइएको थियो।

## ख. महिलाहरुलाई सुधारिएको कृषि सम्बन्धी तालिम सम्पन्न




महिला किशान समुहका महिलाहरुलाई सैद्धान्तिक र व्यवहारिक सत्र सहितको तीन दिने तरकारी तालिम धनुषा, महोत्तरी, सर्लाहीमा सम्पन्न गरिएको छ । उक्त तालिममा समुदायका किसान महिला समुहका ९० जना महिला लाभान्वित भएका थिए। तालिमको सैद्धान्तिक सत्रमा खेतीका लागि जग्गा तयारी, सौर्यीकरण र यसको महत्व, जैवीक सघन खेती (बिआइएफ), बाली क्यालेन्डरमा आधारित तरकारी खेतीको महत्व, स्थानका लागि मौसमी तरकारी छनौट, बीउ दर गणना, लघु सिँचाइ र झारपात लगायतका विषयमा छलफल भएको थियो । यसका साथै पोस्ट फसल व्यवस्थापनमा जानकारी, एकीकृत कीट व्यवस्थापन फेरोमोन ट्र्याप, र कीटनाशक, जडीबुटी, कीटनाशकहरूको उनीहरूको जीवनमा प्रभाव र यसको जोखिम न्यूनीकरण, र जैविक मलको साथ वैकल्पिक समाधानहरू आदि बारे छलफल गरिएको थियो । व्यावहारिक सत्रमा सहभागीहरूलाई बिरुवा रोप्नका लागि आवश्यक पर्ने स्थान निर्माण, नर्सरी निर्माण, कम्पोस्ट पिट निर्माण र प्राङ्गारिक मल तयार गर्ने र कीरा नियन्त्रणका लागि ड्रिप सिंचाई-स्प्रिंकलर र जालहरू जडान गर्ने काम समेत सम्पन्न गरिएको थियो ।

## ग. मिथिलाकला प्रवर्धनमा सीप बृद्धि तथा समर्थन सहयोग कार्यक्रम सम्पन्न



जनकपुरधाम उप-महानगरपालिका क्षेत्र मिथिला नगरीको रूपमा परिचित रहेको छ, राजा जनक र सिताको नगरीको रूपमा परिचित यस नगरीमा पौराणिक भित्ते चित्र मिथिलाकलालाई संरक्षण र सम्बर्धन गर्नका लागि प्रदेश, नगर र यस क्षेत्रका अग्रजहरु पनि लागि परेका छन् । यस क्षेत्रमा बसोबास गर्ने र काम गर्ने महिलाहरुमा परम्परागत मिथिलाकला तालिमको रूपमा रहेको मिथिला चित्रकलालाई व्यवस्थापन, बजारीकरण र अझ बढि सीप प्रदान गर्नका लागि महिला पुनर्स्थापना केन्द्रले मिथिलाकला प्रवर्धन सीप विकास तालिम सञ्चालन गरेको थियो । यसका साथै ओरेकले आफ्नो अभियान अन्तर्गतको आर्थिक सामाजिक र सांस्कृतिक अधिकार अभियानलाई संस्थागत गर्ने उद्देश्यले विगत २ वर्षदेखि निरन्तर रूपमा कार्यक्षेत्रका महिला, सिमान्तकृत समुदाय र हिँसा प्रभावितहरुको जीवनस्तरमा थप टेवा पुर्याउनका लागि सञ्चालन गर्दै आएको मिथिलाकला तालिम यस वर्ष पनि स्थानीय महिलाहरुलाई प्रदान गरेको छ । एक महिनासम्म सञ्चालन भएको उक्त तालिममा कागजमा मिथिलाकला, कपडाको व्याग र मास्क, सिमेन्टको भित्तामा मिथिलाकला पेन्ट निर्माण जस्ता विषयलाई प्राथमिकता दिइएको थियो । तालिममा सहजकर्ताले यस कलाको व्यवसाय कसरी गर्ने, यो कला गर्नुको मुख्य उद्देश्यका बारेमा स्प्रस्ट पारेका थिए भने ३ दिनसम्म सञ्चालन भएको उक्त व्यवसायिक तालिम धनुषा र सर्लाहीमा सञ्चालन गरिएको थियो । कार्यक्रममा लैगिक हिंसा र यसको असर , महिलाको आर्थिक पहूँच, स-शक्तिकरण, व्यवसाय निर्माण, व्यवसायको महत्व र यसले महिलाको आर्थिक अधिकारमा पार्ने प्रभाव सम्बन्धमा समेत छलफल गरिएको थियो । तालिममा विषेश गरी महिला हिंसा, भनेको के हो ? हिंसाका कारणहरु के के हुन? हिंसाका कारण



महिलाको स्वास्थ्यमा पारेको असर निराकरणका उपायहरु के के हुन? पैसा र जीवन, पैसाको स्रोत उपयोग आम्दानी सन्तुलन सपनाको यात्रा, बचत, ऋण सेवा प्रदायकहरु र तिनको छनौट, ऋण व्यवस्थापन, व्यवसायिकता, व्यवसायिक योजना विषयमा समेत छलफल गरिएको थियो । उक्त छलफल पश्चात सहभागीहरुले वाखा पालन, भैसी पालन, नाङ्लो, ढकिया, नास्ता पसल, किराना तथा सिलाईकटाई , किराना पसल, कस्मेटिक पसल लगायतका व्यवसाय गर्न इच्छुक रहेको कुरा व्यक्त गरेका थिए । यस तालिममा उपस्थित २२ जनालाई व्यवसायिक योजना निर्माणको तालिम समेत दिइएको थियो ।

### घ. कृषक पाठशाला सञ्चालन र अभिमुखिकरण कार्यक्रम सञ्चालन



कृषि कार्यलाई सिक्ने र सिकाउने थलोको रूपमा विकास गर्न ओरेकले मधेश प्रदेशका दलित, सिमान्तकृत समुदायहरुलाई लक्षित गरी कृषक पाठशाला निर्माणका लागि १८ हप्ते कृषक पाठशालाको अवधारणाको सुरुवात सँगै नियमित कक्षा सञ्चालन गरिएको छ । कक्षा सञ्चालनका लागि ओरेकले स्थानीय तह (वडा कार्यालय) सँग समन्वय गरी जनकपुरधाम उप-महानगरपालिका वडा नं. २० स्थित दुर्गा महिला कृषक समुहका २० जना अगुवा महिला कृषक समुहलाई समेटेर विगत ६ महिनादेखि नियमित कक्षा सञ्चालनसँगै प्रयोगात्मक अभ्यासलाई पनि जोड दिएको छ । समुहमा समुदायका विपन्न आर्थिक अवस्थामा पछाडि पारिएका महिलाहरुको आर्थिक पहूँचमा बृद्धि गर्नका लागि यस किसिमको अभ्यासको थालनी गरिएको हो । पाठशालाबाट सिकेका सिकाईहरुलाई महिलाहरुले आफ्नो करेसवारीमा वा भाडामा जग्गा लिई उत्पादन बढाउन र बिक्रि वितरण गर्न सहयोग पुग्नेछ । पाठशालामा सिकाईने १८ हप्ते कक्षा निशुल्क कक्षा हो जसमा सहभागीहरुले आफुले नियमित कृषि कामका लागि गरिरहेका क्रियाकलापहरु गर्ने गर्दछन् तर यो प्राविधिक युक्त हुन्छ जसका कारण उनीहरुले परम्परागत तरिकाले गर्दै आएका कृषि खेतीबाट भएको उत्पादन र रोग तथा किराहरुले बालीमा पारेको असरका कारण उनीहरुको आर्थिक अवस्थामा परेको असरका कारण खेती कार्यमा उनीहरुको रुची नहुने अवस्थालाई परिवर्तन गर्न सहयोग पुगेको छ। यसरी सञ्चालन कृषक पाठशालामा ३ वटा समुहका ६० जना महिलाहरु शसक्त रूपमा अगाडि बढि सीप सिकेका छन् ।

### ङ. सामुदायिक कृषि तथा पशुपालन सहायक तालिम सम्पन्न



ओरेकले हिंसा प्रभाबित महिलाको दिगो जिबिकोपार्जनका लागि प्राविधिक बिषयका सीप मूलक तालिम कार्यक्रम सञ्चालन गरेको छ । प्राविधिक बिषयमा तालिम प्रदान गरी जिबिकोपार्जनलाई दिगो बनाउन सहयोग गर्ने उद्देश्यका साथ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) सँगको समन्वयमा ओरेकले बिगत लामो समयदेखि ३ महिनाको सामुदायिक कृषि सहायक र सामुदायिक पशुपालन सहायक तालिम सञ्चालन गर्दै आईरहेको छ । यसै क्रममा ओरेक उदयपुरले यस वर्ष पनि हिंसा प्रभाबित महिलाको जिबिकोपार्जन दिगो बनाउन सहयोग गर्ने उद्देश्यले ओरेकको कार्यक्षेत्र रहेका जिल्लाहरुबाट सहभागिहरु छनौट गरी २० जना सहभागिहरुलाई २ वटा व्यवसायको सीप परिक्षणको तह १ को तालिम सञ्चालन गरिएको थियो । कार्यक्रममा ओरेकले अभियान सञ्चालन गर्ने शाखा तथा परियोजना कार्यालयहरुबाट सहभागि छनोट गरेको छ भने तालिम प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को पाठ्यक्रममा आधारित हुने निर्णय गरेको छ । तालिममा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को

पाठ्यक्रम भन्दा बाहेकको ओरेकको अभियान र महिलाबादी दृष्टिकोणबाट सामाजिक रुपान्तरणको अभ्यासहरु कसरी सञ्चालन गर्ने र सामुदायमा महिला हिंसा न्यूनिकरणका लागि कसरी अभियानहरु सञ्चालन गर्ने बिषयमा पनि तालिम सञ्चालन गरिएको छ । तालिमको पाठ्यक्रम मध्ये २० प्रतिशत सौद्धान्तिक र ८० प्रतिशत प्रयोगात्मक अभ्यासका साथ तालिम सञ्चालन भएको थियो ।

### च. उद्यमशिलता बिकास तथा व्यवसायिक डुनट निमार्ण सम्बन्धी तालिम सम्पन्न



हिंसा प्रभावित महिलाको आर्थिक स-शक्तिकरण गर्ने उद्देश्यले र महिलाहरुको दिगो जिबिकोपार्जनको लागि व्यवसायिक तथा सीपमूलक तालिम ओरेक उदयपुर र त्रियुगा नगरपालिका र बेलका नगरपालिकाको संयुक्त साझेदारीमा डुनोट निर्माण तथा महिला स-शक्तिकरण र व्यवसायिक योजना निमार्ण सम्बन्धी ३ दिने सीपमूलक तालिम उदयपुर जिल्लामा सञ्चालन गरिएको थियो । हिंसा प्रभावितहरुको अधिकारलाई प्रत्याभूति गर्न सकियोस् र उनीहरुको आर्थिक रूपमा सशक्त भई समाजमा सम्मानित जीवनयापन गर्ने वातावरण तयार पार्नका लागि प्रभावितको इच्छा चाहाना स्रोत साधनको उपलब्धताको विश्लेषण गरी जीविकोपार्जन सहयोग कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएकाले ओरेकले यस किसिमको ३ दिने तालिम सञ्चालन गरेको थियो । हिंसा प्रभावितका लागि गरिने सानो सहयोगले उनीहरुको दैनिक जीवनयापनमा सहजता ल्याउने मात्र नभई सामाजमा आफुले जस्तै अरुले पनि हिंसाको शिकार हुन नपरोस् तथा हिंसामा पर्ने जोखिमबाट बचाउनुका साथै हिंसामा परेकाको न्यायको लागि पैरवी गर्ने वातावरण सृजना गर्नका लागि यो तालिमको आयोजना गरिएको हो । तालिम पश्चात् सहभागीहरुलाई व्यवसायिक रूपमा उक्त डुनोट निमार्ण व्यवसाय सुरु गर्नको लागि आवश्यक सहयोग समेत गरिएको छ । हिंसा प्रभाबित महिलाहरुलाई आर्थिक स-शक्तिकरणको माध्यमबाट “हिंसा प्रभावितबाट परिवर्तनका संबाहकसम्म” को रूपमा बिकास गर्ने मुख्य उद्देश्य राखी ओरेक उदयपुरले सुरक्षा आवासबाट सेवा लिएका तथा अन्य बिभिन्न प्रकारका हिंसा प्रभाबित ३७ जना महिलाहरुको लागि व्यवसायिक रूपमा यो ३ दिने तालिमको आयोजना गरेको थियो । कार्यक्रममा ओरेकले व्यवसायिक योजना निमार्ण र महिलाको आर्थिक अधिकारको बिषयमा अभिमुखिकरण कार्यक्रम समेत सञ्चालन गरेको थियो ।

### छ. कार्यगत तालिम सञ्चालन



ओरेक उदयपुरले उदयपुर जिल्लाको त्रियुगा नगरपालिका वडा नं ११ मा रहेको त्रियुगा नेशनल एजुकेशन एकेडेमी, लाहान प्राविधिक शिक्षालय लाहान सिरहा, पञ्चादेवी प्राविधिक शिक्षालयमा कृषि जे टि ए (बालि बिज्ञान ) संकाय अध्ययन गरेका ८ जना बिद्यार्थीहरुलाई ओरेक उदयपुरको बिभिन्न अभियानहरुमा सहभागि गराई कार्यगत तालिम सञ्चालन गरेको छ । उदयपुर जिल्ला भित्र तथा सिराहा जिल्लाका बिभिन्न स्थानबाट आएका सहभागिहरुको उपस्थितिमा ओरेक उदयपुरमा ६ महिनाको लागि कार्यगत तालिममा आएका सहभागिहरुको प्राविधिक ज्ञान, सीप, क्षमता, अनुशासन, तथा कार्यप्रति लगनशिलता जस्ता बिषयमा मूल्याङ्कन समेत गरेर उक्त कार्यगत तालिम सञ्चालन गरेको हो ।

ओरेक उदयपुरले बिगत लामो समयदेखि बिभिन्न सरोकारवाला निकायसँगको समन्वय तथा सहकार्यमा ओरेकको

अभियानहरुको बारेमा जानकारी गराउने उद्देश्यले उदयपुर जिल्ला र जिल्ला बाहिर रहेका ओरेकको अभियानसँग प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सरोकार राख्ने बिभिन्न प्राविधिक शिक्षालयसँग आवश्यक समन्वय गरी त्यहाका स्वयंसेवक तथा कार्यगत तालिम सञ्चालन गर्ने सहभागिहरु छनौट गरी यस किसिमको कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

### ३.२.१.२ सचेतनामूलक कार्यक्रम

#### क. महिला किसान समुहहरु गठन, पुर्नगठन तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न

महिला पुनर्स्थापना केन्द्र (ओरेक)ले आफ्ना कार्यक्षेत्रहरुमा महिला किसान समुह गठन, पुर्नगठन तथा दर्ता गर्ने कार्यक्रम सम्पन्न गरेको छ । समुदायका महिलाहरुलाई सँगठित तथा एउटै उद्देश्य प्राप्तिका लागि सहभागी गराउने उद्देश्यले सञ्चालन भएका यस किसिमका कार्यक्रमबाट जम्मा ८ वटा समूहहरु सम्बन्धीत जिल्लाका स्थानीय निकायहरुमा दर्ता भएका छन् । साथै दर्ता भएका समुदायिक संस्थाहरुले पालिकाबाट कृषि तथा व्यवसायिक अनुदान प्राप्त गरी आफ्नो व्यवसाय (तरकारी पसल, तरकारी खेती) सञ्चालन गरेका छन् भने उनीहरु जिविकोपाजर्न तर्फ समेत अगाडि बढिरहेका छन् । महिला किसान समुहका जम्मा १७ वटा समुहलाई पुर्नगठन गरी जम्मा ३५० जना महिलाहरुलाई समुहमा आवद्धता गराई यस किसिमको अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ ।

#### ख. रसायनीक मल तथा बिषादीको नकारात्मक असर बिषयक अभिमुखिकरण कार्यक्रम सम्पन्न

ओरेकले विषादिको प्रयोगबाट जनजीवनमा हुने प्रत्यक्ष हानी न्यूनिकरणका लागि धनुषा, महोत्तरी, उदयपुर, सर्लाही, रुकुम, दाङ, र रुकुम पश्चिम जिल्लाका समुदायका ४९ पुरुष र ११६ महिलाहरुलाई १ दिने रसायनिक मल तथा विषादिको नकरात्मक असर विषयक कार्यक्रम सञ्चालन गरेको छ । तालिममा महिला तथा अगुवा कृषकलाई लक्षित गरिएको छ भने कार्यक्रममा रसायनिक मल तथा विषादिले मानिसको जीवनमा पार्ने र परेको असरको बारेमा जानकारी दिइएको थियो । उक्त तालिम प्राविधक सहजकर्ताद्वारा सहजिकरण गरिएको थियो ।



तालिम पश्चात् समुदायमा बजारबाट किनेर प्रयोग गर्ने विषादिको प्रयोगको दर घटाउन र जैविक मलको उत्पादन र प्रयोगमा बृद्धि भएको पाईएको छ। यसका साथै विषादिले महिलाको यौन तथा प्रजनन स्वास्थ्यमा पार्ने प्रत्यक्ष असरलाई प्रत्यक्ष न्यूनिकरण गर्नका लागि ओरेकले उदयपुर, धनुषा महोत्तरी, सर्लाही, रुकुम जिल्लामा वानस्पतिक विषादी निर्माण सम्बन्धी अभिमूखिकरण कार्यक्रम समेत समुदाय स्तरमा सञ्चालन गरिएको थियो । महिला कृषकहरुलाई लक्षित गरी सञ्चालन गरिएको उक्त कार्यक्रमले प्रत्यक्ष रूपमा महिला, किशोरी र उनीहरुको परिवारमा समेत सकारात्मक प्रभाव पार्ने लक्ष्य लिइएको थियो ।

#### ग. जलवायु परिवर्तन तथा खाद्य सुरक्षा सम्बन्धमा अभिमुखिकरण कार्यक्रम सम्पन्न

ओरेकले स-शक्तिकरण कार्यक्रम मार्फत आफ्ना अभियानहरुमा समुदाय स्तरसम्म जलवायु परिवर्तन र यसले कृषि खाद्य सुरक्षा र महिलाको यौन तथा प्रजनन् स्वास्थ्यमा पार्ने असर विषयक एक दिने अभिमुखिकरण कार्यक्रम धनुषा, सिरहा, महोत्तरी र उदयपुर जिल्लामा सञ्चालन गरेको छ । आर्थिक वर्ष २०७९/०८० मा ओरेकले अभियान सञ्चालन गरेका जिल्लाहरुको ३ वटा पालिका तथा उक्त पालिकाको वडा स्तरमा र ६ वटा समुदाय स्तरमा यस किसिमका कार्यक्रम सञ्चालन गरेको छ । जसबाट स्थानीय स्तरका जम्मा ९० जना महिला र २१ जना पुरुषहरु लाभान्वित भएकाछन् भने नेपालमा जलवायु परिवर्तनको असर बढ्दै गएको र यसको असरका कारण प्रत्यक्ष रूपमा महिलाहरुलाई असर परिरहेको साथै जलवायु परिवर्तनका कारण वन विनास हुने, बाढि पहिरो आउने, जसका कारण महिला र किशोरी महिला हिँसामा पर्ने पनि देखिएको कुरा अभिमुखिकरणका माध्यमबाट प्रस्ट पारिएको थियो ।

#### घ. सघन जैविक खेति सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न



महिला समुहलाई लक्षित गरी ओरेकले १ दिने सघन जैविक खेति सम्बन्धी अभिमुखिकरण कार्यक्रम धनुषा, महोत्तरी र सर्लाही, सिरहा, उदयपुर, रुकुम जिल्लाका समुदायहरुमा सञ्चालन गरेकोछ। प्राङ्गरिक खेती तर्फ उन्मुख गराउने र महिला कृषकहरुको खाद्य अधिकार सुनिश्चितता गर्ने उद्देश्यले सञ्चालित उक्त अभिमुखिकरण कार्यक्रममा किसान समुहहरुले सघन जैविक खेतिबाट हुने फाईदा र यसले महिलालाई पार्ने प्रत्यक्ष सकारात्मक तथा नकारात्मक प्रभाव सम्बन्धमा जानकारी गराइएको थियो । एक दिने अभिमुखिकरणमा जम्मा १४५ जना स्थानीय महिलाहरुको सहभागिता रहेको थियो ।

### ३.२.१.३ प्रवर्धनात्मक तथा सशक्तिकरण कार्यक्रम

#### क. सामुहिक खेती प्रणालीको विकास



ओरेकले सिमान्तकृत, दलित समुदायहरुमा जग्गा नभएको कारण उनीहरुका लागि जग्गा भाडामा लिई सामुहिक खेतीका लागि समूह निर्माण गरी समुहगत नीति निर्माण गरी सामुहिक खेति सञ्चालन गरेको छ।  मधेश प्रदेशको धनुषा तथा सर्लाही जिल्लाका विभिन्न समुहहरुका ४ जना अगुवा महिलाहरुलाई लक्षित गरी त्यसका लागि आवश्यक नीति निर्माण सहित ४ कठ्ठा जग्गाबाट सामुहिक खेतीको सुरुवात गरिएको छ । एक वर्षदेखि सञ्चालनमा आएको उक्त सामुहिक खेतिका लागि ओरेकले कृषि तथा पशुपालन तालिम, कृषि औजार र प्राविधक सहयोग उपलब्ध गराएको छ। यसका साथै सिंचाईका लागि ट्युववेल र मोटर समेत उपलब्ध गराएको छ। यस प्रकारको खेतिबाट समुदायमा जग्गा नहुने अगुवा महिला कृषकहरुले भाडामा जग्गा लिई खेति गरेको र आफ्नो जिविकोपार्जनलाई अगाडि बढिउन सफल भएका छन् । यस कार्यक्रमबाट प्रत्यक्ष रूपमा ६ परिवारका ४८ महिला र १० पुरुष लाभान्वित भएका छन् । यस आर्थिक वर्षमा महोत्तरी, धनुषा र सर्लाहीमा सिंचाईका लागि ८ जना महिला कृषक समुहहरुलाई पम्प तथा सिंचाई सामग्री सहयोग गरिएको छ ।

#### ख. पर्यावरणमैत्री नमुना गाउँ अभियान कार्यक्रम सञ्चालन




ओरेकले महिलाबादी दृष्टिकोणबाट दिगो सामुदायिक बिकासको लागि पर्यावरणमैत्री नमुना गाँउ (ईको भिलेज) को अबधारणा बिकास गरी अभियान सञ्चालित जिल्लाका स्थानीय तहको समुदाय तहमा पर्यावरणमैत्री नमुना गाँउ (ईको भिलेज) को अबधारणा बिस्तार गर्दै आईरहेको छ । यो कार्यक्रमबाट उदयपुर (२३६ घरधुरी) दाङ (३२० घरधुरी) सिरहा (२२९ घरधुरी) र रुकुम (६५ घरधुरी) जिल्लाका जम्मा ५,०७८ जनसंख्या लाभान्वित हुने गरी कार्यक्रम सञ्चालन गरिएको थियो । जसमध्ये यस वर्ष उदयपुर जिल्लाको लिमचुङबुङ गाउँपालिकाका २ वटा बस्तीका ४० घरधुरीका १३० महिला र ९० पूरुष गरी कुल २२० जनालाई प्रत्यक्ष पर्यावरणमैत्री नमुना गाउँ प्रवर्द्धनका लागि सहयोग पुग्ने गरी कार्यक्रम सञ्चालन गरिएको छ ।

१२ बुँदे सुचकका साथ उक्त सूचक प्राप्ति सहित नमुना गाउँ घोषणाका लागि ७० घर सहितको टोललाई पर्यावरणमैत्री

नमुना गाउँ निर्माणका लागि छनौट गरिएको थियो । उक्त कार्यक्रमका लागि समुदाय छनौट पश्चात् ओरेकबाट पहिलो चरणको अभिमुखिकरण कार्यक्रम र ७ जनाको पर्यावरणमैत्री नमुना गाउँ व्यवस्थापन समिति समेत गठन गरिएको छ ।

समिति गठन पश्चात उक्त समितिसँग समन्वय गरी प्रारम्भिक स्तरको सर्वेक्षण समेत सम्पन्न गरिएको छ । सर्वेक्षणमा देखिएका नतिजाहरुलाई डिसेम्बर २०२३ भित्र समिति मार्फत जानकारी गराई नमुना बस्तिका रूपमा सोहनी गाउँलाई अगाडि बढाउने उद्देश्य राखिएको थियो । यस प्रकारको कार्यक्रमले दलित, सिमान्तकृत समुदायको आर्थिक तथा सांस्कृतिक अधिकारलाई संरक्षण, प्रवर्द्धन गरी नेपाल सरकारको दिगो विकास लक्ष्यलाई सहयोग पुऱ्याउने उद्देश्य राखिएको थियो भने पर्यावरणमैत्री नमूना गाउँको सूचक र यसलाई समुदाय स्तरमा अवलम्वन गराउनका लागि स्थानीय निकायहरुसँग निरन्तर छलफल र समन्वय बैठक गर्ने निर्णय समेत गरिरहेको थियो । पर्यावरणमैत्री नमुना गाउँ प्रवर्द्धन कार्यक्रमले समुदायको स्थितिलाई प्रकृति तथा पर्यावरणमैत्री र प्रविधिको प्रयोग गर्ने क्षमतामा अभिबृद्धि गर्न उत्प्रेरित गर्ने लक्ष्य लिइएको छ ।

### ग. ईको भिलेजमा बृक्षारोपण तथा फलफूलको बिरुवा वितरण कार्यक्रम सम्पन्न

ओरेक उदयपुरको आयोजना तथा डिभिजन वन कार्यालय उदयपुरको सहयोग तथा पर्यावरणमैत्रि नमुना गाँउ (ईको भिलेज) व्यवस्थापन समितिको आयोजनामा त्रियुगा नगरपालिका वडा नं ०८ र ०९ मा रहेको नव उदय टोल, बैरेनी, उत्राई टोल ईको भिलेज तथा उक्त बडामा रहेको धनलक्ष्मी महिला कृषक समुहका सदस्यहरुलाई बिभिन्न प्रकारका फलफुल, जडिबुटि तथा घाँसका बिरुवाहरु वितरण गर्नुको साथै बृक्षारोपण कार्यक्रम सम्पन्न गरिएको छ । ओरेक उदयपुरले सञ्चालन गर्दै आएको पर्यावरणमैत्री नमुना गाँउ -ईको भिलेजको) बिस्तारका लागि डिभिजन वन कार्यालयको सहयोगमा उक्त ईको भिलेज व्यवस्थापन समितिको समन्वय तथा सहकार्यमा बृहत बृक्षरोपण कार्यक्रम सम्पन्न गरिएको थियो । ओरेकले हिंसा, पर्यावरण संरक्षण र वातावरणको प्रबद्धनको लागि महिला समुहका कृषकहरुलाई जलवायु परिवर्तन, यसको कारण, यसले पार्ने असर तथा यसको अनुकुल तथा न्यूनिकरणका उपायहरुको बारेमा अभिमुखिकरण तथा छलफल कार्यक्रम सञ्चालन गरी बृक्ष रोपण तथा बिरुवा हस्तान्तरण कार्यक्रम समेत सञ्चालन गरेको थियो । उक्त कार्यक्रममा ओरेकले डिभिजिन बन कार्यालयसँगको सहकार्यमा उदयपुर जिल्लामा सञ्चालन गरिएको ७ वटा ईको भिलेजमा ३००० भन्दा बढि फलफुल तथा जडिबुटिको बिरुवाहरु रोपिएको थियो । उक्त बृक्षरोपण कार्यक्रम बिश्व वातावरण दिवसको अवसरमा आयोजना गरिएको थियो ।

### घ. पशु उपचार केन्द्र सञ्चालन तथा पशुहरुमा भ्याक्सिनेशन कार्यक्रम सम्पन्न



ओरेक उदयपुरले त्रियुगा नगरपालिकामा समुदायमा पशुपालन गर्ने कृषकहरुको लागि पशु उपचारमा सहयोग पुगोस् भन्ने उद्देश्यले सामुदायिक पशु उपचार केन्द्र सञ्चालनमा ल्याएको छ । यस अबधिमा ओरेकले भेटेरिनरि अस्पताल तथा पशु सेवा केन्द्रसँगको समन्वय तथा सहकार्यमा त्रियुगा नगरपालिकामा पशु उपचार केन्द्र सञ्चालन गरेको छ । ईको भिलेजहरुमा पशुमा हुने समस्या तथा आवश्यक प्राविधिक सहयोग पुऱ्याउने उद्देश्यले पशु उपचार केन्द्र सञ्चालन गरिएको थियो । यस अबधिमा ओरेकले सामुदायिक पशु उपचार केन्द्रको माध्यमबाट ९२० वटा पशुहरुमा उपचार सेवा प्रदान गरेको छ जसमा पशु वन्ध्याकरण सेवा, पशु उपचार, पशुहरुमा खोप सेवा, पशुपालन कृषकहरुको लागि परामर्श सेवा तथा पशु पोषण तथा पशु आहारा सम्बन्धी परामर्श सेवा प्रदान गरिएको थियो ।


## ३.३ महिला स्वास्थ्य कार्यक्रम


स्वस्थ जीवन जिउँन पाउनु मानिसको जन्मसिद्ध अधिकार हो । निःशुल्क स्वास्थ्य उपचार, स्वास्थ्य सेवा र सूचनाको सुविधा पाउनु राज्यले प्रदान गरेको अधिकार हो तथापी नेपालको सन्दर्भमा अधिकांश महिलाहरुले सामान्य भन्दा सामान्य

स्वास्थ्य उपचार सेवा नपाएकै कारण ज्यान गुमाउनु परिरहेको छ। हुन त नेपाल सरकारले सुरक्षित मातृत्व सेवा, अति आवश्यक औषधिहरु नि:शुल्क पाउने व्यवस्था, २४ घण्टा प्रसुती सेवा, परिवार नियोजन परामर्श सेवा जस्ता सेवाहरुको नीतिगत व्यवस्था गरे तापनि यसको पूर्ण कार्यान्वयन नभएको कारण शहरी क्षेत्रका भन्दा ग्रामीण क्षेत्रका महिलाहरु यो सेवा र सुविधाबाट टाढा रहनु परेको यथार्थ हाम्रो सामु रहेको छ। हाम्रो समाजमा महिला र पुरुष बिच रहेको संरचनात्मक विभेदले पनि महिलाको स्वास्थ्यलाई असर पार्ने प्रमुख कारणको रूपमा रहेको छ। हाम्रो समाजमा महिला र पुरुष बिच रहेको विभेदपूर्ण मुल्य मान्यता र व्यवहार, छोरा जन्माउनै पर्ने वाध्यता, विभेदपूर्ण कार्य विभाजन, स्रोत र साधन माथिको पहुँच र नियन्त्रण नहुनु जस्ता कुराले महिलाको यौन तथा प्रजनन् स्वास्थ्यमा प्रत्यक्ष रूपमा नकारात्मक प्रभाव पर्ने गरेको छ। यसरी महिलाहरुमा हुने यौन तथा प्रजनन् स्वास्थ्य समस्या हुदाँ महिला भएकै कारण लुकाएर बस्नु परेको कारणले गर्दा पाठेघर तथा स्तनको क्यान्सर भई ज्यान गुमाउनु परेको छ। यिनै विभेदपूर्ण मूल्य मान्यताले गर्दा वर्षेनी हजारौ महिलाहरु विभिन्न प्रकारका शारीरिक, मानसिक, यौनिक, र सामाजिक हिंसाबाट पीडित हुनु परिरहेको छ। संस्थाले स्वास्थ्यको परिभाषा अनुसार कुनै पनि व्यक्ति पूर्ण स्वास्थ्य रहन शारीरिक, मानसिक र सामाजिक रुपले स्वास्थ्य भई हिंसा रहित जीवनयापन साथै सुरक्षित बास पाउनु रहेको अवस्थालाई मानिएको छ। यसै परिभाषामा आधारित रहेर ओरेक नेपालले आवश्यकता तथा अधिकारमुखी सोचबाट महिला स्वास्थ्य अधिकार कार्यक्रम सञ्चालन गर्दै आईरहेको छ। संस्थाले आफ्ना दुईवटै अभियान महिला हिंसा विरुद्धको अभियान र आर्थिक, सामाजिक, सांस्कृतिक अभियानको माध्यमबाट लैङ्गिक विभेदमा आधारित हिंसाले महिलाको जीवन तथा स्वास्थ्यमा पर्ने प्रभाव तथा असरहरु र आर्थिक, सामाजिक क्षेत्रमा महिलाहरुलाई गरिने विभेदको कारण महिलाको स्वास्थ्यमा पर्ने असर तथा प्रभावहरु विरुद्ध कार्यक्रमहरु सञ्चालन र नीतिगत परीवर्तनका लागि राज्यसँग पैरवी गर्दै आएको छ।

महिलाको शरीर, यौनिकता, प्रजनन् अंग तथा प्रणालीको बारेमा समुदायमा सचेतीकरणमा सहजिकरण गर्दै स्व:हेरचाहको लागि महिलाहरुलाई अभिप्रेरीत गर्ने, स्थानीय स्तरमा रहेका जडिबुटीहरुको संरक्षण र प्रयोग गर्ने बारे समुदायमा जानकारी दिने र समुदायमा रहेका विभेदपूर्ण सामाजिक संरचना र यसले महिलाको स्वास्थ्यमा पारेको असरलाई न्यूनिकरण गर्न समुदायदेखी राष्ट्रिय स्तर सम्म सचेतना र पैरवी गर्ने उद्देश्यले ओरेकले आफ्नो अभियानमा अधिकारमूखी महिला स्वास्थ्य कार्यक्रम सम्पन्न गरेको छ। यस अन्तर्गत विशेषत: एकीकृत महिला स्वास्थ्य शिविर, महिला स्वास्थ्य परामर्श केन्द्र सञ्चालन, यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी स्कुल शिक्षा, महिला स्वास्थ्य सम्बन्धी अभिमुखीकरण, साथी शिक्षा तालीम, महिला स्वास्थ्य परामर्श केन्द्रको व्यवस्थापन समिति बैठक, पारिवारिक सहयोग माँया र छलफलद्वारा आपसी सम्बन्ध सुदृढ गर्ने जस्ता अभियानहरु सञ्चालन भएका थिए।

**क. एकीकृत महिला स्वास्थ्य शिविर** (मेला)



ओरेक नेपालले आफ्नो स्थापनाकाल देखी नै आवश्यकता तथा अधिकारमुखी सोचबाट महिला स्वास्थ्य कार्यक्रम सञ्चालन गर्दै आईरहेको छ । संस्थाद्वारा सञ्चालित अभियान महिला हिंसा विरुद्धको अभियान र आर्थिक सामाजिक अभियानको माध्यमबाट लैङ्गिक विभेदमा आधारित हिंसाले महिलाको जीवन तथा स्वास्थ्यमा पर्ने प्रभाव तथा असरहरु र आर्थिक सामाजिक क्षेत्रमा महिलाहरुलाई गरिने विभेदको कारण महिलाको स्वास्थ्यमा पर्ने असर तथा प्रभावहरु विरुद्ध कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ जसमध्य महिला स्वास्थ्य शिविर र महिला स्वास्थ्य मेला पनि एक हो । ओरेकले महिला स्वास्थ्य शिविर र महिला स्वास्थ्य मेलाको माध्यमबाट समुदायमा लैङ्गिक विभेदमा आधारित हिंसा विरुद्धका गतिविधिहरु साथै महिलालाई आफ्नो शरीर र प्रजनन् अंग तथा प्रणालीहरुको पहिचान, सरसफाई बारे सचेत गराउनुका साथै स्थानीय स्तरमा समुदायलाई प्रशस्त स्वास्थ्य सूचना दिनु र उपचार तथा मनोविमर्श सेवा प्रदान गर्दै आएको छ ।






आफ्नो कार्यक्षेत्रका जिल्लाहरुमा विभिन्न संघसंस्था, सरकारी तथा गैरसरकारी संस्थासँगको समन्वय र सहकार्यमा अधिकारमुखी सोचबाट महिला स्वास्थ्य शिविर र महिला स्वास्थ्य मेलाहरु सञ्चालन गर्दै आएको छ ।


यस वर्ष पनि संस्थाले स्थानीय तह र सरोकारवालाको समन्वय र सहकार्यमा स्वास्थ्य शिविरको आयोजना गरेको थियो ।

**ख. महिला स्वास्थ्य परामर्श केन्द्र सञ्चालन**

समुदायमा रहेका विभेदपूर्ण सामाजिक संरचना र यसले महिलाका स्वास्थ्यमा पारेको असरबारे जानकारी दिई महिलाहरुको स्वास्थ्य सम्बन्धी वास्तविक समस्याहरुको पहिचान गर्न सहजिकरण गर्न, महिलाको शरीर, यौनिकता, प्रजनन् अंग तथा प्रणालीको बारेमा जानकारी दिएर महिला स्वास्थ्य र महिला स्वास्थ्य अधिकारका स्थानीय जडिबुटीबाट उपचार गर्ने बिधिको बारेमा सचेतना गर्न महिला स्वास्थ्य परामर्शकेन्द्र सञ्चालन गरिएको थियो । जसमा महिलाहरुले आफुले कसैलाई भन्न नसक्ने मनको कुरा परामर्श केन्द्रमा भन्न सक्छन् । महिलाहरुको आफ्नो स्थानको रुपमा परामर्श केन्द्रले सेवा दिएको छ । संस्थाको कार्यक्षेत्रका ५ वटा जिल्लाहरुमा १८ वटा महिला स्वास्थ्य परामर्शकेन्द्र सञ्चालन गरिएको छ ।



**परामर्श केन्द्र सञ्चालन भएका जिल्लाहरु**




| क.स. | जिल्ला | परामर्शकेन्द्र संख्या | सेवा पाउनेको संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | उदयपुर | ७ | ११८० | सामुदायीक स्वास्थ्य क्लिनिक |
| २. | सिराहा | ५ | ६६५ | |
| ३. | महोतरी | १ | ६६ | |
| ४. | सर्लाही | ३ | १२० | |
| ५ | रुकुम | २ | ९७ | |
| ६. | दाङ | ० | ० | |
| ७. | मोरङ | ४ | १६२ | मनोबिमर्शकेन्द्र |
| ८. | कैलाली | १ | २१२ | मनोबिमर्शकेन्द्र |

**ग. यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी स्कुल शिक्षा**

विद्यालयमा रहेका किशोर किशोरीहरुमा खुलेर प्रजनन् स्वास्थ्यको कुरा नगर्ने प्रजनन् स्वास्थ्य सम्बन्धी नकारात्मक बुझाइ रहेको र किशोर किशारी अबस्थामा हुने शारीरिक परिवर्तन, मानसिक परिवर्तन र यसमा समाजको धारणा र उनीहरुमा पर्ने असरको बारेमा जानकारी गराउनको लागि विद्यालयमा गएर प्रजनन् स्वास्थ्य सम्बन्धी अनुशिक्षण गरिएको छ । यो वर्ष ११८ वटा विद्यालय शिक्षा सञ्चालन गरी ४,१३० जना किशोर किशोरीहरुलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी अनुशिक्षण गरिएको छ । जसबाट किशोर किशोरीहरु आफ्नो समस्या र मनको कुरा खुलेर बोल्न थालेका छन् भने हिंसाको घटना भएमा यौन दूर्व्यवहार भएमा साथी र सम्बन्धीत निकायमा गएर समस्या भन्न सक्ने भएका छन् ।

**घ. महिला स्वास्थ्य सम्बन्धी अभिमुखीकरण**

स्वास्थ्य जीवन जिउन पाउनु मानिसको जन्मसिद्ध अधिकार हो । नि:शुल्क स्वास्थ्य उपचार, स्वास्थ्य सेवा र सूचनाको सुबिधा पाउनु उसको अधिकार हो । स्वास्थ्य रहनु मानिसको जन्मसिद्ध अधिकार भएतापनि नेपालको सन्दर्भमा अधिकांश महिलाहरुले सामान्य भन्दा सामान्य स्वास्थ्य उपचार सेवा नपाएकै कारण ज्यान गुमाउनु परिरहेको छ । समुदायका महिलाहरुले स्वास्थ्य सम्बन्धी जानकारी नभएको कारण समस्या झेल्नु परेको अबस्था छ । महिलाहरुलाई स्वास्थ्य समस्या आउने कारण, रोकथामको लागि अपनाउनु पर्ने सावधानी, स्व:हेरचाह र आफ्नो स्वास्थ्यको लागि उपयोगी हुने जडिबुटीको बारेमा जानकारी दिने उद्देश्यले संस्थाद्वारा परिचालन गरेका महिला समुह र किशोरी समुहमा एक दिने

अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ। यो वर्ष ७२ वटा अभिमुखीकरण गरी ३१४९ जना महिला र किशोरीहरुलाई महिला स्वास्थ्य सम्बन्धी जानकारी गराइएको छ। अभिमुखीकरण पश्चात् सहभागीहरुले सधै जीवनमा आउने समस्याको बारेमा जानकारी पाएकोले उपयोगी भएको र यस्ता अभिमुखीकरण बेला बेलामा गरिरहनु पर्ने बताएका थिए ।

**ङ किशोरीहरुलाई विद्यालय शिक्षा कार्यक्रम तालीम**

किशोर किशोरीहरुमा भएका शारीरिक, मानसिक, पारिवारिक साथै भावनात्मक समस्यालाई नजिकबाट सम्बोधन गर्न र स्थानीय स्तरमै समाधान गर्न किशोर किशोरीहरुको क्षमता बिकास साथै संस्थाका अभियानहरुलाई किशोर किशोरीहरु मार्फत समुदाय तहसम्म पुऱ्याउने उद्देश्यले साथी शिक्षक तालीम सञ्चालन गरिएको छ। तालीममा दाङ जिल्लाका ४२ वटा विद्यालयका ८,९,१० कक्षाका ९४७ जना किशोर किशोरीहरुको सहभागीता रहेको थियो । साथी शिक्षक मार्फत यौन तथा प्रजनन् स्वास्थ्यको बारेमा समुदाय तथा विद्यालयमा सूचना वा जानकारी प्रवाह गर्न सहजताको लागि क्षमता बिकास गर्न तालिमको आयोजना गरिएको थियो। तालीम पश्चात किशोर किशोरीहरुले बनाएको कार्ययोजना विद्यालयको योजनामा समाबेश गरी कार्यान्वयन गर्न विद्यालयहरु प्रतिवद्ध भएका छन्भने सिकेका कुराहरुलाई व्यवहारमा लागु गर्ने र विद्यालय तथा समुदायमा सचेतानामूलक अभियान सञ्चालन गर्ने प्रतिवद्धता जनाएका थिए।

**च. महिला स्वास्थ्य परामर्श केन्द्रको व्यवस्थापन समिति बैठक**

संस्थाद्वारा सञ्चालन गरिएको महिला स्वास्थ्य परामर्श केन्द्रलाई दिगो र प्रभावकारी सञ्चालनका लागि गठन गरिएको व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार बस्दै आएको छ। यो आ.ब. मा परामर्शकेन्द्र सञ्चालन भएका ६ वटै जिल्लाका २९ वटा परामर्शकेन्द्रको व्यवस्थापन समितिको ९६ पटक बैठक भएको छ जसमा ८६४ जनाको सहभागीता रहेको थियो। बैठकमा परामर्श केन्द्रको सेवालाई प्रभावकारी बनाउने र दिगोपनको लागि स्थानीय तह वडा र नगरपालिका गाउँपालिकासँग समन्वय गर्ने बारेमा छलफल भएको थियो।

**छ. पारिवारिक सहयोग, माया र छलफलद्वारा आपसी सम्बन्ध सुदृढ गर्ने अध्ययन**



ओरेक, पोसिबल र नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को समन्वय तथा सहकार्यमा पारिवारिक सहयोग, माया र छलफलद्वारा सम्बन्ध सुदृढ गर्नका लागि मधेस प्रदेशको धनुषा जिल्लामा उक्त अध्ययन सञ्चालन गरिएको थियो। यस अध्ययनले मधेस प्रदेशका २५ घर परिवारमा घरेलु हिँसाको अवस्था, हिंसामा श्रीमान् बाहेक अन्य सदस्यहरुको भूमिका र यसले महिलामा पार्ने मानसिक तथा सामाजिक असर सम्बन्धमा सर्वेक्षण गर्ने गरी मनो-सामाजिक परामर्श गर्ने योजना सहित कार्यक्रम सञ्चालन भईरहेको छ। सम्पर्कमा आएका २५ घरपरिवारका १५ देखि २४ उमेर समूहका विवाहित महिलाहरुको उनीहरुको "श्रीमान् र सासु" सहित ७५ जनालाई ९ हप्तासम्म निरन्तर परामर्श प्रदान गरी यसबाट देखिएको प्रभावको अध्ययन गरिएको छ।

ओरेक, पोसिबल र नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को समन्वय तथा सहकार्यमा पारिवारिक सहयोग, माया र छलफलद्वारा सम्बन्ध सुदृढ गर्ने अध्ययनः दोस्रो चरण २०२३ थप ६० परिवारमा, १५-४९ प्रजनन् उमेर समुहका विवाहित महिला, मधेस र कोशी प्रदेशको धनुषा र मोरङ जिल्लामा उक्त अध्ययन सञ्चालन सुरु भइरहेको छ।

## ३.४ महिलाको गतिशीलताको अधिकार तथा मर्यादित काम

महिलाको श्रम, शरीर र पहिचानमाथि सदैव पित्रृसत्ताले अधिन जमाएको कारण महिलाहरुलाई स्थानागमनको अधिकार सजिलै उपलब्ध छैन। महिलाको गतिशीलताको अधिकार पनि मानव अधिकारको अभिन्न अधिकार हो। महिलाको कामको अधिकार र उनीहरुको श्रमको सम्मान हुनु लैङ्गिक समानताको दृष्टिकोणले अत्यन्त महत्वपूर्ण विषय हो तर हाम्रो समाजमा यि विषयहरु अत्यन्त शुसुप्त अवस्थामा रहेको छ। वर्तमान बदलिदों समय सापेक्ष श्रम बजारमा यथेष्ट मात्रामा महिलाहरुको

उपस्थिति भैसकेको र देशको अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याईरहेको अवस्था छ । यद्यपी, महिलामाथि हुने हिंसा, भेदभावमा कमी आएको छैन अनि महिलाको अधिकारहरुको सुनिश्चितताको विषयहरुमा बृहद बहस एंव छलफल आवश्यक भैसकेको छ । महिलाहरुको सुसूचित एवं सुरक्षित गतिशिलताको अधिकार कायम हुनु जरुरी छ । वैदेशिक रोजगारमा सम्लग्नहरुलाई सुसुचित गराउने, सुरक्षित स्थानागमनलाई मानव अधिकारको रूपमा स्थापित गराउने, महिलाको कामलाई मर्यादित कामको रूपमा स्थापित गर्ने साथै महिलाहरुको गतिशिलताको अधिकार, श्रम गर्ने अधिकारलाई स्थापित र प्रवर्धन गर्न मोरङ्ग, सुनसरी, उदयपुर, दाङ्ग र कैलालीको विभिन्न स्थानीय तहहरुमा अभियान एवं कार्यक्रमहरु सञ्चालन भईरहको छ । महिलाको गतिशिलताको अधिकार, कामको मान्यता (उत्पादन तथा पुर्नउत्पादन) र स्रोत साधनमा पहुँच बढाउनका लागि सवै तहमा पैरवी गर्ने अभियानको उद्धेश्य रहेको थियो ।

**क. "महिलाको कामको मान्यता, मूल्य र सम्मानमा चनौतिहरू" सम्बन्धी राष्ट्रिय परामर्श**



महिलाको कामको पहिचान र सम्मानसँग जोडिएका समस्या र चुनौतीहरूलाई सम्बोधन गर्न महिलाको लागि महिला मञ्च नेपाल (वोफोवन), महिला पुनर्स्थापना केन्द्र (ओरेक), तरङ्गिनी फाउण्डेसनको संयुक्त आयोजनामा श्रमजीवी महिलाको दुई दिने राष्ट्रिय परामर्श गोष्ठी १८-१९ सेप्टेम्बर २०२२ मा साप फल्चा, बबरमहल, काठमाडौंमा आयोजना गरिएको थियो ।

उपस्थित सहभागीहरुले प्रत्येक व्यक्तिलाई स्वतन्त्र रूपमा आफ्नो पेशा छनोट गर्ने अधिकार सहित काम गर्ने अधिकार छ र प्रत्येक श्रमिकको अधिकार सुनिश्चित गर्न आवश्यक छ, सबैको कामको अधिकार सुनिश्चित गर्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरमा भएका विभिन्न प्रयासका बाबजुद पनि महिलालाई कामको प्रकारका आधारमा सामाजिक र सांस्कृतिक क्षेत्रमा विशेषगरी बहिष्कृत गरिएको छ, प्रत्येक महिलाको काम गर्ने अधिकार सुनिश्चित नभएसम्म नेपालले दिगो विकास लक्ष्य ८ हासिल गर्न असम्भव हुनेछ, नेपालमा महिलाको कामलाई हेर्ने दृष्टिकोण नीतिगत र सामाजिक दुवै तहमा फरक छ, औपचारिक र अनौपचारिक क्षेत्रमा काम गर्ने महिलाहरूले विभिन्न तहको भेदभावको सामना गर्छन्, नेपालमा, श्रम ऐन २०१७ ले अनौपचारिक क्षेत्र र अनौपचारिक रोजगारीलाई परिभाषित गर्न सकेको छैन जस्ता सवालहरू उठाएका थिए । कार्यक्रममा विशेषगरी अनौपचारिक क्षेत्र निर्माण, घरेलु काम, माली, मनोरञ्जन क्षेत्र, होटल/रेस्टुरेन्ट, कृषि क्षेत्र) मा काम गर्ने महिलाहरूलाई कम मान्यता, सम्मान र उनीहरूको कामको कदर हुँदैन र पारिश्रामीकमा समेत विभेद गरिन्छ, महिलाहरूले आफ्नो कामलाई आफ्नै समुदाय र राष्ट्रमा पहिचान, सम्मान र मूल्यवान बनाउन विभिन्न चुनौतीहरूको सामना गर्दै आएका छन् भन्ने विषयलाई समेत उठाइएको थियो । महिला अधिकार शिक्षा केन्द्र तरङ्गिणी फाउण्डेसन र नेपाल महिला एकता समाज, एन एन इएसको संयुक्त आयोजनामा सञ्चालित यस कार्यशालाको मुख्य उद्देश्य सबै श्रमजीवी महिलालाई एउटै प्लेटफर्ममा एकजुट गरी महिलाका समस्याहरूमा काम गर्ने र उनीहरूको श्रम अधिकारमा जोड दिने, महिलाको कामलाई सम्मान गर्ने वातावरण सिर्जना गर्ने र श्रमिक महिला मञ्च गठन गरी नीतिगत रूपान्तरणका लागि लबिङ गर्ने रहेको थियो । कार्यशालामा नेपालका विभिन्न ११ जिल्लाबाट जम्मा ४५ जना श्रमजीवी महिलाको सहभागिता रहेको थियो । कार्यशालामा मनोरञ्जन, वैदेशिक रोजगारी, यौनजन्य कार्य, घरेलु कामकाज, दोहोरी साँझ, डान्सबार, खाजा घर, कपडा उद्योग, होटल (वेटरका रूपमा), केबिन रेस्टुरेन्ट जस्ता विभिन्न असँगठित कार्यक्षेत्रका सहभागीहरू सहभागी थिए । तसर्थ, कार्यशाला मुख्यतया यी महिलाहरूलाई उनीहरूको कामको महत्व र मूल्य र उनीहरूको श्रम अधिकारको वकालत गर्न र उनीहरूको कामको पहिचान, मूल्याङ्कन र आवश्यकताको लागि राष्ट्रिय स्तरको श्रमिक महिला मञ्च गठनको आवश्यकता बारे सचेत गराउनमा केन्द्रित थियो । दुई दिने उक्त कार्यशालाले राष्ट्रिय र तल्लो तहमा नेतृत्व लिने राष्ट्रिय श्रमिक महिला सञ्जाल बनाउन समेत सफल भएको थियो । यस कार्यक्रमका प्रमुख उपलब्धिमा श्रमजीवी महिलाको नेतृत्वमा ४५ श्रमजीवी महिलाको राष्ट्रिय श्रमिक महिला सञ्जाल गठन गरिएको थियो भने विभिन्न क्षेत्रका श्रमिक महिलाहरूले आफ्नो जागिर क्षेत्रमा काम गर्दा सामना गरिरहेका प्रमुख चुनौतीहरू र यी चुनौतीहरूलाई कसरी सम्बोधन गर्न सकिन्छ भन्ने कुराको सिकाइ समेत भएको सहभागीले बताएका थिए ।

### ख. नेपाल आप्रवासन प्रतिवेदन २०२२ र पुनः एकीकरण निर्देशन २०७९ मा विश्लेषणात्मक छलफल

नेपालमा श्रम आप्रवासनलाई लैङ्गिक दृष्टिले हेर्नँ पर्ने आवश्यकतालाई अनुभूति गर्दै, ओरेकले २२ डिसेम्बर २०२२ मा अन्तर्राष्ट्रिय आप्रवासी दिवस सप्ताहको अवसरमा "नेपाल बसाइँसराइ प्रतिवेदन २०२२ र पुनर्मिलन निर्देशन २०७९" सम्बन्धी एक विश्लेषणात्मक परामर्श आयोजना गरेको थियो । एसएपी फल्चा, बबरमहल, काठमाडौंमा सम्पन्न उक्त कार्यक्रम सुरक्षित आप्रवासनका लागि राष्ट्रिय नेटवर्क र गाट्व (ग्लोबल एलाईन्स अगेन्स्ट ट्राफिक इन वुमन) को सहयोगमा नेपाल आप्रवासन प्रतिवेदन २०२२ र लैङ्गिक दृष्टिकोणबाट पुनर्मिलन निर्देशन २०७९ मा छलफलको मञ्च सिर्जना गर्न र आधिकारिक रूपमा चिन्ह लगाउनको लागि यो परामर्श आयोजना गरिएको हो । साताव्यापी अन्तर्राष्ट्रिय आप्रवासन  कार्यक्रममा जम्मा ३७ जना (१५ महिला र २२ पुरुष) सहभागी थिए । कार्यक्रममा ५ जना वक्ताहरुलाई (३ महिला र २ पुरुष) आमन्त्रित गरिएको थियो । कार्यक्रममा किमर, सुनिता फाउण्डेशन, स्वासा नेपाल, सटँक, नेपाल ल क्याम्पस, कानून, न्याय तथा समाज कल्याण मञ्च, त्रिभुवन विश्वविद्यालय, सेन्ट लरेन्स कलेज, मञ्च लगायतका विभिन्न संघसंस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।





### ग. फर्किएका आप्रवासी कामदारहरूलाई वेलकम होम कार्यक्रम सम्पन्न



स्थानीय सरकार र कार्यक्रमसँग सम्बन्धीत विभिन्न सरोकारवालासँग समन्वय गर्न प्रदेश नं १ को मोरङ र सुनसरी जिल्लामा  फर्कका आप्रवासी कामदारहरूको आर्थिक पुनर्मिलनका लागि विशेष कार्यक्रमहरूको अभाव, महिला आप्रवासी कामदारहरूका लागि चुनौतीहरू र नीति तथा कार्यक्रममा सुधारको आवश्यकता  देखिएकाले त्यसको निराकरणकालागि वेलकम होम कार्यक्रम सम्पन्न गरिएको थियो । उक्त कार्यक्रम अन्तर्गत सहजकर्ता नियुक्त गरी समुदाय स्तरमा वेलकम होम कार्यक्रमको बारेमा तथ्याङ्क संकलन गरिएको थियो । त्यहा गरिएको अनुसन्धानबाट आप्रवासी महिलाहरुको र कामदारहरुको सूचि संकलन कार्यक्रम सञ्चालन गर्नु पर्ने, उनीहरुको सीप प्रमाणीकरण प्रणालीको स्थापनाका का लागि पैरवी तथाअ  अभियानको थालनी गरिनु पर्ने, महिला कामदारहरूको सुरक्षाको लागि अनुकुल वातावरण सिर्जना गर्नु पर्ने र पुनः एकीकरणमा स्थानीय सरकारको भूमिकाको बारेमा सरोकारवालाहरू बीच सचेतना जगाउनु पर्ने जस्ता सीफारिसहरु उपलब्ध गराएको छ ।

### घ. पुनः एकिकरण योजनामा संवाद कार्यक्रम

मोरङ जिल्लाको रंगेली, उर्लाबारी, लेटाङ र कानेपोखरी नगरपालिकामा क्रमशः १५, २५, २५, २८ सेप्टेम्बर २०२२ र गठी र कोशी गाउँपालिका, बराहक्षेत्र, १६ गते सुनसरी जिल्लाको इनरुवा नगरपालिकामा पुनः एकीकरण योजना सम्बन्धी संवाद कार्यक्रम आयोजना गरिएको थियो ।  १७ र २४ सेप्टेम्बर २०२२, क्रमशः कार्यक्रममा स्वदेश फर्किएका आप्रवासी कामदारका लागि पुनर्एकीकरण कार्यक्रम (सञ्चालन र व्यवस्थापन) निर्देशिका, २०७९ सम्बन्धी छलफल र सम्भव भएमा फर्किएका आप्रवासी कामदारको पुनर्एकीकरण कार्यक्रम कार्यान्वयन समिति गठन गर्न सहजीकरण गरिएको थियो । उक्त

कार्यक्रमको मुख्य उद्देश्य फिर्ता आएका आप्रवासी कामदारहरूको लागि पुनः एकीकरण कार्यक्रम (सञ्चालन र व्यवस्थापन) निर्देशनहरू छलफल गर्नु रहेको थियो भने पुनः एकीकरण कार्यक्रम कार्यान्वयन समितिहरूको गठनलाई सहजीकरण गर्नँ पनि रहेको थियो । यस कार्यक्रमको माध्यमबाट सम्बन्धी पलिकाहरूमा पुनः एकीकरण समितिहरूको गठन, सहभागीहरूबाट फर्केका आप्रवासीहरूले सामना गर्ने चुनौतीहरूलाई सम्बोधन गर्ने प्रतिबद्धताहरू व्यक्त भएका थिए ।

**ङ स्थानीय साझेदारहरूका प्रशिक्षित कर्मचारीहरूले समूह परामर्श विधि अपनाएर व्यावसायिक परामर्श र मार्गदर्शनको आयोजना**




वैदेशिक रोजगारीबाट नेपाल फर्केका आप्रवासी कामदारहरूले आफ्नो समुदायमा पुनः एकीकरण गर्न र आफ्नो सीप विशेषज्ञताको लागि उपयुक्त रोजगारी बजार खोज्न निकै कठिन पर्ने र फर्किएका आप्रवासी कामदारहरूको श्रम बजार संक्रमण सुधार गर्न आधारभूत रोजगार सेवाहरूमा उनीहरूको पहद्रँचमा सद्रधार गर्न आवश्यक भएकाले कद्रल १००० भन्दा बढी आप्रवासीहरुको सवालमा व्यावसायिक परामर्श, क्यारियर सल्लाह र मार्गदर्शन, र रोजगार मिलान कार्यक्रम सम्पन्न गरिएको थियो । क्यारियर काउन्सिलिङमा, क्यारियर सल्लाहकारहरूले आफ्ना ग्राहकहरूलाई सल्लाह र समर्थन प्रदान गर्ने उद्देश्यले फर्केका आप्रवासी कामदारहरूको आफ्नो जीवन यात्रा व्यवस्थापन गर्न र आफ्नो रोजाइको काम गर्न र सीपहरू सिक्न छनौट गर्न सकून् भन्ने उद्देश्यले यो परियोजना सञ्चालन भएको थियो । सन् २०२२ को सेप्टेम्बर महिनामा सुनसरी जिल्लामा ओरेक नेपालद्वारा व्यावसायिक करियर परामर्श तथा मार्गदर्शनको ३ कार्यक्रम (कोशीमा २ र गढी गाउँपालिकामा १ कार्यक्रम) आयोजना गरिएको थियो । सुनसरी जिल्लाका एक सय भन्दा बढी फर्किएका आप्रवासी कामदारलाई सामूहिक परामर्श विधि अपनाई करियर काउन्सिलिङ तथा मार्गदर्शन कार्यक्रम सम्पन्न गरिएको थियो । जसबाट सीप प्रमाणीकरणको आवश्यकतामा जोड, फिर्ता आएका आप्रवासी कामदारहरूको नेटवर्कको गठन, र सामाजिक र आर्थिक पुनः एकीकरण नीतिहरूको कार्यान्वयनको लागि वकालत गर्ने प्रतिबद्धता जारी गरिएको थियो ।

**च. महिला श्रमको अधिकार, मान्यता र मूल्य सम्बन्धी राष्ट्रिय कार्यशाला गोष्ठी सम्पन्न**



महिला श्रमिकहरूको कामको मूल्याङ्कन गर्न उनीहरूलाई सँगठित गर्न आवश्यक हुने भएकाले उनीहरूको आवाज समुदाय तहबाट उठाउनका लागि १२ डिसेम्बर, २०२२ का दिन काठमाण्डौको अल्फा हाउसमा महिला श्रमको अधिकार, मान्यता र मूल्य सम्बन्धी राष्ट्रिय कार्यशाला गोष्ठी सम्पन्न भएको थियो । विश्वभर ट्रेड युनियनमा पितृसत्ताको वर्चस्व रहेको वर्तमान सन्दर्भमा महिला श्रमिकहरू सँगठित भएको एक मात्र फोरम सेवा भारत रहेको र जसले महिला श्रमिकहरूको वकालत गर्ने ट्रेड युनियन गठन गरेको अवस्थामा नेपालको वर्तमान राजनीतिमा पनि महिलाको कामको कदर हुन नसकेको बर्तमान अवस्थामा उक्त सवाल सुनिश्चितताका लागि आफ्नो कामको सम्मान र महिला श्रमिकको अधिकार सुनिश्चित गर्न सरोकारवालाहरुको भूमिकाका बारेमा कार्यक्रम केन्द्रीत रहेको थियो ।

कार्यक्रमको पहिलो चरणमा यसको सिद्धान्तमा आधारित भएर छलफल गरिएको थियो भने यसपछि व्यवहारिक ढंगले सामूहिक छलफल भएको थियो । कार्यक्रमबाट कार्ययोजना निर्माण गर्दै घरेलु कामदार, यौनकर्मी, मनोरञ्जन क्षेत्रका कामदार, काम र कामदार प्रतिको साझा धारणाका बारेमा छलफल भएको थियो । कार्य/श्रम-घरेलु कामदार, यौनकर्मी,

मनोरञ्जन क्षेत्रका कामदारसँग सम्बन्धीत प्रमुख चार क्षेत्रका साथ कार्यशालाले सहभागीहरूलाई महिलाको कार्य मूल्य र अनौपचारिक क्षेत्रको कामलाई सम्मान गर्न आवश्यक छ भन्ने कुरामा सचेत गराएका थिए । विभिन्न संघसंस्था र ट्रेड युनियनका गरी ६० जनाको सहभागिता रहेको उक्त कार्यक्रममा महिलाहरु सम्लग्न हुने अनौपचारिक क्षेत्रको कामलाई पनि औपचारिक कामको सूचिमा राख्नु पर्ने कुरामा जोड दिएका थिए ।

### छ. राष्ट्रिय परामर्श कार्यशाला गोष्ठि सम्पन्न




डिसेम्बर १-२, २०२२ का दिन काठमाडौंको इन्द्रेणी सुइट्स एण्ड होटलमा १०५ सरोकारवालाहरुको सहभागितामा “हाम्रो काम, हाम्रो पहिचानः सामाजिक रुपान्तरणका लागि सभ्य काम” भन्ने नाराका साथ राष्ट्रिय परामर्श गोष्ठि सम्पन्न भएको थियो । उक्त गोष्ठीको छलफलमा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष टोपबहादुर मगर र प्रतिनिधिसभा सदस्य माननीय श्री गगन थापाको उपस्थिति रहेको थियो । साथै नेपाल कम्युनिष्ट पार्टीका माननीय डा. बिन्द पाण्डे (सदस्य) को समेत उपस्थिति रहेको उक्त कार्यक्रममा महिला तथा बालबालिका विभागकी निर्देशक सुश्री नीरा अधिकारी, नवलपरासीका अध्यक्ष, सिद्धिचरण नगरपालिका, थाक्रे गाउँपालिका, बाहराबिसे, चन्द्रागिरि, कीर्तिपुर र सोलुदुधाकुण्ड नगरपालिकाका पूर्व उपमेयरको उपस्थिति रहेको थियो । साथै छलफलमा तारकेश्वर र दक्षिणकाली नगरपालिकाका उपमेयरहरुको उपस्थिति रहेको थियो ।

गोष्ठीको छलफलमा श्रमिकहरूले आफ्ना समस्या, माग र आफ्ना समस्याको सम्बोधनका लागि कसरी अगाडि बढ्ने भन्ने विषयमा सम्बन्धीत निकायको सहयोग र सल्लाहको अपेक्षा राखेका थिए । माननीय गगन थापाले यस विषयमा काम आफ्नो र पार्टिको तर्फबाट गर्न सक्ने काम गर्ने प्रतिबद्धता जनाउनुभयो । साथै उनले महिलाको कामलाई कामका रूपमा नलिई देशको सामाजिक, आर्थिक वा राजनीतिक विकास हुन नसक्ने बताए । यस बाहेक, राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्षले यी समस्याहरूलाई सम्बोधन गर्दै सम्बन्धीत निकायमा सीफारिस गर्न प्रस्ताव गरे । यस विषयमा उप-प्रमुखहरूले पनि सकारात्मक प्रतिक्रिया दिँदै श्रमजीवी महिला सञ्जाल र यस अभियानलाई समग्रमा साथ दिन सक्दो सहयोग गर्ने बताउनुभयो । महिला मानवअधिकार रक्षक राष्ट्रिय गठबन्धनकी अध्यक्षले हामीले लिङ्ग, लैङ्गिकता, जात, काम र हामीले वकालत गर्ने अधिकारका क्षेत्रमा गम्भीर विभेदको सामना गरेको बताइन् । पितृसत्तात्मक सामाजिक संरचना र मूल्यमान्यताले हाम्रो श्रम, शरीर र पहिचानलाई नियन्त्रण गरेको छ ।




हामी सामाजिक असमानताको रुपान्तरणको माग गर्दै देशका सबै राजनीतिक आन्दोलनमा सक्रिय छौं । हामी लोकतान्त्रिक गणतन्त्रमा मात्र विश्वास गर्छौं, जहाँ मानवअधिकार सुनिश्चित हुन्छ। मानव अधिकारको विश्वव्यापी घोषणा-१९४८, नागरिक तथा राजनीतिक अधिकारको घोषणा-१९६६, सामाजिक, सांस्कृतिक र आर्थिक अधिकारको घोषणा-१९६६, जातीय भेदभाव उन्मूलन सम्बन्धी महासन्धि, महिला विरुद्ध हुने सबै भेदभाव उन्मूलन सम्बन्धी महासन्धि-१९६६ यातना, राज्यले सबै नागरिकलाई ग्यारेन्टी गरेको अनुभूति हो । यसो गर्न सके मात्र अधिकारको संरक्षण सम्भव हुन्छ भन्ने हाम्रो विश्वास भएको र त्यसैले महिलाको कामलाई सबै हिसाबले कामको रूपमा नलिदासम्म यो अभियान नरोकिने उनको भनाई रहेको थियो ।

दोस्रो दिनको कार्यशाला चेतना गृह, बुडोल, बनेपामा सम्पन्न भएको थियो जसमा १६ जिल्लाका ३६ महिला मानव अधिकार रक्षकहरुको सहभागिता थियो । यस कार्यशालामा महिलाको काम गर्न पाउने अधिकार र यस अभियानलाई सम्बन्धीत निकायबाट सफल, देखिने र सुनुवाइ गर्न महिला मानव अधिकार रक्षकहरुले कसरी सहयोग गर्न र एक टोलीको रूपमा अघि बढ्न सक्छ भन्ने बारेमा छलफल गरिएको थियो ।

परिच्छेद ४

# विषयगत क्षेत्रले समेटेका अभियानहरू


**पृष्ठभूमिः**

आफ्नो स्थापना कालदेखि नै महिला अधिकारका सवाललाई समुदाय तहदेखि उठान गरी यसको सम्बोधनका लागि राज्यको नीति निर्माण तहमा पैरवी गरिरहेको यस संस्थाले लामो समयदेखि महिलाको मानव अधिकार र सामाजिक न्यायका सवालमा निरन्तर कार्य गरिरहेको छ । सोहि अभियानलाई निरन्तरता दिंदै यहि २०२३ जनवरीदेखि आफ्ना अभियानलाई विषयगत क्षेत्रमा वर्गिकरण गरी विभिन्न स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा पैरवीका क्रियाकलाप सञ्चालन गरिरहेको हुँदा संस्थाको वार्षिक प्रतिवेदनमा ओरेकले जुलाई २०२२ देखि डिसेम्वर २०२२ सम्म गरेका गतिविधिलाई अभियानका रूपमा र जनवरी २०२३ देखि जुन २०२३ सम्म सञ्चालन गरेका गतिविधिलाई विषयगत क्षेत्र अन्तर्गतका अभियानमूलक तथा पैरवीमूलक क्रियाकलाप समावेश गरी यो पुस्तक प्रकाशन गरेको छ ।

संस्थाको यस वार्षिक प्रतिवेदनको खण्ड २ मा विशेष गरी ओरेकका विषयगत क्षेत्रहरुको जानकारी, संस्थाको पञ्चवर्षिय रणनैतिक उद्देश्य, अन्तराष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा सञ्चालन गरिएका कार्यक्रम, ओरेकको वार्षिक दिवस, महिला मानव अधिकार रक्षक सञ्जालको गठन तथा पुनः गठन, लुम्विनी प्रदेश स्तरीय महिला मञ्च, महिला हिंसा न्यूनिकरणमा महिलाको नेतृत्व' विषयक नीति पत्र तयार, हिंसा प्रभावित महिलाहरुको न्यायमा पहुँच र कानूनी उपचारको अवस्था, सुरक्षित आवास र मनोविमर्श सेवाको आवश्यकता , आर्थिक, समाजिक, सांस्कृतिक अधिकार सुनिश्चितताका लागि सञ्चालन भएका पैरवी कार्यक्रम, मानविय संकटको अवस्थामा महिलाहरुको सहभागिताका सवाल, राष्ट्र विहिन लगायतका विषयहरुमा गरेका मुख्य गतिविधि प्रकाशन गरिएको छ ।

विगत ३२ वर्षदेखि मानव अधिकार स्थापनार्थ सङ्घर्षरत गैर-नाफामूलक गैरसरकारी संस्था ओरेकले सन् २०२३ देखि २०२७ सम्मको लागि संस्थाको रणनैतिक योजना तय गरी आफ्नाअभियानहरुलाई विषयगत क्षेत्र अन्तर्गत अबको यात्रा तय गरेको छ र सौ अन्तर्गत ज्ञान व्यवस्थापनलाई अन्तरसम्बन्धीत विषयको रूपमा लिएको छ । महिला तथा जातीय, वर्गीय, क्षेत्रीय, यौनिक र लैङ्गिक पहिचान आदिका आधारमा पछाडि पारिएका समुदायको अधिकारका लागि कार्यरत यस संस्थाले विभेदको अन्तर्निहित कारणलाई विश्लेषण गर्दै कारण र परिणाम दुवै सम्बोधनका लागि समाजमा विद्यमान असमान शक्ति सम्बन्धले महिलालाई कमजोर र दोस्रो दर्जाको रूपमा हेरिने विभेदकारी दृष्टिकोण विद्यमान रहेको र जसका कारण महिलाहरु विभिन्न प्रकारका हिंसा भोग्न र सहन बाध्य भएको हुनाले त्यस किसिमको विभेदकारी सोच र व्यवहारको अन्त्य गरी **व्यक्तिगत नै राजनीतिक हो** भन्ने महिलावादी अवधारणालाई अवलम्वन गर्दै महिला अधिकार प्राप्तिका निम्ति नीतिगत सम्बोधन र सोँचमा रूपान्तरणका लागि आफ्नापैरवी र अभियानका कार्यक्रमहरुलाई मानव अधिकार तथा सामाजिक न्याय, वर्यावरणीय न्याय र महिलाको नेतृत्व, गुणस्तरीय सेवा तथा हेरचाह र सिकाई तथा ज्ञान व्यवस्थापनका विषयगत क्षेत्रमा रहेर सन् २०२३ देखि समुदाय स्तरदेखि राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा सञ्जालीकरणको अवधारणालाई बढावा दिंदै र आफ्नाअभियानलाई निरन्तरता दिदै आएको छ । महिलाको सामाजिक, आर्थिक र राजनीतिक अधिकारका लागि समुदायमा आधारित महिला तथा किशोरी सञ्जाल तथा समान उद्देश्य भएका संस्थाहरूसँगको सहकार्य र समन्वयमा सामूहिक अभियानहरू सञ्चालन गर्दै आएको र यसलाई निरन्तरता दिने निर्णय गरेको छ । संस्थाले गत जनवरीमा भएको संस्थाको वार्षिक समिक्षा तथा कार्ययोजना कार्यशालाबाट यो निर्णय गरिएको हो । विभिन्न ४ वटा विषयगत क्षेत्र अन्तर्गत पनि विभिन्न उप-शिर्षक निर्धारण गरी सबै जात, जाती, वर्ग, क्षेत्र, धर्म लिङ्ग आधारमा विभेद नगरी सबै समुदायका महिला, किशोरी, बालिका, यौनिक तथा अल्पसंख्यकको सामाजिक न्यायमा पँहुच पुऱ्याउने उद्देश्य संस्थाले लिएको छ । **महिलावादी अभीष्ट प्राप्त भएको समाज**को परिकल्पना गरेको यस संस्थाको कुनै पनि प्रकारको हिंसा विना समान नागरिकका रूपमा महिलालाई सम्मानका साथ बाँच्न सक्ने वातावरण निर्माणमा योगदान पुऱ्याउने, महिलाको आर्थिक तथा स्वास्थ्य अधिकार र शारीरिक अखण्डताका लागि विभिन्न महिला र ट्रान्स अधिकार अभियन्ताहरूका आवाज विस्तार गर्ने, संस्थालाई सामाजिक आन्दोलनका लागि महिलावादी स्रोत केन्द्रको रूपमा

विस्तार गर्ने, महिलाको कामको अधिकार, सामाजिक सुरक्षाको अधिकार र राज्यका सबै तहमा समानुपातिक समावेशी सहभागिताको अधिकार स्थापनाका लागि आफ्नाअभियानहरू सुदृढ गर्ने, द्वन्द्वबाट प्रभावितहरूको न्यायको अधिकार र न्यायपूर्ण परिपूरणका लागि संयन्त्रलाई बलियो बनाउन द्वन्द्व प्रभावित महिलालाई सहयोग गर्ने तथा महिलामाथि हुने सबै प्रकारका  हिंसा विरुद्धको महासन्धि १९७९, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको अभिसन्धि १९६६, विश्वव्यापी आवधिक समीक्षा र दिगो विकासको लक्ष्य २०३० को ५, ८ र १६ मा राज्यले गरेको प्रतिबद्धता कार्यान्वयन गर्ने/गराउन पैरवी गर्ने जस्ता पञ्चवर्षिय रणनैतिक योजनाहरु तय गरेको छ ।




## ४.१ मानव अधिकार र सामाजिक न्याय

### ४.१.१) महिलामाथि हुने हिंसा तथा महिला मानव अधिकार रक्षकहरुको क्षमता अभिबृद्धि विषयगत क्षेत्र अन्तर्गत सम्पन्न क्रियाकलापहरु

#### क. संस्थाको ३२ औं वार्षिकोत्सवको अवसरमा सँगालो प्रदर्शनी



सामाजिक, राजनैतिक, आर्थिक रुपान्तरण सहित लैंगिक समानता र  सामाजिक न्यायको अभियानमा विगत ३२ वर्षदेखि कार्यरत यस संस्थाले  ०२ अप्रिल २०२३ का दिन आफ्नो स्थापना दिवस बनाएको छ । उक्त अवसरमा हालसम्म महिला अधिकारको आन्दोलन  र सामाजिक रुपान्तरणको अभियानमा संस्थाद्वारा  स्थानीय तथा राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा गरेका गतिविधि, प्रभाव, उपलब्धी र सिकाईहरुको श्रव्य दृष्य सामग्रीका साथै तथ्यगत सामग्रीको प्रदर्शनी  गरिएको थियो । .यस एक दिवसिय कार्यक्रममा

सरकारी तथा गैरसरकारी निकायका प्रमुख तथा प्रतिनिधिहरु, महिला अधिकार सुनिश्चितताको अभियानमा अभियानरत अभियन्ताहरु, युवाहरु, लगायत विभिन्न समूह, सञ्जालका जम्मा ९७ जना पदाधिकारीहरुको सहभागिता रहेको थियो भने उपस्थित आगन्तुकहरुका तर्फकाट संस्थाले हालसम्म गरेका उल्लेखनीय योगदानको कदर गर्दै आगामी दिनमा सामाजिक रुपान्तरणको अभियानमा थप शसक्त भएर निरन्तर लागि पर्न पृष्ठपोषण प्रदान भएको थियो ।

संस्थाले आफ्नो केन्द्रीय कार्यालय लगायत जिल्लागत कार्यालयमा समेत यस किसिमको सँगालो प्रदर्शनी कार्यक्रम गरी सामाजिक न्याय र रुपान्तरण सम्बन्धी सम्पन्न गतिविधिलाई सरोकार माझ पुऱ्याएको थियो । यस कार्यक्रममा संस्थाले आफ्नो स्थापना कालदेखि सञ्चालन गर्दै आएका महिला हिंसा विरुद्धको अभियान, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अभियान र मानव अधिकार तथा सामाजिक न्यायको अभियान लगायतका अभियानले पारेको प्रभावका बारेमा फोटो ग्यालरी प्रदर्शनी समेत गरेको थियो ।

**ख. संस्थाको सामाजिक लेखा परिक्षण सम्पन्न**




महिला पुर्नस्थापना केन्द्र (ओरेक) ले आफ्नो ३२ औ वार्षिकोत्सवको अवसरमा २० चैत्र २०७९ तद्अनुसार ०३ अप्रील २०२३ का दिन संस्थाको सामाजिक लेखापरिक्षण सम्पन्न गरेको छ । काठमाण्डौको राष्ट्रिय समाचार समितिको सभा कक्षमा संस्थाका कार्यसमिति सदस्य रिता कुमारी साहको अध्यक्षता सम्पन्न उक्त कार्यक्रम काठमाण्डौका विभिन्न सरकारी तथा गैरसरकारी निकायको प्रमुख तथा प्रतिनिधिहरुको बाक्लो उपस्थितिमा सम्पन्न भएको थियो भने ओरेकका कार्यकारी निर्देशक लुभराज न्यौपानेद्वारा कार्यक्रममा सहभागीलाई स्वागत तथा कार्यक्रमको औचित्यमाथि प्रकाश पारिएको थियो । कार्यक्रममा ओरेकको ३२ वर्षको यात्रा र अभियानका झलकहरु प्रदर्शन गरिएको थियो ।सामाजिक लेखा परिक्षक भगवती अधिकारीका तर्फबाट समुदायस्तरमा सम्पन्न गतिविधिको विवरण, उपलब्धि र सरोकारवालाहरुको सुझाव तथा सल्लाह प्रस्तुतिकरण उक्त कार्यक्रममा भएको थियो । यसका साथै संस्थाका रणनैतिक योजना, संस्थाका विषयगत क्षेत्रहरुको जानकारी गराउँदै संस्थाका चुनौति समेत सरोकारवाला माझ प्रस्तुत गरिएको थियो । सामाजिक लेखा परिक्षकको प्रस्तुती पश्चात् प्रस्तुत



गरिएका विषयवस्तुमा आधारित भएर र संस्थाको वार्षिक प्रतिवेदनमा अतिथि तथा सहभागिहरुले आफ्ना विचार, सल्लाह सुझाव दिएका थिए । आफ्ना सुझाव दिने क्रममा महिला तथा वालबालिका विभागका प्रमुख, राष्ट्रिय योजना आयोगका प्रतिनिधि, राष्ट्रिय महिला आयोगका प्रतिनिधि, ललिलपुर जिल्ला प्रशासनका प्रतिनिधि, स्वास्थ्य तथा जनसख्या मन्त्रालय, लैंगिक तथा समाजिक शाखाका प्रतिनिधि, ट्रेड युनियन ( जिफण्ड) का प्रतिनिधि, एकद्वार संकट व्यवस्थापन केन्द्र थापाथलीका प्रमुख लगायतले आफ्ना भनाई तथा सुझावहरु पेश गरेका थिए । कार्यक्रममा आएका जिज्ञासाहरुलाई संस्थाका कार्यकारी निर्देशकका तर्फबाट सम्वोधन भएको थियो भने आगामी दिनमा ती सुझावहरुको कार्यान्वयनमा प्रतिवद्धता समेत व्यक्त गरिएको थियो । उक्त कार्यक्रममा काठमाण्डौ महानगरपालिकाका प्रतिनिधि लगायत टोखा नगरपालिका, वुढानिलकण्ठ नगरपालिका र तारकेश्वर नगरपालिकाबाट स्थानीय सरकारको रूपमा प्रतिनिधित्व भएको थयो । लगभग ७० जना भन्दा बढी सरोकारवालाहरुको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रमको समापन कार्यक्रमका अध्यक्षको धन्यवाद मन्तव्य सँगै भएको थियो ।

### ग. महिला मानव अधिकार रक्षकहरुको प्रदेश स्तरीय कार्यशाला गोष्ठि सम्पन्न

ओरेकको आयोजना तथा महिला मानव अधिकार रक्षक सञ्जालको समन्वयमा एक दिवशिय प्रदेश स्तरीय कार्याशाला गोष्ठी सम्पन्न भएको छ। वागमती प्रदेशको प्रदेश स्तरीय गोष्ठी काठमाण्डौमा र मधेश प्रदेश स्तरीय गोष्ठी धनुषामा महिला मानव अधिकार रक्षकहरुको उपस्थितिमा सम्पन्न भएको थियो। महिला मानव अधिकारको आन्दोलनमा महिला मानव अधिकार रक्षकहरुले पुऱ्याएको योगदान, महिला भएकै कारणले भोग्नुपरेका चुनौति, ती चुनौतिको सम्बोधनका उपाय र आगामी दिनहरुमा महिला मानव अधिकारका सवाललाई समुदाय स्तरमा स्थापीत गर्नका लागि आवश्यक अभियान र कार्यक्रमको योजना निर्माण सहित उक्त कार्यशाला गोष्ठी सम्पन्न भएको थियो। यस कार्यशाला गोष्ठीबाट प्रदेश स्तरीय महिला मानव अधिकार रक्षक सञ्जालको कार्यसमितिहरु पुर्नगठन समेत भएको छ। दुबै कार्यशाला गोष्ठीमा प्रदेशका सबै जिल्लाबाट सहभागिहरुको उपस्थिती रहेको थियो। उक्त कार्यशाला गोष्ठीले जिल्ला स्तरको वार्षिक कार्ययोजना समेत निर्माण गरेको थियो भने प्रदेश स्तरीय महिला मानव अधिकार रक्षक सञ्जालको वार्षिक कार्ययोजनामा किशोरीका सवाललाई सम्वोधन र नेतृत्व हस्तान्तरणको अभियानलाई प्राथमिकतामा राखेको छ। अन्तर्पुस्ता नेतृत्व, सिकाई आदान प्रदान, किशोरीका मुद्दाहरुलाई महिला मानव अधिकार रक्षक अभियानको मुद्दाको रूपमा मुलप्रवाहिकरण गर्ने उद्देश्यका साथ सञ्चालन भएको वागमती प्रदेश स्तरिय महिला मानव अधिकार रक्षकहरुको कार्यशाला गोष्ठीमा रुपन्देहीका किशोरी सञ्जालका किशोरीहरुको पनि उपस्थिति रहेको थियो।



### घ. लुम्बिनी प्रदेश स्तरीय महिला मञ्च, २०८० सम्पन्न




महिला आन्दोलनलाई सुदृढ गर्दै महिलावादी दृष्टिकोणबाट समाजलाई विश्लेषण गर्ने, अन्तरपुस्ता रुपान्तरित नेतृत्वको सवाललाई महिला अधिकारको आन्दोलनमा मूलप्रवाहीकरण गर्न वातावरण तयार गर्ने तथा नव-निर्वाचित महिला जन-प्रतिनिधिहरूलाई महिलावादी दृष्टिकोण र त्यसको महत्वको बारेमा धारणागत स्पष्टता ल्याउँदै सहकार्यको वातावरण निर्माण गर्ने उद्देश्यका साथ लुम्बिनी प्रदेश स्तरीय महिला मञ्च २०८०, लम्बिनी प्रदेशको राजधानी वुटवलमा मे ७ र ८, २०२३ तद्अनुसार २०८० बैशाख २४ र २५ गतेका दिन आयोजना गरिएको थियो। **'न्याय, समानता र पर्यावरणीय अधिकारको सुनिश्चितताः सामाजिक रुपान्तरण सहितको दिगो विकासमा निश्चितता'** भन्ने मूल नाराका साथ सम्पन्न उक्त महिला मञ्चको मुल सवाल सामाजिक रुपान्तरणमा महिला नेतृत्व भन्ने रहेको छ। कार्यक्रममा महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय तथा प्रदेश सञ्जाल, ओरेक लगायत लुम्बिनी प्रदेशमा कार्यरत ४० वटा भन्दा बढी क्रियाशिल संघ संस्था, समूह, सञ्जाल, सञ्चारकर्मी, नागरिक समाजहरुको साथै प्रदेश स्तरका स्थानीय सरकारको सहयोग तथा सहकार्यमा यो मञ्चको सम्पन्न भएको थियो। यस कार्यक्रममा स्थानीय तहका जनप्रतिनिधिहरु, लुम्बिनी प्रदेशका अधिकारकर्मीहरुको छलफलबाट न्यायमा आधारित समाज निर्माणका लागि प्रदेशको



भूमिका प्रदेशमा सम्भावित अवसर तथा चुनौती र यसको समाधानका उपायको निचोड निकालिएको थियो । कार्यक्रममा प्रदेश स्तरीय सवालमा केन्द्रित भएर "संक्रमणकालिन न्याय : चद्रनौतीहरु", "शरीर मेरो नियन्त्रण कसैको ???", "रुपान्तरित नेतृत्वका सवालहरु" लगायतका विषयहरु पहिचान गरी सोही सवालमा केन्द्रित विज्ञहरुको प्यानल छलफल कार्यक्रम सञ्चालन गरिएको थियो ।



यस कार्यक्रममा हालसम्म माथि उल्लेखित क्षेत्रहरुमा भएका नियन्त्रणहरुले महिलालाई पारेको प्रभाव, उक्त प्रभावले समाज र राष्ट्रलाई  पारेको असरका विषयमा समेत प्रदेशको वस्तुस्थितिमा केन्द्रित हुँदै विस्तृत छलफल गरिएको थियो । कार्यक्रमको अन्त्यमा समुदायमा रहेका सवालहरुलाई सम्वोधन गर्नका लागि अधिकारकर्मीहरु सहित जनप्रतिनिधिहरुले १३ बुँदे घोषणा पत्र जारी गरेका थिए । सबैले उक्त घोषणा पत्रमा उल्लेख भएका सवालहरुलाई सम्बोधन गर्नका लागि आ-आफ्नो क्षेत्र र स्थानीय तहमा कार्ययोजना बनाउने प्रतिवद्धता पनि जाहेर  गरेका थिए । सञ्चार माध्यमलाई मुल आयोजकका रूपमा लिएर सम्पन्न गरिएको यस प्रदेश स्तरीय महिला मञ्च २०८० को तिल्लोत्तमा च्यानल टेलिभिजनबाट प्रत्यक्ष प्रसारण समेत गरेको थियो ।

**ङ. दृष्य समाज अदृष्य मनोविज्ञान विषयक प्यानल छलफल कार्यक्रम सम्पन्न**




ओरेकको संयोजन तथा नाट्यकर्मी महासंघ र निजी तथा आवासीय विद्यालय सँगठन (PABSON) को समन्वय तथा सहकार्यमा काठमाण्डौमा एक हप्ता लामो राष्ट्रिय बाल नाटक मेला २०७९ सालमा सम्पन्न गरिएको थियो । यस मेलामा विभिन्न जिल्लाका बालबालिका तथा किशोरीहरु, सरकारी तथा गैरसरकारी संघ संस्था, निजी तथा सरकारी विद्यालय, अधिकारकर्मीहरु सहितको उपस्थितीमा नेपाल प्रज्ञा प्रतिष्ठानमा सञ्चालन भएको थियो । साप्ताहिक रूपमा बालबालिकाहरुमा भएका प्रतिभाहरुलाई उजागर गर्ने, रंगमञ्चको माध्यमबाट सचेतना अभिबृद्धि गर्ने जस्ता उद्देश्य सहित आयोजना हुने मेलाको पाँचौं दिन (फागुन ११ गते) समाजमा रहेका विभेदपूर्ण मूल्य मान्यता तथा व्यवहारका कारण बालबालिकालाई पर्ने असर र यसलाई कसरी समाधानको बाटो तर्फ लैजाने भन्ने विषयमा जोड दिएर प्यानल छलफलको आयोजना तथा सहजीकरण ओरेकबाट गरिएको थियो ।

**च. लैङ्गिक समानता तथा समाजिक  समावेशीकण लेखा परीक्षण सम्पन्न गर्नका लागि प्राविधिक सहयोग उपलब्ध**

ओरेक र चाँगुनारायण नगरपालिकासँगको सहकार्यमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण लेखा परीक्षण कार्य सम्पन्न भयो । चाँगुनारायण नगरपालिकाले आ. व. २०७८/०७९ मा लिइएका नीति तथा कार्यक्रम एवं सञ्चालित गतिविधिबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा पुगेको योगदानको मूल्यांकन गर्ने र आगामी दिनमा अवलम्वन गर्नंपर्ने नीति तथा कार्यक्रम एवं सञ्चालन गर्नंपर्ने गतिविधिको आवश्यकता पहिचान गर्ने कार्यमा सघाउ पुऱ्याउन लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (GESI Audit) कार्यको पहिलो र दोस्रो चरणको कार्यक्रम सम्पन्न गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण लेखा परीक्षण प्रतिवेदन  सम्बन्धीत नगरपालिकालाई हस्तान्तरण गरेको छ ।

### छ. हिंसा प्रभावित महिलाहरुको न्यायमा पहुँच र कानूनी उपचारको अवस्था विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न

महिला हिंसा सम्बन्धीका मुद्धाहरुमा भएको अदालती फैसलाको प्रभावकारी कार्यान्वयन हुन नसक्दा हिंसा प्रभावित महिलाहरूले न्याय पाउने अवस्थाको सुनिश्चितता हुन नसकेको परिप्रेक्ष्यमा ओरेकले यसको प्रभावकारी कार्यान्वयनका लागि र जिम्बेवार निकायलाई जवाफदेही बनाउनका लागि महिलाको न्यायमा पहुँच तथा प्रभावितको पक्षमा मुद्दा फैसलाको कार्यान्वयनको अवस्था, चुनौति र समाधानमा सरोकारवालारुलाई जिम्मेबार बनाउने उद्देश्यले एक दिने अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । यस अवधिमा कैलाली, मोरङ्ग, सिरहा, धनुषा र दाङ्ग जिल्लामा गरी ५ वटा कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रममा ओरेकका तर्फबाट तथ्य प्रमाण संकलन गरी प्रस्तुतिकरण गरिएको थियो जसमा महिला हिंसाका घटनाहरूमध्ये न्यून संख्यामा मात्र कानूनी प्रक्रियामा जाने गरेको र प्रभावितको पक्षमा फैसला भएका मुद्दाहरूको कार्यान्वयनमा पनि समस्या भएको पाइएकोले हिंसा प्रभावितले न्याय प्राप्तिमा थप चुनौतिहरू भोग्नु परेको कुरा छलफलमा आएको थियो । यस अवस्थाको बारेमा सरोकारवालाहरूलाई ध्यानाकर्षण गराई अदालतको फैसलाको प्रभावकारी कार्यान्वयनका लागि सरोकारवाला निकायहरु जिम्मेवार हुनु पर्ने माग राखिएको थियो ।

### ज. सुरक्षित आवास र मनोविमर्श सेवाको आवश्यकता विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न

हिंसा प्रभावित महिलाहरूले आफूमाथि भएको हिंसाको उजुरी गर्न सक्ने सहज वातावरण निर्माण गर्न र नेपाल सरकारले महिला हिंसा विरुद्ध लिएको शून्य सहनशीलताको नीति व्यवहारत लागू गराउने वातावारण सृजना गर्नका  लागि कैलाली, मोरङ्ग, सुनसरी, उदयपुर, दाङ्ग जिल्लामा सुरक्षित आवास तथा मनोविमर्श सेवाको आवश्यकता तथा सरोवारवालाहरूको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । हाम्रो समाजमा रहेको पितृसत्तात्मक सोंच तथा व्यवहारका कारण हिंसा प्रभावितलाई नै सामाजिक हिंसाको कारक मान्ने परम्परागत अभ्यास भएको र जसका कारण हिंसा प्रभावित महिलाहरूले परिवार तथा समाजमा नै बसेर न्याय प्राप्त गर्न सक्ने अवस्था नरहेको सामाजिक लाञ्छना र विभेदको सामना गर्नु परेकोछ भने पीडकलाई सामाजिक तथा राजनैतिक संरक्षण हुने गरेको छ जसले गर्दा हिंसा प्रभावितले न्यायको प्रत्याभूति गर्न सकेका छैनन् । जसले गर्दा हिंसा प्रभावितले न्यायको प्रत्याभूति गर्न सकेका छैनन् । तसर्थ सुरक्षित तवरले न्यायिक प्रक्रियामा जाने, मनोविमर्श सेवाको माध्यमबाट हिंसाको कारण परेको मनोसामाजिक समस्याबाट माथि उठ्ने आत्मवल बढाउनका लागि सुरक्षावास र मनोविमर्श सेवा भएकाले त्यसका लागि स्थानीय सरकारले आफ्नो नीति तथा कार्यक्रममा यसलाई प्राथमिकता दिनु पर्ने कुरामा छलफल गरिएको थियो । एक दिवसिय यस अन्तरक्रिया कार्यक्रममा सम्बन्धीत जिल्लाका मेयर, उपमेयर, जनप्रतिनिधिहरू, सञ्चारकर्मी, विभिन्न संघसंस्थाका प्रतिनिधिहरू सहित जम्मा १५८ जनाको सहभागिता रहेका थियो ।

### झ. हिंसा प्रभावितहरुको न्यायमा पहुँचको लागि मिडिया बहस कार्यकम



कैलाली जिल्ला धनगढी उप-महानगरपालिका, ओरेक र केर्नी न्युजको संयुक्त आयोजनामा **प्रभावितहरुको न्यायमा पहुँच** बिषयक मिडिया बहस कार्यक्रमको आयोजना गरिएको थियो । यस कार्यक्रममा हिंसा प्रभावित महिलाहरुले न्यायिक प्रक्रियामा जाँदा आफुले भोग्नु परेको समस्याहरु, सेवा प्रदायक निकायहरुले गर्ने व्यवहारको बारेमा आफ्नाभोगाईहरु बताएका थिए भने लामो समयसम्म न्यायका लागि कानूनी लडाइँ लड्नु परेको र प्रभावित महिलाको पक्षमा फैसला भएता पनि कार्यान्वयन पक्ष फितलो भएको बताएका थिए । कतिपय सहभागीहरुले भने  आफुहरुले कानुनी रूपमा न्याय पाए पनि आत्मसम्मान सहित सामाजिक पुनर्स्थापना हुन नसक्दा सामाजिक न्यायको भने अनुभूति गर्न नपाएकोमा दुःख व्यक्त गरेका थिए । यस कार्यक्रममा जिल्लाका मानव अधिकारकर्मी, सञ्चारकर्मीहरु, सामुदायिक संघ संस्था, समूह र सञ्जालका सदस्यहरुको  उपस्थिती रहेको थियो ।

त्यसैगरी सुनसरीको इटहरीमा पनि महिला श्रमिकहरुको पहिचान स्थापनाका लागि सञ्चारकर्मीहरुले खेल्नुपर्ने भूमिकाको

बारेमा अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । महिला होस् वा पुरुष काम भने समान गर्नु पर्ने तर उनीहरुको पारिश्रामिकमा महिलाहरुलाई बिभेद हुने गरेकाले यस विषयमा समान कामको समान ज्याला पाउनु पर्ने भन्ने श्रम ऐनद्वारा सुनिश्चित गरेको हकको स्थापनाका लागि स्थानीय तहदेखि प्रदेश हुँदै केन्द्रीय सरकार सम्मलाई दबाब दिनुपर्ने र कामको अधिकार स्थापनाका लागि मिडिया पैरवी गर्नु पर्नेमा जोडदार माग गरिएको थियो । साथै महिलालाई हेर्ने समाजको विभेदकारी दृष्टिकोणका कारण बैदेशिक रोजगारबाट श्रम गरेर फर्किएका महिलाहरूलाई सामाजिक पुनर्स्थापनामा निकै कठिनाईको सामना गर्नु परेकाले मर्यादित तथा सम्मानपुर्ण व्यवहारका लागि मिडियाले भूमिका खेल्नु पर्नेमा जोड दिइएको थियो ।

**ञ. “बालविवाह र यौन हिंसाः यौन अधिकार हनन्को सवाल” विषयक मधेश प्रदेश स्तरीय कार्यशाला गोष्ठी सम्पन्न**



ओरेकले बालविवाह र यौन हिंसाः यौन अधिकार हनन्को सवाल विषयक मधेश प्रदेश स्तरीय कार्यशाला गोष्ठी २० बैशाख २०८० का दिन मधेश प्रदेशमा सम्पन्न गरेको छ। विशेषतः किशोरावस्थामा हुने गर्भावस्थाको सवाल सम्बोधनका लागि बनेका नीति तथा योजनाहरुको प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालाहरुको ध्यानाकर्षण गराउने उद्देश्यले मधेश प्रदेशको धनुषा जिल्लामा प्रदेश स्तरीय कार्यशालाको आयोजना गरिएको थियो महिला तथा किशोरीहरुमाथि भएको हिंसाको मूल कारणको रूपमा रहेको महिला र पुरुष विचको असमान शक्ति सम्बन्धमा परिवर्तन गरी बालिका तथा किशोरीहरुको शिक्षा प्राप्त गर्ने अधिकार, आत्मसम्मान सहित बाँच्न पाउने अधिकार, यौन तथा प्रजनन् स्वास्थ्य अधिकार सुनिश्चित हुने वातावरण तयार गर्नका लागि मधेश प्रदेश स्तरीय सरोकारवालाहरुको विचमा बृहत छलफल भएको थियो । कार्यक्रमले नेपाल सरकार, नागरिक समाज, विभिन्न मानव अधिकार सम्बन्धी समूह, सञ्जाल र सञ्चार माध्यमका प्रतिनिधिहरूलाई बालविवाह सम्बन्धी परम्परागत सोंचलाई तोडेर काम गर्न आफ्नो जिम्मेवारी र भूमिकाका बारेमा छलफल गर्ने प्लेटफर्म सिर्जना गरेको थियो ।

दुई दिन सम्म सञ्चालित उक्त कार्यक्रममा बालविवाह, यौन हिंसा र महिला र किशोरीहरू बीचको अनावश्यक गर्भावस्था र उनीहरुको यौन अधिकारको उल्लङ्घन भएको र जसको परिणाम स्वरुप बालिकाहरुले सानै उमेरमा गर्भावस्थाको सिकार हुनु परेको कुरालाई औंल्याउदै आगामी दिनमा यस किसिमका घटनाको न्यूनिकरणका लागि बाल विवाह र यौन हिंसा सम्बन्धी नीतिहरूमा पैरवि वकालत का कार्यक्रम गर्नपर्नेमा जोड दिइएको थियो भने न्यायका लागि यौन अधिकारको सवाललाई वहसको रूपमा ल्याइएको थियो ।

**ट. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति निर्माणका लागि कार्यशाला सम्पन्न**

विभेदपूर्ण समाजिक संरचनाका कारणले समुदायमा महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक लगायतका पछाडि पारिएका समुदायका व्यक्तिहरुले विभिन्न किसिमका विभेद तथा समस्याको सामना गर्नुपरेको यथार्थता हाम्रो सामु छ । समाजमा विद्यमान यस्ता सवालहरुलाई सम्बोधनका लागि नीति विना असम्भव छ। त्यसैले ओरेकले कार्यरत पालिकाहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति निर्माणका लागि पैरवी गर्दै आएको छ । सर्लाही जिल्लाको मलगंवा नगरपालिकाले प्रदेश अनुसन्धान प्रशिक्षण केन्द्रको आर्थिक सहयोगमा ओरेकसँग सम्झौता गरी लैङ्गिक समानता तथा समाजिक समावेशीकरण नीति निर्माणका लागि ओरेकले सहजीकरण गरेको छ। उक्त नीती निमार्णका लागि पालिकाको जनप्रतीनिधीहरु, मेयर, उपमेयर, वडा अध्यक्ष, वडा महिला सदस्य, कार्यपालिका सदस्य, मानव अधिकारकर्मी, महिला अधिकारकर्मी, नागरिक समाजका अगुवा व्यक्तिहरु ,महिला, किशोरी, अपाङ्गता भएका व्यक्तिहरु यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरु लगायतको व्यक्तिहरुको उपस्थितीमा सुझाव संकलन गरिएको थियो । त्यसै गरी नगरपालिकाका वडाहरुमा समूह केन्द्रित छलफल समेत गरेर सुझाव संकलन गरी सोको आधारमा मस्यौदा तयार गरी निती निमार्णका

लागि गठन गरेको सुझाव समितिलाई राखेर मस्यौदा माथी छलफल गरी केही कुराहरु थपघट गर्दै दिएको सुझावलाई समेटेर नीतिको पुर्ण रूपमा तयार गरी पालिकाको पुनहः अधिकारवालाहरुको भेलावाट हस्तान्तरण समेत गरिएको छ ।

### ठ. पालिकाको बजेट तथा  कार्यक्रम तर्जुमाका लागि सुझावहरु पेश

आार्थिक ,सामाजिक, तथा सांस्कृतिक अधिकार जिल्ला सञ्जाल दाङको आयोजनामा  मानव अधिकारको क्षेत्रमा क्रियाशिल बिभिन्न नागरिक समाज तथा संघ संस्था, सञ्जाल र गैसस माहासंघ समेतको सम्लग्नतामा आर्थिक सामाजिक र सांस्कृतिक अधिकारको  विषयमा तर्जुमा हुने आ.व. २०८०/०८१ को बजेट तथा कार्यक्रममा सुझावहरु पेश गरिएको छ ।  यसैगरि लुम्विनी प्रदेशमा रहेका १० वटा पालिकामा तर्जुमा हुने कार्यक्रमहरुमा समेत महिलामुखि दृष्टिकोणबाट अगामी आर्थिक वर्षमा बजेट ताथा कार्यकम तर्जमा गर्नका लागि सम्बन्धीत उपमाहानगरपालिकाका मेयर, उपमेयर, गाउँपालिकाका अध्यक्ष, उपाअध्यक्ष लगायत प्रमुख प्रशसकिय अधिकृतहरुलाई संस्थाका तर्फबाट सुझावहरु पेश गरिएको थियो । ३५ जनाको सहभागीता रहेको उक्त कार्यक्रमका वक्ताहरुले ओरेकले दिएका सुझावहरु समय सान्दर्भिक रहेको र  सबै नागरीकहरुको बिचमा छलफल गरी सम्बन्धीत पालिकाले आफ्नो पालिकाको योजना तर्जुमा गर्दा सुझावका बुँदाहरुलाई समेट्ने प्रतिवद्धता व्यक्त गरिएको थियो ।

### ड. महिलावादी दृष्टिकोणबाट लैंगिक हिंसाको घटना व्यवस्थापन, अभिलेखिकरण र सुरक्षित सम्प्रेषण सम्बन्धी एक दिने तालिम

ओरेकको आयोजना तथा दाङ तुलसीपुर र सुनसरी जिल्लाका ५ वटा पालिकाको समन्वय तथा सहकार्यमा महिलावादी दृष्टिकोणबाट लैंगिक हिंसाको घटना व्यवस्थापन, अभिलेखिकरण र सुरक्षित सम्प्रेषण सम्बन्धी विषयवस्तुमा केन्द्रित रहेर २ दिने तालिम सम्पन्न भएको छ । कार्यक्रममा टोल विकाश संस्था, अग्रणी सञ्जाल, जिल्लाका विभिन्न सामुदायिक संस्था, वडा कार्यालयका कर्मचारी र जनप्रतिनिधिहरु गरी जम्मा ८५ जानाको उपस्थिती रहेको थियो ।

### ढ. लैङ्गिक समानता तथा सामाजिक समाबेशिकरण सम्बन्धी जनप्रतिनिधिहरुलाई तालिम

ओरेक कैलालीको आयोजनामा र गौरीगंगा नगरपालिकासँगको समन्वयमा पालिका भित्रका ११ वटै वडाका जनप्रतिनिधिहरुलाई लैङ्गिक समानता र सामाजिक समाबेशिकरण सम्बन्धी २ दिने तालिम सम्पन्न भएको छ । जम्मा २३ जना सहभागी रहेको उक्त कार्यक्रममा स्थानीय तहलाई लैङ्गिक मैत्री बनाउन तथा संविधानमा भएको समानताको हकलाई स्थानीय तहदेखि व्यवहारतः कार्यान्वयन हुने वातावरण सिर्जना गर्ने उक्त कार्यक्रमको उद्देश्य गरेको थियो ।

### ण. अगुवा महिलाहरुलाई नेतृत्व विकास तथा क्षमता अभिबृद्धि तालिम

काठमाण्डौ, सिरहा, उदयपुर, सर्लाही, कैलाली जिल्लामा समुदायका अगुवा, महिला तथा किशोरीहरु, सहरी सरणार्थी समुदायका महिलाहरुको नेतृत्व तथा क्षमता अभिबृद्धिमा सहजकिरण गर्ने उद्देश्यले ५ वटा नेतृत्व विकास तालिम सञ्चालन गरिएको थियो । तालिममा समूह, समूहको आवश्यकता र महत्व, नेतृत्व सीप, क्षमता, असल नेतृत्वमा हुनुपर्ने गुणहरू, नेतृत्व गर्दा वा व्यक्तिगत विकासका सिलसिलामा आइपर्ने समस्याहरू महिलावादी नेतृत्व, सामाजिक न्याय तथा सामाजिक समावेशीकरण, महिला सशक्तिकरण हानीकारक परम्परागत अभ्यास विरुद्धका अभियान आदि विषयवस्तुमा क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन भएका थिए ।

### त. मानव अधिकार रक्षकहरूको समष्टिगत क्षमता अभिबृद्धि सम्बन्धी पूनर्ताजगी तालिम

मानव अधिकार रक्षकहरूको समष्टिगत क्षमता अभिबृद्धि प्रशिक्षक प्रशिक्षण सम्बन्धी १ दिने पुनर्ताजगी तालिम काठमाण्डौमा सम्पन्न भएको छ । कार्यक्रममा प्रारम्भिक तालिमका सहभागीहरु मध्येबाट समुदाय तहमा रहेर काम गर्ने २५ मानव अधिकारकर्मीहरुको सहभागिता रहेको थियो । चारवटा सत्रमा सञ्चालित उक्त तालिममा अघिल्लो तालिममा छलफल भएका मानव अधिकार रक्षकहरुको भौतिक सुरक्षा, डिजिटल सुरक्षा, मनोसामाजिक हेरचाह लगायतका विषयवस्तुमा छलफल गरिएको थियो । तालिमका यिनै सहभागिहरु आगामी दिनमा समुदाय स्तरमा प्रशिक्षकको रूपमा रहेर तालिम सञ्चालन गर्ने भएकोले सहभागिहरुले नमुना तालिम सत्र सहित प्रशिक्षण लिएका थिए ।  मानव अधिकार रक्षकहरुको समष्टिगत सुरक्षाको सम्बन्धमा तयार पारिएको तालिम निर्देशिकाको विषयमा छलफल गरी सञ्चालित उक्त

तालिममा तालिम निर्देशिकामा समावेश गरिएका विषयवस्तु र विधिहरुमा सहभागिहरुले सुझाब समेत प्रदान गरेका थिए । १५ जना मानव अधिकार रक्षकहरु पशिक्षक प्रशिक्षणको रूपमा उत्पादन गर्ने उक्त तालिमको महिला मानव अधिकार रक्षकको समष्टीगत सुरक्षा गर्नु मुख्य ध्येय रहेको छ ।

**थ. धारणागत स्पष्टताका सम्बन्धी एक दिने तालिम सम्पन्न**

ओरेक उदयपुरको आयोजनामा त्रियुगा नगरपालिका वडा नं. ९ राजावासमा हिंसा प्रभावितहरुको सञ्जालका पदाधिकारीहरु, सुरक्षा आवासमा सेवा लिइरहेका किशोरी तथा महिलाहरु, कृषि जे.टि.ए. अध्ययन गर्न आएका विभिन्न जिल्लाका बिद्यार्थीहरुको सहभागितामा लैङ्गिकता, महिला अधिकार, कानूनी प्रावधानहरु जस्ता बिषयबस्तुहरुमा धारणागत स्पष्टताको गराउने उद्देश्यले एक दिने तालिम ओरेकको शाखा कार्यालयको हलमा आयोजना गरिएको थियो । कार्यक्रमको बिषयबस्तुहरुको प्रस्तुतिकरण सगँसगै महिला तथा किशोरीमाथि हुने हिंसाहरुको सचेतनमूलक भिडियो समेत देखाइएको थियो । उक्त कार्यक्रमले सहभागिहरुलाई आफुमाथि भएको हिंसाको प्रतिकार गर्ने तरिका, हिंसा प्रतिकारको सीप, हिंसाको लागि उजुरी गर्ने स्थान र सहयोगी निकायका बारेमा जानकारी गराइएको थियो ।

**द. विभिन्न सवालहरुमा छलफल, अन्तरक्रिया, समन्वय बैठक सम्पन्न**

१) हिंसा प्रभावित महिलाहरुको न्यायमा पहुँच तथा हिंसा प्रभावितको पक्षमा भएका फैसलाको कार्यान्वयनमा सरोकारवालाहरूको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। न्यायका लागि उजुरी भएका मुद्दाहरू मध्ये पनि निकै कम संख्यामा अदालतको फैसलाको अवस्थासम्म पुग्ने गरेको र अदालती फैसलाको प्रभावकारी कार्यान्वयन हुन नसक्दा हिंसा प्रभावित महिलाहरूले न्याय पाउने अवस्थाको सुनिश्चितता हुन सकेको वर्तमान अवस्था रहेको कुरा उक्त अन्तर्क्रिया कार्यक्रबाट जानकारी भएको थियो । प्रभावितको पक्षमा फैसला भएका मुद्दाहरूको कार्यान्वयन नहुँदा हिंसा पीडितको न्याय प्राप्तिमा थप चुनौतिहरू देखिएको र यस किशिमको अवस्थाको बारेमा तथ्य सहित सरोकारवालाहरूलाई ध्यानाकर्षण गराई अदालतको फैसला कार्यान्वयन नभएका घटनाहरूलाई उदाहरण स्वरूप प्रस्तुत गर्दै न्याय प्राप्तिमा देखिएको चुनौती प्रति सरोकारवालाहरूलाई जिम्मेवार बनाउने उद्देश्यले कैलाली, मोरङ्ग, सिरहा, धनुषा र दाङ्ग जिल्लामा महिलाको न्यायमा पहुँच तथा प्रभावितको पक्षमा मुद्दा फैसलाको कार्यान्वयनको अवस्था, चुनौती र समाधानमा सरोकारवालाहरूको भूमिका विषयक सरोकारवाला निकायहरू बीच ६ वटा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

२) हिंसा प्रभावितको लागि सुरक्षित आवास र मनोविमर्श सेवाको आवश्यकता तथा सरोकारवालाहरूको भूमिका तथा दायित्व विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । समाजमा रहेको पितृसत्तात्मक सोंच तथा व्यवहारका कारण हिंसा प्रभावितलाई नै हिंसाको लागि जिम्मेवार बनाइने र जसका कारण हिंसा प्रभावित महिलाहरूले परिवार तथा समाजमा रहेर न्याय प्राप्त गर्न सक्ने अवस्था नरहेको वर्तमान अवस्था रहेकाले महिलाहरुले विभिन्न सामाजिक लाञ्छना र विभेदको सामना गर्नुपर्ने अवस्था, पीडकलाई सामाजिक तथा राजैतिक संरक्षणका कारण हिंसा प्रभावितले संरक्षणको अवस्था अझसम्म पनि बन्न सकेको छैन भन्ने सवालहरुमा कार्यक्रममा छलफल भएको थियो । हिंसा प्रभावित महिलाहरूले आफू माथिको हिंसाको उजुरी गर्न सक्ने सहज वातावरण निर्माण गर्न र नेपाल सरकारले महिला हिंसा विरुद्ध लिएको शून्य सहनशीलताको नीति व्यवहारमा लागू गर्ने विषयमा सबै सरोकारवालाहरूको ध्यानाकर्षण गर्नका लागि कैलाली, मोरङ्ग, सुनसरी, उदयपुर, दाङ्गमा सुरक्षित आवास तथा मनोविमर्श सेवाको आवश्यकता तथा सरोवारवालाहरूको भूमिका तथा दायित्व विषयक अन्तरक्रिया ५ वटा कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा मेयर, उपमेयर, जनप्रतिनिधिहरू, सञ्चारकर्मी, विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

३) कैलाली जिल्ला धनगढी उप-महानगरपालिका, ओरेक र केर्नी न्युजको सयुक्त आयोजनामा प्रभावितहरुको न्यायमा पहुँच बिषयक मिडिया बहस कार्यक्रमको आयोजना गरी हिंसा प्रभावितहरुको न्यायमा पहुँचको लागि मिडिया बहस कार्यक्रम सञ्चालन गरिएको थियो । कार्यक्रममा हिंसा प्रभावित महिलाहरुले न्यायिक प्रक्रियामा जाँदा भोग्नु परेको समस्याहरु, सेवा प्रदायक निकायहरुले गर्ने व्यवहारको बारेमा आफ्नाभोगाइहरु बताएका थिए। लामो समयसम्म कानूनी लडाइँ लडेको र प्रभावित महिलाको पक्षमा फैसला भएता पनि कार्यान्वयन भने अहिलेसम्म हुन नसकेको बताएका

थिए । साथै कानूनी रूपमा न्याय पाए पनि सामाजिक रूपमा भने आफुले न्यायको अनुभूति कहिल्यै गर्न नपाएको तीतो अनुभवहरु समेत व्यक्त गरेका थिए । कार्यक्रममा मानव अधिकारकर्मी, सञ्चारकर्मीहरु, सामुदायिक संघ संस्था, समूह र सञ्जालका प्रतिनिधिहरुको उपस्थिती रहेको थियो ।

४) ओरेक कैलालीको आयोजनामा र कैलारी गाउँपालिका वडा नं.४ को आर्थिक सहयोगमा वडा नं.४ का वडा अध्यक्ष ज्यू को प्रमुख आतिथ्यमा  वडा भित्र घरेलु हिंसा हुने परिवार र घर भित्र एकदमै राम्रो बाताबरण भएको परिवारका सदस्यहरु जस्तैः श्रीमान श्रीमती, सासु बुहारी, ससुरा बुहारी, आमा छोराको जोडी र बड्घर भल्मन्साहरुको गरि जम्मा ४० जनाको उपस्थितीमा घरेलु हिंसा न्यूनिकरणका लागि महिला पुरुष समविकास सम्बन्धी १ दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

५) ओरेक सर्लाहीको सहजीकरण जिल्ला प्रशासन कार्यालय मलंगवाको आयोजनामा र जिल्लामा मानव अधिकारको क्षेत्रमा काम गर्ने कार्यरत विभिन्न संघ संस्थाहरुको सहकार्यमा जिल्ला स्तरिय न्यायिक समितिबाट प्रभावकारी सेवाका लागि पैरवी गर्ने उद्देश्यले अन्तरक्रिया १ वटा कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा न्यायिक समितिको काम कर्तव्य अधिकारको वारेमा जिल्ला न्यायधिवक्ता(सरकारी वकिलले)पेपर प्रस्तुत गर्नु भएको थियो । प्रस्तुतीकरणको आधारमा खुल्ला सत्रमा उपप्रमुखहरुले आफुहरुलाई न्याय निरुपण गर्दा भोग्नु परेको समस्याको बारेमा छलफल गरिएको थियो । साथै सिरहा र मोरङ जिल्लामा लैङ्गिक हिंसाका घटनामा संवेदनशील भएर सेवा प्रदान गर्न र लैङ्गिक हिंसा निवारण कोषबाट हिंसा प्रभावितलाई सहयोग प्रदान गर्नका लागि न्यायिक समितिबाट खेल्नुपर्ने भूमिकाका सम्बन्धमा न्यायिक समितिसँग बैठक बसी छलफल गरिएको थियो ।

६) ओरेकले विष्णुपुर गाउँपालिका र उदयपुरको चौदण्डीगढी नगरपालिकामा हिंसा प्रभावितको आर्थिक शसक्तिकरण र लैंगिक हिंसा निवारण कोष परिचालनको अवस्था विषयक सम्वाद सम्पन्न भएको छ । गाउँपालिकाले २०७७ सालमा लैंगिक हिंसा कोष निवारण कोष समिति गठन गरी कार्यविधि पास भइसकेको छ तर कार्यान्वयन प्रकृयामा लान सकिरहेको छैन् महिला शाखा प्रमुख पिंकी यादवले जानकारी गराएका थिए । कार्यक्रममा सामुदायिक संस्था, महिला समुह, महिला मानव रक्षक सञ्जाल ,इलाका प्रहरी ,मनोपरामर्श कर्ता किशोरी सञ्जाल, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुको सहभागितामा रहेको थियो ।

७) रौतामाई गाँउपालिका वडा नं २ मा रहेको युवा सञ्जालका युवा महिलाहरुको बिभिन्न सबालहरुको पहिचान तथा सम्बोधनका लागि पालिकास्तरीय युवा महिलाहरुको सञ्जाल गठन भएको छ । उक्त सञ्जालले आगामि दिनहरुमा उक्त पालिकामा समाजमा रहेको हानिकारक परम्परागत अभ्यास तथा महिला माथि हुने हिंसा, लौङ्गिक बिभेद  र महिला सशक्तिकरणको लागि बिभिन्न प्रकारका जनचेतनामूलक गतिबिधिहरु सञ्चालन गर्ने तथा बिभिन्न प्रकारका पैरबिमूलक गतिबिधिहरु सञ्चालन गर्नका लागि आवश्यक सहज वातावरणको निमार्णको लागि छलफल सञ्चालन गरेको छ ।

८) त्यसै गरी ओरेक उदयपुरले रौतामाई गाँउपालकि वडा नं ०२ को समन्वयमा वडा कार्यालयको सभाहलमा १ दिने क्षमता अभिबृद्धि कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा ओरेकलेसहभागिहरुलाई स्वागत गरि कार्यक्रम सञ्चालन गर्नुभएको थियो । कार्यक्रममा सहभागिहरुले गाँउपालिका तथा वडा कार्यालयसमक्ष ७ बुदें माग पत्र पेश गर्ने निर्णय गरी त्यसको योजना तयार गरेका थिए भने युवा सञ्जालको पुर्नगठन पनि गरेका थिए । कार्यक्रममा रौतामाई गाँउपालिका वडा नं २ का २१ जना युवा महिलाहको उपस्थिति रहेको थियो ।

९) महिला अधिकार तथा महिला हिंसाका सबालहरूमा स्थानीय स्तरदेखि राष्ट्रिय स्तरसम्म सरोकारवालाहरूलाई संवेदनशील र जबाफदेही बनाउने उद्देश्यले सरकारी तथा गैरसरकारी सरोकारवालाहरू (लैङ्गिक हिंसा निवारण समन्वय समिति, न्यायिक समिति जिल्ला प्रहरी कार्यालय, नगरपालिका, गाउँपालिका, वडा कार्यालय, जनप्रतिनिधि, महिला सहकारी, एकद्वार सङ्कट व्यवस्थापन प्रणाली, मानव अधिकारको क्षेत्रमा कार्यरत संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरू) सँग ५५ वटा जिल्ला स्तरीय समन्वय बैठक सम्पन्न भएका छन् । कार्यक्रममा संस्थाबाट सञ्चालित अभियान तथा कार्यक्रमहरू, समुदायमा रहेका अधिकारवाला समूह र सम्बन्धीत सरोकारवालाहरूको समन्वय र सहयोगको बारेमा छलफल गरिएको थियो । ती कार्यक्रमहरू मोरङ्ग, सुनसरी, उदयपुर, सिराहा, कैलाली, रुकुम, महोत्तरी, सर्लाही र दाङ्ग

जिल्लामा आयोजना गरिएको थियो । यसका साथै समुदायमा रहेका सवालहरुलाई उठान गर्नका लागि ओरेकले यस अवधिमा कार्यरत सबै जिल्लाहरुमा महिला मानव अधिकार रक्षक सञ्जाल, महिला, युवा तथा किशोरी सञ्जाल, अग्रणी सञ्जाल लगायतका समूह तथा सञ्जालहरुसँग गरी ४८ वटा समन्वय तथा सहकार्य बैठक सम्पन्न गरेको छ भने महिला समूह सन्जाल, महिला मानव अधिकार रक्षक सञ्जालको नेतृत्वमा महिला हिंसाको अभियान सञ्चालन गरिरहेको छ । यी समूहहरूको कार्यकाल आआफ्नो विधानमा तोकिएबमोजिम हुने भएकाले समय-समयमा गठन र पुनर्गठन भइरहने त्यसका लागि ओरेकले सहजीकरण गर्दै आइरहेको छ। यस अवधिमा मोरङ, दाङ, रुकुम, कैलाली, सिरहा, धनुषा, सुनसरी, महोत्तरी र सर्लाहीमा गरी जम्मा ९ वटा पालिका स्तरीय महिला मानव अधिकार रक्षक सञ्जाल गठन तथा २ वटा पुनर्गठन भएका छन् भने १० वटा महिला तथा किशोरी समुह गठन तथा १७ वटा पूनर्गठन भएको छ। त्यसैगरी १ वटा अग्रणी सञ्जाल समेत गठन भएको छ। यसरी समूह सञ्जालहरु सँगठित भई महिला हिंसाका घटनाहरुलाई विभिन्न माध्यमवाट बाहिर ल्याउने र न्यायको लागि पैरवी गर्दै आएका छन् । साथै समूदायमा रहेका महिला तथा सिमान्तकृत समुदायका अधिकारका सवाललाई पहिचान तथा उठान गर्दै अएका छन् ।

१०) ओरेकको आयोजनामा कैलारी गाउँपालिका र गौरीगंगा नगरपालिका, सर्लाहीको मलङ्गवा नगरपालिकाको शिक्षा शाखा र विद्यालयका प्रधानाध्यापकहरुको समन्वय र सहकार्यमा विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्तिको व्यवस्थापनका लागि छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । विद्यालयमा लैङ्गिक तथा सामाजिकसम्पर्क व्यक्ति व्यवस्थापन गर्ने उद्देश्यले सञ्चालन उक्त अन्तरक्रिया कार्यक्रममा विद्यालयमा हुने लैङ्गिक हिंसा सम्बोधनका लागि गुनासो सुनुवाई कार्यविधि २०७४ मा उल्लेख भए बमोजिमको लैङ्गिक फोकल व्यक्तिको काम, कर्तव्य र अधिकारको विषयमा समेत छलफल गरिएको थियो । यसैगरी विद्यालयमा हुने यौनदूर्व्यवहार नियन्त्रणका लागि विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा शिक्षकहरुसँग अन्तर्कृया कार्यक्रम सर्लाहीमा सम्पन्न भएको छ ।

११) लैङ्गिक विभेदमा आधारित हिंसा, घरेलु हिंसा, बलात्कार, यौन दुर्व्यवहार, बालविवाह, बहुविवाह, बोक्सीको आरोप, छाउपडी, दाइजो र महिला हिंसा सम्बन्धी बनेका सम्पूर्ण कानूनी प्रावधानहरूका विषयमा जानकारी दिई महिला अधिकारप्रति सचेत गराउने उद्देश्यले उदयपुर, मोरङ, सिरहा, सुनसरी, सर्लाही, महोत्तरी, धनुषा, कैलाली, दाङ्ग, रुकुम लगायतका जिल्लाहरूमा गरी जम्मा ४५ वटा क्रियाकलापहरू सम्पन्न भएका छन् । महिला हिंसाका विरुद्धमा पुरुष, युवा, जनप्रतिनिधि, अभिभावक, विद्यार्थी र समुदायका अगुवाहरूलाई जिम्मेवारी बोध गराउन कार्यक्रमहरूमा उनीहरूलाई सहभागी गराउने प्रयास गरिएको छ । महिला, बालबालिका, किशोरीहरूलाई हिंसाबाट मुक्तिका लागि सँगठित हुन, आपसी सहयोगको वातावरण सृजना गर्न र कानूनी कार्बाहीका लागि अभिप्रेरित गर्ने सचेतना प्रवाह गरिएको थियो । साथै माथिका सवालहरुलाई लिएर कैलाली र सुनसरी जिल्लामा पारिवारिक सम्बाद कार्यक्रम सञ्चालन गरिएको थियो ।

१२) विद्यालयमा हुनसक्ने हिंसाको जोखिमका बारेमा बालिका तथा किशोरीहरुलाई सचेत गराउने उद्देश्यले दाङ, मोरङ, सुनसरी र काठमाण्डौमा गरी ३० वटा विद्यालय शिक्षा कार्यक्रम सञ्चालन गरिएको थियो । जसमा ५०० जना किशोर किशोरीहरु विद्यार्थीहरूको सहभागिता रहेको थियो । कार्यक्रममा विद्यार्थीहरूलाई, किशोरावस्थाका विशेषता, यस अवस्थामा जान्नै पर्ने कुराहरू यौन तथा प्रजनन् स्वास्थ्य, मानव बेचबिखन तथा ओसारपोसार, छिटो विवाह गर्दा देखिने समस्या, लैङ्गिक समानता, यौन हिंसा तथा दूर्व्यवहार तथा बलात्कार सम्बन्धी विषयमा जानकारी गराइएको थियो । विद्यालय शिक्षा कार्यक्रम सञ्चालन पश्चात् कानेपोखरी गाँउपालिकाको विद्यालयहरु २ वटा वाल क्लव गठन गरेको छन् भने पालिकाबाट कार्यक्रम अनुगमनमा विधालय शिक्षालाई निरन्तरता प्रदानको लागि योजना गरेको छ ।

१३) ओरेकले कार्य क्षेत्रमा रहेका शहरी शरणार्थी समुदायमा निरन्तर रूपमा उक्त समुदायका महिलाहरूमाथि लैङ्गिक हिंसाका घटनाहरू हुन नदिन घरदैलो कार्यक्रम सञ्चालन गरेको छ । घरदैलो कार्यक्रममा सामाजिक परिचालक, फिल्ड अफिसर तथा परामर्शकर्ताले समुदायका महिलाहरूलाई यौनिक तथा लैङ्गिक विभेदमा आधारित हिंसा, लैङ्गिक समानता, व्यक्तिगत तथा महिनावारी सरसफाइ, बालविवाह र महिला सशक्तीकरण जस्ता विषयहरूमा छलफल गर्दछन् । सुरुवातको अवस्थामा मुस्लिम धर्ममा विश्वास राख्ने रोहिंग्या समुदायका महिलाहरूलाई छलफल तथा विभिन्न कार्यक्रममा सहभागी गराउन निकै चुनौतीपूर्ण रहेको थियो । कार्यक्रमका बारेमा बुझ्दै गइसकेपछि र घरदैलो कार्यक्रमका क्रममा समुदायका पुरुष सदस्यहरूसँग पनि गरिएको छलफलहरूपश्चात् अहिले काम गर्न सहज भएको

छ । यस अवधिमा २६१५ जना व्यक्तिहरूसँग घरदैलो कार्यक्रम सम्पन्न भएको छ । अहिले उनीहरू संस्थाले आयोजना गरेका विभिन्न कार्यक्रमहरूमा भाग लिन थालेका छन् । साथै आफ्नो समस्याका बारेमा खुलेर बताउन थालेका छन् भने समुदायमा कुनै पनि नकारात्मक घटना भएमा खवर गर्न थालेका छन् ।

### ४.१.२) कामको अधिकार र सामाजिक सुरक्षा अन्तर्गत सम्पन्न क्रियाकलापहरु

### क. ११३ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस सम्पन्न




"Digit All: Innovation and Technology for Gender Equality" भन्ने अन्तर्राष्ट्रिय नारा र नेपालमा “लैङ्गक समानताको बलियो आधार: सिर्जनात्मक प्रविधिमा महिला पहुँचको विस्तार” भन्ने राष्ट्रिय नाराका साथ काठमाण्डौमा महिला मानवअधिकार रक्षकहरूको राष्ट्रिय सञ्जालको नेतृत्व, ओरेकको समन्वय र मानव अधिकारको क्षेत्रमा अभियानरत ३० वटा भन्दा बढी संघ संस्थाको संयुक्त आयोजनामा २४ फागुन २०७९ तद्नुसार ८ मार्च, २०२३ का दिन ११३ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस विश्वभर साझा अभियानका साथ सम्पन्न भयो । काठमाण्डौको भृकुटि मण्डपदेखि बसन्तपुर दरवार क्षेत्रसम्म ऱ्याली गरिएको उक्त कार्यक्रम बसन्तपुर दरवार क्षेत्रमा कोण सभामा परिणत भएको थियो । यस कार्यक्रममा लगभग ४०० जना भन्दा बढी मानव अधिकारका क्षेत्रमा कार्यरत अभियानकर्ताहरुको सहभागीता रहेको थियो । यस कार्यक्रममा महिलाले स्व-छनौटको काम गर्न पाउने अधिकार सम्बन्धी सडक नाटक र महिलाको निम्ति महिला मञ्च र ओरेकको तर्फबाट सामाजिक रुपान्तरणमुखी गीतहरुमा नृत्य प्रदर्शन गरिएको थियो । यस कार्यक्रममा नेपाल महिला एकता समाजका सचिव धना श्रेष्ठ र महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय सञ्जालका अध्यक्ष श्याम कुमारी शाहका तर्फबाट महिलाको कामको पहिचान, सम्मान र मूल्यांकन गर्दै सम्पूर्ण सेवामूलक कामलाई उत्पादनमूलक काममा रुपान्तरण गरिनु पर्ने र महिलाको आर्थिक, सामाजिक र राजनैतिक अधिकारहरु सुनिश्चित गर्नका निम्ति महिलामाथि हुने सबै प्रकारको विभेद र हिंसाको अन्त्य हुनुपर्ने र जहिले सम्म महिलाको श्रम अधिकार सुनिश्चित हुदैन, तवसम्म यो अभियान जारी रहने कुरालाई उठान गरिएको थियो । यस कार्यक्रमले गत वर्ष घोषणा गरिएको **महिलाको श्रमको पहिचान, मान्यता एवं राजाईको काम गर्न पाउने अधिकारका लागि महिला दवाव अभियान**लाई यस वर्ष पनि निरन्तरता दिने घोषणा गरेको छ । यसै अवसरमा ओरेक लगायत महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय सञ्जालले महिलाको श्रमको पहिचान र मान्यता सहित श्रमको अधिकार सुनिश्चितताका लागि सम्बन्धीत सरोकारवाला निकाय समक्ष अपील जारी गरेको छ । यसै सन्दर्भमा विभिन्न जिल्लामा समन्वय बैठक तथा ऱ्याली समेत सम्पन्न भएका थिए जस अन्तर्गत तुलसीपुर उप-महानगरपालिका, शान्तीनगर गाउँपालिका, घोराही उप-महानगरपालिकामा समन्वय बैठकको आयोजना गरिएको थियो भने दंगिशरण गाँउपालीकामा फेव्रवरी २३ तारिकका दिन बैठकको आयोजना गरिएको थियो ।




यसैगरी यही दिवसको अवसरमा कैलाली, मोरंग र उदयपुरमा विभिन्न सांस्कृतिक कार्यक्रम, नृत्य प्रतियोगिता लोकदोहोरी प्रतियोगिता, बक्तृत्वकला, फुटवल प्रतियोगिता सचेतनामूलक सडक नाटक, कविता बाचन जस्ता कार्यक्रमहरु सम्पन्न भएका थिए । यसैगरी दांग र रुकुम जिल्लामा विभिन्न क्षेत्रमा कार्यरत २६ श्रमिक महिलाहरुलाई सम्मान समेत गरिएको थियो ।

**ख. सम्मानपूर्ण काम र आप्रवासी श्रमिक महिलाको अधिकार विषयक राष्ट्रिय कार्यशाला गोष्ठी सम्पन्न**



ओरेक, तरङ्गिनी फाउण्डेसन र सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जाल (NNSM) को संयुक्त आयोजनामा महिलाको आप्रवासनको सवाललाई मानव अधिकार, लैङ्गिक उत्तरदायी र रूपान्तरणकारी दृष्टिकोणबाट विश्लेषण गर्दै संविधानको भावना र मर्म अनुरुप विशेष सम्बोधन तथा नीतिगत व्यवस्था गरी महिलाको श्रम आप्रवासनलाई सुरक्षित, सम्मानित र व्यवस्थित गर्नको लागि ध्यानाकर्षण गराउने उद्देश्यले काठमाण्डौमा सम्मानपूर्ण काम र आप्रवासी श्रमिकको अधिकार विषयक २ दिने कार्यशाला गोष्ठी सम्पन्न भएको थियो । काठमाण्डौ लगायत विभिन्न नौ जिल्लाका प्रभावित तथा सरोकारवालाहरुको उपस्थितिमा सञ्चालन उक्त कार्यक्रममा ओरेकका संस्थापक अध्यक्ष तथा हालको अध्यक्ष डा. रेणु अधिकारीको अध्यक्षता, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रि माननिय श्री शरदसिंह भण्डारीको प्रमुख आतिथ्यता तथा महिला आयोगका माननिय सदस्य र श्री कृष्ण कुमारी खतिवडाको आतिथ्यता रहेको थियो । काठमाण्डौको अल्फा हाउसमा २६ र २७ बैशाख २०८० मा सञ्चालित उक्त राष्ट्रिय गोष्टिमा श्रमको अधिकारसँग सम्बन्धीत सरोकारवाला निकायका प्रमुख तथा प्रतिनिधि र आप्रवासी श्रमीक महिला तथा पुरूषहरुको सहभागिता रहेको थियो । कार्यक्रममा आप्रवासी महिला श्रमिकको अधिकारका अवसर र चुनौति तथा पुन एकिकरणको सवाल र आप्रवासनका सावलमा लैङ्गिक समावेशी साशनको नीतिगत अवस्थाका बारेमा स्थिति पत्र प्रस्तुत गरिएको थियो भने सुरक्षित काम र आप्रवासी महिला श्रमिकको



अधिकारसँग सम्बन्धीत समस्या र समस्या समाधानका लागि गरिएका माग र सवालहरूमा माननिय मन्त्री तथा माननिय सदस्यले सम्वोधन गरेका थिए । श्रमका लागि आप्रवासनमा जाने महिलाहरुका लागि उत्पत्तिमूलुक र गन्तव्यमूलुक दुबै चुनौतीपूर्ण रहेको, महिलाको श्रमको उचित सम्मान नभएको कारण उनीहरु दुवै तिर जोखिमको स्थितिमा रहेको, आप्रवासी महिलाहरुको समस्याको प्रमुख कारण नै महिलाको कामको अवमूल्यन गरिने सामाजिक मूल्य मान्यता रहेको, नीतिगत रूपमा महिलाको कामको पहिचान तथा सम्मानका लागि खासै ठोस कार्यक्रमको अभाव भएका कारण आप्रवासी महिलाहरुको परिवारिक तथा सामाजिक पुनर्स्थापना समस्या नै प्रमुख कारण हो भन्ने उपस्थित सरोकारवालाहरुको बुझाई रहेको थियो । जसमा सरकारको पुनःएकीकरण निर्देशिका भित्रका समितिहरूमा महिलाको समानुपातिक सहभागिता सुनिश्चित गर्नका लागि व्यवस्था गरिनुपर्ने, सुरक्षित आप्रवासन बसाइसराइको मात्र नभई मानवअधिकारको विषय भएकाले विशेष गरी महिला कामदारहरूको हकमा काम गर्ने अधिकार र गतिशीलताको अधिकारसँग एकीकृत हुनु आवश्यक छ भन्ने कुरा राज्यले स्वीकार गर्ने लगायतका विषयमा समूह छलफल गरी विभिन्न सीफारिसहरु प्रस्तुत गरिएको थियो ।

**ग. स्थानीय श्रमिकहरुको सूचिकरण तथा पुनः एकीकरण सम्बन्धी प्रदेश स्तरीय कार्यशाला गोष्ठि सम्पन्न**

ओरेक, महिलाबादी स्रोत केन्द्र, तरङ्गिनी फाउन्डेसनको संयुक्त आयोजनामा महिला श्रम तथा पुनः एकिकरण निर्देशिका सम्वन्धी प्रदेश स्तरीय कार्यशाला गोष्ठी मोरङमा सम्पन्न भएको छ । कोशी प्रदेशको उप-प्रमुखको संयोजतत्वमा प्रदेश सभाको सदस्यहरुसँग स्थानीय तहहरुमा श्रमिकहरुको सुचीकरण, महिलाको कामको मान्यता तथा वैदेशिक रोजगारीबाट फर्किएर आएका व्यक्तिहरुको पुनः एकीकरणका लागि प्रदेश सरकारले निर्माण गरेको पुनः एकिकरण निर्देशिकाका सम्बन्धमा कार्यशालामा छलफल भएको थियो । यस अवधिमा उदयपुर र सुनसरी जिल्लामा तरङ्गगिनी फाउन्डेसन,

क्युपेक नेपाल र ओरेकको संयुक्त साझेदारीमा लेटाङ्ग नगरपालिकामा श्रम डेक्स सन्चालनको लागि श्रम डेक्स सन्चालन कार्यविधी २०८० तयार पारी पालिकालाई हस्तान्तरण गरिएको थियो भने पालिकाले कार्यविधिलाई विधान समितिमा पठाउने निर्णय भएको थियो । यसका साथै ओरेकले श्रमिक महिलाको मुद्धा सम्बोधनका लागि पत्रकारहरुलाई संबेदनशील बनउने उद्देश्यले सुनसरी जिल्लामा रहेका पत्रकारहरुलाई समेटेर महिलाको श्रमको पहिचान स्थापनाका लागि संचारकर्मीको भूमिका बिषयक अन्तरक्रिया कार्यक्रम पनि आयोजना गरेको थियो । उक्त कार्यक्रममा जम्मा २७ जना सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो ।

### घ. महिलाको श्रमको पहिचान, सम्मान र सुरक्षाका लागि महिला इजलास काठमाण्डौमा सम्पन्न

करिब १०० भन्दा बढि श्रमिक महिलाहरुको सभगागितामा महिलाको श्रमको पहिचान, सम्मान र सुरक्षाको माग गर्दै महिला इजलास काठमाडौंमा सम्पन्न भएको थियो । राष्ट्रिय महिला आयोगमा सम्पन्न उक्त कार्यक्रममा राष्ट्रिय योजना आयोग, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय महिला आयोग, श्रम मन्त्रालय, सामाजिक सुरक्षा कोष, श्रम अदालत, राष्ट्रिय मानव अधिकार आयोग, ट्रेड युनियन लगायत विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरुको सहभागिता रहेको थियो । देशको विभिन्न भूभागबाट घरेलु श्रमिक, सडक श्रमिक, मनोरञ्जन क्षेत्रका श्रमिक र वैदेशिक रोजगारीबाट फर्कीएका श्रमिकहरुले इजलासमा आफूहरुले भोग्न परेको समस्याहरुलाई उजागर गर्दै न्यायको लागि माग गरेका थिए ।। कार्यक्रममा श्रमिक महिलाहरुले आफ्नो भोगाइहरु समेत प्रस्तुत गरेका थिए । हेरक क्षेत्रका श्रमिकहरुलाई कामको पहिचान, सम्मान र सुरक्षाको प्रत्याभूति गर्ने वातावरण भने वन्न सकिरहेको अवस्था नभएको वर्तमान नीति तथा कानुनहरुलाई व्यवहारमा बदल्न अझै कठिनाई रहेको अवस्थाका बारेमा छलफल गरिएको थियो । महिलाहरुले गर्ने हरेक क्षेत्रको श्रमलाई पहिचान मूल्य मान्यता नदिएकै कारण श्रमिक महिलाहरुले हरेक क्षेत्रमा हिंसा, शोषण तथा विभेदको सामना गर्नुपर्ने बाध्यताहरु रहेको कुरा उक्त कार्यक्रममा बताइएको थियो भने श्रमिकहरुका न्यायका निम्ति विद्यमान कानुन तथा नीतिहरु विभेदपूर्ण र राज्यका परम्परागत संयन्त्र र व्यवस्थाहरू एवं पितृसत्तात्मक सोंचले नै मलजल पुऱ्याएको कारण महिलाले गर्ने हरेक क्षेत्रको श्रम घरेलु श्रम, मनोरञ्जन क्षेत्र, कृषि श्रमिक, सडक श्रमिक, यौन श्रमिक, सेवामूलक कार्यका श्रमिक जस्ता क्षेत्रमा कार्यरत श्रमिकहरु अझै पनि पहिचान विहिन भई श्रम गर्न बाध्य भएको कुरा वक्ताहरुले उठाएका थिए । कार्यक्रममा महिला मन्त्रालयका उप-सचिव मीना पौडेलले श्रमिक महिलाहको सवाल सम्वोधनका लागि मन्त्रालयले समन्वयको भूमिका खेल्ने प्रतिवद्धता जनाउनु भएको थियो भने श्रम मन्त्रालयको सह-सचिव डन्डुराज घिमिरेले श्रम प्रतिको विभेदकारी सोंचमा परिर्वतन हुनु पर्नेमा जोड दिदै श्रमिक महिलाहको हकहित रक्षाको लागि मन्त्रालय प्रतिवद्ध रहेको बताउनु भएको थियो । कार्यक्रममा सामाजिक सुरक्षा कोषका प्रतिनिधिले सामाजिक सुरक्षाको योजनामा सबै श्रमिक महिलाहरुको पहुँच बढाउन संघसंस्थाहरुले अभियान चलाउनुपर्ने र यसमा कोषको कार्यालयले सहयोग गर्ने प्रतिवद्धता जनाउनुभयो । कार्यक्रम नेपाल महिला एकता समाज, महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय सञ्जाल, तरङ्गिनी फाउन्डेशन र ओरेकको संयुक्त आयोजनामा सञ्चालन भएको थियो । कार्यक्रममा श्रम अधिकार सम्बन्धी बिज्ञहरुले जुरीको भूमिका निर्वाह गर्नुभएको थियो भने । वहाँहरुका तर्फबाट सरकार पक्षलाई श्रमीकको अधिकार सुनिश्चित गर्नका लागि विभिन्न सीफारिसहरु प्रदान गरिएको थियो ।

### ङ. सामाजिक सुरक्षाको सरोकारः घरेलु श्रमिकको अधिकार विषयक अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न

अन्तराष्ट्रिय घरेलु श्रमिक दिवसको अवसरमा, नेपाली घरेलु श्रमिकको वर्तमान अवस्थाको बारेमा छलफल गरी आगामी मार्ग तय गर्ने रणनीतिहरु तयार गर्ने उद्देश्यले काठमाण्डौमा अन्तरक्रियात्मक कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रम तरगिंनी र ओरेकको संयुक्त आयोजनामा सम्पन्न गरिएको थियो भने उक्त कार्यक्रममा घरेलु श्रमिक महिलाहरु, विभिन्न समूह सञ्जालको प्रतिनिधिहरु, महिला अधिकारको क्षेत्रमा काम गर्ने मानव अधिकारकर्मीहरु, सञ्चारकर्मीहरु र स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारी लगायत ४० जना भन्दा बढीको सहभागिता रहेको थियो ।

### च. महिलाको काम र सामाजिक दृष्टिकोण : सञ्चार माध्यमको भूमिका विषयक कार्यक्रम सम्पन्न

अन्तर्राष्ट्रिय श्रम दिवसको अवसर पारी "महिलाको काम र सामाजिक दृष्टिकोणः मिडियाको भूमिका" विषयको अन्तर्कृया काठमाण्डौमा आयोजना गरिएको थियो । महिलाको कामलाई सामाजिक परिप्रेक्ष्यमा हेर्न मिडियाको भूमिकाको विश्लेषण

गर्ने उद्देश्यले पत्रकार महसंघ परीसरमा कार्यक्रमको आयोजना गरिएको थियो । जसमा महिलासँग सम्बन्धीत विषयहरुमा कार्यरत संघ संस्था एवं सन्जालहरुको सहभागिता साथै विभिन्न राजनीतिक दल अन्तर्गतका महिला संघहरुका महिला नेताहरुको उपस्थिती रहेको थियो । महिलाको कामलाई पितृसत्तात्मक संरचनाले न पहिचान गर्छ न त मुल्यांकन नै । त्यसैले महिलाहरुले काम गर्ने प्राय क्षेत्रलाई अनौपचारिक भनेर व्याख्या गरिएको छ । बिध्यमान सामाजिक मान्यताकै आधारमा महिलाको कामलाई व्यक्ति, संस्था र मेडियाले व्याख्या र विश्लेषण गर्दै आइरहेका छन् र मिडियाले चित्रण गरेको विषयलाई दर्शकले पनि विश्वास गर्छन् । मेडियाका विभिन्न प्लेटफर्महरुमा प्रस्तुत गरिने गीत, साहित्य, कला र संचारको माध्यमबाट देखाइने सन्देशले महिलाको सामाजिक परिभाषालाई प्रभाव परेको छ । तसर्थ यस कार्यक्रम महिलाप्रति समाजको मिश्रित र फरक दृष्टिकोणलाई प्रस्तुत गर्दै महिला श्रमिकहरूको वास्तविकता र उनीहरूलाई र उनीहरूका कामलाई समाजले कसरी लिन्छ र सञ्चार माध्यमले विभिन्न क्षेत्रमा काम गर्ने महिलाहरूलाई कसरी बुझ्छ र कसरी चित्रण गर्छ भन्ने कुराको विश्लेषण गर्दै श्रमिक महिलाहरूको मानव अधिकार सुनिश्चित गर्न नीतिगत हस्तक्षेपमा प्रभाव पार्ने उद्देश्यका साथ आयोजित गरिएको थियो । नारायणी देवकोटा र निलम श्रेष्ठले महिलाको कामको पहिचानमा मिडियाको भूमिका र महिलाको कामलाई समाजले हेर्ने दृष्टिकोणमा झल्कने दुईवटा छोटो प्रस्तुति थियो । प्रस्तुति पछि ट्रेड युनियन र विभिन्न राजनीतिक दलका महिला नेताहरूले गरेका छोटो भाषणहरू थिए। श्रमिक महिलाको मुद्धा सम्बोधनका लागि पत्रकारहरुलाई संबेदनशील बनाई उनीहरुको मुद्धा सम्बोधनका लागि प्रेरित गर्ने उद्देश्यले सुनसरी जिल्लामा रहेका पत्रकारहरुलाई समेटेर महिलाको श्रमको पहिचान स्थापनाका लागि संचारकर्मीको भूमिका बिषयक अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो ।

### छ. असँगठित क्षेत्रमा काम गर्ने श्रमिकहरुको सवाल विषयमा छलफल कार्यक्रम सम्पन्न

उदयपुर जिल्लाको चौदण्डीगढी नगरपालिकामा रहेका असँगठित क्षेत्रमा काम गर्ने श्रमिक व्याक्तिहरुको हक हित र अधिकारको वारेमा नगर स्तरिय समन्वय बैठक सम्पन्न भएको थियो । उक्त बैठकमा जिल्लाका प्रत्येक वडाका श्रमिक व्यक्तिहरुको सहभागिता रहेको थियो । कार्यक्रममा वडा तथा पालिकाहरुमा श्रमिक व्यक्तिहरुलाई पहिचान गरी उनीहरुको कामको सम्मान गर्ने, पालिकामा श्रमिक व्यक्तिहरुको प्रोफाइल बनाउने र सामाजिक सुरक्षा र रोजगारीलाई जोड्ने, योगदानमा आधारित सामाजिक सुरक्षाको महत्व बारे जानकारी दिइएको थियो । कार्यक्रममा लैङ्गिक विभेदमा आधारित हिंसाको कारण महिलाहरुलाई श्रम र गतिशिलतामा नियन्त्रण भएको, समाजमा लैङ्गिक विभेदका कारण महिलाहरुलाई समान कामको समान ज्याला नदिएको, जोखिमपूर्ण काम गर्दा सुरक्षाको ग्यारेन्टी नहुने, जोखिम मोलेर काम गर्नु पर्ने, श्रमिकहरुको पहिचान नभएको जस्ता सवालहरु कार्यक्रमका सहभागिहरुले उठाएका थिए ।

### ज. विश्व बालश्रम विरुद्धको अवसरमा बालबालिकाहरुको अवस्था र सवाल सम्बोधन विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न

विश्व बालश्रम विरुद्धको दिवसको अवसरमा ओरेक र उदयपुर जिल्लाको त्रियुगा नगरपालिकामा रहेको बाल सञ्जालहरुको संयुक्त आयोजनामा अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा बोल्दै बाल सञ्जालका अध्यक्षले बाल बालिका भनेको भोलिका देश बनाउने भविष्यको कर्णधार हो, देश चलाउने, देश हाक्ने अहिलेका युवाले हो त्यसैले युवाहरुलाई प्राथमिकता दिनु पर्दछ, शिक्षा दिनु पर्दछ, तालिमहरु प्रदान गरिनु पर्दछ, र बालबालिकाहरुको अवस्था कस्तो छ, नगरपालिकाले हेर्न, बुझ्न जरुरी छ भन्ने विषयमा जोड दिएका थिए । यसैगरी पढ्ने उमेर समूहका बालबालिकाहरु बालश्रमिकको रूपमा काम गर्न बाध्य छन्, यसमा स्थानीय तहले ध्यान दिन आवश्यक रहेको बताएका थिए । स्थानीय तहका जनप्रतिनिधिहरु समक्ष बालबालिकाले आधारभूत अधिकारबाट बञ्चित हुनुपर्ने अवस्था नल्याउन तथा आगामी आर्थिक वर्षको योजनामा बालमैत्री बजेट विनियोजन गरी सो को प्रभावकारी कार्यान्व्यनका लागि जनप्रतिनिधिहरुलाई आग्रह गरिएको थियो ।

### झ. स्थानीय श्रमिकहरुको सूचिकरण तथा पुनः एकीकरण निर्देशिका सम्बन्धी प्रदेश स्तरीय कार्यशाला

महिलाबादी स्रोत केन्द्र , तरङ्गिनी फाउन्डेसन र ओरेकको संयुक्त आयोजनामा महिला श्रम तथा पुनःएकिकरण निर्देशिका सम्वन्धी प्रदेश स्तरीय कार्यशाला मोरङमा आयोजना गरिएको थियो । कोशी प्रदेशको उप्रमुखको संयोजकत्वमा प्रदेश

सभाको सदस्यहरुसँग स्थानीय तहहरुमा श्रमिकहरुको सुचीकरण, महिलाको कामको मान्यता तथा वैदेशिक रोजगारीबाट फर्किएर आएका व्यक्तिहरुको पुनः एकीकरणका लागि प्रदेश सरकारले निर्माण गरेको पुनः एकिकरण निर्देशिकाका सम्बन्धमा कार्यशालामा छलफल भएको थियो । यस अवधिमा उदयपुर र सुनसरी जिल्लामा तरङ्गिनी फाउन्डेसन, क्युपेक नेपाल र ओरेकको संयुक्त साझेदारीमा लेटाङ्ग नगरपालिकामा श्रम डेक्स सञ्चालनको लागि श्रम डेक्स सञ्चालन कार्यविधी २०८० तयार पारी पालिकालाई हस्तान्तरण गरिएको छ र पालिकाले कार्यविधिलाई विधान समितिमा पठाउने निर्णय भएको छ ।

### ञ. महिलाको श्रमको मान्यता, सम्मान र पहिचान स्थापनाका लागि सञ्चारकर्मीको भूमिका बिषयक अन्तरक्रिया कार्यक्रम

श्रमिक महिलाको मुद्धा सम्बोधनका लागि पत्रकारहरुलाई सम्बेदनशील बनाई उनीहरुको मुद्धा सम्बोधनका लागि प्रेरित गर्ने उद्देश्यले सुनसरी जिल्लामा रहेका पत्रकारहरुलाई समेटेर महिलाको श्रमको पहिचान स्थापनाका लागि सञ्चारकर्मीको भूमिका बिषयक अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा २७ जना सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो ।

### ट. महिलाको श्रमको सम्मान, पहिचान र मान्यताका लागि अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रम

समुदाय स्तरबाट महिलाको श्रम तथा पहिचानको बारेमा नीतिगत पैरवी गर्ने उद्देश्यले महिलाको श्रमको पहिचान, मान्यता र सम्मान बिषयक मिश्रित समुहसँग अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । यस अवधिमा सुनसरीको गढी गाउँपालिकामा १५ र दुहबी नगरपालिकामा १३ वटा कार्यक्रम गरिएको थियो । साथै महिलाको श्रमको मान्यता तथा पहिचानको लागि पालिकामा पैरवी गर्ने उद्देश्यले महिला समूह तथा श्रमिक महिला सञ्जालहरुलाई अभिमुखिकरण कार्यक्रम बराहक्षेत्र नगरपालिका ११ मधुवनमा १ वटा सम्पन्न भएको थियो यसै गरी दिगो बिकास लक्ष्य नं ८ मा रहेको मर्यादित श्रम तथा आर्थिक बृद्धिको बारेमा महिला समूहको सदस्यहरुको क्षमता अभिबृद्धि गरी स्थानीय तहमा अभियान सञ्चालन गर्ने उद्देश्यले दिगो बिकासको लक्ष्य बिषयमा अभिमुखिकरणको आयोजना गरिएको थियो ।

### ठ. पारिवारिक संवाद कार्यक्रम सम्पन्न

सुनसरी जिल्लाको दुहबी नगरपालिका, गढी गाउँपालिकामा पारिवारिक संवाद सञ्चालन गरेका घरधुरीका महिला तथा पुरुषहरुले हाल घरभित्र गर्दै आएका पारिवारिक काम कर्तव्य र जिम्मेवारी, निर्णय जस्ता भूमिकालाई विश्लेषण गरी आगामी दिनमा परिवर्तन गर्नुपर्ने भूमिकाहरुको योजना निर्माण गर्ने उद्देश्यले छनौट गरेका १० घरधुरी प्रतिनिधिहरुसँग महिलाको श्रम र पहिचान सम्बन्धी ३ दिने महसुसिकरण कार्यशाला दुहबी नगरपालिका र गढी गाउपालिकामा सम्पन्न भएको छ । पारिवारिक संवाद कार्यक्रम सञ्चालन भइसकेपछि सहभागीहरु मध्ये धेरै जनाले आगामी दिनमा घरको काममा सघाउने, मादक पदार्थ सेवान नगर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

### ड. वैदेशिक रोजगारका सञ्जालको वैठक तथा श्रम ऐन, नीति तथा कार्यक्रमको बारेमा छलफल

उदयपुर जिल्लाको चौदण्डीगढी नगरपालिका वडानं १० हडियामा रहेको हातेमालो वैदेशिक रोजगार सञ्जालको आयोजनामा र ओरेक उदयपुरको सहयोगमा सञ्जालका अध्यक्ष श्री गोमा कटुवालको अध्यक्षतामा र सदस्यहरुको उपस्थितिमा सञ्जालको बैठक तथा श्रम ऐन, श्रम अधिकार नीति तथा कार्यक्रमहरुको विषयमा छलफल भएको थियो । वैदेशिक रोजगारमा जान लागेका युवा तथा महिलाहरुको लागि सुरक्षित र मर्यादित वैदेशिक रोजगारी बनाउनको लागि बिभिन्न प्रकारका वैदेशिक रोजगार सम्बन्धी सूचनामूलक कार्यक्रम सञ्चालन गर्ने तथा आप्रवासी कामदारहरुको हक हितको लागि रोजगारीको हक सम्बन्धी ऐन २०७५ तथा नियमावली र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले वैदेशिक रोजगार सम्बन्धी व्यवस्था बारेमा सञ्जाललाई जानकारी गराई वैदेशिक रोजगारमा जान लागेका व्यक्तिहरुलाई सुरक्षित आप्रवासनका लागि वैदेशिक रोजगार सम्बन्धी सूचना दिने, समस्यामा परेका व्यक्तिहरुको समस्याको बारेमा बुझ्ने अभिलेखिकरण गर्ने र सम्बन्धीत निकायसँग समन्वय गर्ने उद्धारको लागि सहयोग गर्ने ,वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिलाई आयमूलक तथा व्यवसायमूलक काममा सहयोग गर्ने सम्भन्नमा छलफल गरिएको थियो । विभिन्न

खालका सवालहरुमा नीतिगत रूपमा पैरवी गर्ने सञ्जालको बारेमा जानकारी गराउनुको साथै वडास्तरिय कार्यक्रम बनाएर वडामा पेश गर्ने भनी छलफल भएको थियो । कार्यक्रममा २३ जनाको सहभागिता रहेको थियो ।

### ४.१.३) न्यायको लागि यौन तथा प्रजनन् स्वास्थ्य अधिकार अन्तर्गत सम्पन्न क्रियाकलापहरु

### क. यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी पालिका स्तरीय एकिकृत महिला स्वास्थ्य शिविर सम्पन्न




जनवरीदेखि जुन २०२३ सम्ममा नेपालका ६ वटा जिल्ला रुकुम, कैलाली, दाङ, उदयपुर, सिरहा र काठमाडौंमा एकीकृत महिला स्वास्थ्य शिविर सञ्चालन भएको छ । ओरेकका आयोजना र स्थानीय सरकारको सहकार्यमा १२ वटा यौन तथा प्रजनन् स्वास्थ्य शिविर सम्पन्न भएको छ । जस अन्तर्गत रुकुम पुर्वको पुथा गाँउपालिकाको सहकार्यमा यौन तथा प्रजनन् स्वास्थ्यमा महिलाको पहुँच अभिबृद्धि गर्ने, प्रजनन् स्वास्थ्य सेवा उपलब्ध गराउने साथै महिला हिंसाले स्वास्थ्यमा पार्ने असरका बारेमा जानकारी गराउने उद्देश्य र महिलाको प्रजनन् स्वास्थ्यमा स्थानीय सरकारको बजेट तथा कार्यक्रम छुट्याउनका लागि पैरवी गर्ने उद्देश्यले उत्तरगंगा गाउपालिकाको पुथामा महिला स्वास्थ्य शिविर सञ्चालन गरिएको थियो । २ दिनसम्म सञ्चालन गरिएको उक्त शिविरमा पुथाका जम्मा २३० जनाले स्वास्थ्य परिक्षण गराएका थिए भने १२२ जना स्थानीय महिलाहरुको पाठेघरको मुख सुन्निएको, ३८ जना महिलाको पाठेघरको मुखमा घाउ भएको, २९ जनालाई हाडजोर्नी दुख्ने समस्या भएको, १७ जनामा पहिलो, ५ जनामा दोस्रो, र ८ जनामा तेस्रो तहको पाठेघर खसेको समस्या पत्ता लागेको थियो भने ६ जनामा योनीको संक्रमण, २ जनामा महिनावारी गडबडी, १६ जनामा ग्याष्टिकको समस्या र ३ जनालाई पाठेघरको मुखको क्यान्सरको सङ्का गरिएको थियो । उक्त शिविरमा रोग पत्ता लागेका बिमारीहरुमध्ये गम्भिर प्रकृतिका जम्मा ११ जना बिमारीहरुलाई प्रादेशिक अस्पताल तुलसीपुरमा थप उपचारका लागि सीफारिस गरिएको थियो ।

यसैगरि ओरेक र कैलारी गाउँपालिका, कैलालीको स्वास्थ्य शाखा र सहास नेपाल कैलालीको संयुक्त आयोजनामा चैत्र २०, २०७९ देखि २३ सम्म स्वास्थ्य सिविर गाउँपालिकाका सबै वडाहरुलाई समेट्ने गरी सम्पन्न भयो भने उक्त स्वास्थ्य शिविरमा ३६ जना मानव स्रोत परिचालन भई ५७२ जना महिला किशोरीहरुलाई प्रजनन् स्वास्थ्य सेवा प्रदान गरिएको थियो । जस मध्ये वडा नं. ७ मा १६९, वडा नं. ८ मा १३२ जना, वडा नं. ९ मा १५२ जना, वडा नं. ३ मा ११९ जनाले सेवा लिएका थिए र जम्मा ३६३ जनाको पाठेघरको मुखको परिक्षण गर्दा ११ जनाको रिङ्गपेसरी राखिएको थियो भने ८ जनालाई सल्यकृयाका लागि सेती प्रादेशिक अस्पतालमा सीफारिस गरिएको थियो । यस्तै ओरेक सिराहा र धनगढीमाई नगरपालिकाको संयुक्त आयोजनामा र स्वास्थ्य शाखा नैनपुर अस्पतालको सहकार्यमा नैनपुर अस्पतालमा एक दिने एकिकृत महिला स्वास्थ्य मेला समेत सम्पन्न गरिएको थियो । जसमा स्थानीय जडिबुटीको प्रयोगको बारेमा महिलाहरुलाई जानकारी गराइएको थियो भने सयपत्री कुराकानी र स्वास्थ्य मेला समेत गरिएको थियो । जम्मा ८१ जनाले प्रत्यक्ष स्वास्थ्य सेवा लिएको उक्त शिविरमा जम्मा १५० जनाले सेवाको अवलोकन गरेका थिए । कार्यक्रमको अनुगमन धनगढीमाई नगरपालिकाका प्रमुख तथा प्रतिनिधिबाट अनुगमन भएको थियो भने उनीहरुले आगामी दिनमा समेत यस किसिमका कार्यक्रमलाई अझ प्रभावकारी बनाउदै लैजाने कुरालाई विशेष महत्व र प्रतिवद्धता गरेका थिए । त्यसैगरी उदयपुर, दाङ जिल्लामा पनि महिला स्वास्थ्य सिविर सञ्चालन गरिएको थियो । ओरेकले जनवरी २०२३ देखि जुन २०२३ सम्ममा जम्मा ९६३ जना महिला तथा किशोरीहरुलाई स्वास्थ्य शिविर सञ्चालन गरी महिला यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी सेवा प्रदान गरिएको थियो । त्यसैगरी काठमाण्डौको बुढानिलकण्ठ नगरपालिकाको वडा नम्वर ११ र वडा नं ८ मा महिला स्वास्थ्य प्रजनन् स्वास्थ्य मेला सम्पन्न भएको थियो । बुढानिलकण्ठ नगरपालिको समन्वय र ओरेकको आयोजनामा सञ्चालन एक दिने स्वास्थ्य मेलामा सयपत्री कुराकानी, मनोसामाजिक विमर्श कक्षा, साधारण उपचार र पाठेघरको चेकजाँच गरिएको थियो । जम्मा १९८ जना स्थानीय महिलाहरुको सहभागीतामा सम्पन्न उक्त कार्यक्रममा पाठेघर खस्ने समस्या, पाठेघर सुन्निने समस्या रहको पाइएको थियो ।

यस समयमा ओरेकद्वारा सञ्चालन गरिएका शिविरहरुमा सेवा लिन आउने महिलाहरुमा पाठेघरको मुख सुन्निने समस्या सबैभन्दा बढी पाइयो जुन कुरा परिक्षण गरिएका ९६३ जना मध्ये २१५ जना महिलामा देखिएको उक्त रोगबाट पुष्टि हुन्छ । यस्तैगरी, ३० जनामा महिनावारी गडबडी र दुखाई सम्बन्धी समस्या देखियो भने ३८ जना महिलाहरुमा योनी चिलाउने वा संक्रमणको समस्या, ८७ जनामा पाठेघरको मुखमा घाउ भएको र ९ जना महिलाहरुमा पाठेघरको मुखको क्यान्सर हुनसक्ने शंका गरिएको तथ्याङ्कले देखाएको छ ।

## ख. यौन हिंसा तथा बालिकाहरुको जोखिमपूर्ण गर्भपतनको समस्याका बारेमा बैठक सम्पन्न

ओरेक विराटनगरले जिल्ला प्रहरी कार्यालय मोरङ्गसँगको समन्वय तथा सहकार्यमा लैङ्गिक विभेदमा आधारित हिंसाका घटनाहरु मध्ये बढ्दो यौन हिंसा तथा बालिकाहरु गर्भवती भै जोखिमपूर्ण गर्भपतन गनपर्ने अवस्था साथै आत्महत्या न्यूनीकरणको लागि समुदायमा सचेतनामूलक कार्यक्रमको प्रभावकारिताका लागि जिल्ला प्रहरी कार्यालय मोरङको आयोजनामा ०८ जेष्ठ २०८० का दिन बढ्दो यौन हिंसा तथा बालिकाहरु गर्भवती भै जोखिमपूर्ण गर्भपतन गर्नंपर्ने अवस्था साथै आत्महत्या न्यूनीकरणको सम्बन्धी समन्वय कार्यक्रम सञ्चालन गरेको थियो । यस एक दिने अन्तरक्रिया कार्यक्रममा जिल्लाको प्रहरी कार्यालय प्रमुख, जिल्ला सरकारी कार्यालयको न्यायधिवक्ता, प्रहरि नायव उपरिक्षक, जिल्लामा रहेका सात ईलाका प्रमुख, अपराध अनुसन्धानमा कार्यरत प्रहरीहरुको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा हिंसा न्यूनिकरणका लागि समुदायमा जनचेतनामूलक कार्यक्रम सञ्चालनका लागि कार्यक्रमको योजना बनाएर साझेदारीमा काम गर्न जिल्ला स्थित जेष्ठ नागरिक तथा महिला तथा बालबालिका शाखालाई जिम्मेवार बनाउने र साहि अनुसारका अभियानहरु आगामी दिनमा सञ्चालन गर्ने प्रतिवद्धता प्रहरी कार्यालय प्रमखुबाट व्यक्त भएको थियो ।

## ग. न्यायको लागि यौन अधिकार विषयक प्रदेशस्तरीय कार्यशाला गोष्ठी सम्पन्न

यौन हिंसाका कारण बालिका तथा किशोरीहरुमा परेको असर तथा प्रभावको विषयमा छलफल गर्ने र विशेषत: किशोरावस्थामा हुने गर्भावस्थाको सवाल सम्बोधनका लागि बनेका नीति तथा योजनाहरुको विषयमा छलफल गरी त्यसको समिक्षा गर्दै आगामी दिनमा गर्नुपर्ने प्रयासहरुका सरोकारवालाहरुलाई ध्यानाकर्षण गराउने उद्देश्यले मधेश प्रदेशको धनुषा जिल्लामा प्रदेश स्तरीय कार्यशालाको आयोजना गरिएको थियो । महिला तथा किशोरीहरुमाथि भएको हिंसाको मूल कारणको रूपमा रहेको महिला र पुरुष बिचको असमान शक्ति सम्बन्धमा परिवर्तन हुन सक्दैन तबसम्म बालिका तथा किशोरीहरुको शिक्षा प्राप्त गर्ने अधिकार, आत्मसम्मान सहित बाँच्न पाउने अधिकार, यौन तथा प्रजनन् स्वास्थ्य अधिकार सुनिश्चित हुने वातावरण तयार हुन सक्दैन । बालिका तथा किशोरीहरुको अधिकार सुनिश्चितताका लागि सम्बन्धीत सबै सरोकारवालाहरुको बिचमा बृहत छलफल हुन आवश्यक छ भन्ने सवालमा कार्यशालामा जोड दिएको थियो । कार्यक्रमले नेपाल सरकार, नागरिक समाज, आन्दोलन, सञ्जाल र सञ्चार माध्यमका विभिन्न सरोकारवालाहरूलाई बालविवाह सम्बन्धी परम्परागत सोंचलाई तोडेर काम गर्न आफ्नो जिम्मेवारीको रूपमा छलफल गर्न र योगदान गर्न ठाउँ उपलब्ध गराएको थियो । कार्यक्रममा बालविवाह, यौन हिंसा र महिला र किशोरीहरू बीचको अनावश्यक गर्भावस्था यौन अधिकारको उल्लङ्घनको परिणामको रूपमा लिएर छलफल गरिएको थियो । यस कार्यशाला मार्फत सबै सरोकारवालाहरूलाई उनीहरूको बुझाई, खाका अध्यावधिक गर्न र बालविवाह र यौन हिंसा सम्बन्धी नीतिहरूमा वकालत गर्न प्रोत्साहित गरेको थियो भने न्यायका लागि यौन अधिकारको सवाललाई वहसको रूपमा ल्याएको थियो ।

## घ. यौन तथा प्रजनन् स्वाध्य अधिकार सम्वन्धी साथी शिक्षा तालिम


युवा तथा किशोरीहरुमा यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी साझा बुझाइ भई आफु बिरुद्ध हुने यौन हिंसाको घटनालाई बाहिर ल्याउन सक्ने उद्देश्यले रंगेली र कानेपोखरी विद्यालयमा जम्मा ५६६ जनाको सहभागीतामा स्कुल शिक्षा सम्पन्न गरिएको थियो । किशोर अवस्थामा आउने परिवर्तन र यौन तथा प्रजनन् स्वास्थ्य अधिकार सम्बन्धी विषयबस्तुको बारेमा दोहोरो छलफलको माध्यमबाट यो कार्यक्रम सञ्चालन भएको थियो ।

### ङ. लैङ्गिक मैत्री वातावरण निमार्णका लागि सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम सम्पन्न

महिला पुर्नस्थापना केन्द्र (ओरेक) ले धनगढीमाई नगरपालिकामा शिक्षा शाखा प्रतिनिधिको अध्यक्षतामा धनगढीमाई न.पा.मा रहेका ८ वटा मा.वि.को महिला शिक्षकहरु स्वास्थ्य शाखा प्रमुख, विद्यालय व्यवस्थापन समिति अध्यक्षहरु, प्र.अ.र विद्यार्थीहरुको सहभागिता रहेका थियो । उक्त कार्यक्रममा विद्यालयमा आवश्यक लौंङ्गिकमैत्री वातावरण निर्माण गर्नका लागि प्रस्तावना पत्र समेत प्रस्तुत गरिएको थियो ।

### च. सामुदायिक स्वास्थ्य क्लिनीक सम्पन्न

ग्रामीण सामुदायिक प्रारम्भिक आधारभूत तथा तत्काल आवश्यक पर्ने स्वास्थ्यको क्षेत्रमा प्रतिकारात्मक, प्रवर्धनात्मक र उपचारात्मक, स्वास्थ्य शिक्षा जस्ता उनीहरूको स्वास्थ्यमा तत्काल तथा दिर्घकालीन फाईदा पुऱ्याउने उद्देश्यले ओरेक उदयपुरले महिला तथा किशोरीहरुका लागि सामुदायिक स्वास्थ्यय क्लिनिक सम्पन्न गरेको छ । जस अनुसार साधारण स्वास्थ्य जाँच तथा उपचार सेवा, गर्भवती जाँच, सुत्केरी पछिको जाँच, खोप सेवा, परिवार नियोजन सेवा, ल्याव सेवा प्रदान गरिएको थियो ।




### छ. किशोरी स्वास्थ्य मेला सम्पन्न

ओरक उदयपुरसँगको साझेदारीमा २०७९ फागुन १० र ११ गते नमुना मा.वि रौतामाइ गाउपालिका मुकुर्चिमा विद्यालयको ६२ औं वार्षिकउत्सवको अवसरमासँचालित विज्ञान तथा कला प्रर्दशनी कार्यक्रममा उदयपुर जिल्लाबाट करिव ८० वटा विद्यालयहरुको कलात्मक तथा विज्ञान सम्बन्धी प्रर्दशनी स्टलहरु राखिएको थियो त्यसै अवसरमा ओरेक उदयपुरले पनि आफ्नो शैक्षिक अध्ययन सामग्री, प्रजनन् अधिकार, महिला स्वतन्त्रता तथा महिला तथा बालबलिकामाथि हुने हिंसा विरुद्धका प्रचाहरु, कृषि जलवायु परिवर्तन, महिला स्वास्थ्यसँग सम्बन्धीत जडिबुटिहरुको प्रर्दशनी साना महिला स्वास्थ्य मेलाको रूपमा सेवा प्रवाह गरेको थियो । साथै सम्बन्धीत विषयहरुमा लगभग २०० जना विद्यार्थि, अभिभावक तथा शिक्षकहरुलाई अभिमुखिकरणद्वारा लैंङ्गिक विभेदमा आधारित हिंसा, हिंसाले महिला तथा किशोरीको यौन तथा प्रजनन् स्वास्थ्यमा पर्ने असर बिषयमा पनि सचेतना गराइएको थियो । कार्यक्रममा विद्यार्थि, शिक्षक तथा अभिभावकहरु गरेर २०० जनालाई प्रजनन् अधिकार, महिला स्वतन्त्रता तथा महिला तथा बालबलिकामाथि हुने हिंसा विरुद्धका प्रचारहरु, कृषि जलवायु परिवर्तन, महिला स्वास्थ्यसँग सम्बन्धीत जडिबुटिहरुको बारेमा अभिमुखिकरण गराइएको थियो । ओरेकको

विषयगत कार्यक्रम, भइरहेका अभियान तथा सिद्धान्तलाई प्रवर्द्धन र विद्यार्थिहरुलाई बालयौन दुराचार तथा बालविबाह विरुद्ध अभियान सम्बन्धी र जानाकारीमूलक अध्ययन सामग्री समेत वितरण गरिएको थियो ।

**ज. यौन तथा प्रजनन् स्वास्थ्य सम्वन्धि विषयमा अभिमुखीकरण तथा घरदैलो कार्यक्रम सञ्चालन**

ओरेक नेपाल आयोजनामा महिला समुह, किशोर किशोरी समुहलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्वन्धि विषयमा जानकारी दिने उद्देश्य समुहमा छलफल सञ्चालन गरिएको थियो । महिलाहरुको यौन तथा प्रजनन् स्वास्थ्य अधिकारको बारेमा जानकारी गराई यौन तथा प्रजनन् स्वास्थ्य समस्यामा पहुँच अभिबृद्धि गर्ने उद्देश्यले बिभिन्न पालिकाका महिला, पुरुषहरुको उपस्थीतिमा प्रजनन् स्वास्थ्य सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको थियो । त्रियुगा नगर युवा महिला सञ्जालका सदस्यहरुलाई सुरक्षित गर्भपतन र त्यस सम्बन्धीत कानुनका बारेमा अभिमुखिकरण कार्यक्रम ओरेक उदयपुरको कार्यालयमा सम्पन्न भएको थियो । कार्यक्रममा त्रियुगा नगर युवा महिला सञ्जालका सदस्य, महिला सशक्तिकरण श्रोत केन्द्र र ओरेकका प्रतिनिधि गरेर जम्मा २५ जनाको सहभागिता रहेको थियो ।

**झ. महिला स्वास्थ्य परामर्श केन्द्र स्थापना र व्यवस्थापन समितिको वैठक सम्पन्न**

ओरेक सर्लाहीको आयोजनामा र वौधिमाई कृषक महिला समुहको सहकार्यमा मलंगवा नगरपालिकाको वडा नं. ३ नाहरटोलमा समुदायकै सहयोगमा महिला स्वास्थ्य परामर्शकेन्द्र स्थापना गरियो । महिला स्वास्थ्य अधिकार प्राप्तीको लागि स्थापित गरिएको महिला स्वास्थ्य परामर्शकेन्द्रलाई व्यवस्थित वनाउनको लागि मलगंवा वडा न.१, २ र ३ को वडाको वडाअध्यक्षहरुको अध्यक्षतामा वैठक वसि वडा नं. ३ मा महिला स्वास्थ्य परामर्श केन्द्र व्यवस्थापन समिति गठन गरियो गठन पश्चात ३ वटै अध्यक्ष लगायत उपस्थि सहभागीहरुले केन्द्र व्यवस्थापन गर्न विभिन्न विषयहरुमा छलफल गरियो । त्यसै गरी स्वास्थ्य कार्यालयबाट प्राथमिक उपचारको समान सहयोग गर्ने वडा अध्यक्षले वडा कार्यालय भित्रमा महिला स्वास्थ्य परामर्श केन्द्रको लागि एउटा कोठा उपलव्ध गराउने निर्णय गरेको थियो ।

**४.१.४ सहकार्य तथा संक्रमणकालिन न्याय अन्तर्गत सम्पन्न क्रियाकलापको विवरण**

**क. संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद्बाट पारित प्रस्ताव नं. १३२५ र १८२० कार्यान्वयन सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयन सम्बन्धी जिल्लास्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न**



रुकुममा महिला पुनर्स्थापना केन्द्र (ओरेक) को ३२ औ वार्षिकोउत्सबको अवसरमा संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद्बाट पारित प्रस्ताव नं. १३२५ र १८२० कार्यान्वयन सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयन सम्बन्धी जिल्ला स्थित सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । रुकुम जिल्लाका प्रमुख जिल्ला अधिकरी, जिल्ला समन्वय समिति प्रमुख, जिल्ला न्यायाधिवक्ता, पालिकाका प्रमुख, जिल्ला प्रहरी प्रमुख, महिला मानव अधिकार रक्षक सञ्जाल, मानव अधिकार सञ्जाल, लगायत जिल्लाका सरकारी तथा गैरसरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिको उपस्थीतिमा सञ्चालित उक्त कार्यक्रममा १३२५ र १८२० को कार्ययोजना माथि खुल्ला छलफल गरिएको थियो जसमा सहभागीहरुका तर्फबाट द्वन्द्वको समयमा आफुहरुले शारीरिक, मानसिक हिंसा खपेको तर अहिले सम्म राज्यले न्याय नदिएको, द्वन्द्व प्रभावितका समस्या जहाको त्यहि रहेको, द्वन्द्वको समयमा यौन हिंसा प्रभावितका लागि सरकारले निश्चित कार्यक्रम तथा बजेट बिनियोजन नगरेको जस्ता गुनासाहरु आएका थिए । उक्त कार्यक्रममा जिल्ला प्रमुख अधिकारीले द्वन्द्व प्रभावित महिलाहरुलाई सशक्तिकरण गर्न जरुरी भएको र राज्यलाई न्यायका लागि निरन्तर रूपमा घच्घच्याउन आवश्यक रहेको र उक्त संयूक्त राट्रसंघको दास्रो राष्ट्रिय कार्य योजना १३२५ र १८२० बिषयमा रुकुम पश्चिममा जिल्ला स्तरीय समिति गठन नगरिएकाले यसको प्रभावकारी कार्यान्वयनका लागि समिति गठन गरी कार्यान्वयनमा जानुपर्ने कुरा उल्लेख गरेका थिए । २५ जना पुरुष र १९ जना महिला गरी जम्मा ४४ जनाको सहभागिता रहेको उक्त कार्यक्रममा जिल्ला समन्वय समिति रुकुमका प्रमुख

लुम्बिनी गौतम, त्रिबेणी गाउपालिका अध्यक्ष गणेश कुमार के.सी, मुसिकोट नगर प्रमुख महेन्द्र केसी, एकिकृत माओबादी केन्द्रका पार्टी अध्यक्ष गोबिन्द रोका र मानव अधिकार आयोग रुकुमका संयोजक नरबहादुर लम्साल लगायतले आफ्ना विचारहरु राखेका थिए ।

### ख. दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयन सम्बन्धी जिल्ला स्थित सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम

महिला पुनर्स्थापना केन्द्र (ओरेक) को ३२ औ वार्षिकोउत्सवको अवसरमा संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद्बाट पारित प्रस्ताव नं. १३२५ र १८२० कार्यान्वयन सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयन सम्बन्धी जिल्ला स्थीत सरोकारवालाहरु सँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरीयो । जस्मा जिल्ला समन्वय प्रमुख, पालिका प्रमुख, प्रमुख जिल्ला अधिकरी,जिल्ला न्यायाधिवक्ता,महिला मानब अधिकार रक्षक सन्जाल,मानब अधिकार सन्जाल, जिल्ला प्रहरी प्रमुख लगायत जिल्लाका सरकारी तथा गैरसरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिको उपस्थीतिमा रहेको थियो । उक्त कार्यक्रममा १३२५ र १८२० को कार्ययोजनालाई लिएर कार्यपत्र प्रस्तुत गरी खुल्ला छलफल गरिएको थियो । उक्त कार्यक्रममा २५ जना पुरुष र १९ जना महिला गरी जम्मा ४४ जनाको उपस्थिति रहेको थियो ।

### ग. द्वन्द्व प्रभावित महिलाहरुको अवस्थाको बिषयमा कार्यशाला गोष्ठि तथा सहज सञ्जाल स्थापना

ओरेकले रुकुम जिल्लाको खारा तथा पिपल गाँउपालिकामा द्वन्द्व प्रभावित महिलाहरुको कार्यशाला गोष्ठि सम्पन्न गरेको छ । द्वन्द्व प्रभावित महिलाहरुका आफ्नाजीवनका भोगाई तथा मनमा रहेको पिडालाई जीवन गंगाको माध्यमबाट ब्यक्त गर्ने र द्वन्द्व प्रभावित महिलाहरुको लागि निमार्ण गरेको दोस्रो राष्ट्रिय कार्ययोजनाको बारेमा जानकारी गराई उनीहरुले आफ्ना हक अधिकारको बारेमा जानकार भई स्थानीय सरकारलाई दबाव दिन सकुन् भन्ने उद्देश्यले यो कार्यक्रमको आयोजना गरिएको थियो । यसका साथै उक्त कार्यक्रममा तनाब व्यवस्थापन र स्वः हेरचाह सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको थियो जसमा ५८ जना स्थानीय द्वन्द्व प्रभावित महिलाहरुको सहभागि रहेको थियो । त्यसैगरी रुकुम कै मुसिकोट नगरपालिका वडानं ७ र ८ का द्वन्द्व प्रभावित महिलाहरुलाई एकिकृत गरी उनीहरुका समस्याहरु एक अर्कामा साटासाट गर्ने, द्वन्द्व प्रभावितका सवालमा एकिकृत हुने र आफ्ना हक अधिकारलाई सामुहिक रूपमा स्थापित गर्नका लागि एक जुट हुने वातावरण तयार गर्ने उद्देश्यले द्वन्द्व प्रभावित महिलाहरुको सह-सञ्जाल गठन गरिएको छ । उक्त सञ्जालले द्वन्द्व प्रभावित महिलाहरुलाई एकृकित गर्ने र सञ्जाल मार्फत आबद्ध द्वन्द्व प्रभावितका समस्याहरुमा छलफल गर्ने र सम्बन्धीत निकायसम्म आफ्ना सवालहरुलाई पैरवी गर्न सक्ने क्षमता विकास गर्ने उद्देश्य लिएको छ ।

### घ. द्वन्द्व प्रभावित महिलाहरुको अवस्थाको बिषयमा कार्यशाला गोष्ठि सम्पन्न

महिला पुनर्स्थापना केन्द्र (ओरेक) को आयोजनामा द्वन्द्व प्रभावित महिलाहरुको सहज सन्जालको उपस्थीतिमा कार्यशाला गोष्ठि खारा र पीपलमा सम्पन्न गरिएको छ । उक्त गोष्ठिमा द्वन्द्व प्रभावित महिलाहरुका आफ्ना जीवनका भोगाइ तथा मनमा रहेको पिडालाई जीवन गंगाको माध्यमबाट ब्यक्त गर्ने र द्वन्द्व प्रभावित महिलाहरुको लागि निमार्ण गरेको देस्रो राष्ट्रिय कार्ययोजनाको बारेमा जानकारी गराइ उनिहरुले आफ्ना हक अधिकारको बारेमा जानकारी पाई स्थानीय सरकारलाई दबाब दिउन भन्ने उद्देश्यले यो कार्यक्रमको आयोजना गरिएको थियो । साथै यस कार्यक्रममा उनिहरुको तनाबलाई व्यवस्थापन गर्नका लागि तनाब व्यवस्थापन र स्वःहेरचाह सम्बन्धी छलफल सञ्चालन गरिएको थियो । सो कार्यक्रम त्रिबणीको खुम्चेरी र बाफीकोटको पीपलमा २ वटा सम्पन्न गरिएको छ भने ५८ जना महिला सहभागि रहेका थिए ।

### ङ. द्वन्द्व प्रभावितहरुको समूहको सहज सञ्जाल गठन

ओरेक नेपालको आयोजनमा मुसिकोट नगरपालिका वडा नं ७ र ८ का द्वन्द्व प्रभावित महिलाहरुलाई उनीहरुका समस्याहरुलाई आदान प्रदान गर्ने, द्वन्द्व प्रभावितका सवालमा एकिकृत हक अधिकार र उनीहरुका हक अधिकारलाई सामुहिक रूपमा स्थापित गर्नलाई एकजुट हुने वातावरण तयार गर्ने उद्देश्यले द्वन्द्व प्रभाबित महिलाहरुको सह सञ्जाल गठन गरिएको थियो । उक्त सञ्जालले द्वन्द्व प्रभावित महिलाहरुलाई एकृकित गर्ने र सञ्जालमा आबद्ध गराउने, उनीहरुका समस्याहरुमा छलफल गर्ने र सम्बन्धीत निकायसम्म आफ्ना सवालहरुमा पैरवी गर्न सक्ने क्षमता अभिबृद्धिका लागि

सञ्जालको गठन गरिएको थियो । मुसिकोटको वडा नं. ७ र ८ का जम्मा २५ जना द्वन्द्व प्रभावित महिलाहरुको उपस्थीतिमा गठन भएको उक्त सन्जालको बैठक मासिक रूपमा बस्ने निर्णय पनि गरिएको छ । यसका साथै द्वन्द्वको समयमा भएको घटनाको सम्बोधनका लागि ज्यान गुमाएका, बेपत्ता भएका, बलत्कारको सिकार बन्नु परेका, त्यस बेलाको परिस्थितिले मानसिक रोगी भएका, अंगभंग भएका महिलाहरुलाई क्षमता बिकाश गरी उनीहरुका सवाललाई समग्र रूपमा बुलन्द बनाउन सकुन् भन्ने उद्देश्यले यो सञ्जाल गठन कार्यक्रम सम्पन्न भएको थियो । यस सञ्जालको क्षमता बिकाश तथा सचेतना अभिबृद्धि गर्नका लागि समुहमा महिला हिंसा, महिला स्वास्थ्य,यस सम्बन्धी नीति तथा हानिकारक परम्परागत अभ्यासहरुको बारेमा सचेतना जगाई सामाजिक सोंच परिवर्तन गर्ने वातावरण तयार गर्ने खालका कार्याक्रमहरु सञ्चालन गरिएको छ ।

साथै महिलाको स्वास्थ्य अधिकारका सवालमा पैरवी गर्ने उद्देश्यले महिला स्वास्थ्य परामर्श केन्द्रबाट सेवा पाएका महिलाहरुको सहभागितामा महिला पैरवी सञ्जाल गठन गरी नियमति रूपमा मासिक बैठक सञ्चालन समेत गरिएको थियो । हालसम्म यस सञ्जालको जम्मा १५ पटक बैठक सम्पन्न गरिएको र जम्मा २८३ जना महिलाको उपस्थिति रहेको थियो ।

### च. संक्रमणकालिन न्यायको सवाल विषयक प्यानल छलफल कार्यक्रम

लुम्बिनी प्रदेश स्तरीय महिला मञ्च २०८० मा संक्रमणकालिन न्यायको सवाल विषयक प्यानल छलफलको आयोजना गरिएको थियो । प्यानल छलफलमा वक्ताको रूपमा द्वन्द्वबाट अति प्रभावित क्षेत्रका निर्वाचित जनप्रतिनिधिहरु, अधिकारकर्मीहरु रहेका थिए । संरचनात्मक विभेद, शोषण र एकात्मक शासन पद्धतिबाट जन्मिएको १२ वर्षे शसस्त्र द्वन्द्वको अन्त्य भई 'दिगो शान्ति निर्माण' को प्रतिवद्धतासहित सुरु भएको शान्ति निर्माण प्रक्रिया १७ वर्ष पूरा गरिसकेको छ । यद्यपि विस्तृत शान्ति सम्झौताको मर्म र भावनालाई आत्मसात् गरी सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवताविरुद्धको अपराधसम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिका बारेमा सत्य अन्वेषण तथा छानविन गरी वास्तविक तथ्य बाहिर ल्याउन सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गरिएता पनि द्वन्द्व प्रभावितहरु संक्रमणकालिन न्यायबाट बञ्चित छन् । राजनीतिक रूपमा संक्रमणकाल अन्त्य भएको दावी सरकार पक्षबाट गरिदै आईरहेको छ । यद्यपि सशस्त्रद्वन्द्वका बेला युद्धरत पक्षहरुबाट महिला माथि भएका यौन हिंसा, यातना लगायतका विभिन्न प्रकारका गम्भिर मानवअधिकार उल्लघंनका सवाल सम्बोधन हालसम्म पनि हुन सकेको छैन । जसका कारण द्वन्द्व प्रभावितहरुले शान्तिको अनुभूति गर्नुको साटो द्वन्द्वको घाउ लिएर बाँच्न बाध्य छन् तसर्थ संक्रमण कालिन न्यायको सवाललाई संयुक्त रूपमा उठान गरी द्वन्द्व प्रभावितहरुले न्याय तथा परिपुरण प्राप्त गर्न पाउने अधिकार सुनिश्चित गर्नुपर्दछ भन्नेमा जोड दिएको थियो । प्यानल छलफलको क्रमा द्वन्द्व प्रभावितहरुले आफ्नो भोगाइ समेत प्रस्तुत गरेका थियो ।

### छ. प्रेश विज्ञप्ती तयार तथा संप्रेषण

द्वन्द्वको समयमा हुने यौनजन्य हिंसा उन्मद्रलन सम्बन्धी अन्तराष्ट्रिय दिवस जुन १९ को अवसरमा द्वन्द्वको समयमा भएको यौनहिंसाबाट पीडित तथा प्रभावित महिलाको आत्मसम्मान सहितको सत्य, न्याय र परिपूरणका लागि अविलम्ब व्यवस्था गर्न साथै संक्रमणकालीन न्यायलाई कानुनी ब्याख्याको परिधीबाट फराकिलो पारी स्व–न्याय, पारिवारिक न्याय र सामाजिक न्यायको अनुभूति गर्ने संयन्त्र र वातावरण निर्माणको लागि सबैको ऐक्यवद्धताको लागि अनुरोध गर्दै प्रेश विज्ञप्ती तयार तथा सम्प्रेषण गरिएको छ । साथै उदयपद्रर जिल्लामा द्वन्द्व प्रभावितहरुको राष्ट्रिय सञ्जालसँगको समन्वयमा पालिकामा ध्यानाकर्षण पत्र समेत प्रदान गरिएको छ ।

## ४.२ पर्यावरणीय न्याय र महिलाको नेतृत्व

### ४.२.१ पर्यावरणिय न्याय र दिगो जिविकोपार्जन

ओरेकले आफ्नो स्थापनाकालदेखि नै वातावरण संरक्षण, वातावरण संरक्षणमा महिलाको नेतृत्व र वातावरणीय प्रभावले महिलाको जीवनमा पारेको असरलाई न्यूनीकरण गर्नका लागि अधिकारमुखी र न्यायका दृष्ट्रिकोणबाट काम गर्दै आइरहेको

छ । सन् २०२३ मा ओरेकले पर्यावरणीय न्याय र महिलाको नेतृत्व विषय क्षेत्रलाई संस्थाको रणनीतिक योजनामा समावेश गरेर अभियान सञ्चालन गर्दै आएकोछ । जसअन्तर्गत जलवायु न्याय, पर्यावरणीय न्याय, जीविकोपार्जन, कृषि, विपद् व्यवस्थापन आदि क्षेत्रहरूमा महिलाको नेतृत्वमा उक्त सवाल सम्बोधन गर्नका लागि ओरेकले आफ्ना रणनीति तथा कार्यक्रम सञ्चालन गरेको छ ।

**क. पर्यावरणिय न्यायको विषयमा कर्मचारीहरुलाई अभिमुखिकरण**

ओरेकले २०२३ देखि पर्यावरणिय न्याय र महिलाको नेतृत्व बिषय क्षेत्रलाई परिचित गराउँदै आफ्नो स्थापनाकालदेखि नै जिबिकोपार्जन, जलवायू परिवर्तन, कृषी, पर्यावरण संरक्षणमा कार्य गर्दै आएको भएता पनि यस वर्षदेखी पर्यावरणमा न्यायको दृष्ट्रिकोणबाट काम गरी न्यायको मुद्दालाई बहसमा ल्याउनका लागि यस बिषय क्षेत्र ल्याईएको हो । यो बिषय तुलनात्मक रूपमा नयाँ भएकाले कर्मचारीहरुको बिषयगत क्षमता अभिबृद्धीको लागि पर्यावरणिय न्यायको बिषयमा भर्चुअल अभिमुखिकरण कार्यक्रम गरिएको थियो जसमा वातावरण अभियान्ता मोना आदित्यका तर्फबाट पर्यावरणिय न्याय, राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेश, कानुनी प्रावधान, महिलाको नेतृत्वमा भएका वातावरणिय आन्दोलनहरु, इकोफेमिनिजम आदीको बिषयमा अभिमुखिकरण गराइएको थियो भने ओरेकको संस्थापक अध्यक्ष डा.रेणु अधिकारीले पर्यावरणिय न्यायमा ओरेकको कार्यशैली बारे स्प्रष्ट बनाउनु भएको थियो । यस कार्यक्रममा ओरेकको ६० जना कर्मचारीहरु सगभागी भएका थिए ।

**ख. जलवायू परिवर्तन अनुकुलन तथा न्यूनिकरण सम्बन्धी अभिमुखिकरण**



कपन क्याम्पस र ओरेकको संयुक्त आयोजनामा उक्त क्याम्पसका शिक्षक तथा विद्यार्थीहरुका लागि जलवायू परिवर्तन अनुकुलन तथा न्यूनिकरण सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको थियो । जसमा जलवायू परिवर्तनका हालका सवालहरु, महिला तथा पछाडी पारिएका समुदायमा पारेको असर, महिला स्वास्थ्य र जलवायू परिवर्तन, हालको कानुनी प्रावधान आदी बिषयमा छलफल गरिएको थियो । कार्यक्रम पश्चात् कलेजको परिशरमा वृक्षारोपण कार्यक्रम सम्पन्न गरिएको थियो ।

**ग. जलवायु परिवर्तन र महिला स्वास्थ्यमा असर सम्बन्धी अनुसन्धान**

चन्द्रागिरी नगरपालिकामा रसायनिक विषादीको कारणले महिलाको स्वास्थ्यमा प्रतिकुल असर परिरहेको बिषयमा अनुसन्धान गर्नका लागि कपन क्याम्पससँग सम्झौता गरी अनुसन्धाको कार्य गरिएको छ। जसका लागि ओरेकले नेतृत्व लिने र सम्बन्धीत क्याम्पसले अनुसन्धानमा सहयोगी भूमिका खेल्ने र यस अनुसन्धानका लागि प्रश्नावली र अवधारणा तयार गरी नगरपालिकासँग प्राथमिक चरणको छलफल सम्पन्न भएको छ ।



**घ. विश्व वातावरण दिवशको आयोजना**

ओरेकले यस वर्ष "दिगो विकासको आधार: पर्यावरणिय न्यायमा महिलाको नेतृत्व अधिकार" भन्ने नाराका साथ विश्व वातावरण दिवस मनाइको छ। जस अन्तर्गत ओरेकको कार्यक्षेत्र भएका जिल्लाहरुमा विभिन्न कार्यक्रम गरी पर्यावरणिय न्यायको सवालमा सरोकारवालाहरुको ध्यान आकर्षण गरिएको थियो । जसमा रुकुम वाफिकोट २ पिपलमा र त्रिबेणी ४ खुम्चेरीमा हालको बिग्रदो वातावरण र जलवायु परिवर्तनको अवस्थामा महिला तथा पछाडि पारिएको समुदायमा

परेको संरचनात्मक असर प्रति उत्तरदायी र जवाफदेही बनाउनका लागि समुदायस्तर देखि नीति निर्माणकर्ताहरुलाई ध्यानाकर्षण गराउन जलवायू परिवर्तनको प्रभाव र रोक थाममा सरोकारवालाहरुको भूमिका विषयक अन्तक्रिया कार्यक्रम, बिरुवा रोपन कार्यक्रम र टोल सरसफाइ कार्यक्रम, भक्तपुरमा अन्तरविद्यालय स्तरिय चित्रकला कार्यक्रम, ओरेक सर्लाहीको आयोजनामा सरसफाई, तुलसीपुर उपमहानगरपालीका वडा न. १० को वडा कार्यालयमा नमुना गाउँ तथा दिगो विकास लक्ष्य सम्बन्धी अन्तरक्रिया कार्यक्रम, धनुषामा सरोकारवालाहरु सँग अन्तर्कृया कार्यक्रम जसमा बिभिन्न संघ संस्था तथा सरकारी निकायहरुहरु ओरेक, इन्सेक, जिल्ला प्रहरी कार्यालय, ग्रिन स्पेश, कायाप्लट, सेब द चिल्ड्रेन, मान्डबी ,माइति नेपाल, बि भि यस, राष्ट्रिय मानब अधिकार आयोगको समन्वय तथा सहकार्यमा सार्बजनिक स्थलको सरसफाई, वृक्षारोपण, जनचेतनामूलक सडक नाटक कार्यक्रम सञ्चालन गरिएको थियो ।




जनकपुरधाम उप-महानगरपालिका वडा नं १४ मा वन कार्यालयसँगको समन्वयमा बिभिन्न प्रकारका १५० वटा जडिबुटिको बिरुवा, डालेघाँस आदिको बिरुवाको वृक्षारोपण कार्य सम्पन्न गरियो भने टोलमा सरसफाई तथा प्लाष्टिकजन्य फोहोरले वातावरण तथा मानब स्वाथ्यमा पर्ने असरको बारेमा अभिमुखीकरण कार्यक्रम सञ्चलन गरियो । कैलारी गाउँपालिका कैलालीमा सरसफाई कार्यक्रम, कञ्चनपुर जिल्लामा सरोकारवालासँग वातावरण संरक्षणको विषयमा अन्तर्कृया कार्यक्रम, उदयपुरमा बृक्षारोपण कार्यक्रम, सिरहामा र्‍याली तथा सरसफाई कार्यक्रम र महोत्तरीमा बृक्षारोपण कार्यक्रम सम्पन्न गरिएको थियो ।

यसैगरी जुन ५ बाट सामाजिक सञ्जालमा १ हप्ताको सामाजिक सञ्जाल अभियान सञ्चालन गरिएको थियो । जसमा विभिन्न विषय विज्ञहरुको अन्तर्वार्ता, फोटो तथा भिडियो राखिएको थियो । यस दिवशमा सञ्चालन गरिएका कार्यक्रमहरुमा जम्मा १८४७९ (५७४ कार्यक्रम, बाँकी सामाजिक सञ्जाल अभियान) जनामा पुग्न सफल भएको थियो जसले ओरेकलाई पर्यावरणिय न्यायमा काम गर्ने संस्थाको रूपमा पहिचान स्थापित गर्न सहयोग पुर्याएको थियो ।

### ङ. व्यवसायिक योजना निर्माण सम्बन्धी तालिम सञ्चालन

जनकपुरधाम उप-महानगरपालिकाको वडा नं ९, १४, २० को ३ वटा महिला समुहको १९ जना महिला समुहका सदस्यहरुले बिउ पुँजी प्राप्त गरेका छन् । यसको साथै व्यवसायिक योजनाको २ दिने तालिम पनि दिएको छ । यस अन्तरगत बाखापालन, कीराना पसल, तरकारी तथा फलफूल व्यापार आदी जस्ता व्यवसाय कसरी सञ्चालन गर्ने, आम्दानी, खर्चको रेकर्ड कसरी राख्ने, मुल्य शृङ्खलाले व्यवसायमा कस्तो प्रभाव पार्छ भन्ने विषय आदीमा छलफल गरिएको थियो । हाल १९ जना सहभागीहरुले बिउ पुँजिको माध्यमबाट बाखापालन, कीराना पसल ,तरकारी तथा फलफूल व्यवसाय सञ्चालन गरेका छन् । सर्लाहीमा पनि महिलाहरुलाई व्यवसाय योजना निमार्ण सम्बन्धी तालिम दिएर आर्थिक रूपमा सवल बनाउने उद्देश्यले ५० प्रतिसत आफ्नो लगानीमा दशहजारको दरले जम्मा ६ जना महिलालाई बिउपुँजी सहयोग गरिएको छ । उक्त रकमबाट महिलाहरुले किराना पसल, माछा पालन, तरकारी व्यवसाय लगायतका कामहरु गर्दै आएको छ ।

### च. महिला किसानहरुलाई कृषि औजार सहयोग

जनकपुरधाम उप-महानगरपालिका को वडा नं २० को शक्ति महिला समुह र वडा नं २४ को भगवती महिला कृषक समुहमा कृषक पाठशाला तथा सामुहिक खेती सञ्चालन भएको छ जसमा ३० जना महिला कृषकहरु प्रत्यक्ष रूपमा सहभागी भएका छन् भने समुहका ३० जनालाई नगरपालिकाबाट सामुहिक खेतिका लागि कृषि औजार सहयोग भएको छ । यस समुहमा हजारी, स्प्रे टंकी, रेकर लगायत सामग्री वितरण गर्नँको साथै सिंचाई गर्नको लागि १ रोल पायप पनि

नगरपालिकाबाट प्राप्त भएको छ ।

### छ. मिथिला चित्रकला तालिम

जनकपुरधाम उप-महानगरपालिकाको आर्थिक सहयोग र ओरेक धनुषाको आयोजनामा जनकपुरधाम उप-महानगरपालिकाको वडा नं १४ मुजेलियामा मयुरी मिथिला समुहमा १ महिने मिथिला चित्रकला सम्बन्धी तालिम सम्पन्न भएको छ । उक्त तालिममा जम्मा २० जना दलित महिलाहरुको सहभागीता रहेको थियो भने तालिम २ जना प्रशिक्षकद्वारा सञ्चालन गरिएको थियो । यस क्षेत्रमा बसोबास गर्ने र काम गर्ने महिलाहरुमा परम्परागत मिथिलाकला तालिमको रूपमा रहेको मिथिला चित्रकलालाई व्यवस्थापन, बजारीकरण र अझ बढि सीप प्रदान गर्नका लागि ओरेकले कार्यक्षेत्रका हिँसा प्रभावित महिलाहरुको जीवन स्तरमा थप टेवा पुर्याउनका लागि १ महिने मिथिलाकला तालिम प्रदान गरेको हो ।

### ज. कृषि हाटबजार व्यवस्थापन सम्बन्धी सरोकारवालाबिच अन्तरक्रिया कार्यक्रम

महिला पुर्नस्थापना केन्द्र ( ओरेक) र तुलसीपुर उप-महानगरपालिका वडा नं १२ को संयुक्त आयोजनामा सरोकारवालाहरुको ताजा तरकारी बजार व्यवस्थापन सम्बन्धी साझा अवधारणा माथि छलफल गरी व्यापारी र उपभोक्ता विचको सुमधुर सम्बन्ध स्थापना गर्न र स्थानीय उत्पादनको पहिचान, संरक्षण र प्रवर्द्धन गरी हाटवजार व्यवस्थापन समिति गठन गर्ने उद्देश्यले सरोकारवालाहरुको उपस्थितिमा कार्यक्रमको आयोजना गरिएको थियो । जसमा बजार स्थल/केन्द्र कृषि बजार पूर्वाधार विकास, सामूहिक बजार व्यवस्थापनका फाइदाहरु, बजारीकरणका समस्याहरु, समस्या समाधानका उपायहरु र ताजा तरकारी, बजार व्यवस्थापनमा साझा अवधारणा बनाउन र त्यससँग सम्बन्धीत निर्देशिका माथि छलफल गरिएको थियो ।

### झ. ढाका बुनाई सम्बन्धी ३ महिने तालिमको सञ्चालन



हिंसा प्रभावित तथा द्वन्द प्रभावित महिलाहरुलाई सीप सिकाई आत्म निर्भर बनाई जिविकोपार्जनमा सहयोग पुर्याउने उद्देश्यले रुकुमको मुसिकोट वडा नं ८ मा र उदयपुरको त्रियुगा नगरपालिकामा ३ महिने ढाका बुनाई तालिम सञ्चालन गरिएको छ । जसमा ढाका बुनाई सँगसँगै ओरेकले तालिममा सहभागी महिलाहरुको लागि महिला सशक्तिकरण र व्यवसायिक योजना निमार्ण सम्बन्धी प्रत्येक हप्ता अभिमुखिकरण कार्यक्रम सञ्चालन गरेको थियो । उक्त तालिममा रुकुमका ११ र उदयपुरका जना १० महिलाहरुले तालिम प्राप्त गरेका थिए ।

### ञ. जलबायु परिवर्तनले कृषिमा पार्ने असर विषयक अभिमुखीकरण

जलबायु परिवर्तनको कारण कृषिमा पर्ने ठुलो असर र किसानहरुमा पर्ने मारलाई मध्यनजर गर्दै जलवायु परिवर्तनलाई रोक्न सक्ने खालका वातावरण सिर्जना गर्ने उद्देश्यका साथ **जलबायु परिवर्तनले कृषि र महिलाको यौन तथा प्रजनन् स्वास्थमा पार्ने असर विषयक अभिमुखिकरण कार्यक्रम रुकुमका र उदयपुरका** महिला समुह र महिला कृषक समुहमा सम्पन्न गरियो । ७५ जनाको सहभागितामा सम्पन्न उक्त कार्यक्रमबाट स्थानीय महिला, कृषकहरु लाभान्वित भएका थिए ।

धनगढीमाइ नगरपालीका वाड न. ९ नयनपुर अस्पतालमा स्थानीय तह सरोकारवाला, इको भिलेज, महिला सामुदायिक संस्था, किशोरी समुहका सदस्यहरुसँग जलबायु परिवर्तनले महिलाहरुको स्वास्थ्यमा पर्ने असरबारे अन्तरक्रिया सम्बन्धी अबस्था, चुनौती र समाधान बिषयक अन्तरक्रिया कार्यक्रम समेत सम्पन भएको थियो । जसमा १९ जना महिला र ६ जना पुरुषको सहभागिता रहेको थियो ।

### ट. सुधारीएको चुलो निर्माण सम्बन्धी अभिमुखिकरण कार्यक्रम

ओरेकको आयोजनामा समुहहरुका महिलाहरुलाई धुवा धुलोबाट बचाउनका लागि त्रिवेणी गाउँपालिका वडा न ४ को नमुना गाउँमा सुधारिएको चुलो निर्माण सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न गरियो । उक्त अभिमुखिकरणमा प्रयोगात्मक अभ्यासका साथ तालिम सञ्चालन गरिएको थियो भने तालिम पश्चात् जम्मा १५ जना महिलाहरुले प्रयोगात्मक अभ्यासद्वारा हरेक घरमा चुलो निर्माण गरी प्रयोगमा ल्याएका छन् ।

### ठ. नर्सरी व्यवस्थापन सम्बन्धी अभिमुखिकरण तथा तालिम सञ्चालन

रुकुममा महिला समुह र कृषक समुहमा नर्सरी व्यवस्थापन सम्बन्धी जानकारी गराई उनीहरुलाई नर्सरी उत्पादन गरी व्यवसाय सञ्चालन गराउने उद्देश्यले नर्सरी व्यवस्थापन सम्बन्धी अभिमुखिकरण कार्यक्रमको आयोजना गरिएको थियो । यस कामर्यक्रम त्रिबेणी गाउपालिका, बाँफीकोट गाउपालिका र मुसिकोट नगरपालिका महिला समुहहरुको सदस्यहरुलाई प्रदान गरिएको थियो । यस किशिमको तालिमबाट जम्मा १०६ जना स्थानीय महिलाहरु विभिन्न ४ वटा तालिम मार्फत लाभान्वित भएका थिए । यसका साथै जनकपुर उप-महानगरपालिका र ओरेकको सहकार्य र समन्वयमा त्यँहाको वडा नं १४, २० र २४ मा ४ वटा नर्सरी ब्याड सम्बन्धी तालिम समेत सम्पन्न भएको थियो । जसमा दलित,मुस्लिम, पछाडि पारिएको समुदायको ८० जना सदस्यहरु सहभागी भएका थिए ।तालिम पश्चात् समुहको सदस्यहरुले पोली ब्यागको महत्व बुझी पोलिब्यागमा बेर्ना राख्न थालेका छन् ।

### ड. सघन जैविक खेती प्रणाली विषयक अभिमुखिकरण

किसानहरुलाई अर्गानिक खेती तर्फ आकर्षित गर्नको लागि र अर्गानिक तरकारी खेतीको फाइदाको बारेमा जानकारी गराउने उद्देश्यले ओरेकले त्रिवेणी गाउँपालिका, बाँफीकोट गाउँपालिका र मुसीकोट नगरपालिकामा सघन जैविक खेती प्रणाली विषयक अभिमुखिकरण कार्यक्रम महिला समुहहरुको उपस्थीतिमा सञ्चालन गरिएको थियो । जस्मा १३ वटा तालिमबाट जम्मा २७० जना स्थानीय किसानहरु लाभान्वित भएका थिए

### ढ. झोल मल निर्माण सम्बन्धी एक दिने अभिमुखिकरण कार्यक्रम

महिला तथा कृषक समुहका महिला तथा पुरुषहरुलाई गाँउ घरमा सजिलै पाइने वनस्पतिहरु र अन्य पदार्थ मिसाई तरकारीमा लाग्ने धेरै प्रकारका कीरा तथा रोगलाई व्यवस्थापन गर्नका लागि झोल मल वा प्राङ्गारिक विषादी निर्माण गर्ने उद्देश्यले यो अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको थियो । उक्त कार्यक्रम विभिन्न ११ वटा सञ्चालन गरी जम्मा २ ९८ जना स्थानीय महिला तथा कृषकहरुको सहभगिता रहेको थियो ।

### ण. च्याउ खेति सम्बन्धी अभिमुखिकरण

समुदायमा महिलाहरुले आफ्नै घरमा उत्पादन गर्न सक्ने च्याउको फाइदाको बारेमा जानकारी गराई च्याउ खेति तिर महिलाहरुलाई अग्रसर गर्ने उद्देश्यले च्याउ खेति सम्बन्धी अभिमुखिकरण कार्यक्रम बाफीकोट, त्रिबेणी गाउँपालिका र मुसिकोट नगरपालिकामा ५६ जना महिलाहरुको उपस्थतिमा सम्पन्न गरिएको थियो ।

### त. एक घर एक करेसाबारी निर्माण सम्बन्धी महिला समुहहरुलाई तरकारी खेति तालिम

महिलाको दिगो जीविकोपार्जनमा सहयोग गर्ने र तरकारी उत्पादन गरी दैनिक जीवनमा तरकारी प्रयोग गरुन् भन्ने उद्देश्यले त्रिवेणी गाउँपालिका ३, ४ र ५ बाफीकोट गाउपालिका १ र २ साथै मुसीकोट नगर पालिका वडा नं ८ का महिला समुह तथा कृषक समुहमा तरकारीको बिउ वितरण गरिएको थियो । उक्त तरकारीको बिउ ५४ वटा समुहका महिलाहरुलाई बिउ वितरण गरिएको छ । त्रिबेणीका ३१ वटा महिला समुह, बाफीकोट गाउँपालिकामा १५ वटा समुहमा र मुसिकोट नगरपालिका वडा न ८ का ९ वटा समुहमा आवद्ध भएका महिलाहरुलाई तरकारीको विउँ सहयोग गरिएको थियो ।

### थ. १८ हप्ते कृषक पाठशाला सञ्चालन

मलगंवा नगरपालिका वडा नं.२ को १०७ जना अगुवा कृषक महिलाहरुलाई १८ हप्ते कृषक पाठशालामा १३ हप्ता

सञ्चालन भइसकेको थियो । जनवरी २०२३ देखि जुन २०२३ सम्म सञ्चालन भएका विभिन्न कृषक पाठशाला कक्षामा नियमित कृषक समूहका २० देखि २५ जना अगुवा महिलाहरुको उपस्थिति रहेको थियो । यसैगरी जनकपुर उप-महानगरपालिका वडा नं २० र २४ को दलित, सीमान्तकृत समुदायलाई लक्षीत गरी १८ हप्ते कृषक पाठशाला कार्यक्रम सम्पन्न भएको थियो । वडा कार्यालय तथा कृषि ज्ञानकेन्द्रसँग समन्वय गरी सञ्चालित कार्यक्रममा हरेक हप्ता कृषिमा आएको नयाँ प्रविधिको जस्तैः झोल मल, सोलाराईजेसन ,प्लाष्टिक मल्चिङ्ग आदिको बारेमा छलफल गरी सैद्वन्तिक तथा प्रयोगात्मक कक्षाहरु सञ्चालन गरिएको थियो भने १८ हप्ते कृषक पाठशालाबाट व्यवसायिक खेती बारे बुझे पछि २ जना कृषकहरुले व्यवसायिक तरकारी खेती गर्न सुरु गरेका छन् ।

### द. बजार व्यवस्थापन सम्बन्धी दुई दिने कार्यशाला

सर्लाही जिल्लाको मलगंवा नगरपालिकामा २ दिने बजार व्यवस्थापन सम्बन्धी कार्यशाला सम्पन्न भएको छ । उक्त कार्यशालामा महिला कृषक, व्यापारी, कृषी ज्ञान केन्द्र, उद्योग वाणिज्य संघ, बजार व्यबस्थापन समितिसँग छलफल गरिएको थियो भने विषादीले मानवको शरीरमा पारेको असर तथा महिला कृषकहरुले उत्पादन गरेको विषादी रहित तरकारीमा विक्रीको समस्या बारे अन्तरकृया गरिएको थियो । यस कार्यक्रमको परिणाम स्वरुप नगरपालिकाको सहयोगमा वडामा सामुहिक खेतीबाट उत्पादन गरेको विषादी रहित तरकारी विक्रीको लागि स्टल व्यवस्थापन गरिएको र स्थानीय किसानहरुले सघन जैविक प्रणालीद्वारा विभिन्न प्रकारको तरकारी जस्तैः वोडी, भान्टा, करैला, काँक्रा, लौका, फर्सी, खुसार्नी लगायतका तरकारीहरु उत्पादन गरी विक्रि गर्न थालेका छन् ।

### ध. व्यवसायिक तरकारी खेति सम्बन्धी २ दिने तालिम सञ्चालन

ओरेक उदयपुर र त्रियुगा नगरपालिका कृषि बिकाश शाखाको समन्वय तथा सहकार्यमा त्रियुगा नगरपालिकामा अगुवा कृषकहरुलाई कृषकगत २ दिने घुम्ती तालिम कार्यक्रम सञ्चालन गरिएको थियो । तालिममा कुल ३५ जना कृषकहरुको सहभागिता रहेको थियो भने १९ महिला र १६ पुरुष रहेका थिए । यसका साथै हिंसा प्रभावित महिलाको जिविकोपार्जनलाई दिगो बनाउन सहयोग गर्ने उद्देश्यका साथ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को स्वीकृतिमा ओरेकले कृषि जे.टि.ए (स्तर २) को तालिम सञ्चालन पनि गरेको थियो । ओरेकको कार्यक्षेत्र रहेका जिल्लाहरुबाट सहभागिहरु छनौट गरी १७ जनाको सहभागितामा उक्त तालिम सञ्चालन गरिएको हो ।

### न. आधारभूत सीप विकास तालिम सञ्चालन

ओरेक उदयपुर र ओरेक आधारको साझेदारीमा त्रियुगा नगरपालिका राजाबासमा समुदायमा महिलाहरुको लागि लक्षित गरी स्थानीय स्तरमा उपलब्ध हुने सामाग्रीहरुको प्रयोग गरी स्थानीय स्तरमा महिला कृषकले उत्पादन गरेको कषि समाग्रीहरुको उपयोग बजारीकरण र मुल्य बृद्धि तथा स्वास्थकर खाध सामग्रीहरुको उत्पादन र प्रयोगमा आधारित भई ५ दिनको आधारभूत कुक तालिम ओरेक आधारमा सञ्चालन गरिएको थियो । उक्त आधारभूत कुक तालिममा त्रियुगा नगरपालिका वडा नं ७, ८ र ९ मा रहेका महिला समुहका सदस्यहरुको सहभागिता रहेको थियो । त्यसैगरी ओरेक उदयपुरको कार्यालय परिसरमा ३ महिनाको आधारभूत सिलाई कटाई तालिम सञ्चालन गरिएको थियो । त्रियुगा नगरपालिका वडा नं ७, ८ र ९ का महिलाहरुलाई लक्षित गरी तालिम सञ्चालन गरिएको तालिमबाट १८ जना महिलाहरुले आधारभूत सिलाई कटाईको सीप सिकेका थिए ।

### प. दुनाटपरी निर्माण सम्बन्धी तालिम

त्रियुगा नगरपालिका र ओरक उदयपुरको आर्थिक तथा प्राविधिक सहयोगमा त्रियुगा नगरपालिका वडा नं ७ का १० जना महिलाहरुको दिगो जिविकोपार्जनको लागि र प्लाष्टिकजन्य फोहोरहरुको प्रयोगलाई न्यूनिकरण गर्नको लागि सृजनशिल महिला समुहको नेतृत्वमा ५ दिने दुनाटपरी निमार्ण तालिम सञ्चालन गरिएको थियो । विश्व वातावरण दिवसको अवसर पारी तालिम सञ्चालन गरी उक्त अवसरमा त्रियुगा नगरपालिकाका १० जना महिलाहरुको नेतृत्वमा व्यवसायिक दुना तथा टपरी निमार्णको लागि उद्योग सञ्चालन गरिएको थियो ।

### फ. सीप  परिक्षण तथा प्रमाणिकरण

ओरेक उदयपुरले प्राविधिक तालिम केन्द्रबाट तालिम लिएका (कृषि जे टि ए) तथा समुदायमा व्यवसायिक कृषि तथा पशुपालनको क्षेत्रमा काम गरेका व्यक्तिहरुको  सीप  परिक्षण गराउनको लागि राष्ट्रिय सीप  परिक्षण समितिले मिति २०७७।१०।१४ गते देखि २०७७।१०।१४ गते सम्म बिभिन्न चार वटा बिषयमा सीप परिक्षण सञ्चालन गरेको थियो । सीप परिक्षण ओरेक नेपालको प्राविधिक तालिम केन्द्रमा नै गराइएको थियो ।  जसमा  कृषि जेटिएमा १० जना (महिला ५, पुरुष ५), भेटनरी जेटिए जम्मा १६ (११ महिला, ५ पुरुष) गरी जम्मा ३५ जना लाभान्वित भएका थिए ।

### ब. बेमौसमी तरकारी खेती सम्बन्धी अगुवा कृषक तालिम सञ्चालन

ओरेक उदयपुरको प्राविधिक सहयोगमा बैरेनी ईको भिलेजका तथा त्रियुगा नगरपालिका वडा नं ७, ८ र ०९ का अगुवा कृषकहरुको लागि ६५ दिने बेमौसमी तरकारी उत्पादन तालिम सञ्चालन गरेको हो । तालिममा त्रियुगा नगरपालिकाका २० सक्रिय किसान र किसान समुहका विभिन्न सदस्यहरुको सहभागिता रहेको थियो । तालिममा २ जना पुरुष र १८ जना महिलाको उपस्थिति रहेको थियो । ओरेक उदयपुरले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को पाठ्यक्रम अनुसारको बिभिन्न प्राविधिक बिषयमा सैद्धान्तिक तथा प्रयोगात्मक अभ्यास हितको कक्षा सञ्चालन गरिएको थियो । ओरेकले सहिजकरण गरेको बिषयहरु महिलाको आर्थिक शशक्तिकरण र कृषि व्यवसाय कृषिको व्यवसायिकरण तथा पर्यावरण संरक्षण, संरक्षणात्मक कृषि र दिगो जिविकोपार्जन,  बोर्डो मिश्रणको तयारी, बोर्डो पेस्ट र बोर्डो पेन्ट बीउ प्रशोधन विधि र पी.एच मिटरको प्रयोग र क्यालिब्रेसन विधि सीप परिक्षण तथा प्रमाणिकरण  व्यवसायिक तथा उद्यमशिलता विकास व्यवसायिक योजना निमार्ण र रसायनिक बिषादिको नकारात्मक असर, झोल मल बनाउने बिधि बालिमा लाग्ने प्रमुख रोग तथा किराहरुको जैविक विधिबाट व्यवस्थापन गरेका थिए ।

### भ. बैदेशिक रोजगारीबाट फर्किएकाको लागि व्यवसायिक कृषि उत्पादन सम्बन्धी तालिम सञ्चालन

ओरेक उदयपुरको प्राविधिक सहयोगमा र त्रियुगा नगरपालिकाको सहकार्यमा बैदेशिक रोजगारबाट फर्किएकालाई स्वदेश मै स्वः रोजगारको लागि उत्पेरित गर्न ३ दिने बेमौसमी तरकारी खेती तालिम सञ्चालन गरेको हो । तालिममा त्रियुगा नगरपालिकाका १० जना वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिको सहभागिता रहेको थियो । तालिममा बेमौसमी तरकारी खेती प्रविधिको बिभिन्न पक्षहरुको बारेमा जानकारी गराई सैद्धान्तिक तथा प्रयोगात्मक अभ्यासका कक्षाहरु सञ्चालन गरिएको थियो । बैदेशिक रोजगारीबाट फर्किएका ब्यक्तिहरुको लागि तत्काल व्यवसाय सुरु गर्नका लागि आवश्यक प्रविधिहरु सहित सामग्रीहरु हस्तान्तरण गरिएको छ ।

### म. पर्यावरणीय मैत्री नमुना गाउँको अवस्था  विषलेषण

दाङमा विगत १०  वर्षदेखि  तुलसीपुर उप-महानगरपालिका वडा न १० र ११ दगींशरण गाँउपालिका वडा न. ३ चखौरामा परमपरागत गाउँलाई पर्यावरणीय मैत्री गाउँमा रुपान्तरण र विस्तार गर्ने उद्देश्यले पर्यावरणीय मैत्री नमुना गाँउको सुरुवात गरेको थियो । १० वर्षबाट सञ्चालनमा ल्याइएको पर्यावरण मैत्री नमुना गाउँको हालको अवस्था, उपलब्धी तथा सिकाईहरु के रह्यो भन्ने बारेमा यस अवधीमा अवस्था विश्लेषण गरिएको छ ।

### य. आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार सञ्जालसँग संस्थाको सञ्जालिकरण विस्तार

आर्थिक, सामाजिक, संस्कृतिक अधिकार सुनिश्चितताका लागि पैरवी गर्ने र अधिकार सुनिश्चित गर्ने उद्देश्यका  साथ ओरेकले आर्थिक, सामाजिक तथा सास्कृतिक सञ्जालमा सम्लग्नता जनाएको छ भने काठमाडौं तथा प्रदेशिक र जिल्ला स्तरीय सञ्जालसँगको सहकार्यमा विभिन्न बैठकहरु सञ्चालन गरेको छ । ओरेकले आर्थिक, सामाजिक सांस्कृतिक अधिकार हनन्, खाद्य अधिकार हनन् जस्ता घटनाहरुमा राज्यलाई जिम्मेवार बनाउनका निम्ति अर्थ मन्त्रालयमा ज्ञापन पत्र बुझाउने बारे छलफल समेत सञ्चालन गरेको छ । लुम्बिनी प्रदेशका १० वटा पालिकाहरुमा आगामी वर्षको बजेट तथा योजनामा आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको सवाललाई समावेश गराउनका लागि ध्यानाकर्षण पत्र बुझाउनुको साथै पालिकाका तर्फबाट प्रतिवद्धता जाहेर गर्दै ओरेकले सहभागितामूलक योजना तर्जुमा प्रकृया गर्ने र त्यसमा आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारको सुनिश्चिता हुने कार्यक्रम सञ्चालनका लागि प्रोत्साहन गर्ने कुरा

छलफलमा आएको छ । त्यसैगरी यस  सञ्जालको बैठकबाट सञ्जाल बिस्तारिकरणको लागि केही थप संस्थाहरुलाई पनि सञ्जालमा आवद्धता स्विकृती दिने  र आबद्धताको सम्बन्धमा प्रष्ट निर्देशिका निर्माण गर्ने  बारेमा पनि छलफल गरिएको थियो भने यस सञ्जालको आगामी सम्भावित सवालहरुका बारेमा पनि छलफल भएको थियो । उक्त बैठकमा ओरेकको तर्फबाट आर्थिक, सामाजिक सांस्कृतिक अधिकार हनन्को घटनाहरु संकलन  र विश्लेषण गरी त्यसको आधारमा पैरवी योजना निर्माण गर्ने र जलवायू परिवर्तन र खाद्य अधिकारको सवाललाई विभिन्न तहमा उठान गर्नेपर्ने बिषयमा जोड दिइएको थियो ।

### ४.२.२ मानविय संकटको अवस्थामा महिलाको आवाज र नेतृत्व

#### क. मानविय संकटको अवस्थामा महिलाहरुको सहभागिताका लागि आधारभूत सर्वेक्षण कार्यक्रम सम्पन्न

मानविय संकटको अवश्यकतामा महिलाको नेतृत्व र आवाज सबलिकरणका लागि हालको मानविय संकटको अवस्था र आवश्यकता पहिचान गर्नका लागि प्रदेश स्तरीय आधारभूत सर्वेक्षण कार्यक्रम सम्पन्न गरिएको छ । सुदुर पशिचम, वागमती र लुम्बिनी प्रदेशका जम्मा ७ बटा जिल्लाहरुमा सञ्चालित उक्त आधारभूत सर्वेक्षणमा मानविय संकटको आवस्थामा महिला तथा किशोरीको आधारभूत आवश्यकता सम्बोधनको अवस्था, महिलाको नेतृत्व, क्षमता र सहभागिता, स्थानीय सरकारको विनियोजित बजेटको अवस्था, विपद् व्यवस्थापनका सवालमा हाल व्यवस्था गरिएको  नीति, नियम, प्रावधान, सञ्जाल आदीको प्रभावकारीताको अवस्था र विपद्को अवस्थामा महिला तथा बालिकामाथी हुने हिंसाको जोखिम न्यूनिकरणको अवस्था विश्लेषण गरिएको थियो । विभिन्न जिल्लामा भएको यो सर्वेक्षणबाट विपद् व्यवस्थापन सम्बन्धी पुर्वयोजना, योजना तर्जुमा, आवश्यकता पहिचान र कार्यान्वयननको चरणमा महिलाले नेतृत्व गरेका संस्थाहरुको न्यून सहभागिता, मानविय सहायताको क्षेत्रमा काम गर्ने संस्थाहरुले महिलाले नेतृत्व गरेका संस्थासँग सहकार्य तथा समन्वयको अभाव, महिलाले नेतृत्व गरेका संस्थाहरुको संयुक्त राष्ट्रसंघिय मानविय प्रतिकार्यमा सम्लग्नता नभएको, उक्त संस्थाहरुले विपद् व्यवस्थापनका लागि कुनै प्रकारको स्रोत प्राप्त नगरेको, विपद्को अवस्थामा लैङ्गिक हिंसाको जोखिम बढेको र यि सबै कारणको फलस्वरुप महिलाले नेतृत्व गरेका संस्थाका सदस्यहरुमा मनोसामाजिक समस्याको अवस्था एकदमै जटिल रहेको पाईएको थियो ।

#### ख. “मानविय संकटको अवस्थामा महिलाको आवाज र नेतृत्व” विषयक क्षमता विकास तालिम सम्पन्न

ओरेकले मे र जुन २०२३ मा क्रमशः दाङ्ग र कैलाली जिल्लामा  मानविय संकटको अवस्थामा महिलाको नेतृत्व विकास गर्नका लागि दाङ, कैलाली, कञ्चनपुर, कपिलवस्तु जिल्लाका अग्रडी महिला नेतृहरुको उपस्थितिमा ७ दिने **महिलावादी क्षमता विकास तालिम** सञ्चालन गरेको थियो । यस तालिममा विपद् व्यवस्थापनलाई महिलावादी दृष्टिकोणबाट विश्लेषण गरी उक्त अवस्था परिवर्तन गर्नका लागि महिला नेतृत्व र संस्थाको भूमिकाको बिषयमा छलफल भएको थियो । यस तालिममा लिङ्ग, लैङ्गिकता, परम्परागत हानीकारक मुल्य मान्यता, पितृसत्ता, असमान शक्ति सम्बन्ध, विपद् व्यवस्थापनको हालको अवस्था, समस्या, चुनौति तथा समाधानका अवरोधहरु, विपद् व्यवस्थापनका लागि भूमिका, विपद्को अवस्थामा महिलाको व्यवहारिक र नीतिगत आवश्यकता, विपद्को अवस्थामा महिला स्वास्थ्य, महिला माथि हुने हिंसाको अवस्था, हिंसाको प्रकारहरुका बारेमा सहजीकरण गरिएको थियो । यस तालिममा विपद्का अवस्थालाई सम्बोधन गर्नका लागि महिलाको रुपान्तरित नेतृत्वको विकास, संस्थागत विकास, स्रोतको नक्साङ्कन, सरोकारवालाको नक्साङ्कन, स्थानीय तथा प्रादेशिक नीति नियम तथा प्रावधानहरु, संस्थाको सबल पक्ष, कमजोर वा सुधार गर्नँ पर्ने पक्ष, अवसर, चुनौतीहरु बारेमा छलफल  तथा महिलावाद र महिलावादी सिद्धान्तको बारेमा समेत जानकारी र छलफल भएको थियो । यस तालिममा सहभागी भएका ११ वटा महिला संस्थाहरुको पञ्चबर्षिय कार्य-योजना निर्माण भएको छ ।

#### ग. महिलाले नेतृत्व गरेका संस्थाको संस्थागत विकास कार्यक्रम सम्पन्न

महिलाले नेतृत्व गरेका स्थानीय संस्थाहरुको संस्थागत विकास र स्रोतमा पहुँच अभिवृद्धी गर्ने उद्देश्यले  विगतमा तदर्थ समिति रहेको महिला मानव अधिकार रक्षक सञ्जाल गढवा र राजपुरको कार्य समिति गठन भएको छ । जसले विपद् व्यवस्थापन कार्यमा महिलाको नेतृत्व विकास गर्नका लागि उक्त संस्थाको क्षमता विकासमा सहयोग पुऱ्याउनेछ ।

### घ. विपद् व्यवस्थापन समिति र सरोकारवालाहरुसँग समन्वय बैठक सम्पन्न

जनवरीदेखि जुनसम्मको अवधीमा कैलाली, कञ्चनपुर, दाङ, रुपन्देही, कपिलवस्तु, काभ्रे, मोरङ, उदयपुर र काठमाण्डौ जिल्लामा महिलाले नेतृत्व गरेको संस्थाको नेतृत्वमा पालिका तथा जिल्ला स्तरिय विपद् व्यवस्थापन समिति तथा सरोकारवाला  निकायहरु, संरक्षण विषयगत क्षेत्र र सम्बन्धित मन्त्रालयहरुसँग चरणबद्ध रूपमा २१ वटा बैठक तथा छलफल कार्यक्रमहरु सञ्चालन भएका छन् । यस बैठकमा उक्त पालिका भित्र रहेको विपद् व्यवस्थापन सम्बन्धी सवाल तथा चुनौतीहरु र विपद् व्यवस्थापनमा महिलाको नेतृत्व र महिलाले नेतृत्व गरेको संस्थाको स्रोतमा पहुँच अभिवृद्धीका लागि पैरवी गर्ने उद्देश्यले छलफल गरिएको थियो । साथै, सुदूरपश्चिम प्रदेशमा प्रादेशिक विपत व्यवश्थापन नीतीको मस्यौदा तयार गरि त्यसमाथी छलफल पनि गरिएको छ । जसमा ओरेकको सकृय भूमिका रहेको छ। यसैगरी महिला मन्त्रालय तथा गृह मन्त्रालय सँगको बैठकको माध्यमबाट विपद्को अवस्थामा लैङ्गिक हिंसा रोकथाम, कार्य सञ्चालन कार्यबिधीको तयार गरिएको मस्यौदा गृह मन्त्रालय अन्तर्गतको कार्यकारी समितिबाट पास गराउने निर्यण भएको छ ।

### ङ स्नेह केन्द्र स्थापना

ओरेकले विपद्को अवस्थामा महिला तथा बालिकालाई सेवा दिने उद्देश्यले डोटीको पूर्विचौकी र सयाल नगरपालिकामा र बाजुरा जिल्लामा गौमुलमा सम्बन्धीत पालिकासँगको समन्वयमा ३ वटा स्नेह केन्द्रहरु सञ्चालन गरेको छ । उक्त केन्द्र सञ्चालनको लागि हरेक पालिकामा समन्वय बैठक सञ्चालन गरी उक्त बैठक पश्चात् स्थानीय व्यवस्थापन समिति गठन गरिएको छ जसले स्नेह केन्द्र सञ्चालन निर्देशिकामा आधारित भएर स्नेह केन्द्रको व्यवस्थापन गर्ने गरेको छ । हाल केन्द्रबाट स्थानीय सरकार, स्वास्थ्य सस्था जस्ता सरोकारवाला निकायबाट लैङ्गिक हिंसाको घटना सीफारिस भएर आउने र परामर्श सेवा प्रदान गर्ने गरिएको छ । उक्त क्षेत्रका विद्यालयहरुका विद्यार्थीहरुलाई प्राथमिक मनोविमर्श सेवा, लैङ्गिक हिंसाका सवालमा विभिन्न किशिमका अभिमुखिकरणहरु प्रदान गरिएको छ ।

### च. संरक्षण र आपत्कालिन आवस्थामा हुने लैङ्गिकतामा आधारित हिंसा सम्बन्धी संरक्षण बिषय क्षेत्रका सदस्यलाई ३ दिने तालिम

ओरेकले प्रादेशिक सामाजिक विकास मन्त्रालयसँगको समन्वयमा सुदूरपश्चिम प्रदेश र मधेश प्रदेशमा संरक्षण र आपतकालिन आवस्थामा हुने लैङ्गिकतामा आधारित हिंसा सम्बन्धी संरक्षण बिषय क्षेत्रका सदस्यलाई ३ दिने तालिम सञ्चालन गरेको थियो जसमा ७० जना आपतकालिन अवस्थामा हुने लैङ्गिकतामा आधारित हिंसा बिरुद्ध कार्य गर्ने संरक्षण बिषयक्षेत्रका सदस्यहरुको सहभागिता रहेको थियो । आपतकालिन अवस्थामा हुने हिंसा, जोखिम न्यूनिकरण, विपद् व्यवस्थापन र त्यसमा संरक्षण बिषयक्षेत्रका व्यक्तिको भूमिका र प्रादेशिक, स्थानीय र केन्द्रीय नीति तथा प्रावधानहरुको बारेमा धारणागत स्पष्टता ल्याउनु मुल उद्देश्य रहेको उक्त तालिम मार्फत विपद् पश्चातको विस्थापन, उपलब्ध सेवामा विभेद, पुनःस्थापनमा चुनौती, मानसिक स्वास्थ्यलाई कम प्राथमिकिकरणमा पारिनु जस्ता सवालहरुमा छलफल गरिएको थियो । तालिमको अन्त्यमा सहभागीहरुको कार्य-योजना तयार गरी सामाजिक विकास मन्त्रालयमा बुझाएका थिए । यस तालिमको दौरानमा आपत्कालिन अवस्थामा पछाडि पारिएका र अत्याधिक जोखिममा पारिएका समुदायको प्राथमिकिकरण सुनिश्चित गर्नपर्ने, विपद् प्रतिकार्यमा काम गर्ने सम्पुर्ण निकायहरु बिचमा सहकार्य र सञ्जालिकरण आवश्यक हुने, संरक्षण बिषयगत क्षेत्रको संयन्त्र र सदस्यहरुको भूमिकाको बारेमा स्पष्टता हुनुपर्ने, बिषयगत समितिहरु भित्र विपद् पुर्वतयारी सुनिश्चित गर्नंपर्ने, प्रभावकारी सूचना संयन्त्र प्रणाली, निर्यायक प्रकृयामा पछाडि पारिएको समुहको सहभागीता र आवाज हुनुपर्ने जस्ता बिषयमा छलफल गरिएको थियो ।

### छ. महिला संस्थाको मासिक बैठक र स्व-हेरचाह सम्बन्धी सत्र सम्पन्न

यस अवधीमा मानविय संकटको क्षेत्रमा कार्यरत स्थानीय महिलाले नेतृत्व गरेका संस्थाहरुको २४ वटा बैठक र ५ वटा स्व-हेरचाहका सत्रहरु सम्पन्न भएको छ । यस बैठकमा विपद् व्यवस्थापन कार्यमा महिलाको आवाज र नेतृत्व बिकास गर्नका लागि स्थानीय स्तरको पैरवी योजना निर्माण र कार्यान्वयन, संस्थागत विकास, स्व-हेरचाह, स्थानीय स्तरका विपद् व्यवस्थापनका सवाल र चुनौतीहरु बारेमा छलफल भएका छन् ।

### ४.२.३ अन्तरपुस्ता रुपान्तरित नेतृत्व विकास

#### क. किशोरीलाई अभिमुखिकरण

किशोर किशोरीहरुलाई यौन तथा प्रजनन् स्वास्थ्य र यौनिकता, दिगो विकासको लक्ष्य, महिला माथि हुने सबै प्रकारका हिंसा बिरुद्धको महासन्धी, बालविवाह आदि बारे अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको छ । यस अभिमुखिकरण कार्यक्रमहरुमा किशोरीहरुले समाजमा किशोरीलाई हेर्ने दृष्ट्रिकोण, कम उमेरमा हुने विवाह, किशोरीको गतिशिलता र यौनिकता माथिको नियन्त्रण, बालविवाहले किशोरीको स्वास्थ्यमा पार्ने असर, घरेलु हिंसाको कारणले बालबालिकामा परेको असर र बालविवाहको जोखिम आदि बिषयमा छलफल गरिएको थियो भने किशोरी तथा बालिका माथि हुने यि प्रकारका हिंसा अन्त्यका लागि दिगो विकासको लक्ष्यहरु र यसको भूमिकाको बारेमा पनि अभिमुखिकरण गरिएको थियो । यि कार्यक्रमहरुमा  जम्मा ४१६ जना किशोर किशोरीहरु सहभागी भएका थिए ।

#### ख. अतिरिक्त क्रियाकलाप सम्पन्न

दंगिशरण गाउँपालिकाको आयोजना र ओरेक नेपालको सहकार्यमा दंगिशरण गाउँपालिकामा सार्वजनिक स्थानमा महिला तथा बालबालिका माथि हुने हिंसा न्यूनिकरण गर्ने र विद्यार्थी भित्र लुकेर रहेको प्रतिभा उजागर गर्ने उद्देश्यले विद्यार्थी मेला कार्यक्रम दंगिशरण गाउँपालिका वडा नं ३ मा रहेको श्री बिरेन्द्र माध्यामिक विद्यालयको प्राङ्गणमा सम्पन्न गरिएको थियो । यसैगरी अन्तराष्ट्रिय महिला स्वास्थ्य अधिकार दिवसको अवसरमा कैलाली जिल्लामा किशोरी समुहसँग चित्रकला कार्यक्रम गरिएको थियो । जसमा आफुले भोग्न परेको समस्या र चाहेको संसारको बारेमा किशोरी सञ्जालका सदस्यहरुले चित्र मार्फत प्रस्तुत गरेका थिए । चित्रमा छोरीछोरी भएको कारण महिला माथि हिंसा भएको समाजका बहुविवाह महिलामाथि घरेलु हिंसा विद्यालय टाढा र जङ्गलको बाटो पानीको समस्या बालविवाह, आगलागिको समस्या रहेको चित्र बनाएका थिए भने आफुले चाहेको परिवर्तनमा लैङ्गिक समानता महिला किशोरीहरुलाई स्वतन्त्रताको चित्र बनाएका थिए । यसैगरी उदयपुरमा १ दिने हाजिरीजबाफ प्रतियोगिता कार्यक्रम सम्पन्न गरिएको थियो । जसमा ११ वटा टोल बिकास संस्थाको ३३ जना बाल बालिकाहरुले सहभागिता जनाएका थिए ।

#### ग. किशोर किशोरी समुहको बैठक सम्पन्न

बाफीकोट गाँउपालिका १ र २, त्रिबेणी गाँउपालिका ३, ४ र ५, मुसिकोट नगरपालिका वडा नं ८ मा किशोर किशोरी समुह गठन गरिएको छ । यस अबधिमा ८ वटा किशोरी समुहको बैठक सम्पन्न गरिएको छ । जसमा १०३ जना महिला र ४५ पुरुष गरी १४८ जना किशोरकिशोरीहरु उपस्थिती रहेको थियो । यसैगरी जिल्ला स्तरिय किशोरी अधिकार मञ्च रुपन्देही र कपिलबस्तुको २ वटा मासिक बैठक, पालिका स्तरिय किशोरी अधिकार मञ्चको रोहिणी, गैडहवा, कोटहिमाई, ओमसतिया, सम्मरीमाई, सुद्दोधन, विजयनगर, कृष्णनगर, शिभराज नगरपालिकामा ६ वटा बैठक, प्रदेश स्तरिय किशोरी अधिकार मञ्चको भर्चुअल बैठक तथा फिजिकल बैठक सम्पन्न गरिएको छ । जुन बैठकहरुमा समिक्षा तथा आगामी योजनामा छलफल गरिएको थियो । साथै, मासिक कार्य-योजनाको कार्यान्वयनको अवस्था, चुनौतीहरुमा छलफल गरी बढ्दो बालबिवाहलाई न्यूनिकरण गर्नका लागि  बालविवाह विरुद्ध पालिका तथा प्रहरी कार्यालयहरुमा ध्यानाकर्षण पत्र बुझाइएको छ ।

#### घ. युवा महिला सञ्जालको बैठक कार्यक्रम

उदयपुरमा विभिन्न बिषयमा युवा महिलाको नेतृत्वमा समुदायमा युवा महिलाको र किशोरीहरुको सवाल पहिचान गरी उक्त सवालहरु सम्बोधन गर्नका लागि युवा महिला सञ्जालको नेतृत्वमा ४ वटा मासिक  बैठक बसी हानिकारक परम्परागत अभ्यास, लैङ्गिक विभेदमा आधारित हिंसा, रचनात्मक क्रियाकलापहरु, मर्यादित महिनावारी, यौन तथा प्रजनन् स्वास्थ्यका बिषयमा छलफल गरिएको थियो ।

#### ङ युवा महिलाको सवाल पहिचान र सम्बोधनका लागि पैरवी

रौतामाई गाँउपालिका वडा नं २ मा रहेको युवा सञ्जालका युवा महिलाहरुको बिभिन्न सबालहरुको पहिचान तथा सम्बोधनका लागि रौतामाई गाँउपालिका वडा नं २ का युवा महिलाहरुको सञ्जाल गठन भई उक्त सञ्जालले आगामि दिनहरुमा यस

पालिका भरी नै समाजमा रहेको हानिकारक परम्परागत अभ्यास तथा महिला माथि हुने हिंसा, लौङ्गिक बिभेद र महिला सशक्तिकरणको लागि बिभिन्न प्रकारका जनचेतनामूलक गतिबिधिहरु सञ्चालन गर्ने तथा बिभिन्न प्रकारका पैरवीमूलक गतिबिधिहरु सञ्चालन गर्नका लागि आवश्यक सहज वातावरणको निमार्णको लागि ओरेक उदयपुरले १ दिने क्षमता अभिबृद्धि कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रम पश्चात् सहभागिहरुले गाँउपालिका तथा वडा कार्यालयसँग ७ बुदे माग पत्र पेश गर्ने योजना तयाी गरेका छन् भने युवा सञ्जालहलाई पुर्नगठन पनि गरिएको छ । कार्यक्रममा रौतामाई गाँउपालीका वडा नं २ का २१ जना युवा महिलाहको उपस्थिति रहेको थियो ।

### च. यूवाहरुको क्षमता अभिबृद्धि सम्बन्धी ३ दिने तालीम

ओरेक रुकुमको आयोजनामा २०८० जेठ २३ देखि २५ सम्म लैङ्गिक हिंसा, नेतृत्व विकासको महत्व तथा आवश्यकता, लागु पदार्थ दुर्व्यसनी र सामाजिक सञ्जालको दुरुपयोग जस्ता बिषयमा अवधारणगत स्पष्टता र समाजमा रहेका हानिकारक परम्परागत अभ्यासहरुलाई युवाहरुको सक्रियतामा न्यूनिकरण गर्ने वातावरण तयार गर्ने उद्देश्यले यो तालिमको आयोजना गरिएको थियो । वाफिकोट १ र २ का गरी १० जना त्रिबेणीवाट १३ र मूसिकोटको ८ नं वडावाट ४ जना गरी जम्मा २७ जना यूवाहरुको सहभागिता रहेको थियो । यस तालिम पश्चात उनीहरुले एक वर्षको योजना निर्माण गरेको छन् । जस्मा उनिहरुले हरेक विद्यालयमा वाल विवाह सम्बन्धी सडक नाटक, अभिमुखिकरण, छलफल, स्थानीय जन प्रतिनिधिहरुसँग युवाहरुको सवालमा अन्तरक्रिया, समुदायमा हुने गरेका द्वन्द्व, लैङ्गिक हिंसाका सवालहरुमा कार्यक्रम सञ्चालन गर्ने भनी योजना निर्माण गरेका थिए ।

### छ. युवा तथा किशोरीहरुलाई नेतृत्व विकास तथा क्षमता अभिबृद्धि तालिम समिक्षा

युवा तथा किशोरीहरुलाई नेतृत्व विकास तथा क्षमता अभिबृद्धि गर्न युवाहरुको सवाललाई युवा अधिकारको आन्दोलनमा मूल प्रवाहिकरण गर्न सहजिकरण र पैरवी गर्न उनीहरुले समुदायमा गर्ने काम कर्तव्यको बारेमा सहजिकरण गर्ने र युवाहरु समुदायमा हानिकारक परम्परागत अभ्यास न्यूनिकरणको लागि अवाज उठाउने उद्देश्यका साथ जिल्लाका युवा तथा किशोरीहरुलाई उनहरुले तालिम पश्चात् गरिरहेको कामको समिक्षा गर्न बैठक बसेको थियो । २२ जनाको उपस्थितिमा भएको बैठकमा लहान नगरपालिका, बिष्णुपुर गाउँपालिका, भगवानपुर गाउँपालिका तथा त्यहाका किशोर किशोरीहरुको उपस्थिति रहेको थियो । एक वर्ष अगाडि युवा तथा किशोरीले बनाएको कार्ययोजना अनुसार समुदायमा काम गरिरहेको यस समुहले १९ जना महिला र ३ जना पुरुषको सहभागितामा तालिम सम्पन्न गरेको थियो ।

### ज. युवा महिला सञ्जाल गठन

रुपन्देही र कपिलवस्तु जिल्लामा अन्तर्पुस्ता ज्ञान हस्तान्तरण गर्ने उद्देश्यले लुम्बिनी, सम्मरीमाई, महाराजगञ्ज र यशोधरामा ४ वटा युवा महिला सञ्जाल गठन भएको छ जसमा १९ वर्ष पुगेका किशोरी अधिकार मञ्चका सदस्य र महिला आधिकारका समुदाय स्तरमा कर्यरत ४० वर्ष मुनिका युवा महिलाहरु आबद्ध छन् ।

### झ. स्थानीय योजना तर्जुमा प्रकृयाको बारेमा किशोरी अधिकार मञ्चलाई ३ दिने तालिम

स्थानीय योजना तर्जुमा प्रकृयाको बारेमा किशोरी अधिकार मंचका सदस्यहरुलाई ३ दिने तालिम आयोजना गरिएको थियो । यस तालिममा २१ जना किशोरीहरु सहभागी भएका थिए । यस तालिममा किशोरीहरुले स्थानीय योजनामा किशोरीको मुद्दालाई कसरी समावेश गराउने भन्ने बारेमा छलफल गरिएको थियो । यस तालिम पश्चात् किशोरी अधिकार मञ्चले रुपन्देहीका पालिकामा ६ वटा र कपिलवस्तुका पालिकाहरुमा ५ वटा प्रस्तावना पेश गरेका थिए जसको फलस्वरुप लुम्बिनी सांस्कृतिक नगरपालिका, ओमसतिया गाउँपालिका र कपिलवस्तु नगरपालिकाले किशोरीका लागि नेतृत्व विकास, सुरक्षाको तालिम र नाटक कार्यक्रमका लागि बजेट बिनियोजन गरेको छ ।

### ञ. किशोरी अधिकारमा काम गर्ने संस्थासँग बैठक

केयर नेपाल, ओरेक र किशोरी अधिकार मञ्चको संयुक्त आयोजनामा अन्य १५ बटा संस्थाहरु जो किशोरीका सवालमा कार्यरत संस्थाहरु जस्तै जेसिवाइसियन, सिविन, टेवा लगायतका संस्थाहरुको उपस्थितिमा किशोरीको सवालहरुको बारेमा छलफल गरिएको थियो । यस बैठकमा किशोरी अधिकार मञ्चले संस्थाको काम, कार्यशैली र सञ्जालीकरणको बारेमा

प्रस्तुतिकरण गरी सुरुवात गरिएको थियो । यस कार्यक्रमको मुख्य उद्देश्य किशोरीहरुले नेतृत्व लिइरहेको अभियानहरु र किशोरीका सवालहरुलाई लाई विभिन्न आन्दोलनहरुमा मुल प्रभाविकरण गर्नका लागि वातावरण तयार गर्नँ रहेको छ । साथै, यस बैठकले सम्पुर्ण सरोकारवालामा साझा बुझाई निर्माण गरी किशोरीहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा सञ्जालीकरण गराउन प्रतिबद्ध गराएको छ ।

### ट. किशोरीको अधिकार सुनिश्चितताका लागि अभिभावक भेला सम्पन्न

किशोरीहरुको हिड्डुल र उनीहरुको इच्छा अनुसारका कामहरुको सुनिश्चिचताका लागि किशोरी अधिकार र अभिभावकको दायित्व विषयक किशारी अभिभावक सम्मेलन सम्पन्न भएको छ । लुम्बिनी प्रदेशको रुपन्देही र कपिलवस्तु जिल्लामा सञ्चालन उक्त सम्मेलन किशोरी अधिकार मञ्चको संयोजकत्वमा सञ्चालन भएको हो । किशोरीहरुले समुदाय स्तरमा किशोरीमाथि हुने हिंसा, विभेद र नियन्त्रण विरुद्ध आवाज उठाउँदै आएको र उनीहरुले गरेका यस किशिमका अभियानले पारिवार तथा सामाजमा परापुर्वक कालदेखि चली आएका परम्परागत मुल्य मान्यता विपरितका कार्य सञ्चालन गरेकोमा पारिवारिक समस्या आएको र किशोरीहरुले झन् हिंसा र अपमान सहनु पर्ने अवस्था रहेकाले किशोरीहरुको हिडडुल तथा कामको अधिकारलाई सुनिश्चित गर्न र  परिवारले उनीहरुका अभियानमा सहयोग गर्न र भावनात्मक रूपमा पनि अभिभावकले किशोरीहरुलाई सहयोग गर्नका लागि यस किशिमको सम्मेलनको आयोजना गरिएको हो । किशोरीहरु र अभिभावकहरु बिचको भावनात्मक दुरीलाई कम गर्ने उद्देश्यले रुपन्देही र कपिलवस्तु जिल्लामा जम्मा १६ वटा किशोरी सम्मेलन सञ्चालन गरिएको थियो । रुपन्देही जिल्लाको शुद्धोधन गाँउपालिकामा सञ्चालित उक्त कार्यक्रम सम्बन्धीत गाँउपालिकाको समन्वय तथा ओरेक र केयर नेपालको सहकार्यमा सम्पन्न भएको थियो । यस कार्यक्रमको मुख्य उद्देश्य अभिभावकहरुले किशोरहिरुलाई सहयोग र समर्थन गर्ने वातावरण तयार गर्ने रहेको थियो ।

### ठ. वागमती प्रदेशका महिला मानव अधिकार रक्षकहरुसँग एक दिने कार्यशाला


अन्तर्पस्ता सिकाई आदान प्रदान गर्ने, किशोरीका मुद्दाहरुलाई महिला मानव अधिकार रक्षक अभियानको मुद्दाको रूपमा अझ बृहत बनाउने उद्देश्यका साथ वागमती प्रदेश स्तरिय महिला मानव अधिकार रक्षकहरुको  एक दिने कार्यशाला गरिएको थियो । जसमा महिला मानव अधिकार रक्षक र किशोरी अभियान्ता गरी जम्मा ४० जना सहभागीहरुको उपस्थिति रहेको थियो । यस कार्यशालामा महिला मानव अधिकार रक्षकहरुले महिला अधिकारको आन्दोलनमा पुर्याएको योगदान, सामना गर्नँपरेका चुनौतीहरु, समाधानका उपायहरुको बारेमा छलफल गरिएको थियो । यस कार्यक्रममा किशोरीहरुले आफ्नो अभियानमा अघिल्लो पुस्तामा अभियान्ताहरुको सहयोग आवश्यक रहेको बताएका थियो । यस कार्यक्रमको अन्त्यमा वागमती प्रदेश स्तरिय महिला मानव अधिकार सञ्जालले किशोरीको मुद्दाहरुलाई एकिकृत गरी आफ्नो वार्षिक कार्य-योजना निर्माण गरेका छन् । साथै प्रदेश स्तरिय संजाको पुनर्गठन पनि गरिएको थियो ।


## ४.३ गुणस्तरिय सेवा र हेरचाह

लैङ्गिक विभेदमा आधारित हिंसा जटिल जनस्वास्थ्य समस्या भएका कारण यसबाट महिला तथा किशोरीहरू प्रभावित छन् । विभेदित संरचना र त्यसको आडमा महिलालाई हेर्ने दृष्टिकोण महिला तथा किशोरीमाथि हुने लैङ्गिक हिंसाको जरो कारण हो । यस्तो अवस्थामा हिंसा प्रभावितको न्यायमा पहुँचको सहजीकरणका लागि प्रभावित केन्द्रित प्रणालीबाट सहयोग पाउनु उनीहरूको अधिकार हो । ओरेकले हिंसा प्रभावित महिला तथा किशोरीहरूलाई गुणस्तरीय सेवा प्रदान गर्न धेरै संयन्त्रहरू स्थापना गरेको छ । उनीहरूको न्यायमा पहुँच अभिबृद्धिमा सहजीकरण गर्न हटलाईन, मनोविमर्श, सुरक्षा आवास र कानुनी परामर्श तथा कानुनी सहयोग जस्ता सेवाहरू प्रदान गदै आइरहेको छ ।

### ४.३.१ सुरक्षा आवास सञ्चालन

ओरेक नेपालले हिंसा प्रभावित व्यक्तिलाई तत्काल सुरक्षा प्रदान गर्न तथा मनोवैज्ञानिक, शारीरिक र कानूनी उपचारको क्रममा उनीहरुलाई सुरक्षित तवरले बस्ने व्यबस्था गर्ने सिलसिलामा हिंसामा परेका महिलाहरुलाई लक्षित गरी ओरेकले ६ वटा (मोरङ, धनुषा, कैलाली, सुनसरी, काठमाण्डौं, उदयपुर) जिल्लामा सुरक्षा आवास सञ्चालनमा रहेको छ । जसमा जम्मा १०६ जना प्रभावितले सुरक्षाआवासको सेवा लिएका थिए भने ४२ जना प्रभावितका आश्रित बालबालिका र ६ जना सहयोगी रहेका थिए ।




### क. सुरक्षा आवास निर्देशन समितिसँग बैठक तथा कार्य समिक्षा कार्यक्रम सम्पन्न

ओरेक उदयपुरको आयोजनामा र जिल्ला समन्वय समितिको सहकार्यमा जिल्ला समन्वय समितिको सभा हलमा सुरक्षा आवास निर्देशन समितिको बैठक तथा कार्य समिक्षा कार्यक्रम भएको थियो । सुरक्षा आवासको वार्षिक सेवा लिने सेवा प्रभावितहरुको अवस्था पालिका अनुसारको घटना विष्लेशणात्मक प्रतिवेदनको प्रस्तुतीकरण भएको थियो । उक्त छलफलबाट पुनः निर्देशिकामा काम गरी पालिकाको इमेल मार्फत पठाउने र फोन सम्पर्क गर्ने सुझाव पश्चात पुनः थप गरी जिल्ला सभाबाट पारित गर्ने निर्णय गरिएको थियो ।

सामाजिक बिकास मन्त्रालयको आयोजनामा अल्पकालिन तथा दिर्घकालिन सुरक्षा आवास गृह सञ्चालनको अन्तरक्रिया कार्यक्रममा ओरेकद्वारा सञ्चाालित कोशी प्रदेशको उदयपुर, सुनसरी र मोरङ्गका अवस्थित आवास गृहको बारेमा सूचना आदन प्रदान गरिएको थियो ।

**ख. जिल्ला प्रहरी, नेपाल बार, न्यायीक समिति र वडा, सेवा प्रदायक निकायसँग बैठक तथा प्रभावित केन्द्रीत प्रणाली र सुरक्षित सम्प्रेषण सम्बन्धी तालिमको फलोअप बैठक सम्पन्न**

उदयपुर, सर्लाही जिल्लाको आयोजनामा जिल्ला प्रहरी, नेपाल बार एसोसिएसन, न्यायीक समिति र वडाहरु सेवा प्रदायक निकायसँग बैठक हुँदा विभिन्न कार्यक्रमहरुको प्रभावकारीताको लागि र घटनामा आएको चुनौतीहरुको समाधानका लागि समन्वय बैठकको आयोजना गरिएको थियो । लामो समयदेखि सुरक्षा आवासमा भएका घटनाहरुको पुर्नस्थापनाको लागि जिल्ला समन्वय समिति, नगरपालिका, वडा र टोल विकासहरुको समन्वय र सहकार्यमा घटना व्यबस्थापन गरिएको थियो ।

**ग. एकद्धार संकट व्यवस्थापन केन्द्रसँग समन्वय वैठक सम्पन्न**



सर्लाही, कैलाली जिल्लाको एकद्धार संकट व्यवस्थापन प्रणालीको आयोजनामा र विभिन्न संघ संस्थाको सहकार्यमा समन्वय वैठक बसी महिला माथी हुने हिंसाको घटनालाई एकद्धार संकट व्यवस्थापन प्रणाली केन्द्रबाट न्याय दिलाउनु पर्ने विषयमा छलफल भएको थियो । छलफल पश्चात यस प्रणालीको बारेमा बाहिर थाहा नभएका कारण यसलाई रेडियो जिङ्गल, पत्रपत्रिकाबाट प्रचार प्रसारको योजना बनाउनु पर्ने भन्ने सुझावहरु आएका थिए । जसका फलस्वरुप यसको कार्यशैली र यसको बारेमा जिल्लामा जानकारी भइ हालका दिनहरुमा यसको सेवाको प्रभाकारिता बढ्दै गएको पाइएको छ ।

**घ. घर दैलो कार्यक्रम सम्पन्न**



शान्तिनगर गाउँपालिका र दगींशरण वडा नं ३, ४ वडाहरुमा हिंसा प्रभावित महिलाहरुको अवस्थाका बारेमा जानकारी लिने उद्देश्यले घर दैलो कार्यक्रम सञ्चालन गरी उनीहरुको स्वास्थ्य अवस्थाको बारेमा जानकारी लिई न्यायिक प्रकिया अगाडि बढाउने बारेमा घरदैलो कार्यक्रम गरिएको थियो । उक्त कार्यक्रममा महिलाको स्वास्थ्य अवस्थाका बारे जानकारी लिँदा मानसिक रूपमा तनाव हुने, न्यायीक समितिमा न्यायिक प्रकिया ढिला हुने, न्यायिक समितिमा घटना दर्ताको शुल्क लाग्ने भएको हुँदा आर्थिक रूपमा कमजोर हिंसा प्रभावित महिलाको घटना छलफल नहुने अवस्था रहेको र मानसिक तनावको लागि मनोविमर्शमा जानु पर्ने सल्लाह दिइएको थियो ।

**ङ मनोविमर्श केन्द्र सञ्चालन तथा व्यवस्थापन**

ओरेकले प्रत्यक्ष रूपमा काम गर्दै रहेको १९ जिल्लाहरु मध्ये १२ वटा जिल्लामा प्रत्यक्ष रूपमा मनोसामाजिक सेवा दिँदै आएको छ भने ७७ वटा नै जिल्लामा महिला मानव अधिकार रक्षक सञ्जाल मार्फत आवश्यकताको आधारमा मनोविमर्श सेवा उपलब्ध गराएको छ। मनोविमर्श सेवा प्रदानको लागि प्रत्यक्ष्य र अप्रत्यक्ष्य गरी ३३ जना मनोविमर्शकर्ता संलग्न भएर आ-आफ्नो क्षेत्रमा कार्यरत रहेकाछन् । मनोबिमर्श सेवा लिन आउने व्यक्तिहरुलाई मनोसामाजिक परामर्शदाताहरुबाट मनोसामाजिक समस्या र समस्या हुनुको कारण र लक्षणहरुको बारेमा जानकारी पनि गरिएको थियो । जस अन्तर्गत यसबाट प्रभावितहरुमा निद्रा नलाग्ने, टाउको दुःख्ने , छटपटि हुने, डरत्रास हुने, तनाव हुने, खाना खान मन नलाग्ने, एक्लोपनाको महशुस हुने जस्ता समस्याहरु आउने गरेको पाइएको थियो ।

### च. मनोसामाजिक सहयोग सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न

ओरेक कैलाली, रुकुम, दाङको आयोजनामा तुलसीपुर उप-महानगरपालिका, शान्तिनगर गाँउपालिका, धनगढी उप-महानगरपालिका अन्य पालिकाहरुमा महिला समुहका समस्यहरुलाई मानसिक स्वास्थ्य तथा स्वःहेरचाह, मनोपरामर्शको महत्व र आवश्यकता सम्बन्धी जानकारी गराउने र मनोसामाजिक समस्या पहिचान गरी समस्या समाधान गर्न सहयोग गर्ने उद्देश्यले मानसिक स्वास्थ्य सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ। मनोसामाजिक समस्याको बारेमा अभिमुखिकरण कार्यक्रम पश्चात ८ जना द्वन्द्वकालिन यौन हिंसा खपेका नँया प्रभावितको पहिचान भई मनोबिमर्श सेवाको लागि सीफारिस गरी पठाइएको र प्रभावितले सेवा लिइरहेको पाइएको छ।

### छ. मनोविमर्श केन्द्र दिगोपना सम्बन्धी समन्वय बैठक


मनोविमर्श केन्द्र दिगोरूपमा सञ्चालनमा आएका समस्या र समस्या समाधानको लागि वडा कार्यालयबाट हुने पहलको बारेमा खुल्ला रूपमा छलफल गरिएको थियो। मनोविमर्श केन्द्र, यसबाट प्रदान गरिने सेवालाई दिगोरूपमा सञ्चालन गर्नको लागि वडा कार्यालयको सहयोगको आवश्यक रहेको जानकारी गराईएको थियो। जानकारी पछि वडा कार्यालयले मनो विमर्श सेवा लिन आउनेहरुका लागि आर्थिक सहायता प्रदान गर्ने कुरामा प्रतिवद्धता जनाएको थियो भने आगामी आर्थिक वर्षमा यस सम्बन्धीका कार्ययोजना र प्रस्तावनाका लागि सल्लाह दिएको थियो।

### ४.३.२ कानूनी परामर्श र सहायता

हिंसा प्रभावित महिला तथा बालबालिकालाई ओरेकले निःशुल्क कानूनी परामर्श र कानूनी सहायता प्रदान गरिएको छ। जस अन्तर्गत २५ जना हिँसा प्रभावितहरुलाई कानुनी परामर्श तथा सहयोग गरेको र १० वटा भन्दा बढी मुद्धाको फैसला भई किनारा लाग्न सफल भएको छ जसका कारण आर्थिक भार कम भएको र कानुनी सेवामा सहज रूपमा पहूँच अभिबृद्धि भएको पाइएको प्रभावितहरुको भनाइ रहेको छ। जसमा बार, बैतनिक वकिल, जिल्ला सरकारी वकिलको कार्यालय, न्यायिक समिति, कानूनी सल्लाहकार लगायतका प्रतिनिधिहरुसँग समन्वय बैठक तथा अन्तरक्रिया भएको थियो। यस सेवामा महिला सेल, जिल्ला सरकारी वकील कार्यालय काठमाण्डौ, साइबर ब्यूरो, भोटाहीटी, राष्ट्रिय महिला आयोग, सूचना तथा सञ्चार विषेशज्ञसँग, फोरेन्सिक विषेशज्ञ, मेलमिलापकर्ता तथा विपक्षीको कानून व्यवसायी तथा वरिष्ठ अधिवक्ताहरुसँग मुद्धाहरुको क्रममा जटिलता आएको कारण सहकार्य समेत गरिएको थियो।

### ४.३.३ हटलाईन सेवा सञ्चालन

ओरेकले नियमित रूपमा सञ्चालन गरेको हटलाईन सेवा यस वर्ष पनि मोरङ्ग र काठमाडौँमा सञ्चालन भएको छ। स्थानीय तहहरुले यस हटलाईनमा सम्बन्धीत महिला हिंसाका घटनाहरु सीफारिस गरेको र स्थानीय तहको घटना सीफारिस चार्ट सूचिमा ओरेकका हटलाईन सेवाका नम्बरहरु समावेश गरेको छ। यस वर्ष हटलाईन सेवाको प्रचारप्रसारमा पर्चा निर्माण गरी स्थानीय नागरिकहरुमा सूचना प्रेषण गरिएको छ।





### क. हिंसा प्रभावित महिलालाई आवश्यक सहयोग उपलब्ध


ओरेक शाखा कार्यालय उदयपुर र महिला सशक्तिकरण स्रोत केन्द्रका संयुक्त आयोजनामा नगरपालिकासँग सहकार्य गरी लैङ्गिक हिंसाले समुदाय तथा परिवारमा पारेको असर बारेमा जानकारी गराउँदै ओरेकमा आएको लैङ्गिक हिंसाको घटनाहरु व्यवस्थापनको लागि सुरक्षावासको आवश्यकता र महत्वका बारेमा जानकारी गराइएको छ भने संस्थाले हिंसा प्रभावितलाई दिइने सेवाको बारेमा जानकारी गराइएको छ। यसका साथै स्थानीय सरकारको लैङ्गिक नीति तथा योजनाको वारेमा छलफल गरी प्रभावितलाई वडा तथा पालिकाले दिएको सेवा सुविधा र ओरेक तथा महिला सशक्तिकरण स्रोत केन्द्रले गरेको सहयोगलाई वडाले आत्मासाथ गरी प्रभावितमुखि दृष्टिकोणवाट कार्यक्रम बनाउने र सहयोग गर्ने

बारेमा छलफल भएको थियो । वडाका तर्फबाट लैङ्गिक विभेदमा आधारित हिंसाको बारेमा छलफल र लैङ्गिक हिंसाले महिलाहरुको स्वास्थ्यमा पारेको असर तथा बालवालिकाहरुमा परेको प्रभाव साथै हिंसा प्रभावितहरुको गोपानियता र सीफारिस गर्ने निकायसँगको समन्वय, लैङ्गिक हिंसा प्रभावित महिलाहरुको लागि लैङ्गिक हिंसा निवारण कोषको व्यवस्था, महिला लक्षित कार्यक्रमको लागि वडाले विनियोजन गरेको योजना बारेमा छलफलसमेत गरेको थियो ।

## ४.४ महिला हिंसा र न्यायमा पहुँच





महिलाहरूले हिंसा, अन्याय वा गैरकानुनी क्रियाकलाप भनेको के हो ? आफूमाथि वा आफ्नो वरिपरि भइरहेका गैरकानुनी काम कारबाही विरुद्ध कुन निकायमा गएर कस्तो खालको कानुनी उपचारको प्रक्रियामा जाने ? र न्यायिक वा अर्धन्यायिक निकायबाट विवादको समाधान भएपश्चात् कार्यान्वयन के-कसरी गराउने ? प्रभावितले क्षतिपूर्ति प्राप्त गर्ने वा नगर्ने ? प्राप्त गर्ने भए के, कसरी, कति, कहाँबाट प्राप्त गर्ने हो ? सो सम्बन्धी उचित जानकारी राखून् भन्ने उद्देश्यले आरेकले विभिन्न जिल्लामा कानुनी साक्षारता/सचेतनाका कार्यक्रम, घरदैलो कार्यक्रम, स्थानीय स्तरका निकायहरूसँग सहयोग/समन्वय गरी कानुन सम्बन्धी जनचेतना अभिबृद्धि गर्दै/गराउँदै आईरहेको छ । यसका साथै विभिन्न कारण कानुनी उपचार खोज्ने वातावरण सिर्जना नभएका हिंसा प्रभावित महिला, बालबालिका तथा किशोरीहरूलाई निशुल्क रूपमा कानुनी सल्लाह, परामर्श तथा विभिन्न न्यायिक तथा अर्ध न्यायिक निकायहरूमा निजहरूका तर्फबाट प्रतिनिधित्व समेत गर्दै आइरहेको छ । त्यस्तै न्यायिक निरुपणको क्रममा कुनै प्रभावितलाई परिवार वा अन्य कुनै व्यक्तिबाट हुने सम्भावित खतराबाट टाढा राख्न सुरक्षावासको पनि व्यवस्था गर्दै आइरहेको छ । यसका साथसाथै ती प्रभावितहरूलाई विभिन्न किसिमका सीपमूलक तालिम सञ्चालन गरी निजहरूलाई समाजमा पुनर्स्थापना गर्ने कार्य समेत गर्दै आइरहेको छ । यसका अतिरिक्त हिंसा प्रभावित महिला, बालबालिका तथा किशोरीहरूको हक, हित संरक्षणका लागि वर्तमान कानुनमा रहेका अन्तर (GAP) तथा न्यायिक प्रक्रियाको क्रममा देखा परेका समस्या तथा चुनौतीहरूको विषयमा पैरवी गरी कानुन तथा नीति नियम संशोधन तथा आवश्यक कानुन तर्जुमा गर्न सम्बन्धीत निकायलाई ध्यानाकर्षण तथा ज्ञापनपत्र समेत बुझाउँदै न्यायमा पहुँच अभिबृद्धि गर्न उल्लेखनीय भूमिका निभाउँदै आएको छ। ओरेकले हाल काठमाडौं, मोरङ, सुनसरी उदयपुर, सर्लाही, सिराहा, महोत्तरी, धनुषा, दाङ, रुकुम, रुपन्देही, कपिलवस्तु, कैलाली, कञ्चनपुर, डोटी र बाजुरा लगायतका जिल्लाहरुमा आफ्नो कार्यक्षेत्र विस्तार गरी हिंसा प्रभावित महिला, बालबालिका, किशोरीहरूलाई कानुनी परामर्श, कानुनी सहायता प्रदान गरी न्यायिक उपचारमा सहजीकरण र न्यायमा





पहुँच पुऱ्याउन सहयोग गर्ने काम गर्दै आईरहेको छ । लैंगिक हिंसा प्रभावित महिलाहरूको न्यायमा पहुँचको वस्तुगत अवस्थाको आँकलनका लागि आरेकले आफू कार्यरत जिल्लाहरूमा जुलाई २०२२ देखि जुन २०२३ सम्म प्रदान गरेको कानुनी सहायता तथा परामर्शको तथ्याङ्कलाई निम्नानुसार प्रस्तुत गरिएको छ । ओरेकले आफ्नो कार्यक्षेत्र भएका जिल्लामा नि:शुल्क रूपमा कानुनी सहायता एवं परामर्श उपलब्ध गराउँदै आएको छ । जस अन्तर्गत संस्थाले विभिन्न १३ जिल्लामा जम्मा ११२६ जना हिंसा प्रभावित महिलाहरू मध्ये ५३९ जना हिंसा प्रभावितलाई कानुनी परामर्श मात्र प्रदान गरेको छ भने बाँकी प्रभावितहरूको हकमा विभिन तहका न्यायिक तथा अर्धन्यायिक निकायहरूमा जम्मा १०७३ वटा उजुरी दर्ता गरी कानुनी सहायता प्रदान गर्न सहयोग गरेको छ । जसमध्ये ओरेकको महोत्तरी कार्यालयबाट सबै भन्दा धेरै मुद्दा र कैलाली जिल्लाबाट सबभन्दा कम मुद्दामा कानूनी सहयोग प्रदान गरेको देखिन्छ । उल्लेखित समयावधिमा ओरेकले विभिन्न जिल्लाका न्यायिक तथा अर्धन्यायिक निकायमा ७२५ वटा नयाँ र ३४८ वटा पूरानो मुद्दा गरी जम्मा १०७३ वटा मुद्दामा प्रभावितको तर्फबाट प्रतिनिधित्व गरिरहेको छ । त्यसैगरी जम्मा ११२६ प्रभावितको संख्यामा ५६ प्रतिशत (६२६ जना) मधेश प्रदेश, २० प्रतिशत (२२५ जना) कोशी प्रदेश, नौ प्रतिशत (१०५ जना) वागमती प्रदेश सात प्रतिशत (७४ जना), छ प्रतिशत (७१ जना) कर्णाली प्रदेश र दुई प्रतिशत (२५ जना) सुदूरपश्चिम प्रदेशमा रहेको पाइएको छ ।

## क. न्यायिक संस्थाहरू र अदालतसम्मको पहुँचको अवस्था

ओरेकले विभिन्न जिल्लामा रहेको आफ्नो कार्यक्षेत्र भएका जिल्ला मार्फत प्रतिनिधित्व गरिरहेका मुद्दाहरू मध्ये सर्वोच्च अदालतमा २ वटा, उच्च अदालतमा ३५ वटा, जिल्ला अदालतमा ४७५ वटा र विभिन्न अर्धन्यायिक निकायमा ५९९ वटा मुद्दा रहेका छन् ।




ओरेकले विभिन्न जिल्लामा रहेको कार्यक्षेत्रमार्फत देवानी, फौजदारी र रिट निवेदन गरी ५२ प्रकारका मुद्दामा प्रतिनिधित्व गरिरहेको छ । जसमध्ये फौजदारी मुद्दा अर्न्तगत बाल यौन दुर्व्यवहार, जबरजस्ती करणी, वैवाहिक जबरजस्ती करणी, सामूहिक जबरजस्ती करणी, कर्तव्य ज्यान, दोहोरो नागरिकता, वहुविवाह, गाली बेईज्जती, घरेलु हिंसा, जालसाजी, कुटपिट, यौन दुर्व्यवहार, जबरजस्ती करणी उद्योग आत्महत्या दुरुत्साहन रहेका छन् । यसैगरि बोक्सी आरोप, मानव बेचविखन, दाईजो, साइबर अपराध, लागुऔषध, बालविवाह, सामाजिक हिंसा, ज्यान मार्ने उद्योग, अभद्र व्यवहार, अपहरण तथा शरीर बन्धक, आत्महत्या, ठगी, किर्ते जालसाजी, अंगभंग, जातीय विभेद, हाडनाता करणीलगायतका जम्मा ७२२ वटा मुद्दामा ओरेकले न्यायका लागि सहजीकरण गरिरहेको छ । साथै अंश बुझेको लिखत बदर, माना चामल, अंश, सम्बन्ध विच्छेद, बकसपत्र बदर, जग्गा खिचलो, मिलापत्र बदर, अपुताली, अंश दपोट, नाता कायम, घर खाली गराई पाऊँ, लेनदेनलगायतका देवानी प्रकृतिका २४३ वटा मुद्दा रहेका छन् । त्यस्तै बन्दी प्रत्यक्षीकरण, परमादेश र निषेधाज्ञा लगायतका जम्मा १० वटा रिट निवेदन र ३ वटा अन्य प्रकृतिका मुद्दापनि रहेका छन् ।.

## ख. न्यायिक निर्णय कार्यान्वयनको सुनिश्चितता

ओरेकले प्रतिनिधित्व गर्दै आईरहेका मुद्दामध्ये १०६ वटा मुद्दामा वादी दावी पुग्ने फैसला भई सफलता प्राप्त भएको छ

भने ३१ वटा मुद्दा आंशिक सफल र १७ वटा मुद्दामा वादी दावी नपुगी असफल भएको छ । त्यस्तैगरी ९३ वटा मुद्दामा मिलापत्र भई मुद्दाको निरूपण भएको देखिन्छ भने फैसला भएका मुद्दाहरूमध्ये १८८ वटा मुद्दा कार्यान्वयन भएको देखिन्छ । त्यस्तै ८८ वटा मुद्दा कार्यान्वयनको प्रक्रियामा रहेको, ६ वटा मुद्दा फिर्ता भएको, ३ वटा मुद्दा डिसमिस फैसला भएको र १०३ वटा मुद्दाका प्रभावितहरू विभिन्न कारणले गर्दा सम्पर्कमा आउन नसकेको अवस्था छ ।

**निष्कर्ष :**

प्रभावितको न्यायका लागि थुप्रै कानुन नियम र संरचना भएपनि विद्यमान सामाजिक संरचना, न्यून आर्थिक अवस्था, राजनीतिक तथा पारिवारिक दबाब, न्यायिक तथा अर्धन्यायिक निकायहरूमा कार्यविधिको यथोचित ज्ञानको कमी, न्यायिक प्रक्रिया मितव्ययी एवं छिटो छरितो नभएका कारण हिंसा प्रभावित महिलाले न्यायको अनुभूति गर्न सकेका छैनन् । यद्यपि न्यायिक तथा अर्धन्यायिक निकायहरूले संख्याका हिसावले न्याय सम्पादनका कार्य गर्ने गरेको दखाएता पनि वास्तविक रूपमा यथार्थ निकै टाढा देखिन्छ । कानुनी व्यवस्था र यसले दिएका सुविधाहरूको दुरुपयोग गरी अनावश्यक रूपमा मुद्दा लम्ब्याउने बद्नियतका साथ अनावश्यक रूपमा पेसी स्थगित गराउने (सिरहा जिल्ला अदालतबाट मिति २०७९।०८।२५ गते भएको जबरजस्ती करणी मुद्दामा प्रतिवादीको पक्षबाट १३ पटक पेसी स्थगित गरिएको) प्रवृत्ति हावी छ । भनिन्छ, ढिलो न्याय दिनु न्याय नदिनु बराबर हो तरपनि नेपालका न्यायिक निकाय यस तर्फ सचेत भएको देखिँदैन जसका कारण समयमै न्याय सम्पादन गर्न थप चुनौती उत्पन्न भएको छ । साथै अदालतहरूमा मुद्दाको चाप धेरै भएका कारण निर्धारित अवधिमा मुद्दाको सुनुवाइ नहुनु वा इजलासबाट हेर्न नभ्याइने सूचीमा राख्नु, एउटा अदालतबाट अर्को अदालत मार्फत मिसिल झिकाउने आदेश भएका मुद्दाहरूमा पटक-पटक ताकेता गर्दा समेत समयमै मिसिल सम्बन्धीत अदातलमा नपठाउने कारणले गर्दा मुद्दामा अनावश्यक ढिलासुस्ती हुन गईरहेको छ । त्यस्तै घटनालाई सम्बोधन गर्ने यथोचित कानुनको अभाव, मुद्दा दर्ता गर्नका लागि प्रभावित स्वयम्ले नै प्रमाण जुटाउनु पर्ने बाध्यता, अस्थायी बसोबास गर्नेहरूको हकमा सम्बन्धीत वडा कार्यालयबाट लिनुपर्ने अस्थायी बसोबासको सीफारिस जुटाउन हुने कठिनाई, सम्पत्तिको हक प्रचलन गराउन सम्पत्ति रहेको जिल्लामा नै अदालतले मुद्दा दर्ता गर्न पठाउने व्यवस्था, भौगोलिक विकटता, साक्षी जुटाउन नसक्नु, प्रभावितको परिवारका सदस्य उपर नै मुद्दा दर्ता गर्नु पर्ने अवस्थामा हुने मानसिक, आर्थिक तथा सामाजिक असहजता, समाजमा हिंसा प्रभावित महिलालाई हेयको दृष्टिले हेर्ने तथा अनावश्यक लाञ्छना लगाउने लगायत अनेक झण्झटका कारण कतिपय हिंसा प्रभावितहरू सम्बन्धीत न्यायिक तथा अर्धन्यायिक निकायमा कानुनी उपचारको प्रक्रियामा जानै चाहँदैनन् । कतिपय हिंसा प्रभावित कानुनी उपचारका क्रममा विपक्षी वा अन्य व्यक्तिको दबाब, प्रभाव, डर, धाक धम्कीबाट हत्तोत्साही भई मुद्दा बीचैमा फिर्ता लिन वा कतिपय अवस्थामा आफ्नो ईच्छा विपरीत विपक्षीको स्वार्थ अनुकूल मुद्दा मिलापत्र गर्न बाध्य बनाइएका कारण न्यायको अनुभूति गर्न सकेका छैनन् ।

यसका साथै न्यायिक निकायबाट हिंसा प्रभावित महिलाको पक्षमा फैसला गरेता पनि उक्त फैसलाको कार्यान्वयन प्रभावकारी रूपले हुन नसक्दा र फैसला कार्यान्वयनको क्रममा अनेकन समस्या सिर्जना भई वास्तविक रूपमा प्रभावितहरूले न्यायको अनुभूति गर्न सकेका छैनन् । तसर्थ हिंसा प्रभावित महिलाहरूले वास्तविक रूपमा न्यायको अनुभूति गर्नको लागि सम्बन्धीत निकायबाट कानुनमा व्यवस्था भएका प्रावधानलाई जिम्मेवार एवं कर्तव्यनिष्ठ भई परिपालना गर्नुपर्ने र पालना भए नभएको प्रभावकारी अनुगमन तथा निरीक्षण समेत गरी आवश्यक पृष्ठपोषण प्रदान गर्दै न्याय व्यवस्थालाई सुदृढिकरण एवं परिमार्जन गर्दै लैजाने संयन्त्रको व्यवस्था गर्नु अत्यन्तै आवश्यक भइसकेको छ । न्याय दिएको भनेर मात्र हुँदैन, न्याय दिएको देखिनुपर्छ र अझै न्याय गरेको देखिएर मात्र हुँदैन, पीडितले न्यायको अनुभूति गर्नुपर्छ । अर्थात् न्यायिक निकायबाट न्याय निरुपण गरेको वा न्याय दिएको जस्तो गरेर मात्र हुँदैन, वास्तविक प्रभावितले न्याय प्राप्त भएको अनुभूति गर्न सकेमा सही अर्थमा न्यायमा सहजै र समान पहुँच पुर्‍याउन न्यायपालिका सजग एवं जिम्मेवार भएको मान्न सकिन्छ ।


## ४.५ ज्ञान व्यवस्थापन

### क. त्रैमाशिक पत्रिका “पैरवी” प्रकाशन




ओरेकले महिला अधिकारका सवाललाई समुदाय तहदेखि उठान गरी यसको सम्बोधनका लागि राज्यको नीति निर्माण तहमा पैरवी गरिरहेको र महिलाको मानव अधिकार र सामाजिक न्यायका सवालमा निरन्तर सञ्चालन गरेका अभियानलाई त्रैमाशिक न्यूजलेटर प्रकाशन गरेको छ । पैरवी पत्रिकाको ३ वटा अंक प्रकाशन गरेकोमा जनवरीदेखि जुनसम्म सञ्चालन गरेका क्रियाकलाप समेटेर २ वटा पैरवी प्रकाशन गरेको छ । पैरवीका यि अंकहरुमा विशेष गरी ओरेकले मानव अधिकार तथा सामाजिक न्याय, पर्यावरणिय न्याय र महिलाको नेतृत्व, महिला तथा सिमान्तकृत समुदायको आर्थिक सशक्तिकरण र मानव अधिकार र महिला अधिकारका लागि राज्यसँग गरेका पैरविका अभियानहरुलाई विशेषतः प्राथमिकतामा राखी यसले गरेका सामाजिक सञ्जालका अभियानहरुलाई समेत समेटेर र संस्थाद्वारा मानव अधिकारका क्षेत्र विशेषतः महिला, किशोरी, बालबालिकाको अधिकारका सवालमा गरिएका पैरवीमूलक क्रियाकलाप समेटिएको छ। जसअन्तर्गत महिलाबादी महिला मञ्च, राज्य विहिनता र लैंगिक विभेदको परिणाम विषयक राष्ट्रिय गोष्ठि, द्वन्द्व प्रभावितहरुको मानव अधिकारको सम्मान, संरक्षण र परिपुरणका सवालमा ओरेकको ध्यानाकर्षण पत्र, युवा मानव अधिकार रक्षकहरुका लागि समष्टिगत सुरक्षा तालिम लगायतका विषयहरु समेटिएका छन् ।

### ख. महिला हिंसा सम्बन्धी तथ्याङ्क तथा घटना कथा संकलन





ओरेकले समुदाय तहमा रहेका घटनाहरूलाई बाहिर ल्याउनका लागि महिलाहरूलाई **‘तिमी एक्लो छैनौँ’** भनी आफुमाथि भएका अपराध बिरुद्ध बोल्ने हौसला दिदै न्यायको मार्गतर्फ लम्कने प्रेरणा दिने सबै महिला मानव अधिकार रक्षकहरूको सहयोग, ओरेकमा कार्यरत जिल्लाका सम्पूर्ण कर्मचारी साथीहरूको निरन्तरता र अभेलिकरण मार्फत महिला हिंसाका विभिन्न घटनाहरु जस्तै घरेलु हिंसा, सामाजिक हिंसा, यौन हिंसा, हत्या, बलात्कार, मानव बेचबिखन तथा ओसारपसार, आत्महत्या र आत्महत्या प्रयास, महिलाको कानूनसम्मको पहुँचको अबस्था, हानीकारक परम्परागत अभ्यासले ल्याएको हिंसा, पीडकको बहुपक्षिय विश्लेषण गरी तथ्याङ्क संकलन तथा विश्लेषण गरेको छ । जसका लागि यस आर्थिक वर्षमा ओरेकले जम्मा १४०९ वटा महिला माथि हुने हिंसाका घटनाहरुको अभिलेखिकरण गरेको छ भने त्यसको बहु पक्षियबाट


विश्लेषण समेत गरेको छ । जसका लागि ओरेकद्वारा निर्माण गरेको लैङ्गिक विभेदमा आधारित हिंसा संकलन फारमको प्रयोग गरिएको थियो । जसका माध्यमबाट प्रभावितको भौगोलिक अवस्थिति, उमेर, लिङ्ग, जातियता, शैक्षिक अवस्था, वैवाहिक अबस्था, प्रभावित र पीडक बिचको सम्बन्ध आदि जस्ता जानकारीहरु संकलन गरिएको थियो ।

### ग. महिला माथि हुने हिंसाको माशिक प्रतिवेदन प्रकाशन

ओरेकले हरेक महिना प्राप्त तथ्याङ्कका आधारमा महिलामाथि हुने हिंसा सम्बन्धी घटनाको विश्लेषण गरी मासिक रूपमा प्रतिवेदन तयार गरी प्रकाशन गरेको छ । यस अवधिमा जम्मा १२ वटा महिला माथि हुने हिंसाका प्रतिवेदन तयार गरी ओरेकको वेभसाइटमा प्रेश विज्ञप्तिमार्फत सार्वजनिक गरेको छ । ओरेकले महिला हिंसा रहित जीवन यापनका लागि पैरवी गर्ने तथ्यगत माध्यमबाट घटना अभिलेखन र प्रकाशनलाई प्राथमिकताका साथ केन्द्र, जिल्ला तथा परियोजना कार्यालयहरुमा तथ्याङ्क व्यवस्थापन गरी काम गर्ने गरेको छ । यस किशिमका माशिक प्रतिवेदनमा महिलामाथि हुने हिंसाका प्रकार, प्रभावित र पीडकको सम्बन्ध र त्यसको बहु पक्षिय विश्लेषण गरिएको थियो ।





### घ. “अभियानले किशोरीहरुमा ल्याएको परिवर्तन” नामक पुस्तक प्रकाशन




ओरेकले रूपन्देही र कपिलवस्तुको किशोरी अधिकार मञ्चमा सहभागी किशोरीहरूमा केन्द्रीत रहेर उनीहरुको जीवनमा अभियानले ल्याएको परिवर्तनको समुदायमा रहेर गरेको सर्वेक्षणमा आधारित पुस्तक अभियानले किशोरीहरुमा ल्याएको परिवर्तन नामक पुस्तक प्रकाशन गरेको छ । 'किशोरी अधिकार मञ्च' वि.स. २०७६ मा दर्ता भएको सामुदायिक संस्था हो र किशोरी अधिकार मञ्चको गठन र सकियताका लागि ओरेक नेपाल र केयर नेपालले पृष्ठपोषण गरिरहेका छन् । समाज परिवर्तनका सूक्ष्म कारकहरूमा केन्द्रीत यो पुस्तकका कथाहरुले एउटा अभियानले एक व्यक्तिमा कसरी असर पार्छ र कसरी सकारात्मक परिवर्तन गर्न सक्छ भन्ने सवाललाई शुक्ष्म रूपमा अध्ययन गरेको छ । यो लेख सामाजिक अभियानमा सहभागिताको कारणले रूपन्देही र कपिलवस्तुका किशोरीहरूमा आएको परिवर्तनको अध्ययनमा आधारित छ । विशेष गरी 'किशोरी अधिकार मञ्च' मा आबद्ध किशोरीहरूले कसरी सामाजिक सीमितताहरू र छोरीहरुका सिर्जना गरिएका परम्परागत हानीकारक मूल्य मान्यताबाट बाहिर आएर समाजको परिवर्तनमा भूमिका निर्वाह गरेका छन् र यस क्रममा उनीहरू आफैँमा कस्ता परिवर्तनहरू आएका छन् भन्ने बारेमा यो अध्ययन केन्द्रीत छ । यो अध्ययनका लागि 'अभियान' शब्दले बृहत्तर अवधारणा बोकेको पाइन्छ 'अभियान' को अर्थ किशोरी अधिकार मञ्च र त्यसलाई पृष्ठपोषण गर्ने ओरेक नेपाल, केयर नेपाल लगायतका गैससहरूद्वारा सञ्चालित कार्यक्रम, विभिन्न गतिविधि, किशोरीहरूको व्यक्तिगत प्रयत्नमा गरिएका सामाजिक प्रयासहरूलाई लिइएको छ । अर्थात्, सामाजिक पृष्ठभूमिमा गरिएको किशोरीहरूको कुनै पनि सामाजिक गतिविधिलाई 'अभियान' भनी बुझिएको छ । यो अध्ययनका मुख्य दुई वटा पाटा रहेका थिए जुन एक, किशोरीहरूले सामाजिक सीमिततालाई तोड्न गरेका प्रयत्नहरूको अध्ययन गर्नु र अर्को थियो, अभियानमा संलग्नताका क्रममा किशोरीहरूमा आएको परिवर्तन र उनीहरूको परिवर्तनबाट समाजमा परेका

प्रभावहरूलाई विश्लेषण गर्नु । यो अध्ययन गुणात्मक अनुसन्धान विधि अनुसार गरिएको र अध्ययनका लागि रूपन्देही र कपिलवस्तुका ४६ जना किशोरीहरूसँग विस्तृत अर्धसंरचित अन्तर्वार्ता गरिएको थियो । त्यस्तै अवलोकन, फिल्ड नोट्स, केस स्टडी, समुह केन्द्रीत छलफल लगायतका विधिहरूको प्रयोग गरी तयार पारिएको यस पुस्तकमा अन्तर्वार्ताको रेकर्डलाई शब्दमा उतारेर त्यसको विस्तृत विश्लेषण गरिएको छ भने यसमा जम्मा अभियानले ल्याएका नमुना सफलताका कथाहरुलाई समेटिएको छ ।


### ङ. "महिलावबादी शक्ति र सृजना" पुस्तक प्रकाशन




ओरेकले विभिन्न जिल्लामा रहेका महिलाबादी महिला मानव अधिकारकर्मीका कथा तथा जीवनी समेटेर "महिलावादी शक्ति र सृजना" नामक कथा सँग्रह प्रकाशन गरेको छ । यस कथा सँग्रहले समुदाय स्तरमा रहेका महिला अधिकारका लागि अभियानरत महिला तथा किशोरीहरूको जीवन कथालाई ब्याख्या गरेको छ । आफ्नो जीवनको महत्वपूर्ण खण्ड समुदायलाई समर्पित गरेका र महिला अधिकार प्रतिको अटल दृढता, समानता र न्यायको लागि कठोर प्रतिबद्धताका कारण हजारौं महिलाहरूको जीवनमा परिवर्तन ल्याउन सफल भएका महिलाहरुका सृजना यस कथा सँग्रहमा समेटिएको छ । यसका साथै यस पुस्तकमा महिलाहरू र किशोरीहरूले सामाजिक न्यायतर्फ चालेका उल्लेखनीय यात्राहरू भेटिन्छन्, जसका लागि उनीहरूले समाजमा रहेका विभेदकारी मूल्य, मान्यता तथा अभ्यासहरूलाई चुनौती दिएका छन् । समुदायका परिवर्तनका संवाहक यी महिला मानव अधिकार रक्षकहरूले महिला तथा किशोरीको अधिकार, शिक्षा, स्वास्थ्य, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार लगायत सामाजिक विभेद तथा हानिकारक परम्परागत अभ्यास जस्ता मुद्दाहरूलाई सम्बोधन गरेका सृजना यस पुस्तक भित्र पढ्न पाइन्छ । यसमा महिला तथा किशोरीहरुको नेतृत्वमा सञ्चालित अभियानहरूबाट प्राप्त भएका उपलब्धी र परिणामले संरचनागत परिवर्तन गर्न महत्वपूर्ण भूमिका खेलेको कथा समेत समेटिएको छ । परिवर्तनका संवाहकहरूको कथाहरूले दृढ संकल्प, एकतापूर्ण अभियान र समग्र रूपमा महिला अधिकारमा काम गर्नुपर्ने आवश्यकता समेतलाई प्रष्टाएको छ । साधारण मानिसहरू असाधारण जोशका साथ जब एक साथ महिला अधिकारका लागि एकजुट भएर काम गर्छन् त्यति बेला उल्लेखनीय परिवर्तनहरू प्राप्त गर्न सम्भव हुँदै जान्छन् भन्ने कुरा यी महिलाहरूको यात्राले दर्शाएको छ ।

### च. महिला हिंसा न्यूनिकरणमा महिलाको नेतृत्व विषयक नीति पत्र तयार

ओरेकले **महिलामाथि हुने हिंसा न्यूनीकरणमा महिलाको नेतृत्व** विषयक नीतिपत्र तयारी यसको अन्तराष्ट्रिय स्तरमा प्रस्तुतिकरण समेत गरेको छ । दीर्घकालिन शान्तिपूर्ण प्रणाली स्थापनाका लागि राजनीतिमा महिला सहभागीता अनिवार्य हो र पछिल्लो समयमा नेपालमा पनि महिलाहरुको राजनीतिमा सहभागीता बढ्दो क्रममा रहेको छ तर यो स्वच्छ रूपमा भन्दा पनि नेपालको संविधान २०७२ ले गरेको व्यवस्था अनुरुप मात्र भएको देखिएकाले महिलाको राजनैतिक सहभागीताका सवालमा रही निर्णय प्रक्रियामा महिलाको सहभागीता, यसले ल्याउने परिणाम, वर्तमान अवस्थाका अवसर र चनौति, अन्तराष्ट्रिय महासन्धी र अभिसन्धीमा भएका व्यवस्था कार्यान्वयन गर्नका लागि महिलाको नेतृत्व अपरिहार्य रहेको कुरा उक्त नीतिपत्रमा उल्लेख गरिएको छ । यसका साथै यस नीति पत्रले महिलाविरुद्ध हुने हिंसा न्यूनिकरणका लागि र महिलाको नेतृत्वमा असर पार्ने तत्वहरु, असर न्यूनिकरणका उपाय, समाधानका उपाय लगायतका विषयहरुको उठान गर्दै संस्थाको तर्फबाट सीफारिस समेत पेश गरेको छ र महिलाको नेतृत्व सुनिश्चितताका लागि अवलम्वन गर्नु पर्ने प्रक्रिया समेत उल्लेख गरेको छ । यस नीति पत्रमा महिला हिंसा न्यूनीकरणका लागि महिला नेतृत्वको आवश्यकता


WOREC

**Policy Brief**

February 2023

WOMEN'S LEADERSHIP TO END VIOLENCE AGAINST WOMEN

SUMMARY

Equality and the feeling of being equals are key for any long-lasting peaceful system. For this state of equality, it is imperative to have a healthy representation of women in the political set-up and various governing bodies so that they can voice their issues and concerns in a competent and effective manner. Women's political participation in Nepal has risen in recent years as a result of the Constitution's requirement, but the influence of women leaders in addressing the needs and priorities of women, meanwhile, is still limited. In order to reduce violence against women in Nepal, this policy brief examines opportunities and barriers affecting women in leadership positions nationwide. Based on the analysis, it provides recommendations for improving women's leadership in Nepal's response to violence against women.

CONTEXT

Women's participation in decision-making is the foundation of the human rights and social justice paradigm for developing gender equality and a culture free from violence. Major international human rights documents, such as the Universal Declaration of Human Rights and the Convention on the Elimination of All Forms of Discrimination Against Women, have acknowledged that achieving gender equality, woman's empowerment, and women's political, social, and economic status improvement is crucial to achieving transparent, accountable, and sustainable development in all spheres of life. However, gender-based violence, discrimination, and other human rights violations against women persist. According to UN

Women's involvement and inclusion continue to face cultural, societal, and educational challenges, which restricts their capacity to advance to leadership roles. WOREC has conducted research on "GBV in public space focusing on elected women representative, Access of women to public resource and health facilities" in 2021. The findings show that women leaders have faced various challenges, such as political parties hesitating to give candidacy to capable women leaders, and denial of their administrative and executive roles. They have also faced sexual harassment and blaming from their co-workers. Women leaders are perceived as having less authority compared to their male counterparts.

किन, नेपाल लगायत अन्तराष्ट्रिय स्तरमा महिला नेतृत्वको आवश्यकता, महिला नेतृत्वबाट भएका उदाहरणिय कार्य र रुपान्तरित नेतृत्व सहितको महिला नेतृत्वको औचित्वताका बारेमा तथ्यगत विश्लेषण गरेको छ । यो नीति पत्रलाई मार्च २०२३ मा ओरेकले प्रकाशन गरी सोहि महिना अमेरिकामा आयोजना भएको महिलाको स्थिति सम्बन्धी आयोग (CSW) २०२३ मा ओरेकको तर्फबाट प्रस्तुत समेत गरेको थियो । त्यसैगरी अहिलेको डिजिटल युग र डिजिटल रुपान्तरणमा सिमान्तकृत समुदायका महिलाहरुको अवसर, पहुँच, सबैका लागि सामाजिक न्याय, समानता र प्रविधि माथिको अधिकारका सवालहरुलाई कसरी एकिकृत गरेर लैजान सकिन्छ र त्यसका लागि कस्ता पहलकदमीहरु भइरहेका छन् भन्ने विषयको "Scrutinizing the challenges and opeportunities of digital technologies: A need for Bridging Gender Digital Divide" नामक नीतिपत्र पनि तयार गरी ओरेकले CSW मा प्रस्तुत गरेको थियो । "डिजिटल टेक्नोलोजीका चुनौती र अवसरहरूको छानबिन गर्दैः लैङ्गिक डिजिटल विभाजनलाई ब्रिजिङ गर्ने आवश्यकता" नामक उक्त नीतिपत्रमा डाटा सुरक्षा र गोपनियताको अभाव महिला सशक्तिकरणको लागि चिन्ताको विषय बन्दै गएको, अहिलेको डिजिटल युगले लैंगिक विभाजनलाई बढाउदै लगेको कुरालाई प्रमुख एजेण्डाको रूपमा लिएर महिला तथा किशोरीहरुको अनलाईन सहभागिता, सूचनामा पहुँच, र सभा र संघको अधिकार सुनिश्चितताका लागि रणनैतिक योजनाको खाँचो औल्याएको छ ।

**छ. राज्य विहिनताको अवस्था र राज्यको दायित्व विषयक सर्वेक्षण सम्पन्न**

ओरेकले सन् २०२३ को जनवरीदेखि फेब्रुअरीसम्मको अवधिमा आफ्नाकार्यक्रम सञ्चालनगरेका १३ जिल्लाका नागरिकता प्रमाणपत्र विहीन १३६ व्यक्तिहरुको पहिचान गरी राज्य विहिनताको अवस्था र राज्यको दायित्व विषयक सर्वेक्षण गरेको थियो । सरोकारवालाहरुसँगको भेटघाट, अन्तर्क्रिया, समूह केन्द्रीत छलफल विधिको प्रयोग गरिएको उक्त सर्वेक्षणले १३ जिल्लाका कुल १३६ जनासँग नागरिकताको प्रमाणपत्र नभएको र जसमध्ये ८१ प्रतिशत महिला भएको तथ्यांकले देखाएको छ । यसैगरी नागरिकता प्रमाणपत्र नहुने मध्ये ७९ प्रतिशत विवाहित महिला थिए भने उमेर समूहमा सबै भन्दा बढी ३१ प्रतिशत २१ देखि २५ वर्ष समूहका व्यक्तिहरु, १८ प्रतिशत ३१ देखि ३५ वर्ष उमेर समूहका व्यक्तिहरु रहेको पाइएको छ । यसरी नै सर्वेक्षणको क्रममा नागरिकता प्रमाण पत्रका लागि आवदेन दिने प्रक्रियामा रहेका चुनौतीहरुको सम्बन्धमा हेर्दा वडा तथा पालिकामा आवदेन दिएका ७१ जना व्यक्तिहरु मध्ये २५ प्रतिशत आवदेकहरुको नागरिकता प्रमाणपत्रका लागि दिइएको आवेदन स्वीकृत गर्न अस्विकार गरिएको पाइएको थियो भने ६९ प्रतिशत रहेका बहुसंख्यक आवेदकहरु नागरिकता प्रमाणपत्रको आवेदनमाथि गरिएको निर्णयको पर्खाइमा रहेको सर्वेक्षणका क्रममा पाइएको थियो । यसैगरी आवेदन दिएका कुल मध्ये ६ प्रतिशतको मात्र आवेदन स्वीकृत भएको थियो तर उनीहरुले जिल्ला प्रशासन कार्यालय/प्रमुख जिल्ला अधिकारबाट नागरिकताको प्रमाणपत्र प्राप्त गर्न बाँकी रहेको बताएका थिए । यसरी नै नागरिकता प्रमाणपत्रका लागि आवेदन नदिनुका कारणहरुलाई हेर्दा झण्डै आधा ४८ प्रतिशतले नागरिकता प्रमाणपत्र प्राप्तिका लागि आफ्नो वडा वा पालिकामा आवेदन दिएका थिएनन् भने परिवार असहयोगी भएका कारण २९ प्रतिशत नागरिकता प्राप्त गर्नबाट वञ्चित भएको पाइएको थियो । परिवार असहयोगी हुनुका पछाडी परम्परागत मूल्यमान्यता, लैङ्गिक पूर्वाग्रह तथा परिवारभित्रको सम्बन्ध र व्यवहारबाट निर्देशित भएको र प्रायजसो परिवारहरुमा महिलाहरुलाई नागरिकता प्रदान गर्दा उनीहरुले सम्पत्तीको दावी गर्ने डरले पनि नागरिकता प्राप्त गर्नबाट बञ्चित भएको पाइएको थियो । साथै नागरिकता विहिनताको कारणले उनीहरु राज्यबाट पाउने आवश्यक स्रोत सुविधाबाट बञ्चित हुनुपरेको, निर्वाचनको अधिकार र जग्गाको स्वामित्व लिने अधिकारबाट समेत बञ्चित हुनुपरेको पाइएको छ । यसले नेपालको वर्तमान कानुनमा भएका विभेदकारी कानुनी व्यवस्थाहरुले गर्दा नेपाली महिला, उनीहरूका छोराछोरी र नेपाली महिलासँग विवाह गरेका

विदेशी पुरुषहरू, यौनिक तथा लैंगिक अल्पसंख्यकहरुले नागरिकता सम्बन्धी कागजातहरू प्राप्त गर्न निकै कठिनाई तथा चुनौतीहरुको सामना गर्नु परेको छ । सर्वेक्षणमा आएका तथ्यांक तथा घटना अध्ययनका आधारमा नेपाली महिलाहरुले कुनै पनि प्रतिबन्ध बिना, स्वतन्त्र रूपमा आफ्ना बच्चाहरूलाई नागरिकता प्रदान गर्न सक्ने व्यवस्था सुनिश्चित हुनु पर्ने, विवाहित महिलाहरूले नागरिकता प्रमाणपत्र प्राप्त गर्न श्रीमान् वा श्रीमान्को घरको परिवारबाट अनिवार्य रूपमा सहयोग लिनुपर्ने प्रावधान हटाइनु पर्ने, नेपाली आमा र विदेशी बाबुबाट जन्मेका बच्चाहरूलाई उनीहरूको नेपाली अभिभावकको नागरिकताको आधारमा नेपाली नागरिकता प्रदान गर्ने व्यवस्था मिलाईनु पर्ने, जन्मका आधारमा नागरिकता प्राप्त गरेका व्यक्तिहरूका अभिभावक तथा भाइबहिनी/ दिदीदाजुहरु बिच सम्भावित राज्य विहिनतालाई रोक्नका लागि अङ्गीकृत नागरिकता प्राप्त गर्ने प्रक्रियाहरुलाई सरल बनाइनु पर्ने, यौनिक तथा लैंगिक अल्पसंख्यकहरुले आफ्नो स्व:पहिचान वा लैंगिकताको आधारमा सरल र सहज तरिकाले नागरिकता प्राप्तिको व्यवस्था गरिनु पर्ने जस्ता सुझावहरु पेश गरिएको छ ।

### ज. संस्थाका नीति तथा निर्देशिका निर्माण तथा अध्यावधिक

| नीति तथा निर्देशिका | संख्या |
|---|---|
| सामाजिक सञ्जाल निर्देशिका अध्यावधिक | १ |
| हटलाईन सेवा सञ्चालन कार्यविधि | १ |
| बिउ पुँजी वितरण सम्बन्धी निर्देशिका | १ |
| यौन शोषण, दूर्व्यवहार र उत्पीडनबाट सुरक्षा सम्बन्धी नीति | १ |
| सुरक्षा आवास सञ्चालन निर्देशिका, , | १ |
| महिला स्वास्थ्य स्रोत तथा परामर्श निर्देशिका अध्यावधिक | १ |
| पर्यावरणमैत्री नमुना गाँउ सुचक अध्यावधिक | १ |

## परिच्छेद ५
# अभियानले पारेको प्रभाव तथा उपलब्धि र चुनौतिहरु

### ५.१ समग्र उपलब्धिहरु

- ५० वटा भन्दा बढी संघसंस्था तथा सञ्जालहरुसँगको सहकार्यमा गरिएको संयुक्त पैरवी पश्चात बलात्कार र यौनजन्य हिंसाको हदम्याद एक वर्षबाट २ वर्ष, नावालिगको हकमा बालिग भएपछि ३ वर्ष, अपाङ्ग, अशक्त, मानसिक अवस्था कमजोर भएको हकमा ३ वर्ष, प्रभावितको क्षतिपुर्ति राज्यकोषबाट प्रदान गरिने जस्ता व्यवस्थामा परिवर्तन भएको । यसैसँग सम्बन्धीत ऐनहरुको पुनरावलोकन गरी त्यसको संशोधन गर्न कानून मानव अधिकार र सामाजिक न्याय समितिद्वारा नेपाल सरकारलाई निर्देशनात्मक आदेश ।
- नेपाल सरकार, गृह मन्त्रालयले सार्वजनिक स्थलहरुमा मजाक, ख्यालठट्टाको नाममा सर्वसाधारण व्यक्तिहरुलाई मानसिक तथा शारीरिक रूपमा दिने सास्ती, हैरानी र सामाजिक सञ्जालमा उक्त गतिविधि प्रकाशन, प्रसारण गरी व्यक्तिको गोपनियता र प्रतिष्ठामा पार्ने असर प्रति ध्यानाकर्षण गरी यस्तो कार्य गर्ने व्यक्तिलाई दण्ड सजाएको व्यवस्था गर्नु पर्ने भनी गरिएको दवाबका कारण मन्त्रालयद्वारा प्रेस विज्ञप्ति जारी गराउन सफल ।
- नेपाल प्रहरीसँगको नियमित सहकार्यका कारणलसार्वजनिक यातायातमा ट्राफिक प्रहरीले सवारी साधनमा लेखिएका अश्लील, अपाच्य, गाली, कानून विपरित तथा सामाजमा विकृति ल्याउने खालका सायरी, कविता, गजल तथा विभिन्न भनाइहरु प्रति ध्यानाकर्षण भई उक्त कार्यलाई हटाउने वा मेट्न लगाउने गरी अभियान सञ्चालन गर्न सफल ।
- स्थानीय सरकारलाई लैंगिक समानता नीति तथा रणनीति निर्माणमा गरिएको सहजीकरण तथा पैरवी पश्चात् कैलाली, सुनसरी दाङ, धनुषा, मोरङ, सिराहा जिल्लाका विभिन्न पालिकाहरुमा ओरेको सहजीकरणमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति सम्बन्धीत कार्यपालिकाबाट पारित गरी लैङ्गिकमैत्री बजेट विनियोजन गरेको ।
- कैलाली जिल्लाको गौरीगंगा, धनगढी, भजनी, गौरीगंगा, सुनसरीको दुहवी, कोशी र इटहरी, दाङ जिल्लाको तुलसीपुर, शान्तिनगर, दंगीशरण र घोराही, मोरङको विराटनगर, लेटाङ्ग र रंगेली, सिरहाको लहान लगायतका १७ वटा पालिकाले लैङ्गिक हिंसा निवारण कोष कार्यविधि पारित गरी सञ्चालनमा ल्याएको र संस्थामा सेवा लिन आएका हिंसा प्रभावितहरु मध्ये ३० जना हिंसा प्रभावितलाई कोषबाट सहयोग उपलब्ध गराउन सफल भएको ।
- ओरेक कार्यरत १३ जिल्लाका स्थानीय सरकार र प्रदेश सरकारबाट महिला हिंसा विरुद्धको अभियानका लागि डिसेम्वर २०२२ सम्ममा रु. ५७००३४४। (सन्ताउन्न लाख, तिनसय चवालिस) रकम प्राप्त गर्न सफल भएको ।
- विभिन्न जिल्लाका स्थानीय सरकारहरुले ओरेकलाई महिला मानव अधिकार र लैङ्गिक समावेशीताका सवालमा विशिष्ट संस्थाका रूपमा पहिचान गरी उक्त सवालहरुको सहजीकरणमा ओरेकलाई सुचिकृत गरी सहभागि गराएको ।
- सार्वजनिक स्थानमा महिलामाथि हुने हिंसा सम्बन्धी अनुसन्धान प्रतिवेदन गरी उक्त सवालको पैरवीका लागि तथ्य पत्र फ्याक्ट सिट) तयार भएको जसका कारण पैरवी गर्न सहज भएको,
- संस्थाद्वारा सञ्चालन भएका सुरक्षावासको निर्देशिका अद्यावधिक कार्य सम्पन्न, घटना सीफारिस मार्ग चित्र अद्यावधिक, संस्थाका कर्मचारी आचार संहिता तयार, सुरक्षावास अनुगमन चेक लिस्ट तयार गरिएको ।
- ७६२ जना हिंसा प्रभावित र १५२ जना आश्रित वालवालिकाले सुरक्षावास, ७६५ जनाले मनोविमर्श सेवा, ३१९ जनालाई कानुनी सहयोग, ३५ जनालाई जिविकोपार्जन सहयोग, २६ जना सीप विकाश तालिम पाई ७२७ प्रभावितलाई पुर्नस्थापना गर्न सफल

- ५०० जना विद्यार्थीहरुलाई लैंगिकतामा आधारित हिंसाका सवालमा १६ दिने अभियानको अवसरमा यस विषयमा जनचेतना गराइएका कारण  उनीहरुले आफुमाथि भएका हिंसा र दुर्व्यवहारका घटना बाहिर ल्याउन थालेका

- महिला हिंसाको यथार्थता वर्ष पुस्तक अन्वेषी र त्यसको फ्याक्ट सिट वास्तविक तथ्याङ्कका आधारमा प्रकाशन गरी सरोकारवाला निकायहरुका लागि  उक्त क्षेत्रका लागि पैरवीको औजार निर्मा गर्न सफल

- महिला मानव अधिकारका सवालमा अवधारणा पत्र माशिक वुलेटिन प्रकाशनका माध्यमबाट महिला हिंसाको यथार्थता सरोकारवाला निकायहरु समक्ष पुऱ्याएर संस्थाको स्रोत व्यवस्थापनमा सहयोग जसका कारण लैगिंक दृष्टिकोण तथा महिलावादी तथ्याङ्क संकलन तथा अभिलेखिकरणको अवधारणालाई संस्थागत र यसलाई स्थपित गर्न सफल

- प्रदेश तथा स्थानीय सरकारले सुरक्षावासको आवश्यकता महसुस गरी सुरक्षावास केन्द्र सञ्चालनका लागि बजेट सहयोग, कर्मचारी सहयोग, लैङ्गिक हिंसाको तालिमका लागि स्रोत व्यक्तिको रूपमा ओरेकलाई पहिचान गरेको ।

- ओरेकले सञ्चालन गरेका सुरक्षावासको सेवालाई जिल्लाको प्रशासन लगायतको अनुगमन टोलीले गुणस्तरीय सेवाको रूपमा परिभाषित गरेको ।

- सुरक्षावासबाट तालिम लिएका हिंसा प्रभावितहरुले सीप मूलक तालिम लिएर प्रशिक्षण तथा व्यवसाय सञ्चालन गरेको ।

- सुरक्षावासबाट प्रदान गरिएको सेवाको तथ्याङ्कलाई व्यवस्थित गर्दै अभिलेखिकरण गरिएका कारण पैरवीका लागि आधार तयार भई स्थानीयदेखि अन्तराष्ट्रिय स्तरसँग पैरवी गर्न सफल भएको ।

- निरन्तर मनोविमर्श केन्द्र र यसबाट उपलब्ध सेवाका बारेमा ओरेकको  नियमित पैरवीका कारण स्थानीय तहले नीति कार्यक्रम र वजेट विनियोजन गर्न थालेको ।

- ओरेकको हटलाईन सेवालाई स्थानीय तहहरुले घटना सीफारिस निकायका रूपमा मान्यता दिई घटना सीफारिस गरेको ।

- हिंसा प्रभावितहरुलाई कानूनी परामर्श तथा सहयोग गर्दा आर्थिक भार कम भएको र कानूनी सेवामा सहज रूपमा पहूँच अभिबृद्धि भएको ।

- स्थानीय निकायको नेतृत्वमा र ओरेकको सहकार्यमा मनोविमर्श सेवा, महिलाबादि दृष्टिकोणबाट घटना अभिलेखिकरण, महिला हिंसा प्रभावितलाई दिगो जिविको पार्जन लगयत विषय सम्बोधनको लागि सहकार्य भएको जसअन्तर्गत स्थानीय सरकार, प्रदेश सरकार, एकद्वार संकट व्यवस्थापन केन्द्रसँग समन्वय र सहकार्यका कारण हिंसा प्रभावितको व्यवस्थापनका लागि सरकारी निकायबाट आर्थिक तथा प्राविधिक सहयोग प्राप्त भएको ।

## ५.२ समग्र प्रभावहरु

**<u>नीतिगत प्रभाव</u>**

- ओरेक लगायत समुदाययमा रहेका महिला, समूह सञ्जाल तथा व्यक्तिहरुले नागरिकताको सवालमा गरिएको निरन्तर पैरवी स्वरुप नागरिकता विधेयक संशोधन भई लामो समयदेखि नागरिकताको अधिकारबाट बञ्चित व्यक्तिहरुले नागरिकता प्राप्त गर्ने आधार तयार भएको छ ।

- नेपाल सरकारको नीति तथा कार्यक्रम २०८०/०८१ मा महिला तथा किशोरी बिरुद्ध हुने सबै प्रकारका हिंसा, विभेद र शोषणको अन्त्य गरिन हिसा पीडित महिलाहरुका लाीग प्रदेश तथा स्थानीय तहसम्म एकीकृत सेवा सहितको अल्पकालिन तथा दीर्घकालिन पुनःस्थापना केन्द्र स्थापना गरिने व्यवस्था भएको छ ।

- नेपाल सरकार गृह मन्त्रालयद्वारा मिति २०७९ चैत्र २२ जारी गरिएको "एकल महिलाबाट जन्मेको पितृत्वको ठेगाना नभएको बच्चाको जन्म दर्ता सम्बन्धी" सूचनामा लेखिएको विभेदित अभिव्यक्ति पश्चात प्रेश विज्ञप्ती जारी गरिएपछि गृह मन्त्रालयले उक्त सूचनालाई सच्याइको थियो ।

## स्थानीय स्रोत माथिको पहुँच तथा नियन्त्रण

- दाङ्ग सामुदायिक संस्था तथा समुहको नेतृत्वमा र ओरेको सहकार्य, समन्वयमा सरकारी निकायहरुमा महिलाहरुको दिगो जिविको पार्जन को लागि ११ प्रस्तावना पेश भई रु १२ लाख ४८ हजर रकम प्राप्त भएको र जम्मा ९५ ले यस अन्तर्गत सीप  सिक्दै गरेको र सामुहिक तरकारी खेती गर्दै गरेको । यस तालिममा सञ्जाल तथा सामुदायिक संस्थाका अध्यक्षले प्रशिक्षक भई तालिम दिएको ।
- स्थानीय निकायको नेतृत्वमा र ओरेकको सहकार्यमा मनोविमर्श सेवा, महिलाबादी दृष्टिकोणबाट घटना अभिलेखिकरण, महिला हिंसा प्रभावितलाई दिगो जिविकोपार्जन लगायत विषय सम्बोधनको लागि सहकार्य भएको जस अन्तर्गत दाङ जिल्लाको दगींशरण गाउँपालिका, तुलसीपुर उप महानगरपालिका र शान्तिनगर गाउँपालिकाबाट जम्मा ९ लाख ७० हजार आर्थिक सहयोग प्राप्त भएको ।
- ओरेक दाङले महिला एकता सामुदायिक संस्थालाई प्रस्तावना लेखनमा सहयोग पश्चात उनीहरुको  नेतृत्वमा प्रदेश कार्यालयमा होजेरीको लागि रु. ५००००० वजेट प्रदेश कार्यालयबाट विनियोजन गरी २० जना महिलाहरुलाई होजेरी तालीम सञ्चालन  भएको ।
- ६ वटा समुह सञ्जालबाट ७ वटा विभिन्न पैरवीमूलक कार्यक्रम जस्तै सडक नाटक, अन्तरक्रिया, तालिमहरु पालिका, वडा तथा संघ संस्थाको सहयोग रु. ४ लाख ५८ हजारमा कार्यक्रम सञ्चालन गरेको ।
- उदयपुर जिल्लामा सामुदायिक संस्थाहरुको नेतृत्वमा पालिका तथा अन्य सरोकारवालाहरुसँगको सहकार्यमा २९ लाख पचहत्तर हजार रुपैया प्राप्त गरी बिभिन्न प्रकारका कार्यक्रम सञ्चालन गरेको  ।
- रंगेली न.पाले हिंसा प्रभावित महिलाहरुको पालिकास्तरीय सञ्जाल निर्माण गरी सोही सञ्जालको १५ जनालाई लैङ्गिक हिंसा निवारण कोषबाट जीविकोपार्जन सहयोग प्रदान गरेको ।
- ६ वटा समुह सञ्जालबाट ७ वटा विभिन्न पैरवीमूलक कार्यक्रम जस्तै सडक नाटक, अन्तरक्रिया, तालिमहरु पालिका, वडा तथा संघ संस्थाको सहयोग रु. ४ लाख ५८ हजारमा कार्यक्रम सञ्चालन गरेको ।

## महिला अधिकारको सवालमा काम गर्ने बलियो संस्थाको रूपमा पहिचान स्थापित

- समुदायमा तहमा संस्थाले उठान गरेका महिला तथा पछाडी पारिएका समुदायको अधिकारका सवालहरुलाई निरन्तर उठान गरेको कारणले संस्थाको पहिचान महिला अधिकारको क्षेत्रमा काम गर्ने संस्थाको रूपमा पहिचान स्थापित भएको छ । जसले गर्दा स्थानीय, प्रदेश तथा संघीय स्तरमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति निर्माण, सोही बमोजिम लैंगिक मैत्री कार्ययोजना तयार, गुणस्तरीय सुरक्षावास सञ्चालनका लागि स्रोत संस्थाको रूपमा लिने गरेका छन् । स्थानीय, प्रदेश तथा संघीय स्तरमा विपद व्यवस्थापन समिति लगायतका समितिहरुमा विज्ञ संसाथको रूपमा लिएर समितिमा राख्ने गरेको । जस्तैः वागमती प्रदेश स्तरीय लैंगक समानता तथा सामाजिक समावेशीकरण नीति निर्माण, चागुनारायण नगरपालिकाको लैंगिक तथा सामाजिक समावेशी लेखा परीक्षण, मोरङ जिल्लाको संखुवासभामा गुणस्तरीय सुरक्षावास सञ्चालनका लागि कार्यशालामा स्रोत व्यक्तिको रूपमा संस्थालाई लिनु, तुलसीपुर उप-महानगरपालिकाबाट अल्पकालीन सुरक्षा आवाजमा प्रभावित महिला तथा किशोरीहरुलाई सहयोग गर्नको निम्ति वजेत बिनयिोजन गर्ने  प्रतिबद्धता

## प्रभावितदेखि परिवर्तनका संवाहक

- यस अवधिमा संस्थाको सम्पर्कमा आएका हिंसा प्रभावितहरु संस्थाबाट प्राप्त हुने सुरक्षावास, मनोविमर्श सेवा तथा सहयोग, कानुनी परामर्श तथा सहयोग र प्रतिरोध क्षमता निर्माणका लागि सम्पन्न विभिन्न तालिम, अभिमुखिकरण लगायतका गतिविधि पश्चात् आफ्नो आत्म विश्वास बढाई हिंसाको विरुद्धमा लड्ने क्षमतामा बृद्धि गरी ११ जना परिवर्तनका संवाहकका रूपमा अगाडी आएका छन् । उनीहरुकै नेतृत्वमा २४ जना हिंसा प्रभावितलाई न्यायिक समिति, ओसिएमसी लगायतका सहयोगी संयन्त्रहरुमा सहयोगको लागि रेफर गरेका छन् ।

- समुदायमा रहेका महिलाले नेतृत्व लिएका संघसंस्था, समूह सञ्जालले महिला तथा सिमान्तकृत समुदायको सवाल उठान गरी हिंसा प्रभावित महिलाहरुलाई सम्बन्धीत निकायसम्म रेफर गर्ने, सेवा प्रदायक निकायलाई प्रभावित मैत्री अवधारणा अनुरुप सेवा प्रदान गर्नका लागि दबाव दिने, स्थानीय तहलाई लैङ्गिकमैत्री बजेट विनियोजनका लागि दबाव दिन थालको । यस अवधिमा सामुदायिक संस्थाका प्रतिनिधिहरुबाट ५९ वटा घटना ओरेकमा आवश्यक सहयोगको लागि रेफर गरिएको छ ।
- महिला हिंसा सम्बन्धी नीतिपत्र निर्माण गरी अन्तराष्ट्रिय प्लेटफर्महरुमा प्रस्तुती गरेको र अभिलेखिकरण गरी संस्थाको स्रोत बृद्धि गर्न सफल ।
- स्थानीय सरकारसँगको समन्वय र सहकार्यको कारण सिरहाको लाहान र रुकुमको वाफीकोट गाउँपालिकमा लैङ्गिक नीति निर्माण भएको र जलेश्वर नगरपालिकामा उक्त नीति निमार्णका लागि ओरेकबाट प्रस्तावना पेश गरेको ।
- न्याय, समानता र पर्यावरणिय अधिकारको सुनिश्चितता: दिगो विकास र सामाजिक रुपान्तरणको निश्चितता" भन्ने मुल नाराका साथ "महिला मञ्च २०८० लुम्बिनी प्रदेशमा संक्रमण कालिन न्यायको, रुपान्तरित नेतृत्व र महिला तथा किशोरीहरुको शरीरमाथिको नियन्त्रणको सवालहरुलाई प्यानल छलफल मार्फत उठान भई १३ बँदे घोषणापत्र जारी गर्न सफल र स्थानीय तथा प्रदेशका प्रतिनिधिहरुले घोषणापत्रमा समावेश भएको सवालहरुलाई कार्यान्वयनमा ल्याउने प्रतिवद्धता व्यक्त गरेको ।
- लुम्बिनी प्रदेशमा आयोजना गरिएको महिला मञ्च २०८० मा मूल अयोजक कमिटीमा मिडियाहरु पनि रहेको र यसरी कार्यक्रम आयोजना गर्दा कार्यक्रमको भिजिविलिटी बढ्न गइ विभिन्न सञ्चार माध्यममा स्थान पाएको र जसले महिलामञ्चद्वारा उठाइएको सामाजिक आन्दोलनका सवालहरुमा सबैलाई ध्यानाकर्षण गराउन सफल भएको ।
- कैलाली जिल्ला अदालतमा विचाराधीन अवस्थामा रहेको जबरजस्ती करणी मुद्दामा हिंसा प्रभावित महिलाले सम्मानित कैलाली जिल्ला अदालतमा गई बकपत्र गर्ने क्रममा उक्त बक पत्रमा प्रभावितले बोलेको भन्दा फरक जवाफ लेखिएको र उक्त जवाफलाई सच्याउन आग्रह गर्दा सम्बन्धीत निकायबाट हुन्छ भनिएको भएता पनि बक पत्रको नक्कल सारी हेर्दा सच्याइएको नपाईएको भनी सार्वजनिक हुन आएको घटना प्रति ओरेकको गम्भीर ध्यानाकर्षण भई ओरेकले प्रेश विज्ञप्ती जारी गर्ने तथा काठमाण्डौ महान्यायधिवक्ताको कार्यालयमा ध्यानाकर्षण पत्र बुझाएपछि महान्याधिवक्ता कार्यालयले आवश्यक अनुसन्धान गर्नको लागि कैलाली जिल्ला अदालतलाई पत्राचार गरेको ।
- समुदायमा रहेका तथ्य र तथ्यांकका आधारमा समुदायका सवालहरुलाई विभिन्न अन्तराष्ट्रिय प्लेटफर्म मार्फत बहसको रूपमा ल्याउन सफल भएको जस्तै (CPD, CSW को लागि स्टेटमेन्ट)
- समुदायमा रहेका तथ्य तथ्याङ्कका आधारमा अमेरिकामा भएको सिएसडब्लुमा संस्थाको तर्फबाट ३ वटा साइड इभेन्ट आयोजना भई अन्तराष्ट्रिय स्तरमा सवाल उठान भएको र संस्थाको भिजिविलिटि बढेको छ ।
- शरणार्थीहरुको अधिकिारको सवाल उठान गर्नका लीग एसिया प्यासिफिक रिफ्युजी अधिकार (APRRN) मा सदस्यता लिएको र शरणार्थीहरुको अधिकारको सवाल उठान गर्नका लागि वातावरण तयार भएको ।
- महिला स्वास्थ्य परामर्श केन्द्र र महिला स्वास्थ्य मेलाबाट ३७६१ जना महिलाहरुले स्वास्थ्य सम्बन्धी सूचना स्वास्थ्य सेवा र परामर्श सेवा पाउन सफल भएको,
- महिला स्वास्थ्य र यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी अभीमुखीकरण कार्यक्रमबाट ८३२६ जना किशोरी तथा महिलाहरुले सूचना पाई उक्त सूचनालाई आफ्नो व्यबहारमा लागु गरेको ।
- महिला स्वास्थ्य परामर्शकेन्द्रलाई स्थानीय सरकारले अपनत्व लिएको र त्यसका लागि आवश्यक भवन, कोठा तथा समाग्री उपलब्ध गराएको ।
- विपत व्यबश्थापन समितिहरुको ओरेक तथा महिलाले नेतृत्व गरेको संस्थाहरुले सदस्यता प्राप्त गरेको (ओरेक कपिलबस्तु, कैलाली, मोरङ का महिलाले नेतृत्व गरेको सञ्जाल, संस्था)

- ओरेकले महिला मानवीय साहायता तथा विपद् जोखिम न्यनीकण मच (WHDRRP) को सदस्यता लिएको
- विपतको अवस्थमा लैङ्गिक हिंसा रोकथाम, कार्यसञ्चालन कार्यबिधीको मस्यौदा तयार भई गृह मन्त्रालय अन्तरगतको विपत व्यवश्थापनको कार्यकारी समितिबाट पास गराउने निर्यण भएको
- संस्था बिषयक्षेत्रमा गए पश्चात् पर्यावरणिय न्यायमा स्पष्टता ल्याउनको लागि पर्यावरणिय न्यायको बिषयमा कर्मचारीलाई क्षमता अभिबृद्दी र निरन्तर छलफलबाट संस्थामा यस सवालहरुलाई पर्यावरणिय न्यायको दृष्टिकोणबाट विश्लेषण गर्न सुरुवात गरिएको
- न्याय, समानता र पर्यावरणिय न्यायको सुनिश्चितताः सामाजिक रुपान्तरण सहितको दिगो विकासमा निश्चितता भन्ने नाराका साथ महिला मञ्च २०८० लुम्बिनी प्रदेशमा सुरुवात गरिएकोमा पर्यावरण, अन्तरपुस्ता रुपान्तरित नेतृत्वको सवाललाई स्थापित गर्न पैरवीको आधार तयार गरिएको (१४ बुँदे घोषणा पत्र जारी भएको)।
- “दिगो विकासको आधारः पर्यावरणिय न्यायमा महिलाको नेतृत्व अधिकार” भन्ने नाराका साथ विश्व वातावरण मनाईएको मा १८४७९ (५७४ कार्यक्रम, बाँकी सामाजिक सञ्जाल अभियान) जनामा पुग्न सफल भएको। जसले ओरेकलाई पर्यावरणिय न्यायमा काम गर्ने संस्थाको रूपमा पहिचान स्थापित गर्न सहयोग पुर्याएको।
- विउ पुँजीको सञ्चालन निर्देशिका लागु गरिएको, व्यवसायि योजना पुस्तिका निर्माण र प्रकासन भएको र इको भिलेजको सुचकहरु समय सापेक्ष परिमार्जन गरी तयार गरिएको र इन्डोर्समेन्टको प्रकृयामा रहेको
- निरन्तरको पैरवी, सहकार्य र कार्यशैलिका कारण स्थानीय स्तरका श्रोत साधनहरुमा पहूँच बढेको जस्तै, व्यवसायिक कृषी खेतीमा अनुदान सहयोग, विउ पुँजि सहयोग, कृषी जन्य सामग्रीहरु सहयोगमा वृद्दि, तालिमहरुमा पहुँच, जसको नतिजा स्वरुप स्थानीय सरकारसँगको सहकार्यमा १७१८ जना महिलाहरुले यस अवधीमा विभिन्न सीप मूलक तालिम प्राप्त गरेको
- पर्यावरणिय न्यायको सवाललाई संस्थाले नयाँ विषय क्षेत्रको पहिचान गरि बहसमा ल्याए पश्चात् संस्थाभित्र मुद्दाको आत्मसात भई व्यवहार परिवर्तनको शुरुवात गरिएको
- विपदको अवस्थामा महिलाको नेतृत्व तालिम पश्चात ११ बटा महिलाले नेतृत्व गर्ने संस्थाको पन्चवर्षीय कार्ययोजना निर्माण भएको
- जिल्लाको विपत व्यवस्थापन समितिको संरक्षण क्षेत्रमा ओरेक कपिलवस्तुले यस वर्ष सदस्यता प्राप्त गरेको
- विपदको व्यवस्थापनमा पनि महिलाले नेतृत्व गरेको संस्थाको नेतृत्व स्विकास गर्न थालिएको। (जस्तै मोरङको उर्लावारी, कानेपोखरी, कैलारी गाउँपालिका मा महिला मानव अधिकार रक्षक र फेडेरेसनलाई विपत व्यवश्थापन समिति र विपतमा काम गर्ने संस्थाको रोष्टरमा राखिएको, उच्च स्थानमा निर्माण गरिने भवन बनाउने नेतृत्व दिएको)
- कैलालीको कैलारी गाउँपालिका र वडा स्तरको विपत व्यवश्थापन समितिमा १ जना महिला मानव अधिकार रक्षक सञ्जालबाट र १ जना यौनिक अल्पसङ्ख्यक समुदायबाट प्रतिनिधित्व भएको।
- विभिन्न १४ वटा पालिकामा कृषि ज्ञानकेन्द्र, स्थानीय पालिकाहरुसँगको सहकार्यमा कृषिको लागि आवश्यक पर्ने यन्त्र तथा औजारहरु, कृषक तथा कृषक समुहलाई वितरण गरिएको छ।
- उदयपुरमा ३५ जना कृषकको जमिनको माटो परिक्षण भई खेती सुधारको लागि स्थानीय तहसँगको सहकार्यमा बाली योजना निर्माण गरेको।
- कृषीको उत्पादन बढाउन आधुनिक कृषी प्रविधीहरु (प्लास्टिक टनेल, अन्न बाली तथा तरकारी बालीका बिउ बिजनहरु) लगायतका सामग्रीहरु छ ओटा कृषक समुहमा वितरण गरिएको छ। यसबाट कृषीलाई आधुनिकिकरण गर्न कृषकमा ज्ञान सीप विकास
- बाख्रापालनबाट औसतमा किसानले मासिक ५००० बढी आम्दानी गर्न थालेका छन्। जस मध्ये ८० % भन्दा बढीले

व्यवसायबाट आएको रकमलाई पुन व्यवसायमा नै लगानी गरेका छन् ।

- रुकुमको मुसिकोटमा ओरेक र स्थानीय तहको सहकार्यमा १०० भन्दा बढी बाख्राको निशुल्क बिमा गरिएको छ ।
- निरन्तरको पैरवी, सहकार्य र कार्यशैलिका कारण स्थानीय स्तरका श्रोत साधनहरुमा पहूँच बढेको जस्तै, व्यवसायिक कृषी खेतीमा अनुदान सहयोग, बिउ पुँजी सहयोग, कृषी जन्य सामग्रीहरु सहयोगमा वृद्दि, तालिमहरुमा पहुँच, जसको नतिजा स्वरुप स्थानीय सरकारसँगको सहकार्यमा १७१८ जना महिलाहरुले यस अवधीमा विभिन्न सीप मूलक तालिम प्राप्त गरेको (ढाका, मुडा, नाङ्लो, दुनाटपरी, झोला, मिथिला कला)
- वन विभाग तथा स्थानीय तहसँगको सहकार्यमा विभिन्न जिल्लाका इको भिलेज र सार्वजनिक जमिनमा ९२७० वटा विरुवा रोपिएको ।
- ओरेकसँगको सहकार्यमा विभिन्न पालिका तथा वडाहरुबाट समुदायमा गरिने जिविकोपार्जका क्रियाकलापका लागि ९९,५५,००० रकम ओरेक तथा सामुदायिक संस्थाले प्राप्त गरेको ।

### ५.३ चुनौतिहरु

- नीतिगत चुनौति
- सेवा प्रवाह र कायान्वयनको चुनौति
- व्यवहार, परम्परा र सोंचगत चुनौति


## मुख्य चुनौतिहरु


- महिलाविरुद्ध हुने हिंसाका घटनाहरूमा मिलापत्र गर्न बढी जोड दिने र घटना दर्ता गराउन पर्दा त्यसमा समस्या भएबाट महिलाहरूको न्यायसम्मको पँहुच स्थापना गर्न असहज ।
- स्थानीय सरकारले सुरक्षावासलाई संवेदनशील क्षेत्रको रूपमा लिई पालिकास्तरीय सुरक्षावास सञ्चालन गरेतापनि सुरक्षा आवास सञ्चालन निर्देशिकाको पालना पूर्ण रूपमा  गर्न नसक्नु जसका कारण महिला हिंसाका कारण प्रभावित भएकाहरू झन जोखिममा रहनु ।
- महिला हिंसाका जघन्य अपराधका घटनाहरुका अभिलेखहरु चुस्त दुरुस्त हुन नसक्दा बलात्कार, हत्या, आत्महत्या दुरुत्साहन जस्तो जघन्य अपराधमा पनि हिंसा प्रभावितहरुले न्याय पाउन सक्ने वातावरण नबन्नु ।
- हिंसा प्रभावित र उनका आफन्तहरुको सुरक्षावास प्रति विश्वास गर्न नसक्नु, सुरक्षाआवासलाई जाखिम र असुरक्षित महसुस गर्नु ।
- अपराधका घटनाहरु राजनीतिकरण गरिनु र कानूनी प्रकृयामाथि अविश्वास पैदा हुनु ।
- नेपाल सरकारको आप्रवासीको पुनर्स्थापना सम्बन्धी स्पष्ट अवधारणा तथा नीतिको अभाव रहिरहनु ।
- जवाफदेही सरकार र समाजमा रहेको विभेदकारी सामाजिक मूल्य-मान्यतामा परिवर्तनका लागि प्रभावकारी कार्यक्रम सञ्चालनको अभाव हुनु र भएका कार्यक्रमको प्रभावकारी कार्यान्वयनको अभाव ।
- सेवा प्रदायक निकाय, सेवाग्राहीका अधिकार र सेवा प्रदायक अधिकारी बीच सौहार्द वातावरण कायम हुन नसक्नु र महिला मानव अधिकारलाई मानव अधिकारका रूपमा अपनत्व नलिनु ।
- झन्झटिलो कानुनी प्रक्रियाका कारण  हिंसाका घटनाहरू होस्टाइल हुने सम्भावना अधिक हुनु ।
- महिलाको समानुपातिक समावेशी सहभागिताको अधिकार संविधानमा सुनिश्चित भए तापनि व्यवहारत लागु हुन नसक्दा महिलाहरुको राजनीतिक अधिकार सुनिश्चित हुन नसक्नु  निरन्तर आवाज उठाइरहदा पनि द्वन्द्व प्रभावितहरूको संक्रमणकालीन न्यायको टुंगो लाग्न सकेको छैन ।


परिच्छेद ६

# अभियानका लाभान्वित समुदायहरु


## ६.१ अभियानका लाभान्वित क्षेत्र तथा समुदाय (जुलाई २०२२ देखि जुन २०२३ सम्म)












यस आर्थिक वर्षमा १२,६१० जनाले संस्थाको अभियानमा सँगसँगै हातेमालो गरेका छन् । जसमध्ये यौनिक तथा अल्पसँख्यक २७ जना, युवा ५०३४ पुरुष ११७१ जना महिला ६३७८ जनाको सहभागिता रहेको देखिन्छ र प्रत्यक्ष रुपमा ५२६५ जना यस वर्ष हातेमालो गर्दै अभियानबाट लाभान्वित भएका छन् भने अप्रत्यक्ष रुपमा ७, ३४५ जना अलाभान्वित भएको देखिन्छ ।





उमेरगत पुरुष सहभागिता
1400
1200
1000
800
600
400
200
0
230
439
164
104
157
1286
358
372
484
22
0-14
15-16
17-18
19
20-24
25-40
41-44
45-49
50-64
65 and above


उमेरगत महिला सहभागिता
5000
4000
3000
2000
1000
0
345
1051
740
3046
3350
1219
4387
2971
702
251
0-14
15-16
17-18
19
20-24
25-40
41-44
45-49
50-64
65 and above


उमेरगत लैंगिक तथा यौनिक अल्पसँख्यक सहभागिता
66
0
0
0
0
0
0
0
0
0
0-14
15-16
17-18
19
20-24
25-40
41-44
45-49
50-64
65 and above

परिच्छेद ७

# संस्थाको वार्षिक आर्थिक प्रतिवेदन



**Women's Rehabilitation Centre (WOREC)**

**Statement of Financial Position**
**As on 31 Ashad 2080 (16 July 2023)**

*Amount in NPR*

| Particulars | Schedule | 2079 / 80 | 2078 / 79 |
|---|---|---|---|
| **Assets** | | | |
| **Fixed Assets** | 1 | **15,904,206.91** | **16,789,516.95** |
| Opening WDV | | 16,789,516.95 | 18,250,928.55 |
| Add: Addition During the Period | | 490,766.88 | - |
| Less: Deletion During the Period | | - | - |
| Less: Depreciation | | (1,376,076.92) | (1,461,411.60) |
| **Current Assets** | | **37,373,056.02** | **42,032,097.83** |
| Advance | 2 | 4,474,229.95 | 6,063,306.60 |
| Cash and Bank Balances | 3 | 32,898,826.07 | 35,968,791.23 |
| **Current Liabilities** | | **2,387,491.89** | **7,992,188.87** |
| Payables | 4 | 2,387,491.89 | 7,992,188.87 |
| **Net Current Asset** | | **34,985,564.13** | **34,039,908.96** |
| **Net Assets** | | **50,889,771.04** | **50,829,425.91** |
| **Balance of Fund - Opening** | | | |
| Previous Fund Balance | | | |
| Current Year's Fund Balance | | | |
| **Balance of Fund** | 5 | **34,985,564.13** | **34,039,908.96** |
| **Capital Fund (Fixed Assets)** | | **15,904,206.91** | **16,789,516.95** |
| **Total** | | **50,889,771.04** | **50,829,425.91** |

Schedules 1-8 and Notes to Account (Schedule-9) forms an integral part of this statement.

As per our report of even date

Dr.Renu Rajbhandari
Chairperson

Ms. Indramati Nembang
Treasurer

CA Suraj Basnet
For S.Basnet & Co.
Chartered Accountants

Ms. Sunita Mainali
Executive Director

Date: 16 October 2023 / 29 Ashoj 2080
Place: Lalitpur, Nepal

Mr.Deependra Bishwakarma
Finance Coordinator

**Women's Rehabilitation Centre (WOREC)**

**Receipt and Expenditure Statement**
**For the Financial Year 1 Sharwan 2079 to 31 Ashad 2080 (17 Jul 2022 to 16 Jul 2023)**

*Amount in NPR*

| Particulars | Schedule | 2079 / 80 | 2078 / 79 |
|---|---|---|---|
| **Receipt** | | | |
| Donors Grants | *Table - I* | 146,114,346.94 | 144,409,872.61 |
| Short Term Grants | 5 | 8,327,580.35 | 9,018,477.49 |
| WOREC Core | 6 | 5,902,856.25 | 7,752,199.36 |
| **Total Receipt** | | **160,344,783.54** | **161,180,549.46** |
| **Expenditure** | | | |
| Donors Grants | *Table - I* | 146,114,346.94 | 144,409,872.61 |
| Short Term Grants | 5 | 8,327,580.35 | 9,018,477.49 |
| **WOREC Core** | | | |
| Gen. Admini & Prog Op Exp | 7 | 8,429,583.41 | 10,300,636.48 |
| **Total Expenditures** | **8** | **162,871,510.70** | **163,728,986.58** |
| **Excess of Receipt over Expenditure** | | **(2,526,727.16)** | **(2,548,437.12)** |
| **Refund to Donor** | | - | - |
| **Fund Balance** | | **(2,526,727.16)** | **(2,548,437.12)** |

Schedules *1-8* and Notes to Account (Schedule-*9)* forms an integral part of this statement.

As per our report of even date

Dr.Renu Rajbhandari
Chairperson

Ms. Indramati Nembang
Treasurer

CA Suraj Basnet
For S.Basnet & Co.
Chartered Accountants

Ms. Sunita Mainali
Executive Director

Date: 16 October 2023 / 29 Ashoj 2080
Place: Lalitpur, Nepal

Mr.Deependra Bishwakarma
Finance Coordinator

WOREC

पो.ब.नं.: १३२३३, काठमाडौं, नेपाल
फोन : (९७७) ०१ ५१८६३७४, ०१ ५१८६०७३
**Email :** ics@worecnepal.org
**Website :** www.worecnepal.org
**Worec hotline No. :** 1660-01-78910 (Kathmandu), 1660-21-52000 (Biratnagar)